



नेपाल नगरपालिका संघद्वारा प्रकाशित

# नगरपालिकाका असल अभ्यास

प्रधान सम्पादक — अशोककुमार ब्याञ्जु श्रेष्ठ

सम्पादन सहयोगी — कविता ढुंगाना
भीमप्रसाद ढुंगाना
घनश्याम पाण्डे
लालकिशोर शाह
हरिप्रभा खड्गी श्रेष्ठ

सम्पादक — कलानिधि देवकोटा

सम्पादन मण्डल — गोपीकृष्ण ढुंगाना
मोतिराम तिमल्सिना
नगेन्द्र सापकोटा
चन्द्रमणि भट्टराई

सामग्री संयोजन — प्रमोद अर्याल, हरगोविन्द पाण्डे, मधुसूदन रिजाल, प्रमोद श्रेष्ठ, मुस्कान श्रेष्ठ, सरिता सापकोटा, ललितमणि आचार्य, रोशनी श्रेष्ठ

ग्राफिक्स/लेआउट — विनोद न्यौपाने
आवरण — जीवन श्रेष्ठ
मुद्रण — सगुन प्रिन्टर्स, धुलिखेल ९८५११३५४४४



नेपाल नगरपालिका संघ
केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाडौं
सम्पर्क नं : ९७७-१-४४२५६९२, ४४२०५५९
इमेल : muan@ntc.net.np, info@muannepal.org.np
बेवसाइट : www.muannepal.org.np



स्थानीय सरकार सबलीकरण
Australian Aid — The Asia Foundation
सहयोगी संस्थाहरु
giz

प्रकाशन मिति : २०७५ फागुन २९

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

नेपालका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाहरुको संगठन नेपाल नगरपालिका संघले नगरपालिकाहरुले गरेका अनुकरणीय र सफल कामहरुलाई समेटेर 'नगरपालिकाको असल प्रयास' संगालो प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । जन आकांक्षालाई सम्बोधन गर्न जनताको नजिकैको सरकारका रुपमा नगरपालिकाहरुले खेलेका भूमिका यस संगालो मार्फत प्रतिबिम्बित हुनेछ भन्ने मैले आशा लिएको छु ।

जननिर्मित नयाँ संविधान अनुरुप तीनवटै तहको निर्वाचन पश्चात् मुलुक विकास र समृद्धिको नयाँ युगमा प्रवेश गरेको छ । राजनीतिक अधिकार प्राप्तिको आन्दोलनको चरण पार गरिसकेर हामी विकास र समृद्धिको चरणमा प्रवेश गरेका छौं । वितेको एक वर्षमा हामीले नयाँ संवैधानिक संरचना अनुरुपका कानुनी, नीतिगत, संरचनागत र वित्तीय आधार तय गरिसकेका छौं । त्यहि नयाँ आधारविन्दुबाट हामी नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउने काममा अग्रसर छौं । 'समृद्ध नेपाल-सुखी नेपाली' हाम्रो राष्ट्रिय संकल्प हो । यस राष्ट्रिय संकल्पलाई सफलतामा पुऱ्याउन स्थानीय तहका सरकारले जनताको सबैभन्दा नजिकको सरकारका रुपमा काम गर्नु पर्नेछ । नगरपालिकाहरुको छाता संगठन नेपाल नगरपालिका संघ त्यस दिशामा अग्रसर छ भन्ने मैले विश्वास लिएको छु ।

तीन तहका सरकारको अभ्यास हाम्रा लागि नयाँ र अरु देशले गरेका अभ्यास भन्दा मौलिक छन् । हामी नयाँ संरचनाको प्रयोग मात्रै होइन सफल प्रयोगका लागि अग्रसर हुनुपर्छ । कामका दौरानमा एउटा नगरपालिकाबाट अर्कोले सिक्ने र सिकाउने अभ्यासले नै हामी सफलतामा पुग्न सक्छौं । नेपाल नगरपालिका संघको यस प्रकाशनले नगरपालिकाहरुबीच अनुभव आदान-प्रदानका गर्नेछ भन्ने मैले विश्वास लिएको छु । यसले विकासका लागि नवीनतम सोच राख्ने स्थानीय सरकारलाई पनि सन्दर्भ सामाग्री उपलब्ध गराउनेछ भन्ने मैले आशा लिएको छु ।

संघीयता कार्यान्वयनको सुरुवाती चरणमा रहेका कारण पनि स्थानीय सरकारहरुले आफूलाई प्रभावकारी प्रणालीमा स्थापित गर्ने र नागरिकको तात्कालिक आवश्यकता परिपूर्ति गर्दै दीगो स्थानीय विकासको खाका कोर्ने कार्यमा केन्द्रित गर्नु पर्दछ । नगरपालिकाहरुलाई यसै मार्गमा उत्प्रेरित गर्दै आवश्यक सहजिकरण गर्ने कार्यमा नेपाल नगरपालिका संघले महत्वपूर्ण सहजकर्ताको भूमिका खेल्ने कुरामा म विश्वस्त छु ।

अन्तमा यस संगालोमा समावेश गरिएका नगरपालिकाहरुका असल अभ्यास समग्र स्थानीय सरकारलाई मात्र नभई प्रदेश तथा संघीय सरकारलाई समेत स्थानीय आवश्यकता अनुभूत गर्न र प्राथमिकता निर्धारण गर्न सन्दर्भ सामाग्री बन्नेछन् भन्ने मेरो विश्वास छ । संगालो प्रकाशन कार्यमा संलग्न सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

२६ फागुन, २०७५

के.पी.शर्मा ओली

**मा. लालबाबु पण्डित**
**मन्त्री**
**संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**नेपाल सरकार**
**सिंहदरवार, काठमाडौं**
**नेपाल**



## शुभकामना

नेपालका ६ महानगरपालिका, ११ उप-महानगरपालिका र २७६ नगरपालिकाहरुको साझा छाता संगठन नेपाल नगरपालिका संघले नगरपालिकाहरुले गरेका अनुकरणीय र सफल प्रयासका कामहरुलाई समेटेर **"नगरपालिकाको असल प्रयास"** को सँगालो प्रकाशन हुन लागेको जानकारी पाउँदा अत्यन्त खुशी लागेको छ । स्थानीय समुदायको इच्छा, चाहना, आकांक्षा र अपेक्षाहरुलाई प्रतिविम्बित गर्ने यस संगालोको प्रकाशन झनै महत्वपूर्ण छ ।

संघीयता कार्यान्वयनसँगै सम्पन्न भएका तीनवटै तहको निर्वाचन पश्चात् मुलुक विकास र समृद्धिको नयाँ युगमा प्रवेश गरेको सन्दर्भमा **'समृद्ध नेपाली सुखी नेपाली'** नारालाई सार्थक पार्न तीनवटै तहका सरकारले विकासका गतिविधिलाई अगाडि बढाइरेहका छन् । स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकोले हरेक समस्यामा संवेदनशील हुनुपर्छ । नेपालको संबिधानले नागरिकको नजिक रहेको सरकारलाई पनि सोही बमोजिमको अधिकार प्रदान गरेको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएको छोटो अवधिमै स्थानीय सरकारका गतिबिधिहरु प्रशंसनीय रहेको पाएको छु ।

तीन तहको संघीयताको अभ्यास हामी नेपालीको लागि नयाँ र अरु देशको भन्दा पृथक रहेकोले एकबाट अर्कोले सिक्ने र सिकाउने अभ्यासबाट नै संघीयतालाई समृद्ध बनाउँदै मुलुकको विकास गर्न सकिन्छ । एउटा नगरपालिकाले गरेको असल अभ्यास अन्य नगरपालिकाको लागि अनुकरणिय र सिकाई योग्य हुन सक्छ । नेपाल नगरपालिका संघको यस प्रकाशनले नगरपालिकाहरु वीच अनुभव आदान प्रदानका हुने साथै नवीनतम सोच राख्ने स्थानीय सरकारलाई सन्दर्भ सामाग्री बन्ने कुरामा दुईमत छैन ।

स्थानीय तहको सरकारहरुको सम्पर्क मन्त्रालय भएको नाताले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको गतिविधि नजिकबाट नियाल्ने, आवश्यक क्षेत्रमा सहजीकरण गर्ने र राम्रा अभ्यासहरुको प्रचारप्रसार गरी प्रोत्साहित गर्ने कार्य गरिरहेको छ । संघीयता कार्यान्वयनको सुरुवाती चरणमा रहेका कारण पनि स्थानीय सरकारहरुमा प्रभावकारी प्रणाली स्थापित गर्ने तथा नागरिकको तात्कालिक आवश्यकता परिपूर्ति गर्दै दिगो स्थानीय विकासको खाका कोर्ने कार्यमा आफूलाई केन्द्रीत गर्नु पर्दछ । नगरपालिकालाई यसै मार्गमा उत्प्रेरित गर्दै आवश्यक सहजिकरण गर्ने कार्यमा नेपाल नगरपालिका संघले महत्वपूर्ण सहजकर्ताको भूमिका खेल्ने कुरामा विश्वस्त छु ।

अन्तमा यस संगालोमा समावेश गरिएका लेख रचनाहरु स्थानीय सरकारको लागि मात्र नभई प्रदेश तथा संघीय सरकारलाई समेत स्थानीय आवश्यकता अनुभुत गर्न र प्राथमिकता निर्धारण गर्न सन्दर्भ सामाग्री बन्नेछन् । असल अभ्यासहरु गर्ने नगरपालिकाहरु पहिचान गर्ने टोलीका साथै प्रकाशन तथा प्रचार प्रसार गर्ने कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै संघको यस प्रकारको गतिविधिको निरन्तरताको समेत अपेक्षा गर्दछु ।

..................................

**मा.लालबाबु पण्डित**
**मन्त्री**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

## अध्यक्षको भनाइ

# असल अभ्यासमा नगरपालिकाहरु

२०७४ वैशाख ३१ गते पहिलो चरणमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन तेश्रो चरणमा पुगेर सम्पन्न भयो । पहिलो र दोश्रो चरणमा निर्वाचन भएका नगरपालिकाहरुले सरकारको अभ्यास गरिरहँदा तेश्रो चरणको निर्वाचन हुँदै थियो । संविधान प्रदत्त अधिकारको उपयोग गर्ने क्रममा केही स्थानीय सरकारले पुरानै अभ्यास गरे भने केहीले सरकारकै अभ्यास अघि बढाए । पूर्वाधार, जनशक्ति, कानुनको समेत अभाव हुँदा हुँदै स्थानीय सरकारहरुले निर्वाचित भएलगत्तै आफ्नो नगरमा असल अभ्यासहरु सुरु गर्न सफल भएका छन् ।

नयाँ संविधान जारी भएसँगै संविधानले गरेको व्यवस्थाअनुसार नेपालमा ६ वटा महानगरपालिका, ११ उपमहानगरपालिका र दुई सय ७६ नगरपालिका गरी दुई सय ९३ वटा नगरपालिका गठन भई स्थानीय सरकारका रुपमा काम गरिरहेका छन् । २०५० सालमा नगरपालिकाहरुका लागि नगरपालिका संघ स्थापना भई २५ वर्षे रजत महोत्सव मनाइरहँदा संघले नगरपालिकाहरुका साझा मुद्दामा वकालत तथा साझा हक हितको पैरवी गर्दै आएको छ ।



स्वायत्त, समृद्ध र आत्मनिर्भर सहरहरुको निर्माणका लागि नगर सरकारहरुको क्षमता अभिवृद्धि तथा अधिकारको सुनिश्चितताका लागि सहरी सुशासन, प्रभावकारी, पारदर्शी र जवाफदेही रुपमा अगाडि बढ्न नगरपालिका संघमार्फत भइरहेका गतिविधिमा नगरहरुका असल अभ्यास अर्को प्रयास हो । यसमा देशभर रहेका नगरपालिकाले गरेका असल कार्यहरुका बारेमा संक्षिप्त रुपमा चर्चा गरिएको छ । स्थापना दिवसको अवसर पारेर संघले तयार गरेको यो असल अभ्यासको संग्रहले स्थानीय नगर सरकारहरु प्रतिको दृष्टिकोण तथा सरकारका कामहरुको संस्थागत धारणा बन्न सक्छ । नेपाल नगरपालिका संघ विश्वभरका विभिन्न देशका नगरपालिकाहरुको छाता संगठनको सहअध्यक्षमा निर्वाचित भएको छ । इण्डोनेशियामा भएको विश्वभरका नगरपालिकाहरुको छाता संगठन युसीएलजी एसपिएसी प्यासिफिकको सातौं अधिवेशनबाट संघको तर्फबाट म आफैं निर्वाचित भएको छु । यसले देशभरका दुई सय ९३ नगरपालिकाको छाता संगठन नेपाल नगरपालिका संघको गरिमा, सम्बन्धमा नयाँ आयाम थपिदिएको महसुस भएको छ । विश्वभरका नगरपालिकाहरुको विकास र सम्वृद्धका लागि योजना बनाउने र लगानी गर्ने वातावरण त्यहाँबाट सुरु भएको छ ।

नेपालको संविधान, धारा ५६ ले नेपालको शासकीय संरचनालाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गरेको छ । राज्यशक्तिको प्रयोग तीनवटै तहले संविधान र कानुनबमोजिम गर्ने सोही धाराको उपधारा (१) मा उल्लेख छ । अर्थात् नेपालमा तीन तहका सरकार र शासकीय अभ्यास संविधानले व्यवस्था गरेको छ । यसअघि एकात्मक शासन व्यवस्थाअन्तर्गत विकेन्द्रीकरणको प्रारम्भिक अभ्यास गर्दै आएको नेपालका लागि संघीयता नयाँ अनुभव पनि हो ।

स्थानीय तहलाई संविधानले सशक्त शासकीय इकाइका रुपमा परिकल्पना गरेको छ । अनुसूची ८ बमोजिमका विभिन्न २२ वटा अधिकार स्थानीय तहमा रहेका छन् । त्यस्तै, अनुसूची ९ मा समावेश संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरुलाई संविधान, संघीय, प्रादेशिक र स्थानीय कानुनबमोजिम स्थानीय तहले उपभोग गर्न पाउँछन् । संविधान र कानुनले दिएका यी अधिकारहरुलाई कार्यन्वयन गर्ने अबका सरकारहरुले हो । तर संघ र प्रदेश सरकारले समयमै कानुन निर्माण नगर्दा स्थानीय सरकारले बनाएका कानुनहरु कार्यान्वयनमा समस्या देखिएको छ भने केही कानुनहरु बन्नै सकेका छैनन् ।

जनमैत्री असल शासन नागरिकहरुको चाहना हो । जहाँ जनउत्तरदायी व्यवहार पाइयोस् । पारदर्शिता होस् । नीति तथा योजना निर्माणमा जनसहभागिता गराइयोस् । सार्वजनिक सेवा जनमैत्री एवं प्रभावकारी बनोस् । जनताले आफूलाई सम्मानित महसुस गरुन् । जनप्रतिनिधि र कर्मचारीहरुलाई नागरिक आफ्नै सहयोगी ठानुन् । सबैमा उच्च सदाचार पाइयोस् । सामाजिक, शैक्षिक, भौतिक र आर्थिक विकास तीब्र गतिमा भएको होस् । वातावरणीय स्वच्छता कायम होस् । शान्ति सुरक्षाको प्रत्याभूति सबैमा होस् । मानिस स्वाभिमान र चयनले बाँचुन् । देश आत्मनिर्भरतातिर जाओस् । आमनागरिकको अबको अभिलाषा यिनै हुन् । स्थानीय सरकारका अधिकारहरु आफ्नो क्षेत्रका नागरिकप्रतिको जिम्मेवारी हो । नगरपालिकाहरु संविधानत: स्थानीय सरकार भएकाले, त्यही स्तरमा जनतालाई सेवासुविधा प्रदान गर्न सक्ने संरचना निर्माण र कर्मचारी व्यवस्थापन हुनु आवश्यक छ । असल अभ्यास र असल कार्यहरुका लागि सबै पक्षको सहकार्य उतिकै महत्वपूर्ण छ । नगर सरकारका कार्यहरुमा हातेमालो गर्दै नगरबासीको हित तथा सिंगो मुलुकको अर्थतन्त्रमा प्रभाव पारी "सुखी नेपाली समृद्ध नेपाल" निर्माणमा महत्वपूर्ण योगदान हुनेछ । नगरहरुको असल अभ्यासको संग्रह एउटा नमुना मात्रै हो ।

**अशोक ब्याञ्जु**
**अध्यक्ष**
**नेपाल नगरपालिका संघ**

# भुमिका

नेपालका विद्यमान ६ महानगर, ११ उप-महानगर तथा ७६ नगरपालिकाहरुको एक मात्र प्रतिनिधिमुलक संस्थाको रुपमा विगत २६ बर्ष देखि नेपाल नगरपालिका संघ क्रियाशिल रहेको सर्वविदितै छ । संघको प्रमुख कार्य क्षेत्र नितीगत बहस तथा पैरवी गर्ने, प्राविधिक सहयोग गर्ने, संजालीकरण गर्ने र नगरबासिले तिरेको करको प्रतिफल स्वरुप सहज, पारदर्शि र दिगो सेवा/सुविधा प्रदान गर्न नगरपालिकाहरुलाई सक्षम बनाउने हो । यसैबाट संबैधानीक अधिकार प्राप्त नगरपालिकामा सम्बृद्धी र शुसासन शुनिश्चित गर्न सकिन्छ भन्ने संघको धारणा रहेको छ ।

आपसि सिकाइ (Peer Learning) को लोकप्रीयता हाल संसारभरीनै चुलिँदो छ । यसै अनुरुप नगरपालिकाहरुको सफल तथा असल प्रयासहरुको संकलन तथा वितरण गर्ने अभ्यास नेपाल नरपालिका संघले विगत देखि नै गर्दै आएको हो । आज भन्दा करिव १५ वर्ष अगाडी खानेपानी ब्यवस्थापन तथा सरसफाइको क्षेत्रमा तत्कालिन ५८ वटा नगरपालिकाहरु मध्ये सफल प्रयासहरुको संकलन गरि संघले नगरपालिकाहरु बिच अनुभव अदान-प्रदान गराएको थियो । संकलित सफल परियोजना मध्ये पोखरा र धुलिखेललाई उत्कृष्ठ प्रयासको रुपमा प्रथम र द्धितिय पुरष्कार समेत प्रदान गरिएको थियो । यसका लागि नेदरल्याणसका नगरपालिकाहरुको संघ भि.एन.जि.ले सहयोग गरेको थियो ।

त्यसै गरि नगरपालिकाहरुका लागि सबैभन्दा चुनौतीपूर्ण फोहरमैला ब्यवस्थापनका क्षेत्रमा भए गरेका सफल प्रयासहरुको पहिचान गरि संकलन, अभिलेखिकरण र वितरण गर्ने कार्य पनि गरियो । यस्तै आपसि सिकाईका क्रियाकलापहरुलाई संघले प्राथमिकता दिनु पर्‍यो भन्ने अनुरोध नगरपालिकाहरुबाट आए पछि संघले विविध माध्यमहरुबाट यस्ता क्रियाकलाप गर्दै आइरहेको छ । नगर निर्वाचन भइसकेपछि नगर क्षेत्रमा भएका सफल प्रयासहरुलाई देशै भरिका नगरपालिकाहरु बिच विभिन्न समुहमा विभाजन गरि आपसी सिकाईका क्रियाकलाप अगाडी बढाइएको छ । यसका लागि जि.आइ.जेड.को सि.डि.मुन कार्यक्रमको सहयोग रहेका छ ।



संबैधानीक हैसियत प्राप्त बर्तमान नगर सरकारहरुले स्थानीय निर्वाचन पश्चात आवस्यक कानुन निर्माण गर्दै विभिन्न विषयगत कार्यालयहरु हस्तान्तरण हुनुपर्ने संबैधानीक ब्यवस्था भए पनि अद्यापी कार्यान्वयन हुन सकेको छैन । त्यस अतिरिक्त आवस्यक कानुनको अभाव र बाझिएका ऐन, सिमीत कर्मचारी र आर्थिक स्रोत लगायतकका चुनौतीहरुका बावजुद नगरपालिकाले केहि न केहि आश लाग्दो काम गरिरहेका छन भन्ने पुष्टि यो प्रकाशनले गरेको छ भन्ने हाम्रो विश्वास छ ।

विविधताले भरिएको हाम्रो देशमा नगरबासीका आवश्यता पनि फरक-फरक छन् । महानगर र भर्खरै गठन भएका नगरपालिकाहरुको क्षमता, आवस्यकता, चुनौती र अवसर फरक हुन्छन् । त्यति हुँदा हुँदै पनि नगरपालिकाहरुले गर्ने कैयौ साझा प्रकृतिका कामहरु हुन्छन् । त्यसैले यस संगालोमा समाविष्ट भएका अभ्यासहरु नगरपालिकाहरुका लागि कुनै न कुनै रुपमा अनुकरणीय हुनेछन भन्ने हाम्रो बुझाइ छ । आशा छ यो प्रकाशनले नगरपालिकाहरुलाई अझ रचनात्मक र अनुकरणीय काम गर्न उत्प्रेरित गर्दै हाल भैरहेका कामलाई अझ प्रभावकारी बनाउन मद्दत गर्नेछ ।

आगामी दिनहरुमा नेपाल नगरपालिका संघको समन्वयमा संचालित सातै प्रदेशमा रहेका ९ वटा नगरपालिकाहरुका प्रादेशिक अध्ययन केन्द्रहहरुको माध्यमबाट यस्ता सफल अभ्यासको पहिचान, संकलन, अभिलेखिकरण र वितरणको कार्यलाई निरन्तरता दिइने छ । यसलाई अझ प्रभावकारी बनाउन थप सिर्जनशिलता अपनाइने छ जसका लागि नगरपालिका र सरोकारवालाहरुको सुझावको हार्दिक स्वागत गर्दछौं । यस बर्ष नसमेटीएका नगरपालिकाहरुका असल प्रयास आगामी बर्षको अंकमा समावेस गर्दै लगिने प्रतिबद्धता पनि ब्यक्त गर्न चाहान्छौं । यस असल अभ्यास प्रकाशन गर्न सहयोग गर्ने सबैको भुमिकाको उच्च मुल्यांकन गर्दै हार्दिक धन्यवाद दिन चाहान्छौं । अस्तु !

**कलानिधि देवकोटा**
**कार्यकारी निर्देशक**
**नेपाल नगरपालिका संघ**

# विषय सुची


| क्रस | जिल्ला | नगर/उपमहानगर/महानगरपालिका | शीर्षक | पेज नंबर |
|---|---|---|---|---|
| १. | दाङ | तुलसीपुर उपमहानगरपालिका | सबैको मन तान्दै अटो भिलेज | १ |
| २. | प्युठान | प्युठान नगरपालिका | सासुससुरा पाल्ने बुहारीलाई सरकारको सम्मान | २ |
| ३. | बर्दिया | बर्दिया नगरपालिका | एक वडा एक प्राविधिक शिक्षालय | ३ |
| ४. | धनकुटा | धनकुटा नगरपालिका | एभोकाडोको राजधानी बन्दै धनकुटा | ४ |
| ५. | बाजुरा | बुढिनन्दा नगरपालिका | छाउगोठ नभत्काउने सरकारी सेवाबाट बञ्चित | ५ |
| ६. | दोलखा | भीमेश्वर नगरपालिका | नगरले गर्‍यो शिक्षामा नमुना कार्य | ६ |
| ७. | नवलपरासी | सुनवल नगरपालिका | आर्थिक सशक्तीकरणको थलो बन्दै महिला उद्यम केन्द | ७ |
| ८. | वैतडी | दशरथचन्द नगरपालिका | विपद् व्यवस्थापनमार्फत जनजीवनको सुरक्षा | ८ |
| ९. | बाग्लुङ | बाग्लुङ नगरपालिका | एकीकृत बस्तीमा रमाउँदै माझी समुदाय | ९ |
| १०. | स्याङ्जा | पुतलीबजार नगरपालिका | फोहोर अवदेखि मोहोर | १० |
| ११. | बर्दिया | बाँसगढी नगरपालिका | कृषि पेशालाई आकर्षित गर्न पशु बिमा | ११ |
| १२. | गोरखा | पालुङटार नगरपालिका | गरिब बिरामीका साथमा मेयर | १२ |
| १३. | कास्की | पोखरा महानगरपालिका | सडक सञ्जालमा अब्बल पोखरा | १३ |
| १४. | नवलपरासी | देवचुली नगरपालिका | गण्डकी प्रदेशकै पहिलो बालमैत्री नगर | १४ |
| १५. | काठमाडौं | गोकर्णेश्वर नगरपालिका | मौलिक संस्कृति जोगाउन स्थानीय पाठ्यक्रम | १५ |
| १६. | बाग्लुङ | गलकोट नगरपालिका | आमा र बच्चा जोगाउन नगरप्रमुखसँग मातृशिशु | १६ |
| १७. | मोरङ | बेलबारी नगरपालिका | पर्यटकमैत्री अभियानमा नगर | १७ |
| १८. | नुवाकोट | बेलकोटगढी नगरपालिका | अलैंची खेतीबाट समृद्ध बन्दै नगरबासी | १८ |
| १९. | पर्सा | वीरगञ्ज महानगरपालिका | सुशासन र पारदर्शितामा अब्बल बन्दै | १९ |
| २०. | अछाम | साँफेबगर नगरपालिका | जनप्रतिनिधि डिजिटल साक्षरता कार्यक्रम | २० |
| २१. | कैलाली | गोदावरी नगरपालिका | ढाकामा आत्मनिर्भर र पहिचान बनाउँदै गोदावरी | २१ |
| २२. | डडेल्धुरा | परशुराम नगरपालिका | साहसिक जलयात्राबाट पर्यटन प्रवर्द्धन | २२ |
| २३. | अछाम | मंगलसेन नगरपालिका | काकाकुल नगरबासीलाई डीप बोरिङबाट पानी | २३ |
| २४. | कैलाली | टिकापुर नगरपालिका | स्वास्थ्यसेवा अब घरदेखि अस्पतालसम्म | २४ |
| २५. | कञ्चनपुर | भीमदत्त नगरपालिका | पर्यटक लोभ्याउन धार्मि पर्यटन माग | २५ |
| २६. | केलाली | धनगढी उपमहानगरपालिका | अप्टिकल फाइबरमार्फत जोडिँदै नगरबासी | २६ |
| २७. | बाजुरा | बुढीगंगा नगरपालिका | कृषि उपजमा आत्मनिभएर बनाउँदै स्थानीय सरकार | २७ |
| २८. | डोटी | दिपायस शिलगढी नगरपालिका | बालश्रम हटाउन हरियो झण्डा | २८ |
| २९. | कैलाली | गौरीगंगा नगरपालिका | सुत्केरी महिलासँग उपप्रमुखको हातेमालो | २९ |
| ३०. | बैतडी | पाटन नगरपालिका | भारतमा काम गर्ने श्रमिकको बिमा | ३० |
| ३१. | बाजुरा | बडीमालिका नगरपालिका | सूचना र स्वास्थ्यमैत्री बन्दै मालिकाबासी | ३१ |
| ३२. | कञ्चनपुर | वेदकोट नगरपालिका | समृद्ध वेदकोट नगरको आधार कृषि उद्योग पर्यटन र पूर्वाधार | ३२ |
| ३३. | सर्लाही | बागमती नगरपालिका | स्वस्थ नागरिक उत्पादन गर्न सुत्केरीसँग सरकार | ३३ |
| ३४. | भक्तपुर | चाँगुनारायण नगरपालिका | विपद जोखिम न्यूनिकरणमा सहकार्य | ३४ |
| ३५. | दाङ | घोराही उपमहानगरपालिका | जलासयबाट हरित क्रान्तिमा आत्मनिर्भरता | ३५ |
| ३६. | रोल्पा | रोल्पा नगरपालिका | आफ्नै सहरमा रोजगार दिने शिक्षा | ३६ |
| ३७. | बाँके | नेपालगञ्ज उपमहागरपालिका | सहर सरसफाईमा साझेदारी | ३७ |
| ३८. | रूपन्देही | तिलोत्तमा नगरपालिका | शैक्षिक गुणस्तरमा फड्को | ३८ |
| ३९. | बाँके | कोहलपुर नगरपालिका | उपभोक्ता हितमा काम गर्दै कोहलपुर | ३९ |
| ४०. | गुल्मी | रेसुंगा नगरपालिका | सुख्खा क्षेत्रका बाबजुद घर-घरमा खानेपानी | ४० |
| ४१. | पाल्पा | तानसेन नगरपालिका | दलित र अल्पसंख्यकको निःशुल्क स्वास्थ्य बिमा | ४१ |
| ४२. | अर्घाखाँची | सन्धीखर्क नगरपालिका | पर्यटकीय क्षेत्रको सौन्दर्यकरण | ४२ |
| ४३. | झापा | भद्रपुर नगरपालिका | खुल्ला दिसाको लागि खुल्ला छैन | ४३ |
| ४४. | चितवन | भरतपुर महानगरपालिका | सहभागिता र साझेदारी मोडल | ४४ |
| ४५. | इलाम | इलाम नगरपालिका | इलाम सिटी मार्ट-इलाम | ४५ |
| ४६. | ललितपुर | ललितपुर महानगरपालिका | जगनै नभएको पोखरी संरक्षण | ४६ |
| ४७. | ललितपुर | महालक्ष्मी नगरपालिका | दिसाजन्य लेदो प्रशोधन-महालक्ष्मी | ४७ |
| ४८. | काभ्रे | नमोबुद्ध नगरपालिका | पैसा जोगाउँदै निःशुल्क खानेपानी | ४८ |
| ४९. | मोरङ | उर्लाबारी नगरपालिका | अनलाइनमार्फत नक्सा पास | ४९ |
| ५०. | नुवाकोट | विदुर नगरपालिका | खडेरीमा जीवन रसिलो बनाउन डिप बोरिङ | ५० |
| ५१. | पाँचथर | फिदिम नगरपालिका | सडक नाली व्यवस्थापन-फिदिम | ५१ |
| ५२. | काभ्रे | पाँचखाल नगरपालिका | सबैले प्रयोग गर्नसक्ने प्रविधिको प्रयोग | ५२ |
| ५३. | मोरङ | विराटनगर महानगरपालिका | अन्तर्राष्ट्रियस्तरका योजना-विराटनगर | ५३ |
| ५४. | उदयपुर | चौदण्डीगढी नगरपालिका | नागरिकहरुमा सडक र विद्युतको पहुँच र विस्तार | ५४ |
| ५५. | रूकुम | चौरजहारी | शिक्षामार्फत चेतनाको अभ्यास | ५५ |

| | | | | |
|---|---|---|---|---|
| ५६. | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका | धिमे बाजाबाट कला र संस्कृतिको जगेर्ना | ५६ |
| ५७. | मुगु | छायाँनाथ रारा | घरेलु मदिरा निषेधित नगर | ५७ |
| ५८. | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | व्यवस्थित हाट नमुना बजार | ५८ |
| ५९. | सुनसरी | दुहवी नगरपालिका | नगरप्रमुख आवास योजना-दुहवी | ५९ |
| ६०. | सिन्धुली | कमलामाई नगरपालिका | जैविक विविधता र सम्पदाको संरक्षण | ६० |
| ६१. | उदयपुर | कटारी नगरपालिका | जनताको सेवामा एक वडा एक प्राविधिक | ६१ |
| ६२. | रौतहट | इशनाथ नगरपालिका | छात्रालाई साइकल वितरण-इशनाथ | ६२ |
| ६३. | भक्तपुर | सुर्यविनायक नगरपालिका | धार्मिक सिर्कट निर्माण-सुर्यविनायक | ६३ |
| ६४. | सिराहा | लहान नगरपालिका | जेष्ठ नागरिकलाई नगरको सम्मान | ६४ |
| ६५. | सर्लाही | बलारा नगरपालिका | पुर्वाधार विकासमा ध्यान-बलरा | ६५ |
| ६६. | रौतहट | गढीमाई नगरपालिका | नि:शुल्क उपचारमा यातायात खर्च | ६६ |
| ६७. | धनुषा | गणेशमान चारनाथ नगरपालिका | आर्थिक प्रशासनमा सुत्र प्रणाली | ६७ |
| ६८. | रौतहट | गुजरा नगरपालिका | बर्थिङ सेन्टरले गर्भवती खुशी | ६८ |
| ६९. | सर्लाही | हरिवन नगरपालिका | सामूदायिक विद्यालयमा बालमैत्री सिकाई | ६९ |
| ७०. | सर्लाही | इश्वरपुर नगरपालिका | खोलारोक्दा उर्लिएको खुशी-ईश्वरपुर | ७० |
| ७१. | काभ्रे | धुलिखेल नगरपालिका | सुन्दरताले भूरिपुर्ण वातावरणमैत्री पार्क | ७१ |
| ७२. | जुम्ला | चन्दननाथ नगरपालिका | सडक नै पर्यटन र आयको आधार | ७२ |
| ७३. | नवलपरासी | मध्यविन्दु नगरपालिका | मेर नमुना सडक | ७३ |
| ७४. | काभ्रे | पनौती नगरपालिका | पाडापाडी जन्मदर्ता र सुत्केरी भत्ता | ७४ |
| ७५. | लमजुङ | सुन्दरबजार नगरपालिका | प्रविधिमा लम्किँदै-सुन्दरबजार | ७५ |
| ७६. | लमजुङ | राइनास नगरपालिका | गुणस्तरीय शिक्षामा शैक्षिक मेला | ७६ |
| ७७. | नवलपरासी | रामग्राम नगरपालिका | सबै वडामा वायरलेस इन्टरनेट | ७७ |
| ७८. | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | नगरमै खाद्य परीक्षण प्रयोगशाला | ७८ |
| ७९. | रूपन्देही | लुम्बिनी सांस्कृति नगरपालिका | प्रेमको प्रतिक नगर पंछी सारस जोगाउँदै | ७९ |
| ८०. | काभ्रे | बनेपा नगरपालिका | दीर्घकालिन फोहोर व्यवस्थापन हुँदै | ८० |
| ८१. | कपिलवस्तु | बाणगंगा नगरपालिका | कुपोषित बालबालिकाको पहिचान र उपचार | ८१ |
| ८२. | नवलपरासी | वर्दघाट नगरपालिका | पशुपालनका लागि सहुलियत ऋण | ८२ |
| ८३. | महोत्तरी | बर्दिबास नगरपालिका | विद्युत्तीय माध्यमको प्रयोगले सुशासन | ८३ |
| ८४. | तनहुँ | भीमाद नगरपालिका | घरबास कार्यक्रममार्फत आय आर्जन | ८४ |
| ८५. | स्याङजा | भीरकोट नगरपालिका | गर्भवती महिलालाई अण्डा | ८५ |
| ८६. | काठमाडौं | बुढानिलकण्ठ नगरपालिका | योजनावद्ध विकास र स्थानीय पाठ्यक्रम | ८६ |
| ८७. | रूपन्देही | बुटवल उपमहानगरपालिका | सहकारीमार्फत धानबाली धितो भण्डारण | ८७ |
| ८८. | कालिकोट | तिलागुफा नगरपालिका | दीगो विकासका लागि सफा, सुन्दर र हरित नगर | ८८ |
| ८९. | स्याङ्जा | वालिङ नगरपालिका | स्मार्ट सिटी | ८९ |
| ९०. | दैलेख | नारायण नगरपालिका | असल आमाबाट सामाजिक विकास | ९० |
| ९१. | जाजरकोट | भेरी नगरपालिका | पूर्वाधारमा फड्को मार्दै भेरी नगर | ९१ |
| ९२. | कालिकोट | रासकोट नगरपालिका | श्रम बैंकबाट रोजगार व्यवस्थापन | ९२ |
| ९३. | धादिङ | निलकण्ठ नगरपालिका | प्रभावकारी बन्दैछ मेयर उद्यमशिलता कार्यक्रम | ९३ |
| ९४. | चितवन | राप्ती नगरपालिका | रासायनिक बिषादी न्यूनिकरण | ९४ |
| ९५. | काठमाडौं | काठमाडौं महानगरपालिका | नगर-नगर साझेदारी कार्यक्रम | ९५ |
| ९६. | पश्चिम रूकुम | आठबीसकोट नगरपालिका | समुन्नतिको आधारः कृषि, शिक्षा, पर्यटन र पूर्वाधार | ९६ |
| ९७. | दैलेख | चामुण्डा विन्द्रासैनी | विधिको शासनबाट समाजको समृद्धि | ९७ |
| ९८. | झापा | दमक नगरपालिका | नमुना सहर बन्दै दमक | ९८ |
| ९९. | सुनसरी | धरान उपमहानगरपालिका | Building Code Implementation in Dharan | ९९ |
| १००. | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका | विपद्प्रति संवेदनशील बन्दै | १०० |






# सबैको मन तान्दै 'अटो भिलेज'

## तुलसीपुर उपमहानगरपालिका, दाङ

पातुखोला बगरका दुवै किनारमा गाडीहरु व्यवस्थित रुपमा मर्मत भइरहेको देखिन्छन्। मा सहरको सौदर्न्यता कायम राख्न तुलसीपुर उपमहानगरपालिकाले वडा नं. ६ र ९ मा पर्ने पातुखोलाको किनार व्यवस्थित अटो भिलेज सञ्चालन गरेको हो। स्वच्छ सफा हराभरा सहर निर्माणका लागि अटो भिलेजमा सबै ग्राहकलाई आकर्षण गरिएको छ।

उपमहानगरपालिकाले सार्वजनिक निजी साझेदारीमा करिब १० करोडको लागतमा निर्माण गरेको नमुना अटो भिलेजले सहरको सुन्दरता मात्रै बिगार्ने कामबाट मात्र जोगाएको छैन, व्यवसायीलाई एकै ठाउँमा जोड्ने कामसमेत गरेको छ। सहरमा जथाभावी खोलिएका अटो पसलहरु भिलेजमा भने निकै व्यवस्थित देखिन्छन्। पातुखोलासँग जोडिएको खुल्ला डाँडा उपमहानगरपालिकाको सक्रियतामा नमुना अटो भिलजेका रुपमा रुपान्तरण गरिएको हो। तुलसीपुर उपमहानगरपालिका र अटो व्यवसायीहरुको समग्र पहलमा निर्माण भएको अटो भिलेजलाई सुपर प्लस, ए र बी गरेर तीनवटा ब्लकमा विभाजन गरिएको अटो भिलेज निर्माण समितिका अध्यक्ष टोपबहादुर महतारा बताउनुहुन्छ। ग्राहकलाई पसल थाहा पाउनका लागि सजिलो होस् भनेर ब्लक निर्धारण गरेर नम्बरिङ गरिएको छ। अटो भिलेज प्रवेशका लागि सडकमै गेट बनाएर सोही गेटमा कुन अटो पसल कुन ठाउँमा छ भन्ने नक्सा र नम्बर सहितको जानकारी बोर्ड तयार गरिँदैछ। समितिका अध्यक्ष उहाँले एक सय ५० वटासम्म कोठा निर्माण गर्न सकिने भए पनि अहिले १२० वटा कोठा निर्माण गरेर व्यवसाय सञ्चालन गरिरहेको जानकारी दिनुभयो।

> नमुना अटो भिलेज निर्माणका लागि तुलसीपुर उपमहानगर र व्यवसायीको साझेदारीमा लगानी गरेका छौं। सार्वजनिक निजी साझेदारी अनुसार नमुना रूपमा अटो भिलेज निर्माण गरिएको छ।
>
> **- घनश्याम पाण्डे, उपमहानगर प्रमुख**

'बजारका विभिन्न क्षेत्रमा अव्यवस्थित ढंगले राखिएका अटोपसल एकै ठाउँबाट सञ्चालनमा रहेका छन्', महताराको भनाइ छ। अटो भिलेजले गाडी निर्माणसम्बन्धी एकै ठाउँबाट सबैलाई सेवा दिएको छ। उपमहानगरपालिकाले उक्त क्षेत्रमा अटो भिलेज सञ्चालन गरेसँगै तुलसीपुर बजार क्षेत्रभित्र अन्य कुनै पनि ठाउँमा अटो व्यवसाय सञ्चालन नगर्ने सहमति व्यवसायी र नगरपालिकाबीच भएको छ।

तुलसीपुरमा निर्माण भएको अटो भिलेज देशैभरका लागि नमूना बनेको छ। अटो भिलेजमा साना गाडी, ठूला गाडी, ट्र्याक्टर, स्कुटर लगायतका विभिन्न गाडीका लागि अलग-अलग ठाउँको व्यवस्था गरिएको छ। आधुनिक सभाहलका साथै नुहाउने र गाडीका स्टाफहरुले आराम गर्ने कक्षसमेत राखिएको छ। सभाहलमा टेलिभिजन र फ्रि वाईफाई समेतको व्यवस्था गरिएको छ। गाडी निर्माणका लागि अटो भिलेजमा राखेपछि गाडीका स्टाफ अटो भिलेजमा आ-आफ्नै तरिकाले रमाउने अवस्था बनेको छ।

नमुना अटो भिलेज निर्माणका लागि तुलसीपुर उपमहानगर र व्यवसायीको साझेदारीमा लगानी गरेको मेयर घनश्याम पाण्डेले बताउनुभयो। सार्वजनिक निजी साझेदारी अनुसार नमुना रुपमा अटो भिलेज निर्माण गरिएको हो। उपमहानगरपालिकाले ठाउँको व्यवस्थापनसँगै सम्पूर्ण पूर्वाधारको काम गर्ने र व्यवसायीले आफ्ना लागि चाहिने भवन निर्माण गर्ने सहमतिअनुसार अटो भिलेज निर्माण गरिएको छ।

अहिलेसम्म उपमहानगरपालिकाले विद्युतीकरण, नाला निर्माण, तटबन्ध, फिलिङ र सडक निर्माण गर्दा करिब साढे दुई करोड लगानी गरिसकेको छ। अटो भिलेजका लागि उपमहानगरपालिकाले सात बिघा जग्गा २५ वर्षसम्मका लागि उपलब्ध गराएको छ। अटो भिलेजमा रहेका १२० जना व्यवसायीले व्यवसाय दर्ता गरेर व्यावसायिक करसमेत नियमित रुपमा नगरपालिकालाई तिर्दै आएका छन्। कतिपयले बिनादर्ता नै पसल सञ्चालन गरेका थिए तर अटो भिलेजमा आएपछि अनिवार्य रुपमा पसल दर्ता गर्ने प्रावधान राखेकाले बाध्य पनि भएका छन्। २०५४ सालमा व्यवसायीहरुले व्यवस्थित अटो भिलेज निर्माणका लागि पहल गरे पनि स्थानीय तहमा जनप्रतिनिधि आएपछि मात्रै उक्त काम संभव भएको व्यवसायीहरुले बताए। उपमहानगरपालिकामा अटो भिलेज सञ्चालन भएपछि अन्य नगरपालिकाले समेत उक्त कामको अनुसरण गर्न थालेका छन्।





# सासुससुरा पाल्ने बुहारीलाई सरकारको सम्मान

## प्युठान नगरपालिका, प्युठान

सधैं घरायसी काममै खटिने प्यूठान नगरपालिका वडा नं. २ दाखा क्वाडीकी रेश्मा जीसीको दैनिकी आजभोलि सय वर्ष नाघेका ससुराको हेरचाहमा बित्ने गरेको छ। उनलाई घरधन्दाका साथै ससुराको हेरचाह पनि उहाँको दैनिकी बनेको हो। ससुरा मानबहादुर जीसी बुहारीको सेवा पाएर निकै खुसी हुनुहुन्छ। ४० वर्षीया बुहारीले सय नाघेका ससुरालाई खुसी बनाउन आत्मीय सेवा मात्रै होइन, माया र कर्तव्यसमेत पूरा गर्दै आउनु भएको छ। छिः छिः र दूर दूरको साटो मानबहादुरले घरमै माया र सेवा पाउनु भएको हो। बुहारी रेश्माले उमेर बढ्दै गएका ससुरालाई छोरीले जस्तै गरी राम्ररी पालनपोषण मात्रै गरिरहनु भएको छैन, जन्म दिने बुबालाई जस्तै माया पनि गर्नुहुन्छ। रेश्माका ससुरा हिँड्डुल गर्न सक्नुहुन्न। तर उहाँको सहारा बुहारी बन्नुभएको छ। घरधन्दाको आधाभन्दा बढी समय दिनहुँ ससुराको हेरचाहमै बित्ने गरेको उहाँको भनाइ छ। 'बुबाजस्तै मानेर मैले ससुराको हेरचाह गर्दै आएकी छु', रेश्मा भन्नुहुन्छ, 'घरका अगुवाको हेरचाह र पालनपोषण गर्नु हाम्रो कर्तव्य पनि हो। बुबाआमा भगवान् हो।'




घरमा रहेका वृद्धवृद्धाको हेरचाह राम्ररी गर्ने छोराबुहारीको पहिचान गर्दै प्यूठान नगरपालिकाले 'अग्रज' को सम्मान गरौं भन्ने अभियान नै चलाएको छ। त्यसैले नगरभित्रका सबै क्षेत्रको अनुगमन र मूल्यांकन समेत गऱ्यो। रेश्मा लगायतका सेवक बुहारीलाई नगरपालिकाले सम्मान गरिसकेको छ। उहाँ भन्नुहुन्छ, 'मलाई नगरपालिकाले सम्मान गरेपछि झन् हौसला मिलेको छ, घरमै थलिएर बसेका मेरा ससुराको हेरचाह गर्नु मैले कर्तव्य नै ठानेको छु।'

सरसफाईमा ध्यान दिने बानी भएकाले रेश्मा ससुराका कपडा धोइदिने, तातो चिसोको ख्याल गर्ने र स्वस्थ खाना जुटाइदिने गर्नुहुन्छ। उनकी सासुको मृत्यु भएको २८ वर्ष भइसक्यो। त्यसयता ससुरालाई एक्लो महसुस हुन नदिने प्रतिवद्धता जनाएसरह स्याहार गर्नुभएको छ। मानबहादुरका तीन छोरा छन्। तीमध्ये उनी कान्छा छोरा रोहोबरसँग बस्दै आउनुभएको छ।

"नगरपालकाको यो कार्यक्रमले जेष्ठ नागरिकलाई स्याहार गर्ने व्यक्तिलाई थप हौसला मिलेको छ। यस परम्पराले मुलुकभरका सबै आमाबुबालाई छोराबुहारीकै माया र स्याहारचाकर मिल्ने अपेक्षा राखेका छौं।"
**-अर्जुनकुमार कक्षपति**
**नगर प्रमुख**

'छोरा भारतमा नोकरी गर्छ', मानबहादुर भन्नुहुन्छ, 'घरमा बुहारीले नै स्याहार गर्छिन्। छोरीजस्तै बुहारी पाएकोमा म खुसी छु।' बुहारीले सधैं हेरचाह गरेकोमा उहाँ खुसी व्यक्त गर्नुहुन्छ। बिरामी पर्दा उपचार गर्ने, समयमै औषधि खुवाउने र राम्ररी ख्याल गर्ने भएकाले बुहारी ठूलो मनकी भएको उहाँको भनाइ छ। बुहारीले स्वास्थ्यमा हेरचाह गरेकाले आफ्नो आयु लामो भएको उनको बुझाइ छ।

प्यूठान नगरपालिकाले यस वर्ष जेष्ठनागरिक दिवसको अवसर पारेर नगरभित्रका ९० वर्ष नाघेका जेष्ठनागरिक र तिनलाई राम्ररी पाल्ने छोराबुहारीलाई सम्मान गरेको थियो। वृद्धवृद्धालाई पालनपोषण गर्दै आएकामध्ये पाँचजना बुहारीलाई सम्मान गरिएको हो। उनीहरुलाई नगरले असल संरक्षणकर्ताका रुपमा सम्मान गरेको हो।

रेश्मासँगै नगरको कार्यक्रममा तीन बुहारी र एक छोरा सम्मानित भए। सम्मानित बुहारीमा प्यूठान नगरपालिका वडा नं. १ खैराकी उमा वैदिक, २ की शिला पोखरेल र ३ की शारदा विष्ट छन् भने वडा नं ४ का डा. लेखराज सुवेदी हुन्। उनीहरुलाई नगरले पानी तताउने इलोक्ट्रिनिक भाँडो, प्रमाण-पत्र र दोसल्ला ओढाएर सम्मान गरेको हो। नगरपालकाको यो कार्यक्रमले जेष्ठनागरिकलाई स्याहार गर्ने व्यक्तिलाई थप हौसला मिलेको नगरप्रमुख अर्जुनकुमार कक्षपतिले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, 'यस परम्पराले मुलुकभरका सबै आमाबुबालाई छोराबुहारीकै माया र स्याहारचाकर मिल्ने अपेक्षा राखेका छौं।'

# एक वडा एक प्राविधिक शिक्षालय

## मधुवन नगरपालिका, बर्दिया

प्राविधिक एवं व्यावहारिक शिक्षा प्रदान गर्न नसक्दा लाखौं युवा विदेसिएको सबैसामू छर्लंग छ । यसैकारण देशले एकातिर बेरोजगारको पीडा खेपिरहेछ भने अर्कोतिर दक्ष जनशक्तिको अभावमा चर्को मूल्य चुकाइरहेछ । आजको यही तीतो यथार्थलाई मधुवन नगरपालिकाले बेलैमा आत्मसात गरेको छ । स्थानीय सरकार हुनुको नाताले यसले युवालाई अवसर दिँदै नगरको समग्र विकासमा फड्को मार्ने लक्ष्य अघि सारेको हो ।

'प्राविधिक शिक्षा आजको आवश्यकता' भन्ने मूलमन्त्रलाई शिक्षामा जोड्ने जमर्कोले मधुवनमा गति लिएको छ । व्यावहारिक, प्राविधिक, रोजगारमूलक शिक्षा नभएकै कारण मुलुकले बेरोजगारीको समस्या भोगिरहेको अवस्थामा युवाशक्तिलाई बेरोजगार बनेर विदेशिन बाध्य हुनबाट जोगाएको जनप्रतिनिधिको भनाइ छ । यही लक्ष्यलाई हृदयंगम गरेर कम्तिमा 'एक वडा एक प्राविधिक शिक्षालय' स्थापना गरी प्राविधिक शिक्षालाई गरिब तथा विपन्न परिवारका युवकयुवती साथै सिकाइ उपलब्धी कमजोर रहेका विद्यार्थीको सहज पहुँचको नीति लिएको छ । हाल यस नपामा निम्न प्राविधिक शिक्षालय स्थापना भइसकेका छन् भने केही स्थापनाको नजिक पुगेको अवस्था रहेको छ ।

मधुवनले वडा नम्बर ६ मा रहेको गुराँस प्राविधिक शिक्षालय तीन वर्षे डिप्लोमा र १८ महिने बाली विज्ञान र जीव विज्ञानको कार्यक्रम सुरू गरेको छ । वडा नम्बर ४ स्थित ढोढरी प्राविधिक शिक्षालयमा तीन वर्षे डिप्लोमा र १८ महिने



पढ्दै, सिक्दै र कमाउँदै भन्ने मूल मर्मलाई मध्यनजर गरी मध्यमस्तरका जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ सञ्चालन गरिएका यी शिक्षालयमा विद्यार्थीलाई आफू सिक्ने र त्यसलाई तत्कालै जीविकोपार्जनसँग जोडी आफ्नो पढाइ खर्च र छात्राबास (होस्टेल) खर्च विद्यार्थी स्वयंले व्यवस्थापन गर्न सक्ने बनाउन शिक्षालयहरू कार्ययोजना तयार गरी अघि बढेका छन् ।
- -गणेशवहादुर केसी, नगर प्रमुख

सिभिल र इलेक्ट्रिकल इन्जिनियरिङ, वडा नम्बर ७ को शुक्र प्राविधिक शिक्षालयमा १८ महिने अटो मोबाइलको अध्यापन सुरू गरेको हो । यसैगरी, वडा नम्बर १ स्थित त्रिभुवन माध्यमिक विद्यालय सूर्यपटुवामा दुई वर्षे होटल व्यवस्थापन कोर्स, वडा नम्बर ३ स्थित नेरा मावि धनौरामा बाली विज्ञानको अध्यापनका लागि प्रक्रिया अगाडि बढाइएको छ । वडा नम्बर ५ को भृकुटी प्राविधिक शिक्षालयमा १८ महिने र ३ वर्षे डिप्लोमा अमिन विषय र वडा नम्बर ९ स्थित पूर्णपुर प्राविधिक शिक्षालयमा वन विज्ञानमा तीन वर्षे डिप्लोमाको प्रक्रिया अगाडि बढेको नगरपालिकाका शाखा अधिकृत पुण्यप्रसाद न्यौपाने बताउनु हुन्छ ।

शिक्षा विकासको आधार हो, जीवनको ज्योति हो । जीवनको मार्गदर्शन पनि हो, मानव विकासका लागि लगानी हो । यो चुरो कुरोलाई नगरका मेयरले आत्मसात गर्नुभएको छ । मानव विकासले अन्य क्षेत्रको विकासमा पनि गुणोत्तर प्रभाव पार्दछ । यसर्थ शिक्षा सबै खाले विकासको प्रस्थान विन्दु भएकाले यस्तै कुरालाई मनन् गरी नगरपालिकाको दीर्घकालीन तथा स्थायी समुन्नतिका लागि शिक्षालाई मूल प्राथमिकता क्षेत्रको रुपमा स्वीकार गरेर यसको सार्थक विकासका लागि केही गर्नुपर्ने महशुस गरिएको छ । नगरपालिकाको नीति तथा कार्यक्रममा विद्यालय शिक्षा र प्राविधिक शिक्षालाई कार्यान्वयन गर्ने दृढ संकल्प गरी अगाडी बढेको महसुस गराएको छ ।

पढ्दै, सिक्दै र कमाउँदै भन्ने मूल मर्मलाई मध्यनजर गरी मध्यमस्तरका जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ सञ्चालन गरिएका यी शिक्षालयमा विद्यार्थीलाई आफू सिक्ने र त्यसलाई तत्कालै जीविकोपार्जनसँग जोडी आफ्नो पढाइ खर्च र छात्राबास (होस्टेल) खर्च विद्यार्थी स्वयंले व्यवस्थापन गर्न सक्ने बनाउन



शिक्षालयहरु कार्ययोजना तयार गरी अघि बढेको मेयर गणेशबहादुर केसीको भनाइ छ । उल्लेखित अवसरहरुका साथसाथै यी शिक्षालयमा विविध चुनौति पनि छन् । उहाँका अनुसार, दक्ष प्रशिक्षकको अभाव, प्रशिक्षक पाइएता पनि टिकाइराख्ने समस्या, शिक्षणलाई भन्दा प्रशिक्षकहरुले अन्य पेशालाई अँगाल्न खोज्ने अवस्था, कुशल प्रशासनिक व्यवस्थापन, भौतिक पूर्वाधारको व्यवस्थापन, अत्याधुनिक प्रयोगशालाको कमीजस्ता चुनौति विद्यमान छन् र तर यी सबै चुनौतिलाई नगरपालिका क्रमशः सामना गर्दै अघि बढिरहेको केसीले जानकारी दिनुभयो ।

१२९.७३ वर्गकिलोमिटर क्षेत्रफल र ११ हजार दुई सय ४३ घरधुरी संख्यामा ५८ हजार तीन सय ४६ जनसंख्या रहेको यो नगरपालिका ९ वडामा विभाजित छ । परम्परागत शिक्षण शैली र सैद्धान्तिक ज्ञानमात्र भन्दा पनि युग सुहाउँदो नयाँ विधि र प्रविधिको प्रयोग गरी समाज र विश्व बजारको मागअनुरुपकै भविष्य बनाउने प्रयत्नमा जनप्रतिनिधि र सरोकारवाला जुटेका छन् । आत्मनिर्भर शिक्षामा आधारित जीवनयापन गर्न सक्ने वातावरण युवालाई दिने र सोही अनुसारको जनशक्ति उत्पादनका लागि प्रयोगात्मक सिकाइ सिद्धान्तमा आधारित शिक्षाको अवधारणाअनुरुप काम गर्ने अधिकृत न्यौपानेको पनि प्रतिवद्धता छ ।





# एभोकाडोको राजधानी बन्दै धनकुटा

मेयर कृषि पर्यटन कार्यक्रमअन्तर्गत धनकुटा नगरपालिका क्षेत्रभित्रका एभोकाडो कृषकलाई यसको खेतीतर्फ आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गरिएको छ ।
चिन्तन तामा, नगर प्रमुख

## धनकुटा नगरपालिका, धनकुटा

धनकुटा नगरपालिका वडा नं. ४ का किसान राजकुमार तामाङले एउटै एभोकाडोको बोटबाट वार्षिक तीन लाख आम्दानी गर्दै आएका छन् । वैदेशिक रोजगारबाट फर्केका तामाङ आजभोलि एभोकाडोको व्यावसायिक खेतीतर्फ आकर्षित भएका हुन् । धनकुटा नगरपालिकाले नगरपालिकालाई एभोकाडोको राजधानी घोषणा गरी व्यावसायिक एभोकाडोको खेती गर्न किसानलाई आकर्षित गरेपछि नगरका किसान यसको उत्पादनमा जुटेका हुन्।

तामाङले धनकुटा नगरपालिकाले यो खेतीतर्फ प्रोत्साहन गरेकाले विदेश नगई नेपालमै बसी कृषिक्षेत्रमा लाग्ने प्रण समेत गरेका छन् । नगरपालिकाले आयोजना गरेको एभोकाडो महोत्सवमा उनले द्वितीय स्थान हासिल गरेका थिए । 'नगरपालिकाको हावापानी एभोकाडोमैत्री भएकाले नगरपालिकाको माटोमा एभोकाडो रोपौं' भन्ने अभियान चलाएको छ । नगरपालिकाका किसानलाई एभोकाडोलाई व्यावसायिक खेतीतर्फ आकर्षण गर्न नगरपालिकाले नगर क्षेत्रलाई एभोकाडोको राजधानी घोषणा गरेको हो। २०७५ असार ८ को तेस्रो नगरसभाबाट पारित आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा धनकुटालाई एभोकाडोको राजधानी घोषणा गरी सोही अनुसारका कार्यक्रम अहिले नगरपालिका क्षेत्रमा सञ्चालित छ।



मेयर कृषि पर्यटन कार्यक्रमअन्तर्गत धनकुटा नगरपालिका क्षेत्रभित्रका एभोकाडो कृषकलाई यसको खेतीतर्फ आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गरिएको मेयर चिन्तन तामाङले बताउनुभयो । जसअन्तर्गत धनकुटा नगरपालिकाले कृषिविज्ञ नियुक्त गरी व्यावसायिक खेतीतर्फ कृषकलाई आवश्यक प्राविधिक सल्लाह उपलब्ध गराउँदै आएको छ। नगरपालिकाले एभोकाडो खेतीतर्फ कृषकलाई आकर्षित गर्न अनुदानमा उन्नत जातको विरूवा उपलब्ध गराउने, प्राविधिक तथा व्यावसायिक ज्ञान प्रदान गर्ने तथा बजार सुनिश्चित गर्ने काम गरिरहेको छ। हाल यहाँ वार्षिक एक सय टन उत्पादन भइरहेको एभोकाडो आगामी वर्षमा दोब्बर हुने कृषि अभियन्ता जीवनप्रसाद राई बताउनु हुन्छ। उहाँले भने, 'नगरपालिकाले नगरलाई एभोकाडोको राजधानी घोषणा गरेर हामीजस्ता किसानलाई एभोकाडोको व्यावसायिक खेती गर्न थप उत्साह थपेको छ।' एभोकाडोको राजधानी घोषणा गरेपछि कहाँ लगेर बिक्री गर्ने भन्ने चिन्ता अहिले किसानलाई छैन। नगरपालिकाले तीन वर्षभित्र एक हजार टन एभोकाडो उत्पादन गर्ने लक्ष्य लिएको छ।

नगरपालिकाले कृषकलाई सहुलियत दरमा गुणस्तरीय विरूवा उपलब्ध गराउन सात लाखको लगानीमा एभोकाडोको नर्सरी स्थापना गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा नगरका एभोकाडो कृषकको समूहलाई सहुलियत दरमा एभोकाडोको बिरूवा उपलब्ध गराउने उद्देश्यका साथ नर्सरीको स्थापना गरिएको हो। आगामी वर्षमा समेत करिब ६० हजार गुणस्तरीय विरूवा उत्पादन गरी कृषकलाई वितरण गरिने योजना छ । राजधानी घोषणा भएसँगै सोको प्रत्याभूति दिलाउन र आन्तरिक पर्यटनलाई टेवा पुऱ्याउन वडा नं. ६ परिचय मोडमा एभोकाडो पार्कको निर्माण गरिएको छ।


यस क्षेत्रमा रहेको सार्वजनिक खाली जग्गालाई सदुपयोग गर्दै नगरपालिकाले एभोकाडो पार्क निर्माण गरेको हो । पार्क निर्माणले नगरपालिका एभोकाडोलाई व्यावसायिक रुपमा अगाडि बढाउँदै गएको छ भन्ने कुरा नगरबासीले सहजै महसुस गर्न सक्ने भएका छन् । नगरपालिकाले गत मंसिरमा एभोकाडो पार्कमा एसियाको पहिलो एभोकाडो महोत्सव गरेको छ । किसानले उत्पादन गरेको एभोकाडोलाई प्रर्दशनीमा राखेर महोत्सव आयोजना गरेको थियो। महोत्सवमा करिब ५० कृषकले एभोकाडोको स्टल राखेका थिए जसमा ३० प्रजातिका एभोकाडो प्रर्दशनीमा राखिएको र उत्कृष्ट एभोकाडो कृषकलाई पुरस्कृत गरिएको थियो । यस कार्यले एभोकाडोको व्यावसायिक किसानलाई एभोकाडो उत्पादनप्रति थप प्रोत्साहन मिलेको छ। आगामी वर्षदेखि देशैभरका एभोकाडो उत्पादन गर्ने किसानलाई जम्मा गरी एभोकाडो महोत्सव गर्ने योजना नगरपालिकाको छ।



# छाउगोठ नभत्काउने सरकारी सेवाबाट वञ्चित

**महिनावारी भएको समयमा अविवाहित महिलाले ७ दिनसम्म र विवाहित महिलाले ५ दिनसम्म छाउगोठमा बस्नु पर्ने बाध्यता छ । महिनावारीको समयमा निकै सास्ती व्यहोर्नु पर्छ । महिलाले महिनावारी भएको ५ देखि ७ दिनसम्म घरबाहिर अलग्गै बस्नु पर्ने, सार्वजनिक पानीपधेँरो प्रयोग गर्न नपाउने, गोरसपात खान नपाउने, फलफूलजन्य वनस्पति छोए कडा हप्की सहनु पर्ने, अनि संयोगले कसैको शरीरमा छोए पनि दुर्वाच्य सुन्नु पर्ने अवस्था अझै छ ।**

## बुढिनन्दा नगरपालिका, बाजुरा



पाण्डुसेनकी धौली धामीले समाजमा छाउगोठ भत्काएर सामाजिक जागरण सुरू गर्नुभयो। श्रीमान् गोपी पेशाले धामी काम गर्नुहुन्छ। धौलीले छाउगोठ भत्काउन पटक पटक प्रयास गरे पनि अन्ततः उनी श्रीमानकै सहयोगमा छाउगोठ भत्काउन सफल हुनुभयो।

पाण्डुसेनमा पुस २४ गते छाउगोठमा उहाँकी दुई छोरीको मृत्यु भयो। त्यसपछि गाउँका महिलाले ज्यानमारा छाउगोठ भन्दै भत्काउन थाले। 'पहिला धेरै प्रयास गऱ्यौं, गोठ भत्काउँदा देउता रिसाउँछन् भनेर समस्या भयो त्यसमाथि घरमै देउताको धामी भनेर आलटाल गर्दै आएका थियौं', घरमै घटना भएपछि बाध्य भएर गोठ भत्काएको धौलीको भनाइ छ। धौलीजस्तै गाउँकी गंगा रोकायाले पनि छाउगोठ आफैं भत्काउनु भएको छ। उहाँका श्रीमान् हरिलाल रोकाया पनि देउताका धामी हुनुहुन्छ।

श्रीमानको सल्लाहअनुसार आफूले पनि गोठ भत्काएको गंगा बताउनु हुन्छ। 'पहिला पहिला हामीलाई पनि साँच्चै देउता रिसाउँछन् कि भन्ने लाग्थ्यो, अहिले त यो रूढिवादी सोच हो भन्ने बुझ्यौं र भत्कायौं', उहाँले भन्नुभयो। नगरपालिकाले छाउ गोठमा बस्ने र बस्न बाध्य पार्नेलाई सरकारी सेवा सुविधाबाट वञ्चित गर्ने निर्णय गरेपछि पनि आफूहरुलाई गोठ भत्काएको गंगा बताउनु हुन्छ।

बुढिनन्दा नगरपालिकामा छाउगोठमा तीनजनाको ज्यान गइसकेपछि नगरपालिकाले थप सशक्त ढंगले छाउगोठमुक्त बनाउने अभियान सुरू गरेको थियो। विगतका जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिँदै बाध्यात्मक नीति निर्माण गरिएको थियो। नगरपालिकाले निर्णय गरेपश्चात् स्थानीय महिलाले आफैं गोठ भत्काउने अभियान सञ्चालन गरेका छन्। अहिलेसम्म नगरपालिकामा १३० वटा छाउगोठ भत्काइसकेका छन्। नगरपालिकाको तथ्यांकमा अब १५ जतिमात्र छाउगोठ छन्, तिनीहरु पनि भत्काउन प्रेरित गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ। धामीझाँक्री, पुरोहितहरु छाउ प्रथा मान्ने भएकाले उहाँहरुलाई नगरपालिमा नगरस्तरीय अन्तर्क्रिया कार्यक्रम गरिएको छ। साथै प्रथा उन्मुलन गर्ने धामीझाँक्रीलाई सम्मान गर्ने कार्यक्रम पनि भइरहेका छन्। किशोरीलाई जनचेतनामूलक तथा सेनेटरी प्याड बनाउने तालिम नगरपालिकाले गरिरहेको छ। छाउप्रथा वा अन्य रूढिवादी प्रथा हिंसा अन्त्य गर्न महिलालाई सशक्तीकरण गर्ने कार्यक्रम भइरहेका छन्। उनीहरुलाई नेतृत्व विकास तालिम, सीपमूलक तालिम, लोकसेवा तयारी कक्षाका लागि छात्रवृत्ति, प्राविधिक शिक्षा पढ्नका लागि महिला छात्रवृत्तिको व्यवस्थापन गरिएको छ।

महिला त्यसमा पनि दलित, राज्यको पहुँचबाट टाढा रहेकाले उनीहरुलाई महिलाभित्र पनि ५० प्रतिशत सहभागिताको व्यवस्थापन गर्दै आएको देखिन्छ। वडा नम्बर ४ बस्ने धनकला रोकायाले भन्नुभयो, 'छाउगोठ भत्काउने अभियान पटक पटक चलाउन खोजेका थियौं, तर सफल हुन सकेनौं। गोठमा बस्नु हुँदैन भन्ने सोच थियो, जब नगरपालिकाले बाध्यात्मक निर्णय गऱ्यो तब आफैं गोठ भत्काउन थाल्यौं।' धनकलाका ससुरा पनि देउताका धामी हुनुहुन्छ। नगरपालिकाले नै यस्तो निर्णय गरेपछि ससुरा स्ववर्ण रोकाया र श्रीमान् कृष्ण रोकायाले सहयोग गरेको धनकला बताउनु हुन्छ।

महिनावारी भएको समयमा अविवाहित महिलाले ७ दिनसम्म र विवाहित महिलाले ५ दिनसम्म छाउगोठमा बस्नु पर्ने बाध्यता छ। महिनावारीको समयमा निकै सास्ती व्यहोर्नु पर्छ। महिलाले महिनावारी भएको ५ देखि ७ दिनसम्म घरबाहिर अलग्गै बस्नु पर्ने, सार्वजनिक पानीपधेँरो प्रयोग गर्न नपाउने, गोरसपात खान नपाउने, फलफूलजन्य वनस्पति छोए कडा हप्की सहनु पर्ने, अनि संयोगले कसैको शरीरमा छोए पनि दुर्वाच्य सुन्नु पर्ने अवस्था अझै छ। यस्तै, महिनावारी हुँदाको समयमा महिलामा एकातिर पीडा हुने त छँदैछ, अर्कोतिर देवीदेवता रिसाउने भन्ने कुप्रथाले पनि मानसिक पीडा थपिने गरेको छ।

छाउप्रथा मान्ने हो भने एउटी महिलाले जीवनभर करिब ५ वर्ष छाउगोठमा बस्नु पर्ने देखिन्छ। सर्वोच्च अदालतले २०६२ सालमा वैशाख १९ गते छाउपडी प्रथालाई कुरीति घोषणा गरिसकेको छ। २०६४ सालमा छाउपडी प्रथा उन्मुलनसम्बन्धी निर्देशिका २०६४ समेत जारी गरेको छ। छाउपडी प्रथालाई पहिलोपटक फौजदारी अपराधको संज्ञासहित 'मुलुकी अपराध संहिता विधेयक, २०७४' पारित भएको छ।

विशेषगरी, नेपालको सुदूरपश्चिमका केही जिल्लामा महिनावारी भएका बखत महिलाले घरभित्र बस्न नपाउने र गाईभैंसीको गोठ वा छाउगोठमा अलग्गै बस्नुपर्ने कुसंस्कारलाई विधेयकले दण्डनीय मानेको छ।





# नगरले गर्‍यो शिक्षामा नमूना कार्य

## भीमेश्वर नगरपालिका, दोलखा

भिमेश्वर नगरपालिका भित्रका संस्थागत सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी समान देखिन्छन् । विद्यार्थीका बारेमा गहिरो अध्ययन नगरी कुन विद्यार्थी संस्थागत विद्यालयका त कुन विद्यार्थी सामुदायिक विद्यालयका हुन् भन्ने चिन्न असम्भव प्रायः हुन्छ । नगरपालिकाले संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको पोशाक समान बनाएसँगै संस्थागत र सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी समान देखिएका हुन् ।

नगपालिकाको यो प्रयासले स्वयं विद्यार्थी र अभिभावकलाई पनि संस्थागत र सामुदायिक विद्यालयबीचको खाडल पुरिएको महसुस गराएको छ। फरक पोशाकले विद्यार्थीमा मनोवैज्ञानिक रुपमा आफूहरु फरक भएको अनुभूति हुन थालेपछि नगरपालिकाले संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको पोशाकमा समानता ल्याएको हो। नगरपालिकाले शैक्षिक गुणस्तर कायम गर्ने यो प्रारम्भिक अभ्यासमात्र हो । यस्तै अन्य काम गरेर नगरपालिकाले संस्थागत र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याएको छ।

सामुदायिक विद्यालयमा विद्यार्थीको भर्ना दर बढाउन, शिक्षा क्षेत्रमा आफ्नै पहिचान कायम गराउन, बालबालिकालाई विद्यालयमा नियमित गराउन, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन नगरपालिकाले यो अभियान सञ्चालन गरेको छ । सामुदायिक विद्यालयको प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकालाई प्रत्येक वर्ष पोशाक वितरण कार्यक्रम राखेर नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याएको नगरपालिकाले जनाएको छ।



विद्यालयले सञ्चालन गरेको यो अभियानले सामुदायिक विद्यालयमा विद्यार्थीलाई विद्यालय जाउँ जाउँ लाग्ने गरेको छ। यसले सिकाइ उपलब्धीमूलक भएको, अभिभावकको आर्थिक भारमा कम भएको महसुस गराएको मात्र छैन, नगरपालिकाले नगरभित्र भएका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न नगरपालिकाले वार्षिक बजेटको झन्डै २५ प्रतिशत रकम शिक्षा क्षेत्रमै विनियोजन गरेको नगपालिकाका मेयर भरतबहादुर केसीले बताउनु हुन्छ। यस कार्यले नगरपालिकाको शैक्षिक स्थितिमा गुणात्मक सुधार आउने अपेक्षा गरिएको बताउँदै उहाँले भन्नभुयो, 'संस्थागत र सामुदायिक विद्यालयबाट अहिले दुई प्रकृतिका विद्यार्थी उत्पादन हुँदै आएका छन्, अब केही सयमपछि त्यो दुरी कम गर्छौं।'

विद्यार्थीको पोशाकमा एकरुपता ल्याएसँगै विद्यार्थीको सिकाइमा समेत एकरुपता ल्याउने काम भीमेश्वर नगरपालिकाले गर्न थालेको छ । संस्थागत र सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सिकाइ क्षमता समान हुन्छ त्यही कुरालाई महसुस गरी नगरपालिकाले विद्यार्थीको सिकाइमा एकरुपता ल्याउने काम गरेको हो । नगरपालिकाले बालबालिकालाई विद्यालय ल्याउने, शिक्षकको क्षमता अभिवृद्धि गर्ने, सामुदायिक तथा संस्थागत विद्यालयका लागि शैक्षिक पात्रो निर्माण, कक्षा ६ र ८ को नगरस्तरीय परीक्षा सञ्चालन, विद्यालयस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप गर्ने काम हुनेछ।

यसैगरी, बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजा र प्रविधिमैत्री शिक्षण सिकाई, शिक्षण सिकाई सामग्री वितरण, बालकक्षा शिक्षक प्रोत्साहन रकम, बालबालिकाको अन्तरनिहित क्षमताको विकास गर्न तथा विज्ञान र प्रविधिमा खोज कार्यका लागि सहयोग पुऱ्याउन शिक्षा तथा विज्ञान प्रविधि महोत्सव कार्यक्रम सञ्चालन, बालविकास कक्षाकोलागि सहजीकरण पुस्तिका निर्माण र आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ जारीजस्ता कार्य नगरपालिकाले गरेको हो । भीमेश्वर नगरपालिकाको दोलखा जिल्लाको कूल विद्यालय भर्ना भएकामध्ये झन्डै ३० प्रतिशत बालबालिका नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत छन्।

> **'संस्थागत र सामुदायिक विद्यालयबाट अहिले दुई प्रकृतिका विद्यार्थी उत्पादन हुँदै आएका छन्, अब केही सयमपछि त्यो दुरी कम गर्छौं ।' -भरतवहादुर केसी, प्रमुख**

यस नगरपालिकाभित्र सामुदायिक विद्यालय ४४ र संस्थागत विद्यालय १३ छन् । सामुदायिक क्याम्पस दुई र निजी क्याम्पस एक गरी जम्मा तीन वटा कलेज छन् । कक्षा ११ र १२ सञ्चालित सामुदायिक विद्यालयको संख्या सात र संस्थागत एक गरी कूल आठ छ। व्यावसायिक तथा प्राविधिक धार सञ्चालन गर्ने तीनवटा विद्यालय छन् भने आयआर्जन वृद्धि गर्नका लागि सामुदायिक सिकाई केन्द्रहरुको संख्या नगरभित्र १० वटा रहेका छन्।

# आर्थिक सशक्तीकरणको थलो बन्दै महिला उद्यम केन्द्र

## सुनवल नगरपालिका, नवलपरासी





सधैंजसो घरधन्दा र चुलोचौकोमा सीमित रहने सुनवल नगरपालिकाका महिला आजभोलि उद्यमी बन्न थालेका छन्। आफ्ना लागि घरपरिवारका स-साना खर्च धान्न पनि अरुको भर पर्ने बानी यहाँका महिलामा लगभग अन्त्य भएको छ। नगरपालिकाको प्रथम नगरसभाले आफ्नो नीति तथा कार्यक्रममार्फत 'एक वडा एक महिला उद्यम केन्द्र' को अवधारणा ल्याएसँगै यहाँका महिलाको आयआर्जनको बाटो खुलेको हो। आफ्ना लागि आफैं कमाउने र घरको दैनिकीमा समेत टेवा पुऱ्याउने गरी योजना अघि बढाएपछि यसमा संलग्न महिलाप्रति नगरभित्रका पुरूषले महिलालाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आएको छ।

> घरभित्रको काममा मात्र सीमित भई सशक्तीकरणबाट वञ्चित समुदायका महिला तथा विपन्न वर्गलाई महिलाको नेतृत्व, सीप तथा क्षमता विकासको माध्यमबाट आयआर्जनमा वृद्धि गरी त्यस्ता वर्ग तथा समुदायको जीविकोपार्जनमा सुधार ल्याउन नगरपालिकाले "एक वडा एक महिला उद्यम केन्द्र" को अवधारणा ल्याएको हो। **-भीमबहादुर थापा क्षत्री, नगर प्रमुख**

घरभित्रको काममा मात्र सीमित भई सशक्तीकरणबाट वञ्चित समुदायका महिला तथा विपन्न वर्गलाई महिलाको नेतृत्व, सीप तथा क्षमता विकासको माध्यमबाट आयआर्जनमा वृद्धि गरी त्यस्ता वर्ग तथा समुदायको जीविकोपार्जनमा सुधार ल्याउन नगरपालिकाले 'एक वडा एक महिला उद्यम केन्द्र' को अवधारणा ल्याएको हो। सुनवल नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था गरी यो कार्यक्रम ल्याइएको हो। यससँगै यहाँका महिलाको आर्थिक अवस्थामा समेत सुधार आएको मेयर भीमबहादुर थापा क्षत्रीको भनाइ छ।

अहिले नगरपालिकाले एक वडा एक महिला उद्यम केन्द्र भवनमा एउटा तालिम हल र शौचालय समेत निर्माण गरिसकेको छ। यस वर्षमा पनि थप एक वडा एक उद्यम केन्द्र विकास गर्ने योजना नगरपालिकाको छ। हरेक महिला उद्यम केन्द्रमार्फत आयमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न प्रतिकेन्द्र पाँच लाख बजेट विनियोजन गरिएको छ। केन्द्रको व्यवस्थापकीय प्रबन्ध गर्ने, महिला उद्यम केन्द्रहरुमार्फत वडा स्तरमा सञ्चालन हुने आयमूलक तथा सीपमूलक तालिम तथा क्षमता विकासका कार्यक्रममा एकद्वार प्रणाली स्थापना गर्ने, वडा स्तरमा विभिन्न निकायबाट सञ्चालन हुने आयमूलक, सीपमूलक तथा क्षमता विकासका क्रियाकलापमा आवश्यक समन्वय गरी सम्भावित दोहोरोपना हटाउने उद्देश्यका साथ महिला उद्यम केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकाले कार्यविधि ल्याएको छ।

कार्यविधिअनुसार, हरेक वडामा महिला तथा सरोकारवालाको भेला राखी महिला उद्यम केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठन गरिएको छ भने सोमार्फत महिलालाई क्रियाशील बनाइएको छ। महिला खासगरी मखमलीको जुत्ता बनाउने, धुप बनाउने लगायतका उद्यमशिलतामा तल्लीन छन्।

नगरपालिकामा १२ हजार १८ घरधुरी रहेका छन्। ती घरधुरीमा ५५ हजार चार सय २४ जनसंख्या बसोबास गर्दै आएका छन्। जसमध्ये सुनवल नगरपालिकामा ५१ प्रतिशत महिला रहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले सञ्चालन गरेको यो कार्यक्रम विपन्न समुदायका महिलाका लागि सहारा बनेको छ। स्थानीय महिलाको कुनै आयस्रोतको नभएका बेला नगरपालिकाले 'एक वडा एक महिला उद्यम केन्द्र' स्थापना गरी यहाँका महिलाको आर्थिक अवस्थामा परिवर्तन ल्याइदिएको छ।

१३ वटा व्यवस्थित महिला उद्यम केन्द्र भवन निर्माण सम्पन्न भएको छ। महिलाको नेतृत्वमा जीविकोपार्जन सुधार तथा सशक्तीकरणका लागि सामुदायिक ऐक्यवद्धताको विकास भएको छ। सबै केन्द्रमा बाह्रै महिना सिलाई-कटाई तालिम सञ्चालन हुँदै आएको छ। केन्द्र स्थापना महिलाको आयआर्जनमा मात्र परिवर्तन नभई महिलाको नेतृत्व क्षमताको समेत विकास भएको छ। सामूहिक निर्णय गर्न सक्ने, समूहमा आफ्ना कुरा भन्न सक्ने र आय आर्जनका अन्य विकल्पका बारेमा समेत खोजी गर्न सक्ने क्षमता यहाँका महिलामा बढ्दै गएको छ। नगरपालिकामा जनप्रतिनिधि आएपछि आफूहरुको जीवन स्तरमा सुधार भएको यहाँका महिला बताउँछन्। नगरपालिकाको विकास समृद्धिका लागि एक वडा एक महिला उद्यम केन्द्र स्थापना गरिएको हो। कार्यक्रम प्रभावकारी भएकाले यसप्रति महिलाहरुको उत्साहजनक रुपमा सहभागिता बढ्दै गएको पनि प्रमुख क्षत्रीले बताउनुभयो।






# विपद् व्यवस्थापनमार्फत जनजीवनको सुरक्षा

## दशरथचन्द नगरपालिका, बैतडी



**नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल बिस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामै छ । विश्वमान चित्रमा नेपाल भूकम्पीय जोखिमको हिसाबले ११औं, बाढी पहिरोको हिसाबले ३०औं र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौथोमा पर्दछ ।**

बैतडी जिल्ला विभिन्न खालका विपद्को जोखिमबाट अछुतो छैन । जिल्लाको दशरथचन्द नगरपालिका पनि बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ्ग, खडेरी, जंगली जनावर तथा जलवायु परिवर्तनजस्ता प्रकोपको उच्च जोखिममा छ । नगरपालिका, नगरपालिकाको सामाजिक विकास शाखा, युनिसेफ नेपाल तथा नेपाल रेडक्रस सोसाइटीको आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७४ निर्माण गरी २०७५ वैशाख १९ गतेदेखि नगरक्षेत्रमा विपद् व्यवस्थापन कार्यक्रम लागू गरिएको छ।

नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५, तथा विपद् व्यवस्थापनका कार्यलाई अगाडि बढाउन नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण, विपद् व्यवस्थापन कोष एवं सोको परिचालन गर्ने निर्देशिका तयार गरी लागूसमेत गरेको मेयर नरेन्द्रसिंह थापा बताउनु हुन्छ। नगरपालिकाले स्थानीय योजना तर्जुमा गर्दा बस्ती स्तरबाटै विपद्सँग सम्बन्धित योजनालाई वार्षिक योजनामा समावेश गरी नगरपालिकालाई उत्थानशील समुदायकै रुपमा विकास गर्दै नगरलाई उत्पादनशील बनाउने काम भइरहेको छ।

'नगरपालिकामा प्रत्यक्ष रुपमा प्रभाव पार्ने बहुप्रकोपजस्तै भूकम्प, पहिरो, आगलागी, हावाहुरी चट्याङ्ग, जनावर आतंक सडक दुर्घटना, खडेरीजस्ता प्रकोप न्यूनीकरण गर्न विभिन्न विकास साझेदार तथा नेपाल रेडक्रस सोसाइटीको समन्वयमा नगरपालिकाले सबै वडाको संकटासन्नता, जोखिम तथा क्षमता पहिचान गरी यहाँका प्रकोपहरुको पहिचान गरेको छ', थापाको भनाइ छ। सबै वडामा विपद्बाट बच्न सुरक्षित योजना निर्माण तथा विपद्बाट बच्ने उपायका बारेमा स्थानीय समुदायलाई सचेत बनाउन नगर स्तरमा, वडा तथा समुदाय स्तरमा तथा विद्यालय स्तरमा समेत जनचेतना फैलाउने काम नगरपालिकाले गरिरहेको छ । विपद्बाट सुरक्षित रहन विपद् अल्पीकरणका काम, विद्यालयका छाना मर्मत, विद्यार्थीलाई सहजताका लागि पुल निर्माण, विद्यालय घेर पर्खाल निर्माणजस्ता कार्य रेडक्रसको सहयोगमा नगरपालिकाले गरिरहेको उपमेयर मीना चन्दले जानकारी दिनुभयो । नगरपालिकाले रेडक्रससँगको सहकार्यमा वडा नम्बर ३ मा विपद् प्रतिकार्य सामाग्री हस्तान्तरण गरेको छ।



नगरपालिकाले विकास साझेदार, रेडक्रस तथा स्थानीय भूमेश्वर ग्रामीण विकास संघको सहयोगमा बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । विपद्को समयमा मृत्यु हुने र प्रभावित हुने संख्या अन्यको तुलनामा बालबालिकाको बढी हुने भएकाले विपद्पश्चात् बालबालिकाको दुरुपयोग हुने, बालश्रममा लाग्ने, बेचबिखनमा पर्ने, पढाइ छुट्ने, कुपोषित हुने संभावना भयावह हुने भएकाले यो कामलाई प्राथमिकता दिइएको चन्दको भनाइ छ। विपद्ले बालअधिकार जस्तै बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागितामै अवरोध पुर्‍याउँछ।

कार्यक्रमले मुख्यगरी विपद्को प्रभावबाट बालबालिकालाई सुरक्षित गर्न र विपद्सम्बन्धी योजना निर्माण कार्यमा बालबालिकालाई सहभागी गराई उनीहरुको रचनात्मक सुझावलाई योजनामा समावेश गर्ने काम भएको छ। बालबालिकाले भोगिरहेका विविध जोखिमको पहिचान र सम्बोधन गरी क्षमता विकास गर्दै मानवीय पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्य बलियो बनाउन कार्यक्रम लागू गरिएको हो । यस कार्यक्रमले नगरपालिकालाई बालमैत्री स्थानीय शासन लागू गर्न आवश्यक सूचक पूरा गर्न पनि सहयोग गरेको छ। बाल केन्द्रित विपद् जोखिम न्यूनीकरण कार्यक्रम लागू भएपश्चात यस क्षेत्रका बालबालिकाले विपद् व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन एवं यसका असर तथा प्रभाव रोकथामका उपायहरु र यसका अलावा बालबालिकाको जीवन रक्षाका निमित्त खोज तथा उद्धार, प्राथमिक उपचार, बाल क्लब व्यवस्थापनजस्ता सीप पनि सिकेको उपमेयर चन्द बताउनु हुन्छ।

विद्यार्थीले आफूले अध्ययन गर्ने विद्यालयमा विद्यालय व्यवस्थापन समिति एवं शिक्षकसँग समन्वय गरी विद्यालयको जोखिम पहिचान गरी 'विद्यालय सुरक्षा योजना' समेत बनाएका छन् । नगरपालिकाले विपद्सँगै खानेपानी, सरसफाई तथा स्वच्छता, स्वास्थ्य प्रवर्द्धन, बालमैत्री स्थानीय शासन लगायतका महत्वपूर्ण कार्यक्रम सञ्चालन गर्दै आएको छ । अब नगरबासीको जीवन रक्षा र जीवन यापनमा सहज हुने नगरपालिकाको विश्वास छ । नगरपालिकाले विकासका हरेक चरणमा विपद्को प्रभावको मूल्यांकन गरी सोहीअनुसार मापदण्डमा सञ्चालन गरेको छ।

# एकीकृत बस्तीमा रमाउँदै माझी समुदाय



"माझी समुदायलाई घरको व्यवस्थापनसँगै ढल, खानेपानी, विद्युत, टेलिफोन लगायतका न्यूनतम आवश्यकता पूरा गराउनका लागि नगरपालिकाले योजना बनाएर अगाडि बढिरहेको छ ।"
-जनकराज पौडेल, नगर प्रमुख

## बागलुङ नगरपालिका, बागलुङ

बागलुङ बजारमा मोटरबाटो ल्याउने बेला घरजग्गा गुमाएर विस्थापित बनेका बागलुङका माझी समुदायले सरकारबाट घर उपहार पाएका छन् । बागलुङ नगरपालिकाले सडक निर्माणका बेला विस्थापित बनेका १४ परिवार माझी समुदायलाई जग्गा व्यवस्थापन गरी घर बनाइदिएपछि घर पाएका हुन् । २९ वर्षअघि सडक खन्ने क्रममा घरजग्गा गुमाएर विस्थापित बनेकालाई नगरपालिकाले जग्गाको व्यवस्थापन गरी एकीकृत बसाइ व्यवस्थापन गरेको थियो ।

लामो समय रामरेखा सामुदायिक वनको बाङ्गेचौरमा अस्थायी बसोबास गरिरहेका १४ माझी परिवार अहिले भने वडा नं. १ खनियाबासमा नगरपालिकाले निर्माण गरेको घरमा बस्न थालेका छन् । 'हाम्रो वर्षौंदेखिको सपना पूरा भएको छ, तत्कालीन समयमा बजारमा गाडी आएपछि धेरै विकास हुन्छ, आफूहरुले पनि नयाँ ठाउँमा घर पाइन्छ भन्ने आशाले घरजग्गा छाडेर हिड्यौं, लामो समय कष्टकर जीवन बिताए पनि अब भने घर पाएकाले सहज भएको छ', फूलमाया माझीले बताउनुभयो । धेरै वर्ष विस्थापित हुँदाको पीडा भुल्ने बाटो मिलेको उनीहरुको बुझाइ छ । घर प्राप्त भएपछि हर्षोल्लासका साथ जीवन बित्न थालेको भन्दै उनीहरुले खुसीसमेत व्यक्त गरेका छन् ।

सोमबहादुर माझीले लामो समयसम्म हरेक सभा, समारोहदेखि विभिन्न निकायका चुनावमा समेत आफूलाई घर दिने योजना सुन्ने मात्र गरेकोमा तीन दशकपछि भए पनि घर पाउँदा एकदमै हर्षित भएको बताउनु भयो । दुई वर्षअघि बागलुङ नगरपालिका, नगरविकास कोष र माझी बस्ती व्यवस्थापन समितिबीच बस्ती व्यवस्थापनका लागि घर बनाउने सम्झौता गरी घर निर्माणको काम सुरू भएको थियो । अहिले खनियाबासमा रहेको समथर भू-भागमा बस्ती विकास योजनाअनुसार घरहरु निर्माण भएका छन् । नगरपालिकाका प्रमुख जनकराज पौडेलले अहिलेको बागलुङ बजार विकास हुनुको मुख्य कारण नै सडक भएको र त्यही सडक बनाउन आफ्ना घरजग्गा त्यागेर विस्थापित जीवन बिताएका माझी समुदायलाई घर उपलब्ध गराएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'पौडेलले माझी समुदायलाई घरको व्यवस्थापनसँगै ढल, खानेपानी, विद्युत, टेलिफोन लगायतका न्यूनतम आवश्यकता पूरा गराउनका लागि नगरपालिकाले योजना बनाएर अगाडि बढिरहेको छ ।' माझी समुदायलाई घरको लालपूर्जासहित स्वामित्व हस्तान्तरण गर्ने तयारी गरिएको नगरपालिकाले जनाएको छ ।



'हामीले त नदी किनारमा गिटी र बालुवाका काम गरेर जीवन बितायौं, विस्थापित भएर पालले टाँगेको छाप्रामा जन्मेका सन्तान अहिले लक्का जवान भइसकेका छन्, जेनतेन दुःख गरेर पढाएका छौं, अब राज्यले रोजगारीको व्यवस्था गरिदिए हाम्रो दुःखमा केही भए पनि मल्हमपट्टि लाग्ने थियो', स्थानीय उमा माझीले भन्नुभयो । माझी बस्ती व्यवस्थापन समितिका अध्यक्ष केबी रानामगरले बागलुङ बजारसम्म सडक ल्याउनका लागि आफ्नो घरजग्गा सबै त्यागेर ठूलो योगदान पुऱ्याएको माझी समुदायले ढिलै भए पनि न्याय पाएको बताउनु भयो । 'अहिले बागलुङ बजारसम्म आएको सडकअन्तर्गत गणेश घुम्ती आसपास माझी समुदायको ठूलो बस्ती थियो तर सडक निर्माण गर्ने बेला उनीहरुका घर नष्ट भए, पहरो फुटाउन बम बिस्फोट गर्दा खेतीयोग्य जमिनमा ढुङ्गा माटो थुप्रिएर समथर भूभाग पनि भीरजस्तो बन्यो, त्यहाँबाट विस्थापित बनेकालाई अस्थायी रुपमै राखिए पनि तत्काल स्थायी बसाइ व्यवस्थापन नहुँदा उनीहरुलाई घर उपलब्ध गराउन २९ वर्ष लागेको हो', रानाले भन्नुभयो ।

१४ माझी परिवारका लागि करिब ८२ लाख रूपैयाँको लागतमा 'ब्लक' र जस्तापाताको प्रयोग गरी माझी समुदायका लागि घर निर्माण गरिएको हो । एक करोड १३ लाख रूपैयाँको लागत अनुमान गरिए पनि ठेकेदार कम्पनीले ८२ लाख ३० हजारमा बनाउने जिम्मा लिएको थियो । नगर विकास कोषको ८० प्रतिशत अनुदान, १० प्रतिशत ऋण र १० प्रतिशत स्थानीय श्रमदानमा बस्ती निर्माण भएको हो ।



# फोहोर अबदेखि मोहोर

## पुतलीबजार नगरपालिका, स्याङ्जा

देशभर फोहोर व्यवस्थापन गर्न कठिन भइरहेको अवस्थामा पुतलीबजार नगरपालिकाले फोहोरबाट आम्दानी गर्ने योजना बनायो । मेयर सीमाकुमारी क्षेत्री निर्वाचित भएर आए लगत्तैको पहिलो सपना नै फोहोर व्यवस्थापन गरेर नगरलाई सफा, स्वच्छ र हराभरा बनाउने बन्यो । सोही सपना र लक्ष्यअनुसार सुरू भएको अभियान यतिबेला साकार हुँदै गएको छ।

जिल्लाको सदरमुकाममा रहेको यो नगरपालिका सबैभन्दा पुरानो नगरपालिका पनि हो । झन्डै २० वर्षसम्म जनप्रतिनिधिविहीन रहेको अवस्थामा नगरभित्रको अस्तव्यस्ततालाई ट्र्याकमा ल्याउन चुनौति हुनु स्वाभाविकै थियो । 'जनप्रतिनिधि निर्वाचित भएलगत्तै सबैभन्दा पहिले नगर सरसफाईलाई प्राथमिकतामा राख्यौं, यहाँको फोहोरमैला व्यवस्थापनमा रहेको चुनौतिको सामना गर्ने निर्णय गर्‍यौं', मेयर क्षेत्रीले भन्नुभयो।

यत्रतत्र छरिएर रहेको फोहोर आँधी खोला, बाँड खोला र अरौदी खोलाको संगम स्थलमा फालिँदै आएको थियो । यसको व्यवस्थापनका निम्ति विभिन्न चुनौति थिए । तिनको सामना गर्दै सफाई केन्द्र निर्माण गर्न सफल भएको प्रमुख क्षेत्रीले जानकारी दिनुभयो । जुन सफाई केन्द्र देशकै नमूना केन्द्रको रुपमा रहने गरी निर्माण कार्य अगाडि बढेको थियो । पुतलीबजार नगरपालिकाको वडा नं १ स्थित मालेबगरको पुछारमा रहेको ५ रोपनी ९ आना ३ दाम क्षेत्रफल (३०५१२.८९ वर्गमिटर) मा सफाई केन्द्र निर्माण भएको छ । जसमा मुख्य भवन कम्पोस्ट ब्लक ( कुहिने फोहोर थुपार्ने ठाउँ), सेग्रिगेसन हाउस (नकुहिने फोहोर वर्गीकरण गर्ने भवन), पानी ट्याङ्की र अफिस कोठा २५ लाख ७२ हजार तीन सय आठ रूपैयाँको लागतमा निर्माण भएको हो।

> "जनप्रतिनिधि निर्वाचित भएलगतै सबैभन्दा पहिले नगर सरसफाईलाई प्राथमिकतामा राख्यौं, यहाँको फोहोरमैला व्यवस्थापनमा रहेको चुनौतिको सामना गर्ने निर्णय गर्‍यौं"
>
> **-सीमाकुमारी क्षेत्री, नगर प्रमुख**



बाहिरि संरचना निर्माण कार्य सुरूवात भएको छ । जसअन्तर्गत शौचालय, पानीको फाउन्टेन, भित्री बाटो निर्माण, मल थुपार्ने ठाउँको निर्माण रिफ्रेसमेन्ट सेन्टर जसलाई पूरै कम्पाउण्ड लगाएर घेरिनेछ । यसभित्रै बगैंचाको निर्माण गरिने छ । जहाँ मानिस मर्निङ्ग वाकका साथै मेडिटेसनका लागि पुग्नेछन् । नगरको स्वच्छ र हराभरा



ठाउँको रुपमा विकास गर्नका लागि बाहिरी संरचना ८० लाख ४१ हजार ६ सय १८ रूपैयाँको लागतमा निर्माण भइरहेको छ । यसको निर्माण कार्यका लागि स्थानीय युवालाई तालिम सहितको रोजगार दिएर नगरपालिकाले निर्माण कार्य गरिरहेको छ।

नगरपालिकाले पहिलो प्रथमिकतामा राखेर गर्दै गरेको यो कामबाट नगरबासी सन्तुष्ट छन् । निर्माण गर्दै गरेको सफाई केन्द्रबाट नगरपालिकाले फोहोरलाई मोहरमा परिणत गरेर आन्तरिक आम्दानी बढाउने छ । 'हामी निर्वाचित भएर आएपछि यसलाई पहिलो र उत्कृष्ट कामको रुपमा अगाडि बढाएका हौं', मेयर क्षेत्रीले भन्नुभयो । यो सफाई केन्द्र सम्पन्न भएपछि नगरपालिका एउटा सफा र स्वच्छ नगरपालिकाको रुपमा रहने छ । लामो समयको अन्तरालपछि २०७४ सालमा जब स्थानीय तहको निर्वाचन भयो तब जनताले निर्वाचित गरेर पुतलीबजारको विकास र समृद्धको जिम्मा लगाए । निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्धता पूरा हुँदै गएको जनप्रतिनिधिहरुले बताएका छन् ।

स्वच्छ, सफा र हराभरा पुतलीबजार, स्वच्छ खानेपानी, बाटोघाटोको स्तरोन्नति, उज्यालो सहर बनाउने जनतालाई सिंहदरबारको अधिकार घर घरमा पुऱ्याउने प्रतिवद्धताअनुसार 'समृद्ध पुतलीबजार, सुखी नगरबासी' भन्ने मूलनारालाई नै बनाइएको छ । यसैलाई आत्मसाथ गर्दै नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकारको प्रयोग गर्दै आवश्यक ऐन, कानुन निर्माण गरी विकासका कामहरु अगाडि बढाइएको जनप्रतिनिधिले बताएका छन् ।

# कृषि पेशालाई आकर्षिक गर्न पशु बिमा

## बाँसगढी नगरपालिका, बर्दिया



"नगरकार्यपालिकाले पशु बिमा कृषकको शोधभर्ना कोष निर्माण र पशु बिमा कार्यक्रम कृषकलाई २० प्रतिशत अनुदान शीर्षकबाट कार्यक्रम सञ्चालन गरिएको छ"

**-शालिकराम अधिकारी, नगर प्रमुख**

नेपालको सन्दर्भमा कृषकलाई कृषि तथा पशुपालन व्यवसायमा उन्नत प्रविधि अपनाउन, लगानी बढाउन, व्यवसायलाई बिस्तार गर्न, लगानी सुरक्षित र जोखिम कम गर्नका लागि पशुको बिमालाई जरूरी देखिन्छ।

सोहीबमोजिम बाँसगढी नगरपालिकाभित्र रहेका पशुपालक कृषकले पशुपंक्षीको सुरक्षा र क्षति भएका पशुको क्षतिपूर्ति कृषकलाई उपलब्ध गराई क्षति भएका पशुको ठाउँमा पुनः अर्को पशु ल्याई पालन गर्न प्रेरणा जगाउने काम अघि बढाएको छ । साथै पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित र बिस्तारै पशुपालनलाई व्यवसायीकरण गर्नमा मद्धत पुर्‍याउन बाँसगढी नगरपालिका, नगरकार्यपालिकाले पशु बिमा कृषकको शोधभर्ना कोष निर्माण र पशु बिमा कार्यक्रम कृषकलाई २० प्रतिशत अनुदान शीर्षकबाट कार्यक्रम सञ्चालन गरिएको मेयर शालिकराम अधिकारीले बताउनु भयो । नगरपालिकाले नौवटै वडामा पशु बिमासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकेको छ । बाँसगढी नगरपालिका, पशु सेवा शाखा, बिमा कम्पनीका प्रबन्धक तथा बिमा विज्ञहरुलाई लिई सञ्चालन गरिएको तालिमले थप उर्जा प्रदान गरेको थियो । अभिमुखीकरण कार्यक्रमबाट कृषकहरुमा पशु बिमाका बारेमा जानकारी प्रदान गरिएको थियो।

बाँसगढी नगरपालिका अन्तर्गतका सम्पूर्ण वडामा रहेका पशुपालक कृषक तथा व्यावसायिक पशुपंक्षी फार्महरुमा रहेका गाई, भैंसी, राँगा, भेडा, बाख्रा, बंगुर तथा कुखुराहरुको पशुधनको जोखिमलाई कम गर्न बाँसगढी नगरपालिका र सगरमाथा इन्स्योरेन्स कम्पनी नेपालगञ्ज बाँकेबीच सम्झौता भएको छ। सम्झौताबमोजिम बिमाङ्क रकमको ५ प्रतिशत हुन आउने रकमको ७५ प्रतिशत नेपाल सरकारले र बाँकी २५ प्रतिशतमा २० प्रतिशत रकम बाँसगढी नगरपालिकाले र ५ प्रतिशत रकम मात्र कृषकले तिर्नुपर्ने व्यवस्था मिलाइएको छ। कुनै बिमा गरिएका पशुको मृत्यु भएको खण्डमा आवश्यक विवरण तयार गर्दा सम्बन्धित वडाको सर्जमिन मुचुल्का, सम्बन्धित वडाको सिफारिस, पशु सेवा शाखाको सिफारिसमा नगरपालिकाले बिमा बापतको नियमानुसार पाउनुपर्ने जोखिमको रकम ३ दिनभित्र कागजात प्राप्त भएपछि सम्बन्धित कृषकलाई बिमा कम्पनीले रकम उपलब्ध गराउनु पर्नेछ।

नगरपालिकाको यस्तो कामले कृषक पशुहरुको बिमाका लागि उत्साहित भएका छन्। न्यून आय भएका कृषकका लागि यस कार्यक्रमले उत्साह थपको छ। पशुपालनबाट हुने आम्दानीलाई बढावा दिन नगरपालिकाले गरेको प्रयासलाई सम्पूर्ण वडाबासीले प्रशंसा गरेका छन्। कृषिका लागि अति नै सम्भावना बोकेको यस बाँसगढीले पशुपालन व्यवसायलाई महत्वका साथ प्राथमिकता दिएको छ। जसले गर्दा कृषकहरुको आयआर्जन तथा जीवनस्तर माथि उकास्न सहयोग हुनेछ।

यो काम सुरूवात गरेको १०औं दिनसम्ममै दुई सयभन्दा बढी पशुहरुको बिमा गरिसकिएको छ। कृषकमा पशुपालनको जोखिमलाई न्यूनीकरण गर्दै थोरै लगानीमा समेत सम्पूर्ण पशुको बिमा गर्न पाएकोमा यस काममा कृषक उत्साहित भएका छन्। सुकुम्बासी, मुक्त कमैया बस्तीहरुमा समेत पशु बिमाको प्रभाव निकै देखिएको छ। उनीहरु पनि आफ्नो पशुको न्युन शुल्कमै बिमा गरी आइपर्ने जोखिमलाई समेत न्यूनीकरण बुझाइमा छन्।

बिमा कार्यक्रम प्रभावकारी बनाउने नगरपालिकालाई प्रविधिमैत्री नगरपालिका पनि बनाउने प्रयास गरिएको छ। प्रविधिमैत्री बनाउन सवै विद्यालयमा एक/एकजना कम्प्युटर शिक्षकको व्यवस्था गरिएको छ। नगरपालिकाको सबै वडामा व्यक्तिगत घटना दर्ता लगायतका काम पूर्ण रुपमा अनलाइनमार्फत गर्ने गरिन्छ। घरमै बसेर समेत सो सेवा लिन सकिने बनाइएको छ। पूर्ण रुपमा व्यक्तिगत घटना दर्ता अनलाइनमार्फत गर्ने बाँसगढी नगरपालिका नेपालको १०३औं तथा बर्दिया जिल्लाकै पहिलो नगरपालिकाको रुपमा मानिन्छ।

सबै वडा कार्यालयमा पेपरलेस बनाउने अभियानको थालनी गरिएको छ। सम्पत्ति कर तथा भूमिकर समेत केन्द्रबाट नभई नगरपालिकाको साबिकका गाविस भएका स्थानमा राखी सो साबिक स्थानबाटै जनताले कर बुझाउन सक्ने व्यवस्था गरिएको छ। नगरपालिकाका सबै तथ्यांक पनि आफ्नै सर्भरमा स्टोर गरी राख्ने काम भइसकेको छ। सामाजिक सुरक्षा भत्ता वितरण पूर्ण रुपमा अनलाइनमार्फत गरिएको छ।





# गरिब बिरामीका साथमा मेयर

## पालुङटार नगरपालिका, गोरखा



पालुङटार नगरपालिकाले नगरभित्र आर्थिक अवस्था कमजोर भएका बिरामीलाई निःशुल्क उपचार गर्न 'मेयरसँग गरिब बिरामी' भन्ने नारासहित कोष स्थापना गरेको छ। रकम अभावकै कारण उपचार हुन नसकेका बिरामीहरुको सेवाका लागि उक्त कोष स्थापना गरिएको हो। अस्पतालमा सेवा लिन आउने आर्थिक अवस्था कमजोर भएका बिरामीहरुले मेयरसँग गरिब बिरामीअन्तर्गत एक पटकमा पाँच हजार रूपैयाँ सम्मको सेवा निःशुल्क पाउने छन्। विपन्न नागरिकलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन पालुङटार नगरपालिकाभित्र कुनै पनि नागरिक गरिबीका कारण उपचार गर्न नसकी अकालमा मर्नु नपरोस् भन्ने उद्देश्यले उक्त कार्यक्रम सुरू गरिएको मेयर दीपकबाबु कँडेलले बताउनु भयो।

गरिब बिरामी उपचारका लागि चार लाख रूपैयाँको कोष स्थापना गरी सेवा दिन सुरू गरिएको छ। सेवा प्राप्त गर्न वडा कार्यालयमार्फत आर्थिक अवस्था कमजोर भएको सिफारिस पेश गर्नु पर्नेछ। वडा अध्यक्षहरुले आफ्ना वडामा त्यति रकम उपलब्ध गराउन नसक्ने अवस्था देखेर सिफारिस गरेका आधारमा नगरपालिका मार्फत उक्त सहयोग उपलब्ध हुनेछ। उपचारमा सहयोग हुनेछ।

कँडेलले अस्पतालमा भर्ना भएका बिरामीहरुका लागि निःशुल्क खानाको व्यवस्था पनि गरेको बताउनु भयो। पालुङटार नगरपालिकाको अगुवाईमा आँपपिपल



"विपन्न नागरिकलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन पालुङटार नगरपालिकाभित्र कुनै पनि नागरिक गरिबीका कारण उपचार गर्न नसकी अकालमा मर्नु नपरोस् भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको हो"

**-दीपकबाबु काडेल, नगर प्रमुख**

सामुदायिक अस्पतालका बिरामीलाई निःशुल्क रुपमा खाना खुवाउन सुरू गरिएको छ। जिल्ला स्वास्थ्य कार्यालय र अस्पतालसँगको समन्वयमा नगरपालिकाले निःशुल्क खानाको व्यवस्था गरेको हो। अस्पतालमा भर्ना भएका बिरामीलाई डाक्टरको सिफारिसअनुसार दैनिक तीनपटक खानाको व्यवस्था गरिएको हो।

बिहान बेलुका दाल, भात, तरकारी, जाउलो, मासु लगायतका खानेकुरा, दिउँसो चिया, अण्डा लगायतका खानेकुरा दिने गरिएको छ। बिरामीलाई स्वस्थकर खानाका लागि नेपाल सरकारले पालुङटार नगरपालिकालाई आठ लाख रूपैयाँ अनुदान दिएको छ भने थप खर्च व्यवस्थापन नगरपालिकाले नै गर्ने मेयर कँडेलले बताउनु भयो। बिरामीलाई खानाको व्यवस्थाका लागि अस्पतालका दुईजना कार्यालय सहयोगीलाई जिम्मेवारी दिइएको छ।

निःशुल्क खानाको व्यवस्था गरेसँगै अस्पतालमा भर्ना भएका बिरामीले होटलबाट खाना ल्याएर खानुपर्ने बाध्यता हटेको छ। अस्पतालमा नै बिरामीको स्वास्थ्य अनुकूलका खाना निःशुल्क पाइन्छ। यसले बिरामीलाई आर्थिक भार पनि कम हुने उहाँको विश्वास छ। ३९ शैय्याको आँपपिपल अस्पतालमा दैनिक एक सयदेखि डेढ सय जनासम्म बिरामी स्वास्थ्य जाँचका लागि पुग्ने गर्दछन्। आँपपिपल अस्पतालमा पालुङटार नगरपालिका, सिरानचोक गाउँपालिका तथा लमजुङको केही भेगका बासिन्दा पनि स्वास्थ्य जाँचका लागि आउने गर्दछन्।

बिरामी ओसारपसारकै लागि अस्पताल व्यवस्थापन समितिले न्युनतम शुल्कमा बसको पनि व्यवस्था गरेको छ। अस्पतालबाट सामान्य उपचारदेखि प्रयोगशाला, दन्त, फिजियोथेरापी, मेजर तथा माइनर शल्यक्रिया लगायतका सेवा सञ्चालनमा छन्। स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउन र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने साथै समयमा नै बिरामीको निदान गरी थप जटिलता आउन नदिने गरी नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीमा हप्ताको एकपटक चिकित्सकीय सेवा प्रवाह गर्ने जसले सेवामा सर्वसुलभ र पोषण सेवालाई थप मजबुत बनाउन सहयोग गरेको छ।

वडा नं ५ को आयुर्वेद औषधालयको भवनबाट मेयर कँडेलले उक्त कार्यक्रम सुभारम्भ गर्नुभएको थियो। क्लिनिकमा १ जना एमबिबिएस र एक स्वास्थ्यकर्मीबाट दैनिक सेवा प्रदान गरिएको छ। क्लिनिकमा हालसम्म विभिन्न सेवा गरेर २ हजार ९४ जनाले सेवा लिइसकेका छन्। क्लिनिकमार्फत दैनिक ओपीडी सेवा, औषधी वितरण, सामान्य सर्जिकल सेवा, पिसाब जाँच गरी प्रोटिनको मात्रा पत्ता लगाउने, ग्लुकोमिटरबाट रगत जाँच गर्ने, चिकित्सकीय परामर्श सेवा दैनिक रुपमा प्रवाह गरिएको छ।

यसका साथै हप्ताको एकपटक प्रत्येक वडाको स्वास्थ्य संस्थामा गई सेवा प्रदान गरिएको छ। नगरपालिकाले नेपाल सरकारबाट प्राप्त भन्सार छुटसहित १ थान 'ग' वर्गको टाटा सुमो एम्बुलेन्स खरिद गरेको छ। नगरपालिकाका स्थानीय बासिन्दालाई आकस्मिक बिरामी, सुत्केरी तथा घाइतेहरुलाई समयमै उपचार गर्न अस्पतालसम्म लैजान सहज भएको छ।





## पोखरा महानगरपालिका, कास्की

# सडक सञ्जालमा अब्बल पोखरा

देशमा संघीय शासन प्रणाली लागू भएपछि राज्यको पुनर्संरचना हुँदा पोखरा महानगरपालिका भूगोलका हिसाबले नेपालकै सबैभन्दा ठूलो महानगरपालिका बनेको छ। २०१६ सालमा नगरपालिका बनेको पर्यटकीय सहर पोखरा २०५३ मा उपमहानगर हुँदै २०७३ मा महानगर भएको हो। महानगरको भौगोलिक अवस्था विविध किसिमको छ। चार सय ६४ वर्गकिलोमिटरमा फैलिएको पोखरा महानगरपालिकाको करिब ६० प्रतिशत भूभाग पहाडी र बाँकी समथर छ। २०१६ सालमै नगरपालिका हुँदाका पोखराका वडाहरु आधुनिक सहरमा रुपान्तरण भएका छन् भने २०५३ सालमा लेखनाथ नगरपालिका भएर २०७३ मा पोखरामा गाभिएको साविक लेखनाथका वडाहरु पनि आधुनिकतातर्फ उन्मुख छन्। गाविसबाट सिधै महानगर बनेका गाविसमा भने विकासको आधारभूत पूर्वाधार पनि नबनेको अवस्था छ। लामाचौर, भलाम, काहूँ, आर्वाविजय, निर्मलपोखरी, कृस्ती नाच्नेचौर, पुम्दीभुम्दी, सराङकोट, हेमजा, अर्मला, चापाकोट, कास्कीकोट, पुरून्चौर, मौजा, कालिका र माझठाना गाविस महानगरमा गाभिएका हुन्। पानीढलोलाई हेरेर ती गाविस केही भाग गाउँपालिकामा गाभिएका छन्।

३३ वडा, १ सय ७० जनप्रतिनिधि, करिब ८ सय कर्मचारी (शिक्षकबाहेक), ५ लाखभन्दा बढी स्थायी बासिन्दा, त्यत्तिकै संख्यामा अस्थायी रुपमा बसोबास गर्ने जनसंख्या, वार्षिक करिब ६ लाख आन्तरिक र ५ लाख विदेशी पर्यटकको प्रत्यक्ष वा अप्रत्यक्ष व्यवस्थापन गर्ने जिम्मा पोखरा महानगरपालिकामा छ। गण्डकी प्रदेशको राजधानी भएकाले पोखराको व्यवस्थापन र विकास यस प्रदेशका सबै ११ जिल्लाका नागरिकको चासो र सरोकारको विषय बनेको छ।

स्थानीय सरकारको हैसियतमा पोखरा महानगरपालिका नगरबासीलाई विधिको शासन दिन प्रतिबद्ध रहेको प्रमुख मानबहादुर जिसीले बताउनु भयो। भौगोलिक विविधतालाई ध्यानमा राखेर पोखरा महानगरपालिकाले विकास, पूर्वाधार निर्माणलाई प्रथामिकता दिएको छ। सबैथरी विकासको मूल पूर्वाधार सडक भएको हुँदा महानगरका कुनाकन्दरालाई केन्द्रसँग जोड्ने योजना मुख्य प्राथमिकतामा छ। विशेषगरी महानगरको केन्द्रबाट विकट भएका वडाहरुलाई निकटमा ल्याउन ३३ वटै वडालाई सडक सञ्जालले जोड्ने गरी महानगरपालिकाले कनेक्टिङ सडक निर्माण गत २०७४/७५ बाटै थालनी गरेको जिसीको भनाइ छ। आगामी दुई वर्षभित्र कनेक्टिङ सडकलाई बाह्रै महिना सवारी साधन सञ्चालन हुने गरी काम अगाडि बढेको छ।

गत आर्थिक वर्षमा कनेक्टिङ सडकअन्तर्गत सडक फराकिलो पारिएको ५० किमी, पक्की नाली निर्माण १८ किमी, ग्राभेल १३.५ किमी, पिच सडक ३.५ किमी र ६ सय २१ मिटर सडक ढलान गरिएको छ। कनेक्टिङ सडकसँगै गतवर्ष अन्य सडकको ट्र्याक खोलेको ४ किमी, ग्राभेल ५ किमी, कच्ची सडक निर्माण ३५ किमी, सडक स्तरनोन्नति ९१ किमी, पिच सडक निर्माण ३० किमी, पक्की ढलान बाटो ५६ किमी निर्माण भएको छ। वडा सञ्जाल सडकमा २९ सडक छन् भने ठूलो लागतका १३ वटा सडक योजना छन्। ठूला सडक निर्माण योजनालाई बहुवर्षीयमा टेन्डरसमेत गरिएको छ। चालु आर्थिक वर्षमा कनेक्टिङ सडकका लागि महानगरले २१ करोड १५ हजार र गण्डकी प्रदेश सरकारले दुई करोड रुपैयाँ विनियोजन गरेका छन्। आगामी आर्थिक वर्षका लागि महानगरले कनेक्टिङ सडकहरुलाई ७६ करोड ६६ लाख ४३ हजार बजेट अनुमान गरेको छ। सडक सञ्जाल निर्माणसँगै पोखरामा भएका सबै पर्यटकीय गन्तव्यसमेत एकअर्कामा जोडिनेछन् भने यसले पोखराको पर्यटनमा थप टेवा पुग्ने विश्वास महानगरपालिकाले लिएको छ। महानगरपालिकाको प्राथमिकता यहाँको प्रकृति संरक्षणसहितको विकास र समृद्धि हो। पर्यटनलाई केन्द्रमा राख्दै व्यवस्थित सहरीकरणको अग्रगामी दिशामा महानगरले कदम चालिरहेको मेयर जिसीले बताउनु भयो।

जनप्रतिनिधि निर्वाचित भएर आएको २२ महिनामै महानरपालिकाले सडक निर्माणका लागि समग्र पोखराको ढल व्यवस्थापन सम्बन्धी योजनाको डिपीआर बनाउन सुरू गरेको थियो। पोखराका व्यस्त चोकहरु पृथ्वी चोक, अमरसिंह चोक, जिरो किमी, बिरौटा चोक, हरि चोक र मुस्ताङ चोकका आइल्यान्डलाई व्यवस्थापन गरी ट्राफिकलाई सहज बनाउने काम थालिएको छ। पोखराको पालिखे चोकलाई फराकिलो पारिएको र व्यवस्थापनको योजना तयार भई कार्य सुरू गरिएको छ।





स्थानीय सरकारको हैसियतमा पोखरा महानगरपालिका नगरबासीलाई विधिको शासन दिन प्रतिबद्ध रहेको छ। -**मानबहादुर जिसी, महानगर प्रमुख**

## देवचुली नगरपालिका, नवलपरासी



# गण्डकी प्रदेशकै पहिलो बालमैत्री नगर

बालबालिका भविष्यका कर्णधार मात्रै होइनन्, राष्ट्रका गहना पनि हुन् । त्यही मान्यतालाई लिएर सुरू भएको अभियानले देवचुली नगरपालिका यतिबेला गण्डकी प्रदेशकै पहिलो र नेपालकै दोश्रो नगरका रुपमा बालमैत्री नगरपालिका घोषणा गरिएको छ । नगरपालिकाको साविकको प्रगतिनगर गाविसमा नेपालमै पहिलो बालक्लब 'जागृति बालक्लब नेपाल' दर्ता भएको थियो । हाल समुदाय र विद्यालय स्तरमा करिब ९५ वटा बालक्लब छन् ।

नगरपालिकामा पर्ने साविकको प्रगतिनगर २०६४ मै नेपालकै पहिलो खुला दिसामुक्त गाविस हो भने २०७० मा पहिलो बालमैत्री गाविस पनि घोषणा भएको हो । पूर्ण साक्षर, पूर्ण खोप घोषित नगरपालिकाका २६ वटा टोल वातावरणमैत्री टोल पनि घोषणा भइसकेको मेयर पूर्णकुमार श्रेष्ठले बताउनु भयो ।

२०७५ भाद्र २९ गते नेपालको दोस्रो र गण्डकी प्रदेशको पहिलो बालमैत्री नगरपालिका घोषणा भएको प्रमुख श्रेष्ठले बताउनु भयो । नगरपालिकाले विद्यार्थी संख्या, उपलब्ध जनशक्ति, विद्यालयको दूरीका आधारमा गुणस्तरीय शिक्षा कायम होस् भन्ने उद्देश्यले विद्यालय एकीकरण प्रक्रियालाई अगाडि बढाएको छ । यसैगरी, बोटे, माझी, मुसहर समुदायका विपन्न परिवारका बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् भनी विद्यालय जान निःशुल्क बस सेवा सञ्चालनसमेत गरेको छ । बालबालिकाहरुको विद्यालय भर्ना अभियानलाई निरन्तरता दिन र बालबालिकालाई विद्यालय जान उत्प्रेरित गर्न बालबिकास केन्द्रको बालबालिकाका लागि 'मेयर खाजा कार्यक्रम' अन्तर्गत दिवा खाजाको व्यवस्था गरिएको छ ।

स्वास्थ्य संस्थामा गई सुत्केरी गराउन र शिशु जन्मेको ३५ दिनभित्रै जन्म दर्ता गराउन प्रोत्साहित गर्न कम्तिमा दुई सन्तानका निम्ति सुत्केरी पोषण भत्ताबापत एक हजार पाँच सय रूपैयाँ उपलब्ध गराउँदै आएको छ । सामुदायिक विद्यालयहरुमा छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयका छात्राका लागि स्यानिटरी प्याड वितरणको कार्यक्रम रहेकोमा उक्त प्याड डिस्पोज गर्न शौचालयमा इन्सिनेटर च्याम्बर समेतको निर्माण भएको श्रेष्ठको भनाइ छ ।

देवचुलीमा ८८४० घरधुरी र ४७३६८ जनसंख्या छ । जसमध्ये २३४९२ महिला र २३९६३ पुरूष रहेका छन् भने बालबालिकाको संख्या १६००० रहेको छ । यहाँ समथर खेतीयोग्य जमिन भएकाले तरकारी उत्पादन, मकै, तोरी, केरा र माछापालनका पकेट क्षेत्र छन् । कृषि विकास तथा अर्गानिक खेतीको सम्भावनालाई बढाएको छ । अण्डा उत्पादनमा आत्मनिर्भर र दूध उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख यस नगरपालिकाको पहाडी बस्तीहरुमा बाख्रापालन र बंगुरपालनलाई व्यावसायिक रुप दिन सकेमा आम्दानीका स्रोतमा हुने वृद्धिलाई संस्थागत गरी गरिबी निवारणमा महत्वपूर्ण उपलब्धी हासिल गर्न सकिने देखिएको छ ।

> "नगरपालिकामा पर्ने साविकको प्रगतिनगर २०६४ मै नेपालकै पहिलो खुला दिसामुक्त गाविस हो भने २०७० मा पहिलो बालमैत्री गाविस पनि घोषणा भएको हो । पूर्ण साक्षर, पूर्ण खोप घोषित नगरपालिकाका २६ वटा टोल वातावरणमैत्री टोल पनि घोषणा भइसकेको छ ।
> **-पूर्णकुमार श्रेष्ठ, नगर प्रमुख**

मौरीपालन पनि यस नगरपालिकाको उत्तिकै सम्भावना बोकेको क्षेत्र हो । नेपालकै ठूलो औद्योगिक घराना मध्येको एक चौधरी ग्रुपको सीजी इन्डष्ट्रियल पार्कलगायत, इँट्टा उद्योग, क्रसर उद्योग र अन्य स्थापना हुँदै गरेका उद्योगले औद्योगिक संस्कार एवं रोजगारीका सम्भावनाहरु उजागर हुँदैछन् । देवचुली सेन्टर प्लट, धारापानी, पृथ्वीनगर, जनज्योति, दिव्यपुरी, रजहर, फारम लगायतका खेलमैदान र घुमाउरी पिकनिक स्पट र पार्क, नागपोखरी बालउद्यान, सकला बालउद्यान लगायतका सालघारी, कदमपुर, शान्तिगैरा सिमसार पोखरीहरुले पर्यटन, खेलकुद र मनोरञ्जनका थुप्रै सम्भावना आदि यहाँ छ ।

शाश्वतधाम, कालिका मन्दिर, पशुपति मन्दिर, बराजु थान, तीनकन्या माई, एकादशी मेला लाग्ने नारायणी तटको मैदान लगायतका धार्मिक स्थल धार्मिक पर्यटनका लागि महत्वपूर्ण छन् । संविधानले स्थानीय तहहरुलाई स्थानीय सरकारको रुपमा परिभाषित गरेको छ । तद्अनुसार स्थानीय सरकारबाट कानुन निर्माण, कार्यान्वयन तथा न्याय सम्पादन र विवाद निरुपणको काम गरी आएका छन् । देवचुली नगरपालिकाले समेत संविधानको भावना र मर्मअनुसार नगरबासीको हित, उन्नति र प्रगतिका लागि काम गरिराखेको छ ।



# मौलिक संस्कृति जोगाउन स्थानीय पाठ्यक्रम

## गोकर्णेश्वर नगरपालिका, काठमाडौं

नेपालीको मौलिकपन हराउँदै गइरहेको सन्दर्भमा गोकर्णेश्वर नगरपालिकाले मौलिकता जोगाउन अभियान थालेको छ। मौलिकता बिर्सेर गरिएको काम र विकास दिगो नहुने ठहर गोकर्णेश्वर नगरपालिकाको छ। विदेशी संस्कृतिले समाजलाई गाँज्दै गएपछि नेपाल र नेपालीलाई चिनाउने मौलिक संस्कृति जोगाउन विद्यालयको पाठ्क्रयममै यसलाई समेट्न लागिएको हो।

बालबालिकाले पहिले, आफ्नो घर, परिवार, टोल, समाज, धर्म, संस्कृति, स्थानीय प्राकृतिक स्रोत साधन र यसको सदुपयोग गर्नेबारे राम्रोसँग बुझ्नुपर्ने बुझाइ नगरपालिकाको छ। त्यसका लागि बालबालिकालाई छुट्टै स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन सुरू गर्न लागिएको हो । मौलिक कला, धर्म, भाषा, संस्कृति, भौगोलिक तथा प्राकृतिक पहिचान गराउँदै आफ्नोपन सामाजिक मूल्यमान्यताको संरक्षण र संवर्द्धन गर्नुपर्छ भन्ने उद्देश्यबाट अभिप्रेरित भई स्थानीय मौलिक पाठ्यक्रम निर्माण गरिएको उहाँको भनाइ छ।

स्थानीय विषयको आधारभूत तह (कक्षा १-८) को पाठ्यक्रम तयार पारी पाठ्यपुस्तक लेख्ने काम जारी छ। यस कुराको आवश्यकताबोध धेरै पहिलेदेखि हुँदै आएको हो । तापनि यसले मूर्तरुप लिन सकेको थिएन । चालिसेले भन्नुभयो, 'स्थानीय तहको निर्वाचन वर्तमानपछि हामीले यस पवित्र कार्यलाई तीव्रता दिएका छौं ।' यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम पारुप २०६३ तथा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ मा गरिएको व्यवस्थाको अधीनमा रही तयार पारिएको हो। १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय राख्न सकिने व्यवस्था गरिएको छ। यसैलाई आधार मानी यो पाठ्यक्रम तयार पारिएको हो।

स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि विभिन्न चरण पूरा गरिएका छन् । पहिलो चरणका रुपमा नगर शिक्षा समितिको बैठकले कृष्णप्रसाद नेपालको संयोजकत्वमा ७ सदस्यीय पाठ्यक्रम मस्यौदा समितिको निर्माण गरिएको छ । पाठ्यक्रम मस्यौदाका लागि सल्लाह, सुझाव र मार्ग निर्देशन गर्न मेयर सन्तोष चालिसेको संयोजकत्वमा, सांसद कृष्ण राई र उपमेयर शान्ति नेपाल लगायतको टोली सक्रिय भएका छन् । शैक्षिक सत्र २०७६ देखि लागू गर्ने गरी पुस्तक लेखन कार्यलाई तीब्रता दिइएको छ । यसका लागि यस स्थानीय विषयको पाठ्यक्रमलाई तीन खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा पाठ्यक्रमका सैद्धान्तिक पक्षहरु

"स्थानीय विषयको आधारभूत तह (कक्षा १-८) को पाठ्यक्रम तयार पारी पाठ्यपुस्तक लेख्ने काम जारी छ । यस कुराको आवश्यकताबोध धेरै पहिलेदेखि हुँदै आएको हो । तापनि यसले मूर्तरूप लिन सकेको थिएन स्थानीय तहको निर्वाचन वर्तमानपछि हामीले यस पवित्र कार्यलाई तीव्रता दिएका छौं ।"

**-नगरप्रमुख**

जसअन्तर्गत सैद्धान्तिक पक्षका लागि पूर्णाङ्क ५० र प्रयोगात्मक पक्षका लागि पूर्णाङ्क ५० निर्धारण गरिएको छ। पाठ्यक्रमको परिचय, स्थानीय विषयको पाठ्यक्रमको आवश्यकता, स्थानीय पाठ्यक्रम निर्माणका चरण, सक्षमता निर्धारण, विषयवस्तु छनोट, समय व्यवस्थापन, शिक्षणको माध्यम, सिकाइ सहजीकरण प्रक्रियालाई विषयवस्तुको रुपमा राखिएको छ।

दोस्रो खण्डमा स्थानीय भौगोलिक स्थितिको पहिचान, धार्मिक स्थल एवं सभ्यता, ऐतिहासिक र पर्यटकीय स्थल, सामाजिक मूल्य र मान्यता, स्थानीय पेशा, व्यवसाय, आर्थिक क्रियाकलाप, असल आचरण र योग्य शिक्षाको अभ्यास, विद्यालय स्वास्थ्य र सरसफाइ, वातावरणीय अध्ययन र स्थानीय संघ संस्था, व्यक्तित्व पहिचान र योगदान लगायतका विषय समेटिएको नगरपालिकाले जनाएको छ। तेस्रो खण्डमा विद्यार्थी मूल्यांकन प्रक्रिया राखिएको छ। आवधिक परीक्षा तथा निरन्तर आधारमा विद्यार्थीको मूल्यांकन गरिने छ। यस खण्डमा आवधिक परीक्षाका लागि प्रश्न योजना तथा विशिष्टीकरण तालिका बनाइएको छ। निरन्तर विद्यार्थी मूल्यांकन तथा विद्यार्थीको मूल्यांकन अभिलेखनका लागि फारमको नमूनासमेत प्रस्तुत गरिएको छ। यस पाठ्यक्रमले विद्यार्थीको रूचि, स्तर, क्षमतामा वृद्धि हुने, आफ्नो मौलिक संस्कृतिप्रति माया र ममता सिर्जना हुने र भविष्यमा स्थानीय साधन र स्रोतको परिचालन भई समृद्ध नेपाल निर्माणमा सहयोग पुग्ने विश्वास नगरपालिकाको छ।



# आमा र बच्चा जोगाउन

# नगरप्रमुखसँग मातृशिशु

## गलकोट नगरपालिका, बागलुङ

नेपाल हरेक वर्ष मातृ तथा शिशु मृत्यु हुने देशका रुपमा चिनिन्छ । नेपालका विभिन्न स्थानमा सुत्केरी आमा र बच्चा दुवैको निधन हुन थालेपछि सरकारले विशेष कार्यक्रम थाले पनि सबै जिल्लामा प्रभावकारी हुन सकेको छैन ।

बाग्लुङ्गस्थित गलकोट नगरपालिकाले पनि नगरपालिकामा सुत्केरी आमा र बच्चा दुवैको ज्यान जोगाउने उद्देश्यले मातृशिशु कार्यक्रम लागू गरेको छ । उक्त कार्यक्रमअन्तर्गत गर्भवती महिलाको स्वास्थ्य जाँचदेखि मासिक भत्तासम्मका कार्यक्रम समावेश गरिएको छ । मातृशिशु स्वास्थ्यलाई नगरपालिकाले विशेष ध्यान दिई 'नगरप्रमुख मातृशिशु स्वास्थ्य कार्यक्रम' लागू गरेको मेयर भरत शर्मा गैरे बताउनु हुन्छ । स्वास्थ्य संस्थामा सुत्केरी गराउन नगरप्रमुख मातृ तथा नवजात शिशु स्याहार पोषण भत्ता कार्यक्रम कार्यविधि निर्देशिका तर्जुमा गरी कार्यक्रम लागू गरिएको हो । जसअन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई प्रत्येक महिना गर्भवती जाँच गर्ने अभ्यासलाई प्रोत्साहित गर्न मासिक पाँच सय रुपैयाँका दरले नौ महिनामा

> "कार्यक्रमअन्तर्गत गर्भवती महिलाको स्वास्थ्य जाँचदेखि मासिक भत्तासम्मका कार्यक्रम समावेश गरिएको छ । मातृशिशु स्वास्थ्यलाई नगरपालिकाले विशेष ध्यान दिई "नगरप्रमुख मातृशिशु स्वास्थ्य कार्यक्रम" लागू गरिएको हो"
>
> **- भरत शर्मा गैरे, नगरप्रमुख**

अधिकतम चार हजार पाँच सय रूपैयाँ प्रदान गर्ने गरिएको छ । जसका कारण घरमा सुत्केरी हुने क्रम घट्न गई स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवतीको संख्या तुलनात्मक रुपमा वृद्धि भएको छ । दिगो विकासको लक्ष्यअनुरुप महिला तथा नवजात शिशुको स्वास्थ्य संस्था सम्मको पहुँच बढाई मातृ तथा शिशु मृत्युदरमा कमी



ल्याउन तथा पोषणको अभावले हुने समस्याहरु न्यूनीकरण गर्न सकियोस् भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको शर्माको भनाइ छ । भौगोलिक रुपमा केही विकट स्थान भएकाले स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी सुविधा सम्पन्न अस्पतालमा पठाउनु पर्ने अवस्थामा यातायात खर्च स्वरुप एकमुष्ट तीन हजार रूपैयाँ उपलब्ध गराउने गरिएको छ ।

नगरपालिकाका वृद्धवृद्धालाई सम्मान गर्ने प्रयोजनका लागि निजहरुलाई




चाडपर्व खर्च प्रदान गर्ने व्यवस्था मिलाइएको छ । साथै नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई मासिक रुपमा नगरपालिकाबाटै सम्बन्धित शिक्षकको बैंक खातामा तलब भत्ता जम्मा गर्ने व्यवस्था मिलाइएको छ । कार्यक्रमले शिक्षकहरुमा सकारात्मक मनोभावना सिर्जित भएको छ । नगरभित्र असल अभ्यासहरु अवलम्बन गर्ने प्रयोजनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । जनतालाई सुसूचित गराउन नगरपालिकाको आफ्नै 'एप्स' सञ्चालन गरेको छ भने 'वेवसाइट' सञ्चालनमा ल्याएको छ । स्वास्थ्य कार्यक्रम लागू गरेपछि सबै कार्यक्रमका माध्यमबाट त्यसको प्रचार प्रसार गरी कार्यान्वयनमा ल्याई आमा र



बच्चाको मृत्युदर घट्न पुगेको तथ्याङ्कले देखाएको छ । यो कार्यक्रम लागू हुनुअघि घरमै सुत्केरी गराउँदा वार्षिक ४/५ जना आमा र बच्चाको निधन हुने गरेको थियो ।

गलकोट नगरपालिकामा 'नगरप्रमुख मातृशिशु स्वास्थ्य कार्यक्रम' सँगै सुशासन अभिवृद्धि गर्न असल अभ्यासहरुको प्रयोग सुरू गरिएको छ । भौगोलिक रुपमा रहेका पहाडी भेगमा पूर्वाधार विकास गर्नुका साथै आर्थिक विकास र सुशासन अभिवृद्धि सुरू भएको छ । लेखा प्रणालीलाई पारदर्शी र भरपर्दो बनाउन 'सूत्र' प्रणाली लागू गरिएको छ । सम्पत्ति कर संकलन गर्न 'सफ्टवेयर' प्रणाली लागू गरी वडा-वडामा जनताको घरदैलोमा पुगी कर संकलन अभियान सुरू गरिएको छ । जनतालाई सेवा प्रवाहमा सहजताका लागि योजना तथा कार्यक्रमहरुको वडा-वडामा सम्झौता गर्ने अभियान चलाइएको छ । सबै कार्यक्रममा 'नगरप्रमुख मातृशिशु स्वास्थ्य कार्यक्रम' जोडिएको छ ।

नगरपालिका १९४.३९ वर्गकिमि क्षेत्रफलमा फैलिएको र २०६८ को जनगणना अनुसार ३३०९७ जनसंख्या छ । साविकका दुधिलाभाटी, नरेठाँटी, हटिया, हरिचौर, मल्म, काँडेबास, पाण्डबखानी र रिघा गरी ८ वटा गाउँ विकास समिति मिलाएर बनेको गल्कोटमा हाल ११ वडा छन् ।

# पर्यटक मैत्री अभियानमा नगर

## बेलकोटगढी नगरपालिका, नुवाकोट

बेलवारी नगरपालिकाले नगरभित्र पर्यटकीय क्षेत्रको विकास सुरू गरेको छ। नगरपालिकालाई पर्यटकमैत्री बनाउन पर्यटकमैत्री क्षेत्रको अभियान सञ्चालन गरेको हो । नगरपालिकाको भौगोलिक र प्राकृतिक वातावरण पर्यटकमैत्री नगरपालिकाले पर्यटकलाई आकर्षण गर्न लागेको हो।

वडा नं. २ मा रहेको रमिते सामुदायिक वनमा भ्यू टावर सहितको पर्यटकीय क्षेत्रको विकास भइरहेको छ । सुरूङ मार्ग सहितको भ्यू टावर निर्माणाधीन अवस्थामा छ । नगरपालिकाको सहयोगमा निर्माण थालिएको पर्यटकीय क्षेत्र अहिले पिकिनिक स्पटका रुपमा पनि विकास भइरहेको छ। फोहोर संकलन गर्नका लागि सो क्षेत्रमा चोयाका डोकाहरु राखिएका छन् । डस्टबिनको रुपमा रूखमा समेत डोकाहरु राखिएका छन् । यो दृष्यले पनि नगरपालिका पर्यटकमैत्री बन्दै गएको आभास हुन्छ। नगरपालिकाले पर्यटकमैत्री कार्यका साथै दीर्घ रोगीलाई आर्थिक सहयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिइएको छ। जसअन्तर्गत बोनम्यारो ट्रान्सप्लान्ट, क्यान्सर, मुटु रोगी, मृगौला प्रत्यारोपण, स्पाइनल कर्ड इन्जुरीजस्ता गम्भीर रोग लागेका बिरामीलाई प्रतिबिरामी एकपटक पचिस हजार रूपैयाँ दिने गरिएको छ। हालसम्म १ सय ४८ जना बिरामीले यस्तो सेवा लिइसकेका छन् । स्थानीय तहमा जनप्रतिनिधि आएपछि यस्ता कार्यले निरन्तरता पाएको हो।

गएको असारमा बेलवारी नगरपालिकाले नगर क्षेत्रलाई खुल्ला दिशामुक्त घोषणा गरेको छ। बेलवारी नगरपालिका क्षेत्रभित्र १७ हजार आठ सय ९२ घर परिवार छन्। ९९ प्रतिशत घरमा शौचालय निर्माण भएपछि खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिएको हो । नगरपालिकाले चालु आवमा प्लाष्टिकमुक्त नगरको अभियान समेत सञ्चालन गरिरहेको छ। नगर प्रोफाइल निर्माणले नगरपालिकाको समग्र विकास गर्न सहज हुने भएपछि बेलवारी नगरपालिकाले नगर प्रोफाइल निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको छ । एसिया फाउन्डेसनको प्राविधिक तथा आर्थिक सहयोगमा नगरपालिकाले नगर प्रोफाइल निर्माण गरेको हो। यसले नगरपालिकाको योजना तर्जुमा र विकासमा सहयोग पुग्ने विश्वास नगरपालिकाको छ। राष्ट्रिय गौरवका आयोजनाका रुपमा रहेका हुलाकी राजमार्गको डीपीआर तयार भइसकेको छ। वर्षौंदेखि अगाडि बढ्न नसकेको उक्त राजमार्गको डीपीआर तयार भएको छ। बेलवारी नगरपालिकालाई सिमसारको नगरको रुपमा चिनाउन नगरपालिकाले गुरूयोजना बनाइरहेको छ। नगरपालिकाले बनाएको विज्ञहरुको समूहले ७० बिघा क्षेत्रफल सिमसार रहेको तथ्यांक सार्वजनिक गरेको छ।

नगरपालिकाभित्र २१ वटा सिमसार रहेको जनाइएको छ। बेतना, अमना, सिसौली, धनपालथान, धनपाल गढी, झलझली बाँध, हाँडीदह बेलबारीमा लगायतका छन्। त्यस्तै, भुलभुले महाराजथानभव, जाल्पादेवीभव, कुइरीखोला, मखन पोखरी, गयल पोखरी लगायतका सिमसारहरु नगरभित्रका प्रमुख सिमसारका रुपमा रहेका छन्। मोरङको बेलवारी नगरपालिका वडा नम्बर १० भाउन्नेमा १ करोड ८० लाखको लागतमा पार्क बनाउन थालिएको छ। सिर्जना सामुदायिक वन उपभोक्ता समितिको ३३ बिघा जग्गामा पार्क निर्माण गर्न थालिएको हो।

नेपालसहित सातवटा विभिन्न देशका मूर्तिकार तथा कलाकारहरुले अहिले उक्त पार्कमा ढुंगाका विभिन्न आकृतिका मूर्ति बनाइरहेका छन् । ती जापान, इटाली, जर्मन, भारत, बंगलादेश, इटालीसहित नेपालका ४२ जना कलाकारले पार्क निर्माणको काम गरेका हुन्। उक्त पार्कमा अहिले ढुंगाका विभिन्न आकृतिहरु हेर्न पाइने नगरपालिकाले जनाएको छ । स्थानीय तहमा जननिर्वाचित भएको राम्रोसँग महसुस यहाँका नागरिकले गर्न पाएका छन्। विकास निर्माणसँगै विभिन्न रणनीतिक योजना सार्वजनिक गर्दै बेलवारी नगरपालिका निरन्तर क्रियाशील बनेपछि स्थानीय खुसी बनेका छन्।

“ बेलवारी नगरपालिकालाई सिमसारको नगरको रूपमा चिनाउन नगरपालिकाले गुरुयोजना बनाइरहेको छ । नगरपालिकाले बनाएको विज्ञहरूको समूहले ७० बिघा क्षेत्रफल सिमसार रहेको तथ्यांक सार्वजनिक गरेको छ । ”







# अलैंची खेतीबाट समृद्ध बन्दै नगरवासी

## बेलबारी नगरपालिका, मोरङ

बेलकोटगढी नगरपालिकाले कृषिमा आफ्नो भविष्य देखेको छ। कृषि कर्मबाट स्थानीय किसानको मात्र नभई नगरपालिका नै समृद्ध बनाउने लक्ष्य नगरपालिकाको छ। भौगोलिक भू-बनोट, हावापानी र स्थानीय किसानको सक्रियताले बेलकोटगढी नगरपालिकामा कृषिको विकास र प्रसारको अभियान सञ्चालन भएको छ। नगरपालिकाले आफ्नो नीति कार्यक्रम र बजेटमार्फत कृषिलाई उच्च प्राथमिकता दिने गरी अभियान सुरू गरेको बेलकोटगढी नगरपालिकाले जनाएको छ।

'आधुनिक समृद्व नगरको आधार, कृषि पर्यटन सहितको पूर्वाधार' भन्ने नारा तय गरी त्यसलाई सार्थक रुपमा विभिन्न कार्यक्रममार्फत कार्यान्वयनमा लागेको हो। नगरपालिकाले नगर क्षेत्रभित्र रहेका कृषिका प्रमुख सम्भावना व्यवहारमै उतार्न थालेको छ। नगरपालिकामा मौसमी, बेमौसमी अर्गानिक उत्पादन, नगदे बाली, आलु, अदुवा, मौरी, अलैंची ,चिया, किवी, सुन्तला जात, कफीलाई प्राथमिकता दिई नगरपालिकाले ५० देखि १००५ सम्म अनुदान कार्यक्रम सञ्चालन गरी किसानलाई प्रोत्साहन दिँदै आएको छ।

कृषिमा आधारित युवाको लक्ष्य र आकांक्षा पूरा गर्न नगरपालिकाले कृषि युवामैत्री कार्यक्रम सञ्चालन गरेको छ ।

**-कविता ढुंगाना**
**नगर उपप्रमुख**



अलैंची बिरुवा वितरण



प्रधानमन्त्री कृषि आधुनिकीकरण कृषि कार्यक्रमअन्तर्गत तरकारी ब्लक (वडा नं. १, ८, ९, १०, ११ , १२, १३) तथा बाली विशेषका पकेट क्षेत्र ६ वटा (वडा नं. १, २, ३ , ४, ५, ७) कायम गरी उक्त कार्यक्रममार्फत कृषकलाई कृषि यान्त्रीकरण ( ट्याक्टर, थ्रेसर, डिजिटल काँटा, आदि) तालिम, बीउबिजन, विषादी, आदिमा ५०५ देखि १००५ रूपैयाँसम्म अनुदान कृषकलाई उपलब्ध गराइएको बेलकोटगढी नगरपालिकाकी उपप्रमुख कविता ढुंगानाले जानकारी दिनुभयो।

नगरपालिकाले युवालाई कृषिमा आकर्षण गरी बाँझो रहेको जमिनको समेत सदुपयोगका लागि कृषि युवामैत्री कार्यक्रम सञ्चालन गरेको छ। कृषिमा आधारित युवाको लक्ष्य र आकांक्षा पूरा गर्न नगरपालिकाले कृषि युवामैत्री कार्यक्रम सञ्चालन गरेको उहाँको भनाइ छ। नगरपालिकाभित्र अलैंची खेतीको राम्रो सम्भावना हुने भएकाले नगरपालिकाले अलैंची खेती उत्पादनमा योजनाबद्ध रुपमा सञ्चालन गरेको छ। नगरपालिकाको हावा, पानी, माटो र भूगोल अलैंची खेतीका लागि सुहाउने भएकाले यहाँका किसानलाई नगरपालिकाको अलैंची खेतीतर्फ अग्रसर गराएको हो।

नगरभित्रको १००० मिटरदेखि २१०० मिटरसम्मको उचाइमा रहेको उत्तरपूर्व फर्किएको, सेपिलो, बढी ओसिलो, हिउँ नपर्ने र केही उत्तीसको छहारी र भिरालो जमिन भएको वडा नं. १, २, ३ र ११ वडाका केही क्षेत्र मिलाएर अलैंची पकेट क्षेत्र निर्धारण गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। कृषकको आयस्रोत बढाउने गतिलो माध्यम अलैंची खेती बन्दै गएको छ। यो निर्यातमुखी औद्योगिक नगदे बाली भएकाले यसबाट किसानको हातमा वैदेशिक मुद्रासमेत आर्जन गर्ने प्रमुख बाली बनेको छ।

नगरपालिकाबाट विभिन्न अलैंची समूहहरुमार्फत अलैंची खेती गर्ने कृषकका लागि ५०५ अनुदानमा गुणस्तरीय अलैंची बिजू बिरूवा सात हजार पाँच सय रूपैयाँ उपलब्ध गराइएको छ। यसैगरी, अलैंचीको गुणस्तर कायम गर्न पकेट क्षेत्रमा दुईवटा आधुनिक अलैंची प्रशोधन भट्टी १००५ रूपैयाँ अनुदानमा निर्माण गरिएको छ।

पकेट क्षेत्रमा हाल ११५ जना कृषकले २४ हेक्टर क्षेत्रफलमा उत्पादनशील क्षेत्र १९ हेक्टर हुँदै आएको छ। किसान प्रतिरोपनी सरदर १० देखि १२ किलो सुक्खा अलैंची उत्पादन गर्न सक्षम भएका छन्। आगामी दिनमा यस खेतीलाई थप प्रवर्द्धन गरी अलैंचीको क्षेत्रफल बिस्तार गर्दै गुणस्तरीय उत्पादन र उत्पादकत्व वृद्धि गराउने चुनौति छ। यसका लागि आगामी दिनमा नगरपालिकाबाट थप कार्यक्रममार्फत कृषकलाई अलैंची खेती प्रविधिसम्बन्धी आधुनिक ज्ञान सीप प्रदान गरी कृषकको आयआर्जन बढाइने छ। गुणस्तरीय अलैंची बिरूवा उत्पादनका लागि स्थानीय स्तरमै नर्सरी स्थापनाका लागि ७५५ देखि १००५ रूपैयाँसम्म अनुदान प्रदान गरिने नगरपालिकाले जनाएको छ। अलैंची खेतीमा देखिने विभिन्न रोग र किराको व्यवस्थापन गर्न स्थानीय र जैविक प्रविधिहरु अपनाउन कृषकलाई अनुदान उपलब्ध गराउने गरी काम धमाधम भइरहेको छ।



# सुशासन र पारदर्शितामा अब्बल बन्दै

## वीरगञ्ज महानगरपालिका, पर्सा

वीगरञ्ज महानगरपालिकाले विकास निर्माणसँगै सुशासनमा अब्बल साबित बन्दै गएको छ। सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्दै महानगरपालिकाले नियमित काम गर्दै आएको छ । जनप्रतिनिधिले विकास निर्माणसँगै सेवाग्राहीलाई सुशासनको समेत प्रत्यक्ष अनुभूति गराएका छन् । सबै खाले भ्रष्टाचार नियन्त्रण गरी सामाजिक जवाफदेहिता र विकास निर्माणमा वीरगन्ज महानगरपालिका सक्रिय बन्दै आएको छ। प्रत्येक वडामा छुट्टाछुट्टै सुशासनका कार्यक्रम घोषणा गरी कार्यान्वयन गरिरहेको छ। महानगरपालिकाले वडा नं. १ मा सबै खाले भ्रष्टाचार तथा कमिशन तन्त्रको नियन्त्रणको उच्चतम प्रयास गरिएको छ। वडा नं. २ मा महानगरपालिकाको मोबाइल एप्लिकेसन तयार गरी सार्वजनिक गरिएको छ। ३ मा महानगरपालिका र प्रत्येक वडाका लागि नागरिक बडापत्र जारी गरिएको छ। ४ मा नक्सा पास गर्ने कार्यमा जनशक्तिको अभाव वा कतिपय अवस्थामा नियतवश ढिलाइ भइरहेको र व्यापक गुनासोसमेत आइरहेको परिप्रेक्ष्यमा सबै इन्जिनियरलाई वडा विभाजन गरी नक्सा पासको निश्चित सीमासम्म अधिकार प्रत्यायोजन पनि गरिएको हुँदा नक्सा पासमा हुने ढिलाइमा व्यापक सुधार आएको छ।

५ मा सेवाग्राहीको सहजताका लागि कार्यालयमा सहायता कक्षको निर्माण गरी सञ्चालनमा ल्याइएको छ । ६ मा प्रत्येक महिनाको आयव्ययको विवरण सार्वजनिक गर्ने कार्य गरिएको छ। 'मेयर-जनता आमने-सामने' कार्यक्रम सबै वडामा सञ्चालन गरी महानगरसँग जनताको प्रत्यक्ष संवादलाई सघन बनाइएको महानगरपालिकाले जनाएको छ।

विधिवत दर्ता हुन आएका सूचनाको हकसम्बन्धी ऐनबमोजिम माग भएका सूचना उपलब्ध गराइएको छ। पर्सा जिल्लामै उत्कृष्ट सूचनादाता कार्यालयको रुपमा वीरगन्ज महानगरपालिकाले पहिचान कायम गरेको छ। ८ नं. वडा कार्यालयको सुशासन रणनीति तयार गरी जारी गरिएको छ। ९ मा करदातामैत्री राजस्व प्रशासनका लागि राजस्व परिचालन रणनीति तयार गरी कर सहयोगीको छनोटपछि वडा वडामा खटाइएको छ। कर सहयोगीहरुले करको दायरा बिस्तार गर्न र करदाताको गुनासो तत्काल सम्बोधन गर्न महानगर र नागरिकबीच पुलको काम गरेका छन्।


१० मा वडाबाटै जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध-विच्छेदका घटना विद्युतीय प्रणालीबाट गर्न नमूना वडा छनोट गरी केही वडामा सञ्चालन समेत भइसकेको छ। साथै वडाबाटै अनलाइन विधिबाट राजस्व तिर्न सक्ने व्यवस्थाका लागि आवश्यक तयारी भइरहेको मेयर विजय सरावगीले बताउनु भयो। त्यस्तै वडा नं. ११ मा सुशासन र सत्य निष्ठालाई प्रवर्द्धन गर्न जनप्रतिनिधि, विभिन्न कार्यालयका कर्मचारी, पत्रकार, बौद्धिक वर्ग तथा सामाजिक संघ संस्थाका प्रतिनिधिको सहभागितामा र वीरगन्ज महानगरपालिकाको सहकार्यमा प्रदेश स्तरीय सत्य निष्ठा सम्मेलन सम्पन्न गरिएको छ।

> १० मा वडाबाटै जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध-विच्छेदका घटना विद्युतीय प्रणालीबाट गर्न नमूना वडा छनोट गरी केही वडामा सञ्चालन समेत भइसकेको छ । साथै वडाबाटै अनलाइन विधिबाट राजस्व तिर्न सक्ने व्यवस्थाका लागि आवश्यक तयारी भइरहेको छ ।
>
> **-विजय सरावगी, महानगर प्रमुख**

यस्ता कार्यले सुशासनमा थप प्रोत्साहन गरेको नगरवासीको अनुभव छ। स्थानीय जनताको माग र अपेक्षाअनुसार महानगरपालिकाले विभिन्न कार्यक्रम घोषणा गरी कार्यान्वयन गरिरहेको हो। महानगरपालिकाले कार्यालयभित्र सहज कार्य वातावरण बनाउन कार्यकक्ष सुधार, सरसफाइ, शौचालय, तथा ढल व्यवस्थापन पार्किङ, बगैंचा लगायतका संरचना तयार गरी प्रत्याभूति दिलाएको छ।

महानगरपालिकाकाले नगरपालिकामा सुशासन, समृद्धि, आर्थिक स्थायित्वका लागि जनप्रतिनिधिले युवासँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको छ। नगरपालिकाका जनप्रतिनिधि सक्षम हुँदा सेवा प्रवाह प्रभावकारी हुने भएकाले कोरियन प्रशिक्षकद्धारा महानगरपालिकाका सबै वडाध्यक्षलाई विशेष कक्षा सञ्चालन गरेको छ। नगरपालिकाले सुशासनलाई उच्च प्राथमिकता दिँदै आएको छ । त्यतिमात्र होइन, सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएका संरचना महानगरपालिकाले भत्काएर सुन्दर सहज निर्माण कार्यमा जुटेको छ।

महानगरपालिकाभित्रका मठमन्दिर, धर्मशाला लगायतका साँस्कृतिक सम्पदाको समेत महानगरपालिकाले संरक्षण गर्ने कार्य गरेको वीरगन्ज नगरपालिकाले जनाएको छ। स्थानीय तहमा जनप्रतिनिधि आएपछि विकास निर्माण र सुशासनको पाटोलाई वीरगन्ज महानगरपालिकाले उच्च प्राथमिकता दिएको छ।



# जनप्रतिनिधि डिजिटल साक्षरता कार्यक्रम

## साँफेबगर नगरपालिका, अछाम

"१४ वटै वडा कार्यालयमा सेवा प्रवाहको अवस्था छिटोछरितो, पारदर्शी, र समयसापेक्ष ढंगबाट सम्पादन भइरहेको छ भने कार्यालयको कामकाजमा निकै राम्रो प्रभाव परेको छ ।"
**-कुलबहादुर कुँवर, नगर प्रमुख**

डिजिटलाइज्ड भएका सञ्चार माध्यमहरु, अनलाइन, सामाजिक सञ्जालहरु, विभिन्न वेबसाइटसमेत सूचना र ज्ञानका निकै भरपर्दा माध्यम बनिरहेका छन्, जसले मानिसमा अत्यावश्यकीय साक्षरता सीपको वृद्धिमा सहयोग पुऱ्याइरहेका छन् । समाजमा प्रविधिको ज्ञान तथा प्रयोगको सवालमा ठूलो खाडल अर्थात् डिजिटल डिभाइड पनि उच्च छ। अधिकांश सरकारी निकायहरु विद्युतीय शासनमा जान सकेका छैनन्।

विद्युतीय सुरक्षा कानुन समयसापेक्ष नहुँदा साइबर अपराधहरु बढिरहेका छन्। त्यस कारण साँफेबगर नगरपालिकाले २०७५ साउन १ गतेदेखि ५ गतेसम्म यस नगरपालिकाका १४ वटै वडाका वडाध्यक्षलाई लक्षित गरी जनप्रतिनिधि डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो । मेयर कुलबहादुर कुँवरका अनुसार, कार्यक्रमले साँफेबगर नगरपालिकाका १४ वटै वडा कार्यालयमा सेवा प्रवाहको अवस्था छिटोछरितो, पारदर्शी, र समयसापेक्ष ढंगबाट सम्पादन भइरहेको छ भने कार्यालयको कामकाजमा निकै राम्रो प्रभाव परेको छ। यसले नेपाल सरकारको इ-गभर्नेन्ससम्बन्धी नीतिलाई पनि टेवा पुगेको छ। नगरलाई प्रविधिमैत्री बनाउन सुरूमा नेतृत्वको जिम्मेवारी लिएका जनप्रतिनिधिलाई यसबारे जानकारी गराई उनीहरुको क्षमता अभिवृद्धि गर्ने कामको थालनी भएकाले जनप्रतिनिधिले कम्प्युटर प्रयोग गरी कार्य सम्पादन गरिरहेका छन्।

कार्यक्रमको माध्यमबाट उनीहरुलाई पेन ड्राइभबारे जानकारी भई यसको प्रयोगबाट फाइदा भएको छ। हाल उनीहरु फोटोकपी गर्न सक्नेक्नेपाली युनिकोडमा टाइप गर्न सक्नेक्न प्रिन्ट गर्न सक्नेक्न सामाजिक सञ्जाल प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीक्न वडा कार्यालयमा प्रयोग भइरहेका मेसिनहरुको उचित प्रयोग गर्न सक्ने, इमेल प्रयोग गरेर नगर र वडाबीचको सूचना आदानप्रदान गर्न सक्नेक्न घरमै बसेर मोबाइल रिचार्ज गर्ने, टिकट बुक गर्ने, पैसा ट्रान्सफर गर्न सक्ने आदि क्षमताको विकास भएको छ।

डिजिटल साक्षरता कार्यक्रमको माध्यमबाट कम्प्युटर, इ-गभर्नेन्ससम्बन्धी सैद्धान्तिक ज्ञान भएपछि वडाध्यक्षहरुलाई ल्यापटप र मोबाइलमा प्रयोगात्मक गराई उनीहरुलाई कम्प्युटरको व्यावहारिक जानकारी भएको छ। यसपश्चात प्रविधिको



प्रयोगले वडा तहबाट सम्पादन हुने कार्यहरुमा सहजता आएको छ। वडाध्यक्षहरुलाई सूचना, सञ्चार तथा प्रविधिका साथै कम्प्युटर (हार्डवेयर, सफ्टवेयर, सिष्टम) सम्बन्धी आधारभूत ज्ञानको विकास भई गभर्नेन्स र हाल नेपालमा रहेका सरकारी निकायहरुले त्यसको गरिरहेको प्रयोगको अवस्थाको बारेमा उनीहरुलाई जानकारी भएको छ। इ-गभर्नेन्सको महत्व र अवसरलाई आत्मसात गरी सूचना प्रविधिको



अधिकतम प्रयोग गरेर सुशासनको प्रत्याभूति सेवाग्राही नागरिकमा हुन गएको छ। यसले नागरिकमा छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गर्न साँफेबगर नगरपालिका सफल भएको नागरिकले समेत अनुभूति गरेका छन्।

यस किसिमको प्रविधिको प्रयोगले सार्वजनिक निकायप्रति आमनागरिकको विश्वसनियतामा अभिवृद्धि भई वडा कार्यालय जनताको सबैभन्दा नजिकको सरकारको रुपमा आफ्नो भूमिका निर्वाह गरिरहेकाले पनि यसबाट सेवाग्राही नागरिक सन्तुष्ट रहेका हुन्। जनप्रतिनिधिको थप क्षमता विकासका लागि हाल प्रत्येक वडाध्यक्षलाई १/१ वटा कम्प्युटर र ल्यापटप उपलब्ध गराइएकाले वडा कार्यालयहरुले प्रवाह गर्ने सार्वजनिक सेवा गुणस्तरीय हुँदै गएको छ।

यस जनप्रतिनिधि (वडाध्यक्ष) डिजिटल साक्षरता कार्यक्रमको माध्यमद्वारा वडा तहमा सम्पादन हुने कार्यहरुमा वडाध्यक्ष स्वयं प्रत्यक्ष रुपमा संलग्न रही कम्प्युटर प्रविधिमार्फत कार्य गर्दा धेरै काम पनि थोरै समयमा सजिलैसँग सम्पादन गर्न सकिएको छ। यसले कर्मचारीको कार्य बोझमा समेत कमी आएको छ। वडाध्यक्षहरु वडा कार्यालयमा कर्मचारीको अभाव वा विदामा रहँदाका बखत पनि दैनिक प्रशासनिक कार्य सम्पादनमा बाधा नपारी सेवा दिइरहेका छन्।

सामान्य कम्प्युटर चलाउन सक्दैनन् भन्ने गलत मान्यतालाई जनप्रतिनिधिको अथक लगाव र परिश्रमले सो भ्रमलाई चिरेको अनुभव वडाध्यक्षसँग छ। केही वडाध्यक्ष आफूले इमेलक्न इन्टरनेटको प्रयोगले संसारभरको समाचार कार्यालयमै बसेर हेर्न पाएकाले खुसी लागेको र त्यसबाट आफूलाई अद्यावधिक गराउने साथै सोहीअनुसार योजना र काम गर्न सहज हुने पनि बताउनु हुन्छ।

## गोदावरी नगरपालिका, कैलाली



# ढाकामा आत्मनिर्भर र पहिचान बनाउँदै गोदावरी

*"बुढीतोलामा गोदावरी नगरपालिकाले सहयोग गरेको ढाका बुनाई तालिमबाट हामी साह्रै खुसी छौं, हामी महिला दैनिक जीवन घरगृहिणीमा बन्धक भई जीवन बिताइरहेको अवस्थामा गाउँठाउँमै सीप सिकी केही आम्दानीको श्रोत बढाउन सफल भएका छौं"*

**-पवित्रा लामिछाने, स्थानीयबासी**

सुदूरपश्चिम प्रदेश, गोदावरी नगरपालिका वडा नं. ४, कैलालीमा पर्ने बुढीतोला गाउँमा रहेका बेरोजगार महिला तथा पुरूषलाई सीपमूलक तालिम सिकाइबाट आत्मनिर्भर बनाउने काम सुरू भएको छ। आफ्नै गाउँ, ठाउँमा ढाकाबाट उत्पादन गर्न सकिने सामाग्री तयार गरी समाजलाई आय आर्जन वृद्धि गरी पाँच वर्षभित्रै यस गाउँलाई आत्मनिर्भर बनाउने योजना छ।

यस क्षेत्रमा बस्ने महिला, पुरूष ढाकाबाट हुने आम्दानीले आत्मनिर्भर भई सुदूरपश्चिम कै ढाका उत्पादन क्षेत्रको रुपमा पहिचान गराउने लक्ष्यअनुरुप विभिन्न ठाउँमा ढाकासम्बन्धी तालिम सञ्चालन भएका छन्। प्रदेशमा ढाकाको आयातीत वस्तुलाई न्यूनीकरण गरी आवश्यकतालाई पूर्ति गर्न ढाका तालिम सञ्चालनका लागि बुढीतोला गाउँ सुधार समितिसँग सम्झौता भएको छ। तालिमबाट तयार भएका बुढीतोला ढाका बुनाई कार्यमा सहभागी भएका सात महिला निरन्तर लागिपरेका छन्।

स्थानीय पवित्रा लामिछाने, जमुना बिष्ट, सन्ध्या तामाङ, खुमा तामाङ, देवकी मगर, दिपिका भट्ट, धनसरी लामा र पासाङ तामाङले ढाका बुनाइ सुरू गरेका हुन्। 'बुढीतोलामा गोदावरी नगरपालिकाले सहयोग गरेको ढाका बुनाई तालिमबाट हामी साह्रै खुसी छौं, हामी महिला दैनिक जीवन घरगृहिणीमा बन्धक भई जीवन बिताइरहेको अवस्थामा गाउँठाउँमै सीप सिकी केही आम्दानीको श्रोत बढाउन सफल भएका छौं', सहभागी पवित्रा लामिछानेले भन्नुभयो।

'हामीले यस ठाउँमा गरिरहेको ढाका बुनाईबाट तयार गरिएको सामाग्री ग्राहकको मागअनुसार पुऱ्याउन भ्याइनभ्याई भइरहेको छ। हाल हामी हाते तानबाट बुनिरहेका छौं', धनसरी लामा भन्नुहुन्छ, 'यसलाई छिटोछरितोसँग उत्पादन बढाउनका हालसम्म गोदावरी नगरपालिकाबाहेक कुनै पनि संघसंस्था भेटिएको छैन । छिटोछरितो आधुनिक तरिकाको तालिम जरूरी छ।' विद्यालयको बालविकास भवनमा सामानहरु राखी महिला काम गरिरहेका छन्। आफ्नै भवन नहुँदा समाजिक रुपमा विभिन्न उनीहरुले भेल्नु परिरहेको गुनासो गरेका छन्।





उक्त व्यवसायलाई निरन्तरता दिन गाउँ सुधार समितिका अध्यक्ष पासाङ तामाङले कच्चा पदार्थ जुटाइ दिनुभएको छ। फेरि तत्काल लेवल टूको तालिम दिनका लागि गोदावरी नगरपालिकासँग चार लाखको सम्झौता गरेको र तालिम छिटोछरितो तरिकाले ढाका बुन्न सकिने टेष्टल तालिम दिने तयारी भएको उहाँको भनाइ छ। तर तालिमबाट खुसी भए पनि सामानहरु व्यवस्थित तरिकाले राख्ने भवन बनाउन उनीहरुले माग गरेका छन्।

# साहसिक जलयात्राबाट पर्यटन प्रवर्द्धन

## परशुराम नगरपालिका, डडेल्धुरा



प्राकृतिक स्रोत साधनले भरिपूर्ण छ । पूर्वमा आलिताल गाउँपालिका, पश्चिममा महाकाली नदी, उत्तरमा महाभारत पर्वत क्षेत्र र दक्षिणमा चुरे क्षेत्रले घेरिएको शीर्ष जोगबुडाको साविक संरचनालाई परशुराम नगरपालिका घोषणा गरेसँगै विभिन्न योजना अघि बढाएको मेयर भीमबहादुर साउदले बताउनु भयो।

डडेल्धुरा जिल्लाको सदरमुकामदेखि ८५ किलोमिटर दूरीमा र ४१४.७० वर्ग किमि क्षेत्रफल ओगटेको भित्री मधेसका नामले परिचित परशुराम नगरपालिकाको छुट्टै भौगोलिक, ऐतिहासिक, सामाजिक, धार्मिक र सांस्कृतिक महत्व छ। नगरपालिकाले गरेका थुप्रै कार्यमध्ये महाकाली नदीमा साहसिक जलयात्रा (र्‍याफ्टिङ्ग) को परीक्षण गरी जलयात्रा सुरू गरिएको छ। जसका कारण आन्तरिक तथा बाह्य पर्यटकका लागि सहजता प्रदान गरेको छ।

प्रकृतिको अनुपम छटाले भरिपूर्ण महाकाली, रंगुन, पन्तुरा, शीर्षजस्ता पवित्र नदी प्रवाहित भगवान् बिष्णुको छैटौं अवतार परशुराम अवतार लिएको, भगवान् शिवका भागेश्वर, खिट्केश्वर, सिद्धनाथ, बैजनाथलगायत विभिन्न स्वरुप तथा समैजी, कैलीसैनी, कैलपाल, गोरील आदि देवीदेवताको बास भएको पुण्यभूमि परशुराम धाम, परशुराम क्षेत्र आदि नामले लोकविख्यात नगरी तथा डडेल्धुराको उर्वरभूमी भित्री मधेसक्षेत्रका नामले पनि चिरपरिचित भएको मेयर साउदको भनाइ छ।

नगरपालिकामा परशुराम तीर्थलगायत विभिन्न धार्मिक तथा पर्यटकीय स्थलसँगै ऐतिहासिक पुरातात्विक महत्वका स्थलहरु पनि रहेका छन् । जसमा एकै ढुङ्गामा रहेका २२ ओखल, डोटी राजाको ऐतिहासिक दरबार (नङर कोट), चाँयकोट, खुदाकोट, पिपलकोट, लुलकोट अवस्थित छन् । त्यसैगरी, बोडा ताल, लालढुङ्गा सिमसार, पन्तुरा शैलेश (लिङ्ग) आदि धार्मिक तथा पर्यटकीय स्थल छन् । ६५ प्रतिशत वनक्षेत्र रहेको यस नगरपालिकामा १४० सामुदायिक वन छन् । जसमा विभिन्न वन्यजन्तुसँगै दुर्लभ मानिएको पाटे बाघको बासस्थान पनि रहेको छ। रंगुन नदी किनार सिमसार क्षेत्र रहेकाले विभिन्न चराचुरूङ्गीको बासस्थान रहेको छ। साथै साइबेरियन चरा पाहुनाको रुपमा आउने गरेको पाइन्छ।

परशुरामलाई ३३ कोटी देवीदेवताको स्नान स्थलका रुपमा पनि पुराणमा व्याख्या गरिएको छ। पूर्णागिरी मन्दिरमा सतीदेवीको पूर्ण अंग पतनपछि भगवान् शिवले यही धाममा लामो समय तपस्या गरेको कुरा मानस खण्डमा उल्लेख छ। सीमापारी पूर्णागिरी र परशुराम धामलाई जोड्न महत्वपूर्ण रहेकाले नेपालीसँगै भारतीय पर्यटक भित्र्याउन परशुराम नगरपालिकाले परशुराम क्षेत्रको विकास गुरूयोजना बनाई काम गरिरहेको छ।

परशुराम दैनिकजसो यज्ञ, गंगास्नान, सामूहिक पुजाआजा, ब्रतबन्धको व्यवस्था मिलाइएको छ। सुदूरपश्चिम प्रदेशका १६ शिवालयका २२ देउरा ल्याउने प्रचलन छ। माघ महिनामा कल्पवास बस्ने र महाकाली नदीमा स्नान गर्ने, नदीको जल लगेर शिवालयहरुमा रूद्राभिषेक गर्ने प्रचलन छ। परशुराम तीर्थमा स्नानसँगै यज्ञयज्ञादि, दान, पितृ कार्य र अन्य अनुष्ठान गरिन्छन् । परशुराम तीर्थलाई नगरपालिकाले धार्मिक साँस्कृतिक एवं पर्यटकीय क्षेत्र घोषणा गरी सोअनुरुपका विकास निर्माणका प्रकृया अगाडि बढाएको हो। गुरूयोजना अनुरुपका विकास निर्माण र गतिविधि सुरू गरिएका छन्। परशुराम तीर्थमा नगरपालिकाको पहलमा स्नान घाट, धर्मशाला, मन्दिर र पहुँच सडक निर्माण कार्य सुरू भएको छ ।

> प्रकृतिको अनुपम छटाले भरिपूर्ण महाकाली, रंगुन, पन्तुरा, शीर्षजस्ता पवित्र नदी प्रवाहित भगवान् बिष्णुको छैटौं अवतार परशुराम अवतार लिएको, भगवान् शिवका भागेश्वर, खिट्केश्वर, सिद्धनाथ, बैजनाथलगायत विभिन्न स्वरुप तथा समैजी, कैलीसैनी, कैलपाल, गोरील आदि देवीदेवताको बास भएको पुण्यभूमि परशुराम धाम, परशुराम क्षेत्र आदि नामले लोकविख्यात नगरी तथा डडेल्धुराको उर्वरभूमी भित्री मधेसक्षेत्रका नामले पनि चिरपरिचित छ ।
>
> **-भीमवहादुर सावद, नगरप्रमुख**

नगरपालिकाको कार्यक्रमअनुसार एक करोड पाँच लाखको लगानीमा परशुराम धाममा भगवान् परशुरामको ५४ फिटको मूर्ति आफ्नै श्रोतबाट नगरपालिकाले निर्माण सुरू गरेको छ । माघ महिनामा महाकाली नदीको स्नानलाई निकै महत्वका साथ लिइने भएकाले मकर संक्रान्तिको अवसर पारेर परशुराम तीर्थको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसारका लागि परशुराम धार्मिक पर्यटन महामहोत्सवको आयोजना गरिएको छ। महामहोत्सवमा श्रीमद्भागवत महापुराण, गायत्री पुरषचरण, धनधान्याञ्चल, सहस्त्र शालीग्राम, लक्ष्य होम आदिको आयोजना गरिएको थियो । दसौं हजार तीर्थयात्री उपस्थित भएको महोत्सवबाट करिब एक करोड बराबरको आम्दानी भएको थियो।

महोत्सवकै लागि परशुराम तीर्थसम्म जाने विभिन्न सडक बिस्तार, स्तरोन्नति र महोत्सवको अन्य शीर्षकको खर्चको हिसाब गर्दा करिब दुई करोड बराबरको खर्च भएको थियो। साँस्कृतिक एवं पर्यटकीय क्षेत्र परशुराम तीर्थमा वर्षेनी नेपाल र भारतका हजारौं तीर्थयात्री भित्रिने गरेका छन् । यस महोत्सवबाट भएको प्रचारप्रसारले तीर्थयात्रीको आउने क्रम बढ्ने छ। नजिकैको पूर्णगिरीमा भारत सरकारको व्यवस्थापनमा लाखौंको संख्यामा भित्रिने तीर्थयात्रीलाई परशुराम तीर्थमा ल्याउन प्रयास थालिएको छ । जसले नगरपालिकाको आर्थिक समृद्धिमा टेवा पुग्नेछ। वार्षिक पचास लाखभन्दा बढी आम्दानी हुने विश्वास गरिएको छ।





## मंगलसेन नगरपालिका, अछाम

# काकाकुल नगरवासीलाई डीप बोरिङबाट पानी







> "खानेपानी आपूर्ति भएपछि स्थानीय क्षेत्रका करिब ४२ घरपरिवार, बजार क्षेत्र, २ वटा एफएम रेडियो, ३ वटा सरकारी कार्यालय, २ वटा सहकारी, १ वटा सामुदायिक वन उपभोक्ता समितिको कार्यालय, सन्त निरंकारी मिशन, एउटा आधारभूत विद्यालयका २०० बालबालिका प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।"

लामो समयदेखि खानेपानीको समस्या रहेको मंलसेन नगरपालिकाको ठूलासैनमा नगरपालिकाले डीप बोरिङमार्फत काकाकुलको अवस्था अन्त्य गर्ने काम थालेको छ । आर्थिक वर्ष २०७५/७६ मा मंगलसेन नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रमबाट साठी लाख प्रस्तावित भए पनि पचास लाखमा नेपाल हाइड्रोपावर कम्पनीको प्राविधिक सहयोगमा ठूलासैन बजारमा ४ सय ८५ फिट गहिराइमा डीप बोरिङ प्रणालीबाट खानेपानी निकालिएको हो ।

खानेपानी आपूर्ति भएपछि स्थानीय क्षेत्रका करिब ४२ घरपरिवार, बजार क्षेत्र, २ वटा एफएम रेडियो, ३ वटा सरकारी कार्यालय, २ वटा सहकारी, १ वटा सामुदायिक वन उपभोक्ता समितिको कार्यालय, सन्त निरंकारी मिशन, एउटा आधारभूत विद्यालयका २०० बालबालिका प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । खानेपानी आपूर्ति भएपछि नजिक रहेको मंगलसेन बजार, आर्मी ब्यारेक, जिल्ला प्रहरी कार्यालय र जिल्लाका अन्य सरकारी कार्यालय र सदरमुकाम मंगलसेन बजारसम्म समेत पर्याप्त मात्रामा खानेपानी विस्तार गरी आपूर्ति गर्ने सम्भावना छ । सुदुरपश्चिम प्रदेशअन्तर्गत १० वटा स्थानीय तह रहेको अछाम जिल्लाको सदरमुकाममा अवस्थित मंगलसेन नगरपालिका हो । जसलाई १४ वटा वडामा विभाजन गरिएको छ ।

मंगलसेन नगरपालिका वडा नं. ६ को ठूलासेन बजार समुद्री सतहबाट करिब १८८५ मिटरको उचाईमा छ । सदरमुकाम नजिकको तत्कालीन जनालीबण्डाली गाविस रहेको उक्त ठाउँ विकासका दृष्टिकोणले पछाडि परेको भए पनि सम्भावनाले भरिपूर्ण छ । अग्लो डाँडामा रहेको ठूलासेन बजार पर्यटकीय सम्भावना बोकेको उत्तम ठाउँ पनि हो । ठूलासेन बजारमा दैनिक आवतजावत गर्ने हजारौं मानिस र तत्कालीन ३५ वटा गाविस र छिमेकी कर्णाली प्रदेशबाट आवत जावत गर्नेहरुका लागि निर्माण भइरहेको मध्यपहाडी लोकमार्गले एउटा इँटा थपेको छ ।

नेपाल हाइड्रोपावर कम्पनीको प्राविधिक सहयोगमा निकालिएको उक्त पानीबाट हाल पाइपद्वारा ३५ धारा जडान गरी अस्थायी रुपमा सञ्चालनमा ल्याइएको छ । बजेट अभावका कारण योजनाको पूर्ण काम सम्पन्न हुन नसके पनि स्थानीयवासीमा भने युगौंदेखिको खानेपानीको समस्या समाधान हुँदा खुसीयाली छाएको छ । २५ वर्षदेखि ठूलासेनमा होटल व्यवसायी गर्दै आउनुभएकी हरिकला भण्डारी र वडासदस्य देवेन्द्रप्रसाद भण्डारीले भन्नुभयो, "ठूलासैन बजारमा पानी आउँछ भन्ने हामीले कल्पनासमेत गरेका थिएनौं, घर-घरमै खानेपानीको धारा जडान भएको देख्दा पत्याउनै गाह्रो भएको छ ।' पानी निकाल्ने कार्यमा सहयोग गर्ने मंगलसेन नगरपालिका र नेपाल हाइड्रोपावरका प्राविधिकहरुलाई भण्डारी दम्पत्तिद्धयले हृदयदेखि नै धन्यवाद दिएको बताउनुभयो । नगरपालिकास्थित छिमेकी वडा रहेको ठूलासेनको अग्लोडाँडा बजार क्षेत्र दही, दुध, र खीर खानका लागि उपयुक्त बजार मानिन्छ । दिनहुँजसो बजारमा पिकनिक मनाउन जाने, सेल्फी खिच्न जाने युवा तन्नेरी, कर्मचारीहरुको केही मात्रामा भए पनि बाक्लै उपस्थिति देखिन्छ । उक्त बजारको पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले सम्भावनाको क्षेत्र भन्दै सिसीटिभी क्यामेरा जडान, प्रहरी चौकी स्थापना, तत्कालीन विकासप्रेमी नेता स्व. हरिप्रसाद भण्डारीको नाममा स्मृति पार्क निर्माण र करिब २५०० को उचाईमा रहेको मालिका माताको दर्शनका लागि मालिका पर्यटन प्रवर्द्धन गर्न गुरूयोजना तयार गर्ने योजना बनाइएको छ ।

आव २०७४/७५ मा यस नगरको नमूनायोग्य एवं दिगो विकासको सराहनीय कार्य भएको यहाँका नगरबासी, राजनीतिक दल, बुद्धिजीबी, शिक्षक र पत्रकारहरुको भनाइ छ ।

# स्वास्थ्य सेवा अब घरदेखि अस्पतालसम्म




## टीकापुर नगरपालिका, कैलाली

नागरिकको स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेर नगरपालिकाले घरदेखि अस्पतालसम्म सेवा सुरू गरेको छ। जनप्रतिनिधि निर्वाचित भएलगत्तै सुरू गरिएको अभियान निरन्तर जारी छ। निःशुल्क रक्तसञ्चार सेवा आवश्यक परेको बेला सम्पूर्ण टीकापुरबासीलाई घरदेखि अस्पतालसम्म कार्यक्रम, टीकापुर अस्पतालमा बालरोग विशेषज्ञ सेवा, सम्पूर्ण वडामा सहरी स्वास्थ्य केन्द्र स्थापना, विद्यालय केन्द्रित किशोरकिशोरी परामर्श सूचना केन्द्र स्थापना र किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालन गरिएको मेयर तपेन्द्रबहादुर रावलले बताउनु भयो।

नेपाल एउटा गरिब तथा अति कम विकसित राष्ट्रको नामले चिनिन्छ। देशमा विभिन्न स्वास्थ्य समस्या विद्यमान छन्। देशमा प्रमुख स्वास्थ्य समस्याको रुपमा उच्च जन्मदर, बाल मृत्युदर, शिशु मृत्युदर, नवजात शिशु मृत्युदर र मातृ मृत्युदर रहेका छन्। नेपालको तथ्यांक हेर्ने हो भने अझै पनि नेपालले दिगो विकास लक्ष्य प्राप्त गर्न धेरै मेहनत गर्नुपर्ने देखिन्छ। नेपालमा अझै पनि ५०% भन्दाबढी महिला घरमै प्रसुति गराउँछन्। सन् २०३० सम्म एमएमआर २ सय ३९ बाट १ सय ३४ र नवशिशु मृत्युदर ३३ बाट १६ मा झार्ने लक्ष्य रहेको छ।

अझै पनि गर्भवती जाँच चारपटक गर्नेको संख्या ५० प्रतिशत पनि पुग्न सकेको छैन। सुत्केरी जाँच पनि ज्यादै कम छ। मातृमृत्यु र नवशिशु मृत्यु घटाउन कम्तिमा पनि चारपटक फोस्ड एनसी हुनु पर्ने, तीनपटक (२४ घण्टा, ३ दिन र सात दिनमा) सुत्केरी जाँच हुनु पर्ने र स्वास्थ्य संस्थामा प्रसुति गराउन आवश्यक छ। नेपालको भौगोलिक कठिनाइका कारणले गर्भवती जाँच गराउन आउने महिला चारपटक नआएको पाइएको छ। नेपाल सरकारले प्रोटोकलअनुसार चारपटक गर्भवती जाँच गराउने महिलालाई ८ सय रूपैयाँ उत्प्रेरणावापत यातायात खर्च उपलब्ध गराउँदै आएको छ। सुत्केरी भएपछि न्वारान नभएसम्म घरबाट बाहिर निस्कने चलन छैन।

कैलाली जिल्लाअन्तर्गत टीकापुर नगरपालिकाको तंथ्याक हेर्ने हो भने आव २०७४/७५ मा सुरक्षित मातृत्व सेवा लिने सेवाग्राहीको संख्या न्यून छ। अझै पनि ४० प्रतिशतभन्दा बढी महिला घरमै प्रसुति हुन बाध्य छन्। चारपटक गर्भवती जाँच ५८ प्रतिशतमात्र पुग्न सकेको छ। तीनपटक सुत्केरी जाँच ५२ प्रतिशत र प्रोटोकलअनुसार तीनपटक सुत्केरी जाँच जम्मा ४२ प्रतिशत छ। मातृमृत्यु र नवजात शिशु मृत्यु घटाउन कम्तिमा पनि चारपटक एएनसी हुनु पर्ने, सुत्केरी जाँच तीनपटक ( २४ घण्टा, ३ दिन र सात दिनमा) हुनु पर्ने र स्वास्थ्य संस्थामा प्रसुति गराउन आवश्यक हुन्छ। नवजात शिशु मृत्युदर पनि अपेक्षा गरिएअनुसार घट्न सकेको छैन। जनचेतनाको अभाव र सामाजिक परिवेशले गर्दा हाम्रो समुदायका धेरै महिला गर्भ जाँच र सुत्केरी सेवा लिन स्वास्थ्य संस्थामा आउँदैनन्।

> सुरक्षित मातृत्व कार्यक्रमहरूमा समुदायको पहुँच बढाउने र यी सेवाहरू प्रयोग बढाई मातृ शिशु स्वास्थ्यका सूचकहरूमा सुधार ल्याउने काम भएको छ । आमा र नवजात शिशु तथा बालबालिकाको स्वास्थ्यमा सुधार ल्याई मातृ मृत्युदर र शिशु मृत्युदर कम गर्ने काममा मद्दत पुऱ्याउने यस कार्यक्रमको उद्देश्य छ ।

सुरक्षित मातृत्व कार्यक्रमहरुमा समुदायको पहुँच बढाउने र यी सेवाहरु प्रयोग बढाई मातृ शिशु स्वास्थ्यका सूचकहरुमा सुधार ल्याउने काम भएको छ। आमा र नवजात शिशु तथा बालबालिकाको स्वास्थ्यमा सुधार ल्याई मातृ मृत्युदर र शिशु मृत्युदर कम गर्ने काममा मद्दत पुऱ्याउने यस कार्यक्रमको उद्देश्य छ। २०७५/७६ मा टीकापुर नपाको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीको टीकापुर उपशाखालाई एउटा एम्बुलेन्स खरिदको काम भएको छ। एम्बुलेन्सले नगरका गर्भवती महिला तथा सुत्केरी हुने महिलालाई घरदेखि अस्पतालसम्म पुऱ्याउने काम गरिरहेको छ।

कार्यक्रमबाट समस्यामा परेका महिलालाई घरदेखि अस्पतालसम्म पुग्न सहज हुने, स्वास्थ्य संस्थामा सेवा लिनेको संख्यामा वृद्दि हुनेछ। गर्भवती महिला तथा नवशिशुको स्वास्थ्य अवस्थाबारे जानकारी तथा परामर्श सेवा प्राप्त हुनेछ। गर्भवती महिला स्वास्थ्य संस्थामा गई जाँच गराउन अभिप्रेरित गर्ने र स्वास्थ्य शिक्षा प्रदान गर्न सघाउने छन्। नगरभित्र सबै वडाका महिला गर्भवती जाँच गरी संस्थागत सुत्केरी हुनेछन्। स्वास्थ्य संस्थामा प्रसूति भई घर फर्केका सुत्केरी महिलालाई तेश्रो दिन र सातौं दिनमा आमा र बच्चा परीक्षण गर्न सल्लाह पाउनेछन्।





# पर्यटक लोभ्याउन धार्मिक पर्यटन मार्ग

## भीमदत्त नगरपालिका, कञ्चनपुर

"उत्तरमा धार्मिक पर्यटकीय मार्ग र दक्षिणमा शुक्लाफाँटा पर्यटन मार्गलाई जोडेर चक्रपथ निर्माणको योजना अघि सारेका छौं", -**सुरेन्द्र बिष्ट, नगर प्रमुख**

लामो समयसम्म स्थानीय निकायको निर्वाचन हुन नसक्दा अवरूद्ध भएका विकास निर्माणका कामलाई भीमदत्त नगरपालिकामा जनप्रतिनिधि तीव्रता दिइएका छन् । निर्वाचित भएको पहिलो वर्षमै दीर्घकालीन योजनासहित विकास निर्माणका कामलाई उच्च प्राथमिकताका साथ गति दिइरहेको हो ।

विकास निर्माणका कामलाई गति दिने क्रममा नगरको यातायात, पर्यटन र धार्मिक पर्यटनलाई एकै साथ अगाडि बढाउन नगरपालिकाको वडा नं. १, ३, ७, ८, ९ र १० लाई समेटिएको छ । रौटेलादेखि बम्हदेवसम्म सामुदायिक वन र बस्तीका बीचमा रहेको सडकलाई धार्मिक पर्यटन मार्गका रुपमा स्तरोन्नतिको कार्य सम्पन्न गरिएको छ। वडा नम्बर १३ देखि १९ सम्म शुक्लाफाँटा आरक्ष हुँदै निर्माण हुने पर्यटन मार्गको पनि ट्रयाक खेल्ने काम जारी छ । नगरपालिकाको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुलाई जोड्ने र नगर क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमनलाई सहज बनाउने र ती स्थलहरुको विकास गर्ने लक्ष्यअनुरुप वडा नं. १ रौटेलादेखि वडा नं.९ ब्रह्मदेवसम्म निर्माणाधीन रौटेला-ब्रह्मदेव धार्मिक पर्यटकीय मार्ग निर्माण गरिएको हो। चार लेनको पक्की सडक बनाउने लक्ष्य राखेर रौटेलादेदेखि ब्रह्मदेवसम्म धार्मिक पर्यटकीय मार्ग निर्माण थालिएको हो । भीमदत्त १३ झोलुङ्गे पुलदेखि वडा १९ बागफाँटासम्म शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज किनारमा पर्यटन मार्ग बनाउन लागिएको हो।

उत्तरी क्षेत्रमा धार्मिक पर्यटकीय मार्गसँगै नगरपालिकाको दक्षिणी क्षेत्रका वडा नं. १३, १४, १६, १५, १८ र १९ लाई जोड्ने गरी शुक्लाफाँटा पर्यटन मार्ग बनाउन सुरू गरिएको छ । नगरपालिकाले गत आर्थिक वर्ष २०७४/७५ मा धार्मिक पर्यटकीय मार्गको ट्रयाक खोलेर ग्राभेल गरी स्तरोन्नति गरेको छ । नगरपालिकामा निर्माण हुने नगर चक्रपथसँग जोड्ने गरी धार्मिक पर्यटकीय मार्ग निर्माण कार्य सुरू गरिएको हो। नगरपालिकाले सबै वडालाई छुने गरी नगर क्षेत्रमा नगर चक्रपथ बनाउने योजना बनाएको छ।

'उत्तरमा धार्मिक पर्यटकीय मार्ग र दक्षिणमा शुक्लाफाँटा पर्यटन मार्गलाई जोडेर चक्रपथ निर्माणको योजना अघि सारेका छौं', मेयर सुरेन्द्र बिष्टले भन्नुभयो, 'यस क्षेत्रको पर्यटन विकाससँगै ग्रामीण बस्तीलाई सडक सञ्जालले जोड्ने छ ।' धार्मिक पर्यटकीय मार्गले ब्रह्मदेवको सिद्धनाथ मन्दिर, तिलाचौरको झम्केनी धाम, तिलकपुरको साकेत धाम र बाराकुण्डाको रौटेला मन्दिरका साथै खल्ला मच्छेटीमा रहेको प्राचीन सिद्धबाबा, ऐतिहासिक ५२ कोठे दरबार, झिलमिला ताल लगायतका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थललाई एक आपसमा जोड्दै सो क्षेत्रमा आन्तरिक तथा बाहृय पर्यटकलाई भित्र्याउन उल्लेख्य मद्धत पुग्नेछ।

ऐतिहासिक स्थल ब्रह्मदेवसम्म झण्डै १५ किलोमिटर लम्बाईको धार्मिक पर्यटकीय मार्गको चौडाई कम्तिमा १८-२२ मिटर छ । धार्मिक पर्यटकीय मार्गले ब्रह्मदेवको कालिका मन्दिरस्थित प्रस्तावित महाकाली लोकमार्गलाई जोड्ने र मन्दिरनजिक बसपार्क प्रस्ताव गरिएको छ । 'धार्मिक पर्यटकीय मार्ग बन्न थालेपछि सो क्षेत्रसँग जोडिएका बासिन्दाका लागि यातायातका साधनको सहज पहुँचका आवतजावत गर्न निकै सहज भएको छ', बाराकुण्डाका रवीन्द्र कुँवरले भने, 'यसले सामुदायिक वन क्षेत्रमा भइरहेको वन अतिक्रमणलाई रोक्न सो मार्ग महत्वपूर्ण हुनेछ ।' २०७४ माघ २२ गत मेयर सुरेन्द्र विष्टले बाराकुण्डास्थित पिपलचौतारामा रिबन काटेर धार्मिक पर्यटकीय मार्गको शुभारम्भ गर्नुभएको हो। उहाँले धार्मिक र पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा नगरका बासिन्दालाई एकापसमा जोड्न मार्ग निर्माण गर्न लागिएको बताउनु भयो । नगरपालिकाको उत्तरी क्षेत्रमा धार्मिक पर्यटकीय मार्ग निर्माण गरिएपछि दक्षिणमा शुक्लाफाँटा पर्यटन मार्ग बनाउन थालिएको छ। निकुञ्ज र झोलुङ्गे पुलको पर्यटन प्रवर्द्धनका लागि पर्यटन मार्ग बनाउन सुरू गरिएको छ । विष्टले झोलुङ्गे पुल र बागफाँटालाई एकापसमा जोडेर निकुञ्जको पर्यटन प्रवर्द्धन गरिने र यो मार्गलाई आगामी दिनमा रौटेला-ब्रह्मदेव धार्मिक पर्यटकीय मार्ग र नगरपालिकालाई चक्रपथसँग जोडिने बताउनुभयो।

धार्मिक पर्यटकीय मार्गको प्रस्थान विन्दू बाराकुण्डालाई बागफाँटा र अन्तिम विन्दु ब्रह्मदेव कालिकासँग झोलुङ्गे पुललाई सडकबाट जोडेर नगर चक्रपथ बनाउने योजना अघि सारिएको छ । नगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने रौटेला, बाराकुण्डा, विष्णु मन्दिर साकेत धाम, झम्केनी धाम, झिलमिला ताल र ब्रह्मदेवको सिद्धनाथलगायतका धार्मिक पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनका लागि मार्ग निर्माण गरिएको हो।







# अप्टिकल फाइबरमार्फत जोडिँदै नगरवासी

## धनगढी उपमहानगरपालिका, कैलाली



यो कार्यक्रम सुरुमा वडा कार्यालयहरूको सेवा प्रवाहमा प्रयोग गर्ने गरी सुरु गरेर बिस्तारै सबै सामुदायिक बिद्यालय र स्वास्थ्य संस्थामा समेत उपलब्ध गराइने छ ।

**- नृपबहादुर वड, नगरप्रमुख**

धनगढी उपमहानगरपालिकाले आफ्नो सेवामा प्रभावकारिता ल्याउन आफूले उपलब्ध गराउने सेवासुविधालाई पारदर्शी एवं सहज रुपमा नगरवासीको पहुँचलाई सुनिश्चित गर्न जापानको आईटी भेन्चर कर्पोरेसनसँगको सहकार्यमा उपमहानगरपालिकाका सबै वडामा अप्टिकल फाइबर जडान गर्ने भएको छ। यसका लागि इन्टरनेट सेवा प्रदान गर्ने र सो सेवाबाट उपमहानगरपालिकाका सबै गतिविधि एवं सेवा प्रवाह विद्युतीय माध्यमद्वारा प्रवाह गर्ने लक्ष्य लिई कार्य अगाडि बढाइएको छ। यो कार्यक्रम सुरूमा वडा कार्यालयहरुको सेवा प्रवाहमा प्रयोग गर्ने गरी सुरू गरेर बिस्तारै सबै सामुदायिक बिद्यालय र स्वास्थ्य संस्थामा समेत उपलब्ध गराइने नृपबहादुर वडले बताउनु भयो।

उपमहानगरपालिकाद्वारा उपलब्ध गराइएका सेवासम्बन्धी सम्पूर्ण सूचना उपमहानगरपालिका कार्यालयमा जडान भएको सर्भरमार्फत तथ्यांकसमेत अध्यावधिक गरिनेछ। नगरवासीले उपमहानगरपालिकाको वेबसाइटको माध्यमबाट सबै सूचना सहज रुपमा प्राप्त गर्न सक्नेछन्।

यो परियोजना सञ्चालन गर्न उपमहानगरपालिकाले ५१ लाख ८९ हजार ५ सय मात्र खर्च बेहोर्ने छ भने बाँकी खर्च आईटी भेन्चर कर्पोरेसनले गर्ने सहमति पत्रमा हस्ताक्षर गरिएको छ। यो कार्यबाट उपमहानगरपालिकाको कर प्रणाली, घर नक्सा पास प्रणाली, भिडियो निगरानी प्रणाली आदि उपमहानगरपालिकाको सर्भर सिस्टममा आवद्ध गरिनेछ। उपमहानगरपालिकाबाट विभिन्न वडामा फ्रि वाईफाई जडान गरिनेछ। यस कार्यबाट उपमहानगरपालिकाको आफ्नै नेटवर्किङ तयार हुनेछ भने यसले बाहृय प्रभावबाट आफ्ना कार्यलाई स्वतन्त्र राख्नसमेत उपमहानगरपालिका सक्नेछ।

उपमहानगरपालिकाले आफ्ना सबै कार्य अनलाइनबाट सम्पादन गर्ने र पारदर्शी रुपमा सार्वजनिक गरी नगरबासीको पहुँचलाई सहज बनाउने लक्ष्य लिएको मेयर नृपबहादुर वडले बताउनु भयो।



# कृषि उपजमा आत्मनिर्भर बनाउँदै स्थानीय सरकार

## बुढीगंगा नगरपालिका, बाजुरा



नगरपालिकाले दुई स्थानमा ओखरको नर्सरी स्थापना गरेको छ भने अन्य फलफूलको नर्सरी स्थापना गर्ने तयारी गरेको छ । जिल्लाबाट ओखरका बिरुवा खरिद गर्नु पर्ने बाध्यताको अन्त्य गर्न नर्सरी स्थापना गरी सुलभ मुल्यमा बिरुवा प्राप्त गर्न सकिने वातावरण तयार भएको छ ।



नगरवासीलाई कृषि उपजमा आत्मनिर्भर बनाउने उद्देश्यले बुढीगंगा नगरपालिकाले विभिन्न कार्यक्रम सुरू गरेको छ । नगरपालिकाका कार्यक्रमहरुमा स्थानीयको सक्रिय सहभागिता देखिएको छ। नगरपालिकाको कृषि शाखामार्फत आर्थिक वर्ष २०७५/७६ मा वार्षिक कार्यक्रमअन्तर्गत दुई हजार किलो उन्नत गहुँ बीउ वितरण गरिएको छ।

गहुँको बीउ उत्पादनमा आत्मनिर्भर बनाउँदै आगामी वर्षदेखि निर्यात गर्न सक्ने हेतुले कृषकलाई गहुँको बीउ वितरण गरिएको मेयर दिपकविक्रम शाहले बताउनु भयो। नगरपालिकाबाट वितरण गरिएको गहुँको बीउ १७ हेक्टर जमिनमा प्रयोग हुन्छ। उन्नत जातको बीउको प्रयोगले उत्पादन वृद्धि हुने र कृषकको लागतभन्दा तेब्बर आम्दानी गर्न सकिने उहाँको भनाइ छ । नगरपालिकाले यसअघि भोग्दै आएको खाद्य तथा पोषण असुरक्षालाई समेत यसले टेवा पुऱ्याउने छ।

खाद्यान्नहरु आयात गर्ने अवस्थाबाट मुक्त गर्न, खाद्यान्न तथा तरकारी बालीहरुको उन्नत बीउ उत्पादन गरी सहज रुपमा नगरवासीलाई कृषि पेशामा व्यावसायिक बनाउन उक्त कार्यक्रमले सहयोग पुग्ने मेयर शाहले बताउनु भयो। गहुँको बीउ वितरणसँगै दीर्घकालीन योजनाअनुसार फलफूल नर्सरी स्थापना गरिएको छ। तीनवटा क्लस्टर तयार गरी भौगोलिकताका आधारमा फलफूल बालीको पकेट क्षेत्र निर्माण गर्ने योजना रहेको छ।

नगरपालिकाले दुई स्थानमा ओखरको नर्सरी स्थापना गरेको छ भने अन्य फलफूलको नर्सरी स्थापना गर्ने तयारी गरेको छ । जिल्लाबाट ओखरका बिरूवा खरिद गर्नु पर्ने बाध्यताको अन्त्य गर्न नर्सरी स्थापना गरी सुलभ मुल्यमा बिरूवा प्राप्त गर्न सकिने वातावरण तयार भएको छ । नर्सरी सञ्चालक र कृषकहरु स्वरोजगार भएका छन् भने गुणस्तरीय विरूवा कृषकले सहजै प्राप्त गरेका छन्।

विरूवा ढुवानी गर्दा लाग्ने ढुवानी खर्च मात्रै जोगिएको छैन, आफ्नै स्थानमा गुणस्तरीय बिरूवाहरु उपलब्ध हुँदा कृषकको खर्च कम हुने भएको छ। यसले नगरले सोचेको आर्थिक समृद्धिको अभियानमा थप सहयोग पुगेको छ। स्थानीय पुँजी परिचालन गरी स्थानीय स्तरमै शसुरू गरिएको यो अभियान सफल हुँदै गएको नगरवासीको पनि अनुभव छ।

# बालश्रम हटाउन हरियो झण्डा



## दिपायल सिलगढी नगरपालिका, डोटी

> “अति कमजोर आर्थिक अवस्था भएका परिवारका श्रमिक बालबालिकालाई नगर क्षेत्रका आवासीय सेवा सञ्चालन भएका शहिद स्मृति आवासीय विद्यालयलगायत संस्थागत र सामुदायिक विद्यालयमा सम्पर्क गरी व्यवस्थापन गर्ने, अर्को कुनै व्यवस्था नभएमा श्रमिक बालबालिकाको अध्ययन अध्यापनका लागि नगरपालिकाले पहल गर्ने लगायतका कार्यक्रमहरु बनाइएको छ ।”
>
> **-मञ्जु मलासी, नगर प्रमुख**

डोटीको दिपायल सिलगढी नगरपालिकाभित्र भइरहेको बालश्रम हटाउन नगरपालिकाले रचनात्मक शैलीमा अभियान सुरू गरेको छ । नगरलाई बालमैत्री बनाउन २०७० सालमा भएको सर्वपक्षीय प्रतिवद्धताअनुसार सो कार्यका लागि अग्रसर बनेको नगरपालिकाले बालश्रम प्रयोग नभएका घरमा हरियो झण्डा गाड्ने र बालश्रम प्रयोग भइरहेको घरलाई रित्तै छोडेर नैतिक दबाब सिर्जना गर्न यस्तो अभियान सुरू गरेको थियो ।

अभियानको २०७५ सालको भाद्र २९ गते शुक्रबार बाल दिवसकै अवसरमा दिपायल सिलगढी नगरपालिकाकी मेयर मञ्जु मलासीले बालश्रम प्रयोग नभएको घरमा हरियो झण्डा गाडेर अभियानको उद्घाटन गर्नु भएको थियो । नगरपालिकाका मुख्य बजार क्षेत्रहरु रहेका वडा नं. ४ को पिपल्ला र राजपुर तथा वडा नं. ५ र ६ को सिलगढी बजार क्षेत्रमा बालबालिका होटल, पसल एवं घरायसी श्रममा राखिएको भन्दै बालश्रम हटाउन नगरपालिकाले सो अभियान सञ्चालन गरेको हो । बालश्रम हटाई बालमैत्री नगर बनाउनका लागि दिपायल सिलगढी नगरपालिकाले थुप्रै किसिमका कार्यक्रमको आयोजना गरिसकेको छ । सबै वडामा बालक्लब गठन गरी परिचालन गरिएका छन् ।

वडा र नगर स्तरमा विभिन्न समयमा सरोकारवाला र नगरपालिकाबीच तालिम, अभिमुखीकरण तथा अन्तरक्रियाहरु सञ्चालन गरिएका छन् । स्थानीय ज्योतिषी, पुरोहित, धामीझाँक्रीहरु सहितलाई समेटेर बालविवाह न्यूनीकरण गराउन उनीहरुलाई



तालिम दिइएको छ । बालश्रमिकका अभिभावक एवं बालश्रम गराउने घरमालिकका बीचमा समेत अन्तरक्रिया गराउने कार्य गरिएको छ ।

बालश्रम निषेध गर्नका लागि नगर उपप्रमुखको संयोजकत्वमा बालश्रम निवारणसम्बन्धी कार्यदल गठन गरी उक्त कार्यदलमा सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरीक्षक, पत्रकार सहितको एघार सदस्यीय कार्यदल रहेको छ, जसले बालश्रम न्युनीकरण गर्न १४ बुँदे मापदण्डसमेत बनाएको छ ।

नगर क्षेत्रका सबै वडामा अनुगमन गरी घरभन्दा बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने, विशेषत वडा नं. ३, ४, ५, ६ र ९ मा प्राथमिकता दिई सुरूवात गर्ने, संकलित तथ्यांकका आधारमा बालश्रममा रहेका श्रमिकको वास्तविक अवस्था (अति जोखिम, जोखिम र सामान्य) को पहिचान गरी अभिलेखीकरण गर्ने, बालश्रमिक राख्ने व्यक्ति, परिवार, उद्योग, फार्म, व्यवसायीहरुको नाम नामेसी सहितको विवरण स्थानीय पत्रपत्रिकामा प्रकाशन गर्ने, बालश्रमिक राख्ने व्यक्ति, परिवार, उद्योग, फार्म, व्यवसायीहरुलाई बालश्रमिक राखेको समयसम्म नगरपालिकाले प्रदान गर्ने सबै सेवा सुविधाबाट वञ्चित गर्ने, श्रमिक बालबालिकाका अभिभावकसँग सम्पर्क गर्ने र अन्तरक्रिया गरी उनीहरुको जिम्मा लगाउने योजना बनाएको हो ।




अति कमजोर आर्थिक अवस्था भएका परिवारका श्रमिक बालबालिकालाई नगर क्षेत्रका आवासीय सेवा सञ्चालन भएका शहिद स्मृति आवासीय विद्यालयलगायत संस्थागत र सामुदायिक विद्यालयमा सम्पर्क गरी व्यवस्थापन गर्ने, अर्को कुनै व्यवस्था नभएमा श्रमिक बालबालिकाको अध्ययन अध्यापनका लागि नगरपालिकाले पहल गर्ने, वडा कार्यालयलाई बालमैत्री क्रियाकलाप गर्न प्रोत्साहित गर्ने, श्रममुक्त भई घर फर्केका अति कमजोर परिवारका बालबालिकालाई शैक्षिक सामग्री र पोशाक उपलब्ध गराउने काम भइरहेको छ । यसैगरी, बालक्लब, बालक्लब सञ्जाल र बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई थप सकृय बनाउने, बालश्रम विरूद्धको अभियानलाई तीव्रता दिनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने लगायतका योजना रहेका छन् ।

# सुत्केरी महिलासँग उपप्रमुखको हातेमालो




## गौरीगंगा नगरपालिका, कैलाली

नगरपालिकाले चालु आर्थिक वर्षमा महिलासँग उप-प्रमुख कार्यक्रम सञ्चालनका लागि नगर सभाबाट बजेट विनियोजन र कार्यपालिका बैठकबाट कार्यविधि स्वीकृत गरी नगरमा महिलासँग हातेमालो कार्यक्रम सुरू गरेको छ। उक्त कार्यक्रमबाट हिंसापीडित महिलालाई राहत वितरण, नवदम्पत्तिलाई शुभकामना कार्ड वितरण र स्वास्थ्य संस्थामा नियमित जाँच गराई बच्चा पाएका सुत्केरी महिलालाई एक किलो घिउ वितरणजस्ता महिला प्रत्यक्ष लाभान्वित हुने विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ।

हालसम्म उक्त कार्यक्रमवाट दुई सय २१ जना महिला लाभान्वित भएको डेपूटी मेयर (उप-प्रमुख) अञ्चला चौधरीले बताउनु भयो। गौरीगङ्गा नगरपालिकाको कार्यपालिका बैठकबाट अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरणसम्बन्धी कार्यविधि स्वीकृत गरी यस नगरभित्रका अपाङ्गता भएका व्यक्तिको अवस्था हेरी चार किसिमका अपाङ्ग परिचय पत्र वितरण कार्यलाई प्रत्येक वडामा शिविर आयोजना गरी अभियानकै रुपमा सञ्चालन गरेको उहाँको भनाइ छ। महिला विकास अधिकृत



आर्थिक रुपले विपन्न घरपरिवारलाई घर निर्माणमा सहयोग गर्ने उद्देश्यले नगरसभाबाट जनता आवास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन तथा कार्यपालिका बैठकबाट जनता आवास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ स्वीकृत गरिसकेको छ।

पुनम रेग्मीका अनुसार, हालसम्म यस नगरपालिकाअन्तर्गत रहेका अपाङ्गता भएका व्यक्तिमध्ये ३२ (क वर्ग) रातो कार्ड, ११५ (ख वर्ग) नीलो कार्ड, ३० (ग वर्ग) पहेलो कार्ड र ८० (घ वर्ग) सेतो कार्ड वितरण भएको छ।

नेदरल्याण्ड लेप्रोसी रिलिफ र नेपाल राष्ट्रिय समाज कल्याण परिषद्को साझेदारीमा गौरीगङ्गा नगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नमुनाअनुसार नगरपालिकाको वस्तुस्थिति विवरण (नगर प्रोपाइल) बनाउन मोबाइल एप्सबाट तथ्यांक संकलन गर्ने काम अन्तिम चरणमा पुगेको छ। हाल संकलन गरिएको तथ्यांकलाई नगरस्तर तथा वडास्तरमा पुनः छलफल गरी सुझावअनुसार प्रोफाइल बनाउने काम भइरहेको तथा कार्यपालिका बैठकवाट स्वीकृत गरी प्रकाशन गरिने जानकारी मेयर भीमबहादुर देउवाले दिनुभयो। नगर प्रोपाइल तयार गरेपश्चात यस नगरपालिकाको वेवसाइट र मोबाइल एप्सबाट आवश्यक परेका तथ्यांक सरोकारवालाले सजिलै प्राप्त गर्न सक्नेछ। अन्य विस्तृत तथ्यांक भने सूचना प्रविधि शाखाबाट प्राप्त गर्न सकिने छ।

आर्थिक रुपले विपन्न घरपरिवारलाई घर निर्माणमा सहयोग गर्ने उद्देश्यले नगरसभाबाट जनता आवास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन तथा कार्यपालिका बैठकबाट जनता आवास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ स्वीकृत गरिसकेको छ। सोही कार्यक्रमबाटै लाभान्वित हुने घरपरिवारको छनोटका लागि सूचना प्रकाशन गर्ने प्रमुख प्रशासकीय अधिकृत हरिश पन्तले जानकारी दिनुभयो। आर्थिक तथा सामाजिक विकासका साथै नगरपालिकाले पूर्वाधार विकास निर्माणमा समेत तीब्रता दिएको छ। नगरपालिकाले सडक कालोपत्रे, पुल तथा कल्भर्ट निर्माण, सडक ग्राभेल तथा स्तरोन्नति र वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकतामा राखेको छ। सोहीअनुसार नगरसभाबाट बजेट विनियोजन भई तीब्र गतिमा निर्माण कार्य भइरहेको र केही निर्माण कार्य सम्पन्न भइसकेको पनि नगरपालिकाका इन्जिनियर दाताराम जोशीले बताउनु भयो। पेश्की र बेरूजु फछ्र्यौटमा प्राथमिकता दिइएको छ। कर्मचारी र आर्थिक रुपले विपन्न घरपरिवारलाई घर निर्माणमा सहयोग गर्ने उद्देश्यले नगरसभाबाट जनता आवास कार्यक्रम साथै पदाधिकारीलाई आवश्यक इन्धन खर्चमा नियन्त्रण गर्न व्यक्तिगत लगबुकको व्यवस्था गरिएको, नगरकार्यपालिका कार्यालयबाट हुने खर्च नियन्त्रण गर्न अर्डर स्लिप छपाइ प्रयोगमा ल्याइएको जस्ता काम भएका छन्।

विकास निर्माणका कार्यहरुका साथै कार्यालय र विद्यालयहरुको नियमित सामूहिक अनुगमन गर्ने गरिएका छन्। यसक्रममा अनुगमन सूचक सहितको फारम प्रयोग गरिएको र सरोकारवालालाई सम्बन्धित स्थानमै पृष्ठपोषण र सुझाव दिने गरिएको छ। बस्ती भेटघाटका क्रममा आवश्यक परेका व्यक्तिहरुलाई तत्काल सहयोग तथा राहत दिने उद्देश्यसहित 'सपोर्ट अन द स्पट' कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको छ। २०७३ फागुन २७ गते स्थापना भएको गौरीगङ्गा नगरपालिका सुदूरपश्चिम प्रदेश कैलाली जिल्लामा पर्दछ।





# भारतमा काम गर्ने श्रमिकको बिमा

## पाटन नगरपालिका बैतडी



"बिमा कार्यलाई प्रोत्साहन गर्ने उद्देश्यले हाल बिमितका परिवारले निशुल्क रुपमा बिमा गर्ने अवसर पाएका छन् । उक्त रकमको लागि रुडेस नेपाल र अक्सफामसंग साझेदारी गरी नगरपालिकाले आर्थिक व्ययभार व्यहोरेको छ ।"
**-केशवबहादुर चन्द, नगर प्रमुख**

सयौं वर्षौंदेखि भारतमा रोजगारीका लागि खुला सिमाना भएका कारण सजिलै जाने गरेका छन् । भारतका विभिन्न ठाउँमा काम गर्ने तर कामको सिलसिलामा चोटपटक लागेमा, कुनै अंगभंग भएमा वा मृत्यु नै भए पनि कुनै किसिमको क्षतिपूर्ति नपाउने हुँदा त्यस्ता क्षेत्रका नागरिकका परिवारले निकै दुःखकष्टको सामना व्यहोर्नु परिरहेको छ । यही यथार्थतालाई बुझेर पाटन नगरपालिका बैतडीले भारतमा काम गर्ने व्यक्तिको बिमा गर्ने कामको सुरूवात गरेको छ।

भारतमा काम गर्ने व्यक्तिको परिवारका प्रतिनिधिमार्फत बिमा गर्ने काम भइरहेको मेयर केशबबहादुर चन्दले बताउनु भयो । बिमा कार्यक्रमा रूडेस नेपाल तथा अक्सफाम भन्ने संस्थासँग सहकार्य गरी नगरपालिकाभित्रका तीनवटा सहकारी संस्था उदयदेव महिला बचत तथा ऋण सहकारी संस्था, सिद्धेश्वर बचत तथा ऋण सहकारी संस्था र महालक्ष्मी बचत तथा ऋण सहकारी संस्थामार्फत बिमाको थालनी गरिएको हो । भारतका विभिन्न भागबाट तीनवटै सहकारी संस्थामार्फत नै रकम सजिलैसँग प्राप्त गर्ने सुविधासमेत उपलब्ध गराइरहेका छन् । अहिलेसम्म बिमा गर्नेको संख्या दुई सय पुगेको छ। बिमा गर्ने कामलाई निरन्तरता दिइएको छ। बिमा कार्यलाई प्रोत्साहन गर्ने उद्देश्यले हाल बिमितका परिवारले निशुल्क रूपमा बिमा गर्ने अवसर पाएका छन् । उक्त रकमको लागि रूडेस नेपाल र अक्सफामसंग साझेदारी गरी नगरपालिकाले आर्थिक व्ययभार व्यहोरेको छ।

भारतमा काम गर्न गएका र बिमा गरेको व्यक्तिका परिवारलाई पाटन नगरपालिका बैतडीका नगर प्रमुख केशबबहादुर चन्दले बिमा गरेको प्रमाण पत्र वितरण गर्नु भएको थियो।





## बडीमालिका नगरपालिका, बाजुरा

# सूचना र स्वास्थ्यमैत्री बन्दै मालिकावासी

जिल्ला सदरमुकामको नगरपालिका भएता पनि भौगोलिक विकटताका कारण निकै कठिनाई हुँदा सेवा प्रवाह गर्न समस्या छ । त्यसैले पनि सबै वडामा इन्टरनेट सुविधा बिस्तार गरी अनलाइन सेवा प्रवाह गर्ने गरी इ-बडीमालिका अभियान सञ्चालन गरिएको हो ।

**-पदम बडुवाल, नगर प्रमुख**

बडीमालिका नगरपालिकाले इ-बडीमालिका अभियानअन्तर्गत हरेक वडामा इन्टरनेट सुविधा पुऱ्याएको छ। पहिलो चरणमा वडा कार्यालय क्रमशः स्वास्थ्य संस्था र विद्यालयमा जडान गरिँदै लगिने भएको छ। इ-गभर्नेन्स, भिडियो कन्फेरेन्स लगायतका सूचना-प्रविधिमैत्री सिकाइमूलक वातावरण तयार गरेको छ।

जिल्ला सदरमुकामको नगरपालिका भएता पनि भौगोलिक विकटताका कारण निकै कठिनाई हुँदा सेवा प्रवाह गर्न समस्या छ। त्यसैले पनि सबै वडामा इन्टरनेट सुविधा बिस्तार गरी अनलाइन सेवा प्रवाह गर्ने गरी इ-बडीमालिका अभियान सञ्चालन गरिएको मेयर पदम बडुवालको भनाइ छ।

हरेक नगरवासीलाई आधारभूत स्वास्थ्य सुविधा पुऱ्याउने ध्येयले नगरपालिकामा जनप्रतिनिधि निर्वाचित भएलगत्तै पाँच ठाउँमा सहरी स्वास्थ्य केन्द्र पिनालेक, मना, कोर्ध, पाटा र रजाली स्थापना भएका छन् भने साविकका स्वास्थ्य चौकीलाई सुविधा सम्पन्न बनाउने अभियानसमेत सञ्चालन भएको छ। मोबाइल स्वास्थ्य कार्यक्रमअन्तर्गत ३५ जना महिला स्वयंसेविकालाई मोबाइल फोन उपलब्ध गराएर सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउँदै लगिएको छ।

जिल्ला सदरमुकाम समेत रहेको मार्तडीलाई नमूना सहरका रुपमा विकास गर्न नगर सरकारले अभियान थालेको छ। पहिलो चरणमा डिभिजन वन कार्यालयदेखि जिल्ला अस्पतालसम्म र गौडा डिलदेखि जिल्ला प्रशासन कार्यालयसम्म सडक निर्माण कार्य तीब्र रुपमा भइरहेको छ। सहरी विकाससँगको सहकार्यमा तुफानडाँडादेखि मालिका मन्दिरसम्मको सडक निर्माण प्रकृयामा गइसकेको छ।

मार्तडीको खानेपानीलाई व्यवस्थित गर्न बृहत मार्तडी खानेपानी विस्तृत आयोजना तयार गरी काम सुरू गरिएको छ। पाँच ठाउँमा ५० घनमिटरका ट्याङ्की बनाई पानी वितरण गर्ने गरी काम प्रारम्भ भएको छ। बडीमालिका मन्दिरसम्म सहज तीर्थयात्रा गर्न २० लाख बजेट विनियोजन गरिएको छ भने नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि समृद्धिका लागि गन्तव्य बडीमालिका नाम दिएर पर्यटकीय क्षेत्रको सम्भाव्यता समेत अध्ययन सम्पन्न गरिसकेको छ।

नगर क्षेत्रका पर्यटकीय गन्तव्यलाई बडीमालिका क्षेत्र, कालाजग्रा खापर क्षेत्र र जाल्पादेवी क्षेत्रमा विभाजित गरी पर्यटन पूर्वाधार विकासका कार्य भइरहेका छन्। यसै आवमा वडा नं. ३ लाई कृषि पर्यटकीय क्षेत्रका रुपमा विकास गरिने छ भने नगरका कुनै एक बस्तीलाई होम स्टेका रुपमा विकास गरिने गरी बजेट व्यवस्था गरेको छ।

बडीमालिका मन्दिर पुग्नका लागि वडा नं ६ को बुढाकोर्धबाट केवलकार सञ्चालन गर्ने गरी बुढाकोर्ध-मालिका केवलकार सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरिएको छ। जाल्पादेवी (दुनलेक) पिनालेक, डाँडाचौर (उखाडी) दहडाँडा समेतको अध्ययन गर्ने गरी अभ्यास भएको छ। मार्तडीको प्रवेशद्वार थुवाँकाँधमा पवित्र बुढीगंगा र बाउलीखोलाको दोभानमाथि संसारकै नमूना त्रिकोण पुल निर्माणका लागि सर्भे सम्पन्न भएको छ। वडा २, ८ र ९ का थुवाँकाँध, चौराटाको नाया र घाघरको बयाल्या जोड्ने गरी पुल निर्माण हुँदैछ।

बडीमालिका नगरलाई कृषिजन्य तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले कृषकसँग नगर-प्रमुख कार्यक्रम तय गरिएको छ। किसानको मुहारमा मुस्कान र प्रविधिकरणको अभियानअन्तर्गत हाते ट्याक्टर वितरण, तरूण रोजगार बीउपुँजी कोष सञ्चालन, परम्परागत खानपान सुधारका लागि बिपी जीवनस्तर सुधार कार्यक्रमलगायत पशु विकास क्षेत्रतर्फ सुत्केरी भैंसीलाई सुत्केरी स्याहार भत्ता, गोठाला किट वितरण, उन्नत जातका कुखुरा, बाख्रा, बोका वितरणजस्ता उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिरहेको छ।




महिलाले भोगिरहेका पिर मर्का महिलाले मात्र बुझ्न र सम्बोधन गर्न सक्दछन् भन्ने मनसायले महिलासँग उप-प्रमुख कार्यक्रम तय गरी बालविवाह, लैंगिक हिंसा, छाउपडी प्रथा लगायतका सामाजिक कुरीतिविरूद्ध सचेतना अभियान सञ्चालन गरिएको छ। छाउपडी गोठमुक्त अभियानअन्तर्गत वडा नं ३ लाई छाउपडी गोठमुक्त वडा घोषणा गरिसकेको छ भने अन्य वडालाई घोषणा गर्ने काम भइरहेको छ। नगरपालिकालाई सफा र स्वच्छ राख्नु नगरपालिकाको पहिलो जिम्मेवारी हो। हरेक वडा सरसफाई तथा स्वच्छता सहजकर्ता नियुक्त गरी स्वच्छता कायम गर्ने गरी व्यवस्था गरेको छ। जिल्लाकै जेठो नगरपालिका तथा सदरमुकाममा रहेको पालिका भएकाले अन्य तहका लागिसमेत उदाहरणीय बन्नु पर्ने महसुस गरी भौतिक सेवा सुविधाका अलवा सूचना प्रविधि, सुविधा सम्पन्न हल, गाडी पार्किङको व्यवस्था लगायतका सुविधा सहितको कार्यालय स्थापना कार्य भएको छ।

# समृद्ध वेदकोट नगरको आधार, कृषि उद्योग पर्यटन र पूर्वाधार

## वेदकोट नगरपालिका, कञ्चनपुर



वेदकोट नगरपालिका, कञ्चनपुर 'समृद्ध वेदकोट नगरको आधार, कृषि उद्योग पर्यटन र पूर्वाधार' भन्ने नारा लिएर अगाडि बढेको वेदकोट नगरपालिकाले झम्केश्वर क्षेत्र, सिद्ध सरोवर ताल (बन्दा ताल) र चुने पानी क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिसकेको छ । ऐतिहासिक धरोहरको रुपमा रहेको प्राकृतिक मनोरमले भरिपूर्ण सुन्दर वेदकोट तालमा वेदकोट पर्यटन भ्रमण वर्ष २०७५ को अवसरमा तालको अवलोकन गरिएको छ।

यस क्षेत्रमा रहेको अर्को सुन्दर धार्मिक पर्यटकीय क्षेत्र शिव लिङ्गेश्वर धामको पनि उपराष्ट्रपति नन्दकिशोर पुनले अवलोकन गर्नु भएको छ। धार्मिक तथा पर्यटन मेलाको मुख्य आकर्षण रहेको वेदकोट नगरपालिकाद्वारा निर्मित भ्यू टावरको पनि सम्माननीय उपराष्ट्रपतिले झण्डोत्तोलन गरी उद्घाटन गर्नु भएको थियो । उक्त भ्यू टावरबाट कञ्चनपुर तथा कैलालीका फाँटहरु पनि देख्न सकिन्छ । चुरे क्षेत्रमा रहेका तालमध्ये वेदकोट ताल सुदूरपश्चिमकै ठूलो तालको रुपमा मान्न सकिन्छ।

> "धार्मिक पुरातात्विक सांस्कृतिक क्षेत्रको संरक्षण, सम्वर्द्धन गर्न कला साहित्य एवं मठ, मन्दिर, चर्च, भुइँया मन्दिर, थनुवा मन्दिर, बौद्ध गुम्बा, गौरा मन्दिर, सिद्धनाथ, भगवती, त्रिपुरा, घटाल मन्दिर, पूर्णगिरी मन्दिर, नवदुर्गा, विश्वकर्मा मन्दिर, निमुन मन्दिर, डाँडा बाघ मन्दिर, हुनैनाथ मन्दिर, कफलाशैनी मन्दिर, राधाकृष्ण मन्दिर, बछेला मन्दिर आदिमा नगपरपालिकाको विशेष ध्यान पुगेको छ "।
> **-अशोककुमार चन्द, नगरप्रमुख**

प्राकृतिक तथा पर्यापर्यटनले भरिपूर्ण वेदकोट नगरपालिकामा रहेको शिव लिङ्गेश्वर धाममा पनि दिनहुँ आन्तरिक तथा बाह्य पर्यटकसँगै छिमेकी मुलुक भारतका पर्यटकमा पनि बढ्दो आकर्षण देखिन्छ। यसरी नै आफ्ना क्षेत्राधिकारभित्रका अलौकिक पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन तथा पर्यटकको संख्या वृद्धि गर्न वेदकोट नीतिगत रुपले लागि परेको छ । साथै पर्यटन क्षेत्रका विकासका लागि शिव लिङ्गेश्वरमा सेल्फी प्वाइन्ट, प्रवेश द्वार, मन्दिर, धर्मशाला, शौचालय, तटबन्ध, विश्रामस्थल लगायतका पूर्वाधार, सडक फराकिलो र ग्राभेल गर्ने काम सम्पन्न गरिएको मेयर अशोककुमार चन्दले बताउनु भयो।

धार्मिक पुरातात्विक सांस्कृतिक क्षेत्रको संरक्षण, सम्वर्द्धन गर्न कला साहित्य एवं मठ, मन्दिर, चर्च, भुइँया मन्दिर, थनुवा मन्दिर, बौद्ध गुम्बा, गौरा मन्दिर, सिद्धनाथ, भगवती, त्रिपुरा, घटाल मन्दिर, पूर्णगिरी मन्दिर, नवदुर्गा, विश्वकर्मा मन्दिर, निमुन मन्दिर, डाँडा बाघ मन्दिर, हुनैनाथ मन्दिर, कफलाशैनी मन्दिर, राधाकृष्ण मन्दिर, बछेला मन्दिर आदिमा नगपरपालिकाको विशेष ध्यान पुगेको छ । ४६ भन्दाबढी स्थानको भवन निर्माण, मर्मत, बाउण्डरी, भजनकीर्तन घर निर्माण, गेट निर्माण, सोलार बत्ती जडान, शौचालय निर्माणलगायत कार्य सम्पन्न भएको मेयर चन्दले बताउनु भयो । वेदकोट पर्यटन भ्रमण वर्ष २०७५ सफल बनाउन वेदकोट धार्मिक तथा पर्यटन मेला आयोजना गरिएको थियो। वेदकोट नगरपालिकाको समृद्धि तथा विकासका लागि आगामी दिनमा विभिन्न प्रकारका योजनाजस्तै केबुलकार, चिडियाखाना, माइक्रो हाइड्रो, वाटर पार्क, कृषि अनुसन्धान केन्द्र पर्यटकीय क्षेत्रको मास्टर प्लान, नगर प्राविधिक शिक्षालय र नदी नियन्त्रण लगायतको सम्भाव्यता अध्ययन गरी मास्टर प्लान र डीपीआर तयार गर्ने कार्यक्रम छन्।



# स्वस्थ्य नागरिक उत्पादन गर्न सुत्केरीसँग सरकार

## वागमति नगरपालिका, सर्लाही



बागमती नगरपालिकाले महिलालाई सुत्केरी भत्ता प्रदान गरी आमा, सन्तान र सम्भावित कुपोषणका समस्याबाट मुक्त गर्ने सोचअनुरुप काम अघि बढाएको छ। नगरपालिकाले छोरी जन्माउने आमालाई पाँच हजार र छोरा जन्माउने आमालाई तीन हजार रूपैयाँ पोषण भत्ता प्रदान गर्न थालेको हो।

सुत्केरी आमालाई कुषोषण हुनबाट रोक्न नगरपालिकाले पोषण भत्ता प्रदान गरेको हो। आजका नागरिक स्वस्थ हुँदा भोलिको नेपाल नै स्वास्थ हुने भएकाले नगरपालिकाले सुत्केरी आमालाई पोषणा भत्ता प्रदान गरेको हो। सुत्केरी महिला र नवजात शिशुको सर्वांगीण विकासका लागि जनप्रतिनिधिको आगमनसँगै पोषण भत्ता उपलब्ध गराएको हो।

> "प्रदेश नं. २ मा अधिकांश विवाहित महिलाको नागरिकता, विवाह दर्ता र बच्चाको जन्म दर्ताकै समस्या छ । यसले गर्दा यो भत्ता प्राप्त गर्न पनि कम्तिमा यी कागजात पूरा गर्नै पर्छ । यही बहानामा भए पनि आमाको नागरिकता बन्ने, विवाह दर्ता गर्ने र समयमा बच्चाको जन्म दर्ता बन्ने हुँदा भविष्यमा आमा र बच्चा दुवैलाई अधिकारमा सुनिश्चित बनाउन मद्दत मिल्ने नगरपालिकाको बुझाइ छ ।"

सुत्केरी अवस्थामा आमाको शरीर कमजोर हुने र सोही समयमा नवजात शिशुलाई समेत पोषणको आवश्यक पर्ने भएकाले नगरपालिकाले सुत्केरी महिलाई पोषण भत्ता प्रदान गरेको हो। कम्तिमा ६ महिनासम्म शिशुले आमाको पोषणयुक्त दुध खान पाएमा बच्चा निरोगी, स्वस्थ हुने हुँदा सुत्केरी आमाले पोषण तत्व खाने कुरा खान सकुन् र सो खानाबाट आमा र बच्चा दुवैको शारीरिक एवं मानसिक स्वस्थ्य बलियो होस् भनी सुत्केरी भत्ता प्रदान गरेको मेयर भरतकुमार थापाको भनाइ छ।

यहाँ छोरा जन्मिएपछि सुत्केरी आमालाई गर्ने व्यवहार र छोरी जन्मिएपछि गरिने व्यवहार फरक छ। छोरा जन्माउने आमालाई धेरै स्याहार, सुसार गर्ने र छोरी जन्माउने आमालाई स्याहार सुसार कम गर्ने प्रवृत्ति बढ्दै गएपछि नगरपालिकाले छोरी जन्माउने आमालाई पाँच हजार सुत्केरी भत्ता प्रदान गरेको जनप्रतिनिधिले जानकारी दिए। सुत्केरी महिलालाई पोषणयुक्त खाना नदिँदा नवजात शिशुमा अनेक रोग लाग्ने भएकाले अहिले नगरपालिकाले सुत्केरी महिलालाई भत्ता प्रदान गरेको हो। यसपछि उक्त समस्यामा समेत कमी आएको छ। सुत्केरी भत्ता लिनका लागि आमा बुवाको नागरिकताका फोटोकपी, विवाह दर्ता शिशुको जन्म दर्ताको र वडाध्यक्षको सिफारिस आवश्यक पर्ने नगरपालिकाले जनाएको छ। प्रदेश नं. २ मा अधिकांश विवाहित महिलाको नागरिकता, विवाह दर्ता र बच्चाको जन्म दर्ताकै समस्या छ। यसले गर्दा यो भत्ता प्राप्त गर्न पनि कम्तिमा यी कागजात पूरा गर्नै पर्छ। यही बहानामा भए पनि आमाको नागरिकता बन्ने, विवाह दर्ता गर्ने र समयमा बच्चाको जन्म दर्ता बन्ने हुँदा भविष्यमा आमा र बच्चा दुवैलाई अधिकारमा सुनिश्चित बनाउन मद्दत मिल्ने नगरपालिकाको बुझाइ छ। वडाध्यक्षको सिफारिस गर्नु पर्ने हुँदा वडामा भएका व्यक्तिगत घटनाका जानकारी पनि वडासम्म पुग्ने र नियतबश कसैले झुठो कागजात पेश गरी यो भत्ताको दुरूपयोग नहुने पनि उनीहरुको बुझाइ छ। न्यायका लागि कुनै पनि काममा अन्यथा नहोस् भन्नका लागि सुत्केरी पोषण सुरक्षा भत्ता वितरण प्रकृयामा यी कागजात अनिवार्य राखेका नगरपालिकाले जनाएको छ। हालसम्म सुत्केरी आमा (छोरी) ४२५, सुत्केरी आमा (छोरा) ३५३ जना रहेका छन्। यो संख्या दैनिक वृद्धि हुँदै गएको छ। सुत्केरी भत्ताले नगरपालिकामा नागरिकता बनाउने महिलाको संख्यामा समेत वृद्धि भएको छ।

महिलालाई सुत्केरी भत्ता प्रदान गरेसँगै नगरपालिकाले जनप्रतिनिधिको आगमनको महसुस हुने गरी आमूल परिवर्तनको सुरूवात गरेको छ। बागमती नगरपालिकामा यसै शैक्षिक सत्रबाट दक्ष जनशक्ति उत्पादनका लागि व्यावहारिक शिक्षा दिने थालेको छ। नगरपालिकामा भएका तीनवटा माध्यमिक विद्यालयबाट सिभिल इन्जिनियरिङ, पशु विज्ञान र कृषि विज्ञान विषयमा पठनपाठन सुरू भइसकेको छ। जसमा स्थानीय विद्यार्थीको उत्साहजनक सहभागिता छ।

नगरपालिकाले लिएको शैक्षिक क्रान्तिको वर्षअनुरुप नगरपालिका क्षेत्रभित्रका २६ वटै विद्यालयमा गुणस्तरीय बालकक्षा सञ्चालन गरिसकेको छ। नियमित विद्यालयको अनुगमन गरी शिक्षकशिक्षिकालाई अत्याधुनिक पद्धतिलाई अवलम्बन गर्दै पठनपाठन गराउने तालिमले अत्यन्त महत्वपूर्ण भूमिका खेलेको नगरपालिकाले जनाएको छ।

# विपद् जोखिम न्यूनीकरणमा सहकार्य

## चाँगुनारायण नगरपालिका, भक्तपुर

विपद् सूचना दिएर आउँदैन । विपद् एक्लैलाई पनि आइपर्दैन । यही भावलाई आत्मसात गर्दै चाँगुनारायण नगरपालिकाले विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्र, गैरसरकारी संस्था तथा समुदायसँगको सहकार्य काम अगाडि बढाएको छ । विपद् कुनै पनि समयमा आउन सक्ने भएकाले त्यसअघि नै सचेत रहन विपद् जोखिम न्यूनीकरण अभियान थालेको हो ।

नगरपालिकाले फ्रेन्ड्स सर्भिस काउन्सिल नेपाल, नगरकोट सामुदायिक होमस्टे र स्थानीय समुदायसँग सहकार्य गरेर सामुदायिक सुरक्षित भवनको निर्माण गरेको छ । उक्त भवन चाँगुनारायण नगरपालिकाको वडा नम्बर ६ बास्तोला गाउँमा निर्माण गरिएको हो । यो भवनलाई बहुप्रयोग गर्ने उद्देश्यले निर्माण गरिएको नगरपालिले जनाएको छ । विशेषगरी, विपद्को समयमा बासस्थानका रुपमा समुदायले प्रयोग गर्ने उद्देश्यसहित निर्माण गरिएको छ । नगरपालिकाले अन्य संघसंस्था, निजी क्षेत्र र समुदायसँग मिलेर विपद् जोखिम न्यूनीकरण गर्ने उद्देश्यले यो सामुदायिक भवनको निर्माण गरेको मेयर सोम मिश्रले जानकारी दिनुभयो । भवन पूर्ण रुपमा भूकम्प प्रतिरोधी बनाइएको छ । यसलाई व्यावसायिक उद्देश्यका निम्ति समेत प्रयोग गर्न सकिन्छ । होम्स्टे सञ्चालकहरुले यस भवनमा विभिन्न तालिम सञ्चालन गरी आर्थिक स्रोत समेत बढाएको नगरपालिकाले जनाएको छ ।

यस भवनमा त्यहाँ आउने पर्यटकलाई आकर्षित गर्न म्यूजियमसमेत निर्माण गर्ने योजना होमेस्टे सञ्चालकहरुको छ । यो भवन विपद्को अवस्थामा सुरक्षित स्थानको रुपमा प्रयोग गर्न सकिन्छ जसले विपद् पछि हुन सक्ने अवस्थालाई न्यूनीकरण गर्छ र साथै अन्य अवस्थामा व्यावसायिक प्रयोजनका लागि प्रयोग गरी जीविकोपार्जन सुदृढ गर्नसमेत टेवा पुऱ्याएको कुरा नगरकोट सामुदायिक होमस्टेका अध्यक्ष सुरज बास्तोलाले बताउनुभयो ।

नगरपालिकाले अन्य स्थानमा पनि जोखिम न्यूनीकरण र पूर्वतयारीका लागि नगरपालिकाका हरेक वडामा सुरक्षित बहुप्रयोग सामुदायिक भवनहरुको निर्माण गरी जोखिम व्यवस्थापन तथा उत्थानशील जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । सुरक्षित सामुदायिक भवनमा विपद्को बेलामा प्रयोग हुने अति आवश्यक सामाग्री सुरक्षित भण्डारण गर्न सकिन्छ । साथै भूकम्प प्रतिरोधी सुरक्षित भवनलाई विपद्को बेलामा आवश्यक सूचना प्रणाली र आपतकालीन कार्य सञ्चालन केन्द्रका रुपमा स्थापित गर्न सकिन्छ । जसले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ ।

विपद् जोखिम न्यूनीकरणसँगै नगरपालिकाले पर्यटन पूर्वाधारका समेत काम गरिरहेको छ । ऐतिहासिक पर्यटकीय स्थल यसै नगरपालिका क्षेत्रमा पर्ने भएकाले अमेरिकामा बस्ने पर्यटकले नगरकोटमा लागनी गर्ने वातावरण बन्दै गएको छ । सो कार्य सुरू भएपछि नगरकोटमा अझ बढी पर्यटकमैत्री वातावरण निर्माण हुने अपेक्षा चाँगुनारायण नगरपालिका मेयर मिश्रको भनाइ छ ।

नगरपालिकाको विकास र समृद्धिका लागि पर्यटन विकासलाई उच्च प्राथमिकता दिँदै नगरपालिकाले यो अभियान सञ्चालन गरेको हो । स्थानीय तहमा जनप्रतिनिधि आएपछि विकास निर्माण र सुशासनलाई उच्च प्राथमिकता दिँदै नगरपालिकाले नियमित विकास निर्माणका काम गरिरहेको छ ।

नगरपालिकाले फ्रेन्ड्स सर्भिस काउन्सिल नेपाल, नगरकोट सामुदायिक होमस्टे र स्थानीय समुदायसँग सहकार्य गरेर सामुदायिक सुरक्षित भवनको निर्माण गरेको छ । उक्त भवन चाँगुनारायण नगरपालिकाको वडा नम्बर ६ बास्तोला गाउँमा निर्माण गरिएको हो । यो भवनलाई बहुप्रयोग गर्ने उद्देश्यले निर्माण गरिएको छ । विशेषगरी, विपद्को समयमा बासस्थानका रुपमा समुदायले प्रयोग गर्ने उद्देश्यसहित निर्माण गरिएको छ । नगरपालिकाले अन्य संघसंस्था, निजी क्षेत्र र समुदायसँग मिलेर विपद् जोखिम न्यूनीकरण गर्ने उद्देश्यले यो सामुदायिक भवनको निर्माण गरेको छ ।

**-सोम मिश्र, नगर प्रमुख**





# जलासयबाट हरित क्रान्तिमा आत्मनिर्भरता

## घोराही उपमहानगरपालिका, दाङ

'हरित क्रान्ति, आत्मनिर्भरता र समता मानव विकास र स्वच्छ घोराही उपमहानगरपालिका' भन्ने मूल रणनीतिक नाराका साथ अगाडि बढेको घोराही उपमहानगरपालिकाले स्थापना कालदेखि बहुपक्षीय विकास निर्माणलाई प्राथमिकताका साथ एकीकृत ढंगले विकास गर्ने क्रम सुरू गरेको छ।

हरित क्रान्तिको सपना साकार पार्न कृषि क्रान्ति आवश्यक छ। यसका लागि उन्नत बीउबिजन आधुनिक कृषि खेती प्रणाली अर्थात् कृषिमा यान्त्रिकरणले मात्र पुग्दैन। सुविधायुक्त सिँचाइको ग्यारेन्टी गरिनु आवश्यक छ। वैज्ञानिक कृषि प्रणाली, कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन, निकासीमूलक वस्तुको उत्पादन, पर्यटन प्रवर्द्धन गरी आयआर्जनको वातावरण श्रृजना गरी आत्मनिर्भर हुन सकिन्छ।

समानुपातिक विकासको पूर्वाधार, उत्पादनको समानुपातिक वितरण तथा विकासमा जनताको सहभागिता र पहुँच नभइ समतामूलक समाजको निर्माण हुन नसक्ने कुरा निर्विवाद छ। स्वच्छ नगरवासीको परिकल्पनाका लागि वातावरणीय अनुकूलताबिना सम्भव छैन। यी सबै अवयवलाई व्यवहारमा उतार्ने सोचका साथ अगाडि बढ्ने प्रण घोराही उपमहानगरपालिकाले लिएको छ। फलस्वरुप हाल देशकै थुप्रै स्थानीय तहका लागि उदाहरणीय र नमूनायोग्य कार्यहरुको रुपमा कृत्रिम जलासय निर्माण र व्यवस्थापन गरेको छ।

विश्वमा वातावरणीय अनुकूलनमा ह्रास आइरहेको वर्तमान अवस्थामा नेपाल



र घोराही उपमहानगरपालिका स्वयं यसबाट अछुतो रहन सक्दैन । जैविक विविधतालाई जोगाउन समेत वर्षाको पानीलाई संकलन गरेर तथा प्राकृतिक रुपमा व्यवस्थित नभइरहेका तालतलैया/जलासयहरुलाई व्यवस्थित गरी खेर गइरहेको पानीलाई भण्डारण गरी सिँचाइलगायत पर्यावरणीय तथा जैविक विविधता संरक्षण वातावरणमा अनुकूल परिवर्तन गर्ने उद्देश्यले थुप्रै कृत्रिम जलासय निर्माण तथा व्यवस्थित गरिएका छन्।

चरिङ्गे दह वडा नं. १ अनुमानित क्षेत्रफल ७६०० वर्ग मिटर, भोटेदह वडा नं. १ अनुमानित क्षेत्रफल ५०७९ वर्गमिटर, छरछरे दह वडा नं. ४ अनुमानित क्षेत्रफल ३०७४ वर्गमिटर, पिपलछहारी दह वडा नं. ६ अनुमानित क्षेत्रफल १६९३ वर्गमिटर, लरैनासोता बाँध ढिकपुर वडा नं. ८ अनुमानित क्षेत्रफल ४५७१ वर्गमिटर, ज्यामिरे दह वडा नं. १३ अनुमानित क्षेत्रफल ५०,००० वर्गमिटर, बाह्रकुने दह वडा नं. १३ अनुमानित क्षेत्रफल ४८०० वर्गमिटर, गंगटे दह वडा नं. १३ अनुमानित क्षेत्रफल ३२,९०० वर्गमिटर, गुलरिया मघै डयाम नं. १ र २ वडा नं.१७ अनुमानित क्षेत्रफल २९,८०० वर्गमिटर, ढिकपुर १ र २ वडा नं. १७ अनुमानित क्षेत्रफल ४४,५८८ र २०,००० वर्गमिटर, आरोग्य ड्याम वडा नं. १७ अनुमानित क्षेत्रफल २१,०००




वर्गमिटर, डवरी ड्याम वडा नं. १७ अनुमानित क्षेत्रफल ३३८६ वर्गमिटर, सालघारी ड्याम वडा नं. १८ अनुमानित क्षेत्रफल २३६० वर्गमिटर, गिठेपानी ड्याम वडा नं. १८ अनुमानित क्षेत्रफल ६७७२ वर्गमिटर समेत गरी २,३७,६२३ वर्गमिटर क्षेत्रफलमा अवस्थित छ।

जलासयको कूल क्षमता १९ लाख ७७ हजार ६ सय २५ घनमिटर पानी सञ्चय गर्न सक्ने छ । यसले वर्षायामको साथै बेमौसमी खेती गर्न हजारौं हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुनसक्छ। नगरवासीले बाह्रै महिना खेती गर्न सक्ने साथै अन्य बहुपक्षीय उपयोगितामा जलासयलाई प्रयोग गर्न सकिन्छ । जलासय निर्माणको मुख्य उद्देश्य सिचाइ सुविधामा उपलब्धता अभिवृद्धि गरी उत्पादन बढाउन सकिने र व्यक्तिगत साथै समग्र उपमहानगरपालिकाको कृषि विकास भई आर्थिक विकास हुने सम्भावना छ।

जलासयलाई थप व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना छ। व्यावसायिक माछापालन गरी उपमहानगरपालिकाको आर्थिक वृद्धि गर्न सक्ने सम्भावना पनि छ। जलासयले वन लगायतको भू-भागमा चिस्यान कायम गरी विभिन्न किसिमका जडीबुटी तथा बेमौसमी खेती गरी आम्दानी बढाउन सकिने सम्भावना छ। आन्तरिक तथा बाह्य पर्यटन आगमनसँगै स्थानीय सांकृतिक कार्यक्रम सञ्चालन गर्न र होमस्टे सञ्चालन गर्न सकिने छ।

करिब १४ वटा कृत्रिम जलासय निर्माण गरिसकेको सन्दर्भमा यसको बहुपक्षीय उपयोगिताबाट छोटो समयमै समृद्ध घोराही र सुखी घोराहीवासीको सपना साकार पार्न सकिने प्रचुर सम्भावना रहेको मेयरको भनाइ छ।





# आफ्नै सहरमा रोजगार दिने शिक्षा



## परशुराम नगरपालिका, डडेल्धुरा

**युवालाई स्वरोजगार र व्यावसायिक बनाउन नगरपालिकाले "नगरपालिकासँग युवा स्वरोजगार कार्यक्रम" ल्याएको हो ।**

रोल्पा नगरपालिकाले नगरपालिकाको स्थापना र जनप्रतिनिधि निर्वाचित भएसँगै सीपयुक्त जनशक्ति उत्पादन गर्न र शैक्षिक बेरोजगार घटाउन नगरपालिका भित्रका विपन्न परिवारका छात्रछात्राका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको छ । आव २०७४/७५ देखि हरेक वर्ष एक सयजनालाई विभिन्न प्राविधिक विषयमा नगरपालिकाले छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ।

तीन वर्षे सिभिल ओभरसियर, १८ महिने सब ओभरसियर, ३ वर्षे कृषि विज्ञान, ३ वर्षे पशु विज्ञान, १८ महिने सीएमए र १८ महिने अनमी गरेर ६ वटा प्राविधिक विषयमा नगरपालिकाले छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ। हरेक वर्ष एक सय जनाका दरले छात्रवृत्ति प्रदान गर्ने नगरपालिकाको नीति र कार्यक्रमअनुसार नगरपालिकाले प्रदान गरेको छात्रवृत्ति कार्यक्रममा विभिन्न प्राविधिक विषयमा १ सय ४ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरी अध्ययन गरिरहेका छन्।

प्रत्येक वर्ष नगरभित्रका विपन्न र जेहेन्दार छात्रछात्राका लागि नगरपालिका कार्यालयले छात्रवृत्ति कार्यक्रमका लागि सूचना प्रकाशन गरी निवेदन माग गर्छ। इच्छुक विद्यार्थीले सम्बन्धित वडा कार्यालयको सिफारिस र फाराम भरी नगरपालिका कार्यालयमा बुझाउनु पर्छ । यसरी प्राप्त भएको फाराम उपर नगरकार्यपालिकाको सामाजिक विकास समितिले छनोट गरी प्राविधिक विद्यालयमा प्रवेश परीक्षाका लागि सिफारिस गर्छ । प्रवेश परीक्षामा सफल भएका विद्यार्थीलाई मात्र नगरपालिकाले छात्रवृत्ति उपलब्ध गराउँछ।

छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीको सम्पूर्ण शैक्षिक शुल्क नगरपालिकाले व्यहोर्ने गर्दछ। यसैगरी, रोल्पा नगरपालिकाले विभिन्न तालिमबाट उद्यमशीलताको विकास गर्न युवालक्षित सीपमूलक तालिम प्रदान गरी युवालाई स्वरोजगार र व्यावसायिक बनाउन नगरपालिकाले 'नगरपालिकासँग युवा स्वरोजगार कार्यक्रम' ल्याएको हो । नगरभित्र बसोबास गरेका बेरोजगार युवालाई देशमै स्वरोजगार हुने अवसर दिन र रोजगारीका लागि विदेश जाने युवालाई सहज बनाउन रोल्पा नगरपालिकाले यो कार्यक्रमको सुरूवात गरेको हो।

स्वरोजगारका लागि सीप विकास तालिम भन्ने मूल नारासहित तत्काल रोजगार सिर्जना गर्ने उद्देश्यले नगरपालिकाले वार्षिक कार्यक्रममा बजेट विनियोजित गरी नगरपालिकासँग युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरेको छ। एक महिने हाउस वाइरिङ, एक महिने ड्राइभिङ, २ महिने प्लम्बिङ, एक महिने कुक, १ महिने डकर्मी, तीन महिने फर्निचर, २ महिने सेक्युरिटी, ३ महिने कृषि, ३ महिने पशुपालन, ३ महिने मोबाइल रिपेरिङ, २ महिने अल्लोधागो प्रशोधन र १ महिने लोकसेवा तयारी गरी जम्मा १२ वटा तालिम नगरपालिकाले सञ्चालन गरेको छ। तालिममा सहभागी छनोटका लागि नगर कार्यपालिकाले समिति गठन गरेको छ । समितिको सिफारिसअनुसार सहभागीहरु तालिमका लागि छनोट हुने गर्दछन् । तालिममा नगरभित्रका १६ देखि ४० वर्षसम्मका पाँचजना युवाको सहभागिता रहेको छ। नगरपालिकाले स्वास्थ्य क्षेत्रमा सबैको पहुँचका लागि स्वास्थ्य सेवालाई ग्रामीण तहसम्म बिस्तार गर्न आफ्नै स्रोतसाधनबाट व्यवस्थापन गरी नगरपालिकाका विभिन्न वडामा पाँचवटा सहरी स्वास्थ्य केन्द्र स्थापना गरेको छ।

सडक सञ्जाल, शिक्षा, पर्यटनजस्ता विविध पक्षमा विकासोन्मुख रुपमा रहेको यो नगरपालिका प्राकृतिक रुपमा अति लोभलाग्दो छ। नगरपालिकाभित्र माध्यमिक, आधारभूत, प्राथमिक र विभिन्न निजी स्कुल पनि छन्। जलजला बहुमुखी क्याम्पस तथा सीटीइभिटी प्राविधिक शिक्षालय रहेको यो नगरपालिका शिक्षा क्षेत्रमा पनि उन्मुख हुँदै गएको छ। ५ नं प्रदेशमा रहेको यो क्षेत्र पूर्व पश्चिम राजमार्ग सडक खण्डअन्तर्गत पर्ने भालुवाङबाट चकचके हुँदै १०६ किमि दूरी पार गर्नुपर्छ । रोल्पा नगरपालिकाले भौतिक विकाससँगै मानवीय विकासलाई पनि जोड दिँदै विकासको गतिमा लम्कीरहेको छ।





# सहर सरसफाईमा साझेदारी

## नेपालगञ्ज उपमहानगरपालिका, बाँके



नेपालगन्ज उपमहानगरपालिका मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पूर्व पश्चिम राजमार्गसँग जोडिएको बाँके जिल्लामा पर्ने भेरी अञ्चलको सदरमुकाम नेपालगन्ज नगरी नेपालकै नामबाट स्थापना भएको पश्चिम नेपालकै द्वार तथा एक प्रतिष्ठित व्यापारिक सहर हो।

नेपालगन्ज उपमहानगरपालिकाको जनसंख्या बढेसँगै सहरीकरण बढ्दो क्रममा छ। साथै वर्षैपिच्छे नयाँ भौतिक निर्माण तथा व्यापारिक गतिविधि बढेको छ। उपमहानगरपालिकाको सहरीकरण बढेसँगै फोहोरमैला व्यवस्थापन कार्य गर्न ज्यादै चुनौति छ। यसलाई मध्यनजर गर्दै उपमहानगरपालिकाले विभिन्न वडामा तथा सडक खण्डहरुमा फोहरमैला व्यवस्थापन कार्यका लागि सार्वजनिक निजी साझेदारी अवधारणामा व्यवस्था गरी कार्य थालनी गरिएको छ।

उपमहानगरपालिकाभित्र उत्पादन हुने फोहोर क्रमशः सडकबाट र घरधुरी रुपमा संकलन गर्ने गरिएको छ। फोहरमैला व्यवस्थापन कार्यसँगै जनचेतनामूलक कार्यक्रम तथा सरसफाई अभियान पनि सुरूवात गरिएको छ। जसका कारण सरसफाई कार्य प्रभावकारी रुपमा सम्पादन गर्न थप मद्दत पुगेको छ। उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यका लागि सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरुप विभिन्न समुदाय र निजी संघसंस्थालाई आवद्ध गरी कार्य थालनी गरिएको छ। उक्त समुदाय र निजी संघ र संस्थामार्फत विभिन्न क्षेत्र र सडकहरुको सरसफाई कार्य सुरू गरिएसँगै जनमानस तथा व्यवसायमाझ सकारात्मक असरहरु परेको छ।

> "सडक सरसफाई, सडकबाट फोहर उठाउने, घरधुरीबाट फोहर संकलन गर्ने तथा अन्य सरसफाई अभियान, सचेतनामूलक कार्यक्रम गर्ने गरिएको छ । साथै नगरवासीलाई घरधुरी रुपमा फोहर संकलन गरेवापत सरसफाई सेवा शुल्क उठाउने थालनी गरी सार्वजनिक निजी साझेदारी अवधारणालाई थप अन्य कार्यक्षेत्र पहिचान गरी आवद्ध गर्ने योजना छ ।"

सार्वजनिक निजी साझेदारी अवधारणालाई थप प्रभावकारीका लागि विभिन्न नमुना थालनी गरिएको छ। जस्तो सडक सरसफाई, सडकबाट फोहर उठाउने, घरधुरीबाट फोहर संकलन गर्ने तथा अन्य सरसफाई अभियान, सचेतनामूलक कार्यक्रम गर्ने गरिएको छ। साथै नगरवासीलाई घरधुरी रुपमा फोहर संकलन गरेवापत सरसफाई सेवा शुल्क उठाउने थालनी गरी सार्वजनिक निजी साझेदारी अवधारणालाई थप अन्य कार्यक्षेत्र पहिचान गरी आवद्ध गर्ने योजना छ। नेपालगन्ज उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापनलाई सार्वजनिक निजी साझेदारी अवधारणाअनुसार कार्य थालनी गरेपश्चात नगरपालिकाको फोहरमैला व्यवस्थापन खर्च आंशिक रुपमा कमी हुनुको साथै सरसफाई अवस्था सुधार भएको छ। नगरवासीमा फोहरमैला तथा सरसफाई कार्यहरुमा नगरपालिका, जनसहभागिता र अन्य सरोकारवालाको भूमिका दर्शाउन मद्दत पुगेको छ। साथै नेपालगन्जलाई वातावरणमैत्री सहरको रुपमा स्थापना गर्न सहयोग हुनेछ।

नगरको समग्र फोहरमैला व्यवस्थापन कार्यमा सार्वजनिक निजी साझेदारी अवधारणालाई थप प्रभावकारी बनाउन जनसहभागिता र नगरपालिकाको मुख्य भूमिका रहेको छ। साथै फोहरलाई स्रोतमै वर्गीकरण गर्ने, स्रोतबाटै संकलन गर्ने, फोहोरलाई प्रशोधन गरी पुनः चक्रण गर्ने कार्य प्राथमिकता गर्ने र व्यवस्थित फोहरमैला विसर्जन स्थल निर्माण गरी एकीकृत फोहरमैला व्यवस्थापन प्रणालीको विकास गर्ने योजना छ।

नेपालगन्ज उपमहानगरपालिका नेपालको पुरानो तर अव्यवस्थित नगरपालिका रुपमा परिचित छ। यस नगरपालिकामा विभिन्न जातजाती, भाषा, धर्म, वर्ग, लिंग, संस्कृति, रहनसहन, भेषभूषा आदिका समुदायहरुको बसोबास छ। यस नगरपालिकामा अशिक्षित तथा जनचेतनाको कमीले गर्दा तथा बढ्दो जनसंख्या, सहरीकरण, औद्योगिकीकरण साथै परिवर्तित जीवन शैलीसँगै फोहोरको प्रकार र मात्र पनि बढ्दो क्रममा छ। फोहरमैला व्यवस्थापन कार्य गर्न सीमित स्रोतसाधनमार्फत कठिन हुने र नगरपालिकाको एकल प्रयासले उपलब्धि नदेखिने अवस्था छ।






**नगरपालिका प्रमुख बासुदेव घिमिरेले आफूले प्राप्त गर्ने सम्पूर्ण पारिश्रमिक रकम नगरभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रदान गर्नुभएको छ । पहिलो वर्षको एकमुष्ठ रकम उहाँले वितरण गरिसक्नुभएको छ भने बाँकी वर्षको पनि हरेक वर्ष वितरण गर्दै जाने बताउनुभएको छ ।**

स्थानीय तहको निर्वाचनपछि नगरपालिकामा एउटा प्रमुख ध्येय सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधारमा केन्द्रित छ। आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रममा शैक्षिक सुधार वर्ष नगरपालिकाले घोषणा गरेको हो। कूल बजेटमा सबैभन्दा बढी २५ प्रतिशत बजेट शिक्षाका लागि विनियोजन गरिएको छ।

'सामुदायिक विद्यालयको भौतिक र शैक्षिक गुणस्तर सुधार : बालबालिका विद्यालय प्रवेशको मुख्य आधार' भन्ने नीतिका साथ यहाँ सामुदायिक विद्यालय गर्नुका साथै उनीहरुलाई मन्टेश्वरी तालिम दिइएको छ।

विद्यार्थीको आकर्षण बढाउन सबै सामुदायिक विद्यालयमा एकै प्रकारको रंगरोगन गरिएको छ । चालु आर्थिक वर्षमा यो कामका लागि एक करोड रूपैयाँ विनियोजन गरिएको थियो । सामुदायिक विद्यालय थोत्रिएका, पुराना हुन्छन् भन्ने मानसिकतामा परिवर्तन ल्याउन र तिनको पहिचान दिलाउन एकै प्रकारको रंगरोगन एक साथ गरिएको हो। संस्थागत विद्यालयमा समेत एकै प्रकारको रंगरोगन गर्ने निर्णय गरिएको छ । मावि तहसम्मका सामुदायिक विद्यालयमा इ-हाजिरीको व्यवस्था

## तिलोत्तमा नगरपालिका, रुपन्देही





# शैक्षिक गुणस्तरमा फड्को

सुधारको काम भइरहेको छ। शैक्षिक लगायतका विभिन्न स्थानीय कानुन निर्माण गरी त्यसको जानकारी प्रदेश र संघीय सरकारलाई गराउने तिलोत्तमा मुलुककै पहिलो स्थानीय तह हो । शिक्षा ऐन तथा नियमावली तर्जुमा गरी लागू गरिएको छ । सामुदायिक विद्यालयमा आउने विद्यार्थीको पोषणमा सुधार ल्याउँदै सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने उद्देश्यले नगरका सबै सामुदायिक बालविकास शिक्षाका सबै बालबालिकाका साथै कक्षा ५ सम्मका अति विपन्न विद्यार्थीलाई निःशुल्क खाजाको व्यवस्था मिलाइएको छ। विद्यार्थीले विद्यालय खुलेको दिनमा २५ रूपैयाँ बराबरको खाजा प्राप्त गर्छन्।

कक्षा ५ सम्मका सबै विद्यार्थीलाई नगरपालिकाले घरबाट खाजा ल्याउन निःशुल्क टिफिन बक्सको व्यवस्था मिलाएको छ । भोकका कारण विद्यार्थीको पठनपाठन प्रभावित नहोस् तथा जंकफुड नखाऊन् भन्ने उद्देश्यका साथ सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्था मिलाइएको हो । कार्यक्रम प्रभावकारी देखिएको छ । निजी विद्यालय जाने बालबालिका पनि यो कार्यक्रमका कारण सामुदायिक विद्यालयमा आकर्षित हुन थालेका छन् भने विद्यालय नआउने, बीचमा छाड्ने प्रवृत्ति अन्त्य भएको छ । हाल दुई हजारभन्दा बढी विद्यार्थीले नगरपालिकाबाट निःशुल्क दिवा खाजा प्राप्त गर्छन् । बालविकासका कक्षाहरुलाई अत्यन्त आकर्षक बनाइएको छ । चालु आर्थिक वर्षमा यसका लागि प्रत्येक विद्यालयलाई दुई लाख रूपैयाँ दिइएको छ । बालबालिकालाई आवश्यक खेलौनादेखि बसाइ व्यवस्थापनलाई चुस्त बनाइएको छ। बालकक्षालाई प्रभावकारी बनाउन आवश्यक विभिन्न सामग्रीका साथै हरेक विद्यालयमा कम्तिमा ३२ इन्चको टिभीको व्यवस्था गरिएको छ। सहयोगी कार्यकर्तालाई प्रोत्साहन भत्ताको व्यवस्था मिलाइएको छ । क्रमशः आधारभूत तह सञ्चालन रहेका विद्यालयमा पनि इ-हाजिरीको व्यवस्था मिलाइने भएको छ। शैक्षिक क्यालेण्डर प्रकाशन गरी शैक्षिक क्रियाकलापलाई व्यवस्थित गरिएको छ।

नगरका सबै विद्यालयको नियमित अनुगमन हुँदै आएको छ । अनुगमन प्रतिवेदनको आधारमा नीतिगत पृष्ठपोषण दिने गरिएको छ भने प्रधानाध्यापकहरुको नियमित बैठक बस्ने गरेको छ । दरबन्दी नभएका वा कम भएका सामुदायिक विद्यालयमा नगरपालिकाले तलब व्यहोर्ने गरी शिक्षक नियुक्त गरिएका छन् । पहिलोपटक यस वर्ष नगरका सबै सामुदायिक विद्यालयले निजी विद्यालयले जस्तै वसन्त पञ्चमीमा नयाँ बालबालिकालाई अक्षारम्भ कार्यक्रम गरी चार सयलाई विद्यालय प्रवेश गराएका छन् । सबै विद्यालयमा नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइएको छ।

नगरपालिका प्रमुख बासुदेव घिमिरेले आफूले प्राप्त गर्ने सम्पूर्ण पारिश्रमिक रकम नगरभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रदान गर्नुभएको छ । पहिलो वर्षको एकमुष्ठ रकम उहाँले वितरण गरिसक्नुभएको छ भने बाँकी वर्षको पनि हरेक वर्ष वितरण गर्दै जाने बताउनुभएको छ । यस वर्ष ४४ विद्यार्थीले यो रकम प्राप्त गरेका छन्। नगरपालिकामा कूल विद्यालय संख्या ८६ रहेका छन्। यीमध्ये सामुदायिक विद्यालय ४४ र संस्थागत विद्यालय ४२ हुन् । संस्थागत विद्यालयमा आधारभूत तहका १३, माध्यामिक तहका २८ र सामुदायिक गुठीबाट सञ्चालित एक विद्यालय रहेका छन्। बाल विकास केन्द्र ९२, सामुदायिक सिकाइ केन्द्र ४ छन् भने सामुदायिक तथा निजी कलेज ९, प्राविधिक शिक्षालय ७ छन्।

## कोहलपुर नगरपालिका, बाँके




# उपभोक्ताका हितमा काम गर्दै कोहलपुर

**एक वर्षको गर्मी समयमा किनेको चिसो पेय पदार्थ गर्मी भरी बिक्री नभए अर्को गर्मी सिजनमा बिक्री गरेर भए पनि लगानी उठाउने काम रोकिएको छैन । बिक्री हुन्जेल पसल सम्वृद्ध सजावट देखाइरहने मानसिकताको व्यापारी वर्ग र वस्तु उपलब्धता भए पुग्ने सर्वसाधारण ग्राहकमा अब सरकारले कानुनी चेतना, नैतिकता र इमान्दारीताको पूर्ण आभास दिलाउने जनप्रतिनिधिको भनाइ छ ।**

कोहलपुर नगरपालिकामा बसोबास गर्ने आमनागरिकको स्वास्थ्यलाई खाद्य पदार्थबाट हुन सक्ने हानीबाट जोगाउन कोहलपुर नगरपालिकामा नियमित अनुगमन सुरू गरिएको छ। उपभोक्ता हित संरक्षण समितिको निर्देशानुसार कोहलपुर नगरपालिकामा गठित बजार अनुगमन टोलीका संयोजक शाखा अधिकृत कर्णबहादुर थापाको नेतृत्वमा नगरपालिका क्षेत्रका वडामा रहेका दुध डेरी, फलफूल पसल, मासु पसल, खाद्य पसल, पेय पदार्थ पसल तथा मिठाइ पसलहरुमा अनुगमन गरी मापदण्ड पूरा भएका पसललाई नगरपालिकामा दर्ता प्रकृयाका लागि सुझाव, निर्देशन दिने काम तथा मापदण्ड पूरा नभएका पसललाई मापदण्ड पूरा गरी वडा कार्यालयको सिफारिससहित दर्ता गर्न निर्देशन दिन थालेको छ। दर्ता प्रकृया पूरा गरी सञ्चालन गर्न नचाहने पसललाई तत्काल बन्द गर्न सुझाव उपलब्ध गराउनुका साथै धेरैपटकको अनुगमन निर्देशनलाई पालना नगरी जथाभावी असुरक्षित तरिकाले पसल सञ्चालन गरेका व्यापारीको सामान बरामद गर्ने गरिएको छ।

खाद्य सामाग्री तर्फका दाल, चाउमिन तथा घिउजस्ता सामाग्रीलाई गुणस्तर परीक्षणका लागि खाद्य गुण नियन्त्रण कार्यालय नेपालगञ्ज बाँकेमा पठाइ परीक्षणपश्चात सम्बन्धित व्यापारीलाई त्यस्ता सामाग्री फिर्ता दिने काम अनुगमन टोलीले सम्पन्न गरेको छ। म्याद नाघेका पेय पदार्थ कोकोकोला, फेन्टा, मिरिन्डा, स्प्राइट आदिलाई चेकजाँच गरी व्यापारीको सहमतिअनुसार आपूर्ति डिलरलाई पेय पदार्थका खाली बोतल फिर्ता गर्ने गरी म्याद नाघेको पेय पदार्थलाई नष्ट गर्ने भयो।

अधिकांश व्यापारीले अनुगमन प्रक्रियाको बारेमा जानकारी नभएको, मुल्य सूचीसहितको व्यापारमा व्यापारी अभ्यस्त नभएकाले एकद्वार व्यापार भएको छैन। परिष्कृत र विकसित बजारमा एकल वस्तु व्यापार र त्यसमा स्वच्छता, सम्पन्नता र सुन्दरता देखिन्छ । विपन्नता, अज्ञानता र स्वेच्छिकता बढेको क्षेत्रमा व्यापारका मूल्यमान्यताविपरित मिठाइ, मासु, फलफूल, तरकारी, चिनी, जिरामरिच एउटै कोठाको च्याक तथा एउटै फ्रिजमा राखिएका छन्। केन्द्रीय नीतिले जिल्लाका हरेक बजार, व्यापारिक केन्द्र र जहाँ सुकैको पसलमा मूल्य सूची टाँगेर सूचीअनुसार व्यापार गर्नु भनेको हुन्छ। प्रशासनले मूल्य सूची राख्नेमा ताकेता र पालना नगरे कारबाही गरेको देखिँदैन तर पनि नीति निर्माण तहले अनुगमन गरेको देखिँदैन।

तसर्थ यस्तो अवस्थामा जसरी भए पनि पारदर्शिता, स्वच्छता र इमान्दारिता देखाउनु स्थानीय सरकारको काम बनेको छ। एक वर्षको गर्मी समयमा किनेको चिसो पेय पदार्थ गर्मी भरी बिक्री नभए अर्को गर्मी सिजनमा बिक्री गरेर भए पनि लगानी उठाउने काम रोकिएको छैन । बिक्री हुन्जेल पसल सम्वृद्ध सजावट देखाइरहने मानसिकताको व्यापारी वर्ग र वस्तु उपलब्धता भए पुग्ने सर्वसाधारण ग्राहकमा अब सरकारले कानुनी चेतना, नैतिकता र इमान्दारीताको पूर्ण आभास दिलाउने जनप्रतिनिधिको भनाइ छ। बजार अनुगमन निरीक्षण कार्यमा व्यवसायीबाट अनुगमन समितिका सदस्यहरुलाई विभिन्न धम्की पनि अभिव्यक्त भएका थिए। हाम्रो अनुगमन कार्यमा स्पष्ट रुपमा खुल्ने सहयोग गर्ने व्यवहार व्यापारी वर्गबाट पूर्ण रुपमा नपाइएको अवस्था पनि थियो। अनुगमन समितिलाई दोस्रो पक्ष (व्यापारी) को सम्पत्तिमाथि निगरानी सोध, खोज र अझ स्पष्ट सरल तरिकाले सोधखोज गर्न पाउने अधिकारसमेत हित संरक्षण समितिबाट उपलब्ध हुन आवश्यक देखिन्छ।





# सुख्खा क्षेत्रका बाबजुद घर-घरमा खानेपानी

## रेसुंगा नगरपालिका, गुल्मी


गुल्मी जिल्लाको गौरव बढाउने ऐतिहासिक, धार्मिक पहिचान बोकेको प्राकृतिक सम्पदा र सौन्दर्यले भरपूर, पर्यटकीय विकासको प्रचूर सम्भावना रहेको रेसुंगा तपोभूमिको नामबाट "रेसुंगा नगरपालिका" नामकरण गरिएको हो ।

पानी सबै र सधैंका लागि आवश्यक छ। नगरका हरेक वडामा खानेपानीको प्रबन्ध गर्ने उद्देश्यले नगरपालिकाले घर-घरमा धाराको अवधारणा ल्याएको हो । रेसुङ्गा नगरपालिकाका केही वडामा खानेपानीको अभाव छ। नगरपालिका सुख्खा क्षेत्र घोषणा भएको छ। दीर्घकालीन रुपमा समाधान गर्न मझेङ्ग खोलाबाट पानी लिफ्टिङ गरी नगरमा सुविधा दिने योजना छ। अहिले पनि पानीको समस्या भएकाले ट्र्यांकरमार्फत सुलभ दरमा प्रतिलिटर २५ पैसामा मागअनुसार घरघरमै खानेपानी उपलब्ध गराउने व्यवस्था भएको छ।


गुल्मी जिल्लाको गौरव बढाउने ऐतिहासिक, धार्मिक पहिचान बोकेको प्राकृतिक सम्पदा र सौन्दर्यले भरपूर, पर्यटकीय विकासको प्रचूर सम्भावना रहेको रेसुङ्गा तपोभूमिको नामबाट 'रेसुङ्गा नगरपालिका' नामकरण गरिएको हो। पहिले १४ वडा कार्यालयको सेवा नगरपालिकाको कार्यालयबाट मात्रै हुने गर्दथ्यो। निर्वाचन जनप्रतिनिधि आएलगत्तै १४ वटै वडा कार्यालय सम्बन्धित वडाबाटै काम सुरू गरेका छन् । अहिलेको युग प्रविधिको हो । प्रविधिको प्रयोगबिना जनतालाई सेवा छिटोछरितो हुन सक्दैन भन्ने महसुस गरी नगरपालिकालगायत सबै वडा कार्यालयमा उच्च प्रविधिको इन्टरनेटको जडान गरिएको छ।

वडाबाटै सामाजिक सुरक्षा, पञ्जीकरण र एकीकृत सम्पत्ति करजस्ता राजस्व संकलनका कार्य कम्प्युटर प्रणालीको माध्यमबाट मात्रै हुने व्यवस्था छ । रेसुङ्गा नगरपालिकाको कार्यालय र वडा कार्यालयमा सबै किसिमका कार्य सूचना-प्रविधिमार्फत नै गरिन्छ। अर्थात् यस नगरपालिकाभित्र हस्तलिखित कार्यलाई निरूत्साहित गरिएको छ । नगरपालिकाका जनताको सुविधाका लागि चार सार्वजनिक स्थानमा इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइएको छ । रेसुङ्गा नगरपालिकाको मोबाइल एप्स र वेबसाइट सञ्चालनमा रहेको छ। कार्यालयमा लेखा, राजस्व र योजनामा सफ्टवेयर प्रणाली प्रयोगमा ल्याइएको छ।

बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको थियो । नगरपालिका भएता पनि यस नगरपालिकामा विकट गाउँ पनि छन् । वृद्धवृद्धा बैंकसम्म आउन कठिन थियो । प्रभु बैंकको सहकार्यमा वडा वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ । वडा समितिको सहयोगमा प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता वितरण हुन्छ। यतिमात्रै होइन, हिँडडुल गर्न नसक्ने तथा परिवारका अन्य सदस्य नभएका व्यक्तिका लागि घरमै पुगेर वितरण गर्ने व्यवस्थासमेत छ । प्रत्येक महिनाको २२ गते अपाङ्ग परिचय पत्र वितरण गर्ने व्यवस्था पनि मिलाइएको छ।





## तानसेन नगरपालिका, पाल्पा

# दलित र अल्पसंख्यकको नि:शुल्क स्वास्थ्य बिमा

तानसेन नगरपालिकामा २०७४ मा निर्वाचित जनप्रतिनिधि आइसकेपछि विकास निर्माणसँगै मानवीय सहायताका सवाललाई समेत सम्बोधन गर्ने जमर्को गरिएको छ। विकास निर्माणका काम त सबैले महत्व दिने विषय भयो तर मानवीय सहायताका सवाल प्रायः छायाँमा पर्ने गर्दछ।

पाल्पा विकास केन्द्रका कार्यकारी निर्देशक किरण कौशल भन्नुहुन्छ, 'नगरपालिकाले नगरका दलित अल्पसंख्यक ९ सय ५३ परिवारका लागि गतवर्ष नेपालमै पहिलोपटक निःशुल्क स्वास्थ्य बिमा गर्ने काममा थालेको हो जुन मानवीय सहयोगका हिसाबले महत्वपूर्ण हो।' अल्पसंख्यक बोटेका लागि घरको छाना फेर्ने तथा उज्यालोका लागि सहयोग कार्यक्रम अगाडि बढाएको छ भने जेष्ठनागरिक तथा बालबालिकालाई लक्षित गरेर मदनपोखरामा निर्माण आरम्भ न्यानो तथा शीतल घर अर्को महत्वपूर्ण कदम हो।

नगरपालिकाले गतवर्ष ग्रामीण क्षेत्रमा सडक बिस्तारलाई महत्व दिएर करिव ६५ किलोमिटर सडक बिस्तार गरेको छ। कालीगण्डकी करिडोरसँग जोडेर सहमार्ग निर्माण गरेपछि बुटवल तानसेन हुँदै ढुवानी तथा यात्राका लागि सहज भएको वडा नं. १३ का लीलाराज भट्टराई बताउनु हुन्छ। उहाँ भन्नुहुन्छ, 'नगर सरकारले ओझेलमा रहेका ग्रामीण भेगको विकासका लागि गरेको महत्वपूर्ण काम यो पनि हो।' मेयर अशोककुमार शाहीले निर्वाचनको समयमा गरेको प्रतिवद्धताअनुसार दलित तथा अल्पसंख्यकको नि:शुल्क स्वास्थ्य बिमा गरिएको बताउनु भयो।

विकास निर्माणमा विभेदजन्य कुनै व्यवहार वा बोली प्रकट नभएको मेयरर शाही बताउनु हुन्छ। शाही २०५४ देखि २०५९ अवधिमा समेत तानसेन नगरपालिकाको मेयरका रुपमा कार्यरत हुनुहुन्थ्यो। नेपाल पत्रकार महासंघ पाल्पाका पूर्वसभापति झपेन्द्र गैरे भन्नु हुन्छ, 'शाहीसँग दूरदृष्टि, कार्यक्षमता र सबैलाई समेट्ने खुबी छ तर कतिपय सोच साकार पार्न जनप्रतिनिधि र कर्मचारीका साथ र संयोजन अर्थात् तालमेल नमिलेझैं देखिन्छ। यद्यपि उनको नेतृत्वमा तानसेनबाट भएका काममध्ये दलित अल्पसंख्यकका लागि निःशुल्क स्वास्थ्य बिमा, स्थानीय सञ्चारगृह सबलीकरण कार्यक्रम, हाम्रो तानसेन प्रकाशन लगायत राम्रा काममध्ये पर्दछन्।'

> जनप्रतिनिधि र कर्मचारीको साथ र सहयोग भएन भने जतिसुकै राम्रो योजना पनि फेल खाँदा रहेछन् । नगरबासीको समर्थन र सहभागिता अझ महत्वपूर्ण पक्ष हो यसर्थ काम सम्पन्न तथा संस्थागत गर्नका लागि धेरै योजना होइन, सुरु गरेकालाई गुणस्तरीय ढंगबाट सम्पन्न गर्दै अघि बढनुपर्ने सिकाइ तानसेनसँग छ ।

जिल्ला समन्वय समितिको आयोजनामा पाल्पाका १० स्थानीय तहले सम्पादन गरेका कामको समीक्षा गर्दै पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल भन्नुहुन्छ, 'दलित अल्पसंख्यकका लागि नि:शुल्क स्वास्थ्य बिमा, जेष्ठ नागरिकका लागि न्यानो तथा शीतल घर, नगर गतिविधि तथा इतिहास कला संस्कृतिलगायत समावेशी सामग्री समेटिएको हाम्रो तानसेन त्रैमासिक बुलेटिन प्रकाशन, नगर गौरवका आयोजना आरम्भ आदि तानसेनका राम्रा कदम हुन्।' नगरपालिकाको हाम्रो तानसेन त्रैमासिक बुलेटिन नेपालका ७ सय ५३ स्थानीय तहमध्ये कै नमुना कार्य हो भन्नुहुन्छ बुटवल टुडेका सम्पादक कृष्ण मल्ल। हाम्रो तानसेन २०७५ वैशाखबाट प्रकाशन आरम्भ भएको हो। पहिलो अंकमा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, संघीय मामिलामन्त्री लालबाबु पण्डित, ५ नं प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलको समेत शुभकामना समेटिएको प्रकाशन हाम्रो तानसेनका नियमित अंकमा तानसेन पाल्पाको बारेमा महत्वपूर्ण इतिहास समेत उजागर हुँदै आएको लेखक तथा इतिहासविद् निर्मल श्रेष्ठ बताउनु हुन्छ। जेष्ठ नागरिक, अपाङ्गता भएका र सुत्केरीका लागि घरघरमा निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम, बहुउद्देश्यीय नयाँ बसपार्क निर्माण, खेल मैदान र जेष्ठनागरिक तथा बाल उद्यानसहित टुँडिखेल स्तरोन्नतिको काम लगायतका योजना सही ढंगले अघि बढेका छन्।

जनप्रतिनिधि र कर्मचारीको साथ र सहयोग भएन भने जतिसुकै राम्रो योजना पनि फेल खाँदा रहेछन्। नगरबासीको समर्थन र सहभागिता अझ महत्वपूर्ण पक्ष हो यसर्थ काम सम्पन्न तथा संस्थागत गर्नका लागि धेरै योजना होइन, सुरू गरेकालाई गुणस्तरीय ढंगबाट सम्पन्न गर्दै अघि बढनुपर्ने सिकाइ तानसेनसँग छ।











# पर्यटकीय क्षेत्रको सौन्दर्यकरण

## सन्धिखर्क नगरपालिका, अर्घाखाँची

प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता र ऐतिहासिक महत्वका सम्पदाले भरिपूर्ण सन्धिखर्क नगरपालिका प्रदेश नं. ५ र अर्घाखाँची जिल्लाको सदरमुकाम समेत रहेको नगरपालिका हो । अर्घा र खाँचीका चौबीसे राजाहरु आई शान्ति र सन्धि गरेको स्थान यसै शान्ति बगैचाभित्र छ।

ऐतिहासिक महत्व बोकेको शान्ति बगैंचा स्थानीय सरकार गठन हुनुपूर्व आँप बगैंचाका रुपमा थियो । स्थानीय सरकार गठनपश्चात आर्थिक वर्ष २०७४/७५ मा पारित पहिलो नीति तथा कार्यक्रममा सन्धिखर्क नगरपालिकाको मूल उद्देश्य 'स्वच्छ हराभरा विकसित र समृद्ध नगरपालिका' स्थापना गर्ने लक्ष्य राखी सोहीबमोजिम बजेट तथा कार्यक्रम पारित गरियो ।

स्वच्छ हराभरा र पर्यटकीय स्थलको रुपमा सन्धिखर्क नगरपालिकालाई विकास गर्ने उद्देश्यले यस नगरपालिकाभित्र रहेको शान्ति बगैंचा, लदाम बगैंचा, मथुरा बेंसी, अर्घा भगवती मन्दिर, घोर्लासी टावर, नरपानी गंगासरोवर, खाँची दरबार लगायतका क्षेत्रलाई एकीकृत पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने अवधारणा अघि सारिएको थियो । जसअनुरुप पहिलो चरणमा जिल्लाको सदरमुकामको मुटु र नगरपालिकाको केन्द्रमा रहेको शान्ति बगैंचालाई पर्यटकीय दृष्टिबाट स्तरोन्नती, सौन्दर्यीकरण र आधुनिकीकरण गर्ने कार्य सम्पन्न गरिएको छ।

स्थानीय गौरवको आयोजनाका रुपमा विकास गरिएको शान्ति बगैंचामा घुम्न आउने आगन्तुकले यस बगैंचाको प्राकृतिक सौन्दर्यता, धार्मिक एकता र ऐतिहासिक महत्वका सम्पदाहरुको संरक्षणबाट प्रभाबित भएर मुक्तकण्ठले प्रशंसा गर्ने गर्दछन् । धार्मिक सहिष्णुताको प्रतिकको रुपमा यस बगैंचाभित्र बुद्धको मूर्ति र भगवान् शिवको मूर्ति स्थापना गरिएका छन् । पाञ्चायन मन्दिर रहेको यो बगैंचा सन्धिखर्क र चुत्राबेंसी क्षेत्रका जेष्ठनागरिकका लागि धार्मिक गन्तब्य एवं कोलाहलमुक्त विश्राम स्थल बनेको छ।

सन्धिखर्क नगरपालिकाबाट विनियोजित बजेट ५५ लाख र स्थानीय जनताको जनश्रमदान १० लाख गरी जम्मा बजेट ६५ लाखको लागतमा निर्माण गरिएको हो । यस शान्ति बगैंचालाई विभिन्न तहमा आधुनिकीकरण गरी सुन्दर फूलबारी बनाउनुका साथै कैलाश पर्वतको प्रतिक पानीको फोहोरायुक्त गार्डेन, सुन्दर पदमार्गहरु, बुद्ध सालिक सहितको गार्डेन बनाइएको छ । साथै प्राकृतिक रुपमा सौन्दर्यीकरण गर्न लगाएका बिरूवासँगै अशोकका वृक्षसमेत रोपिएका छन् । ठाउँठाउँमा विश्राम स्थल बनाउनुका साथै बालबच्चाका लागि बाल उद्यानसमेत निर्माण गरिएको छ । बगैंचाको संरक्षण र प्रवर्द्धनका लागि छेकबार एवं पर्खाल लगाइएको छ।

झन्डै १८ रोपनी क्षेत्रफलमा फैलिएको र नमुना पार्कको रुपमा रहेको शान्ति बगैंचा हाल आएर सन्धिखर्क आइपुग्ने जोकोहीका लागि घुम्ने पर्ने एक सुन्दर पर्यटकीय स्थल बनेको छ । शान्ति बगैंचा भ्रमण गर्नेका लागि यो क्षेत्र धार्मिक सहिष्णुता, प्राकृतिक सौन्दर्यता र ऐतिहासिक महत्वको पार्कका रुपमा रहेको सहजै अनुभूत हुने र आनन्दित बनाउने गर्दछ। सन्धिखर्क नगरपालिकाले शान्ति बगैंचालाई नमुना पार्कको रुपमा लिएर बाँकी सम्भावित पर्यटकीय स्थलहरु लदाम बगैंचा, मथुराबेंसी, नरपानी गंगासरोवर क्षेत्र, खाँची दरबार क्षेत्र, घोर्लासी भ्यू टावरलाई समेत सोही रुपमा विकसित र सौन्दर्यीकरण गरी एकीकृत पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने मूल लक्ष्य लिएको मेयर कमलप्रसाद भुसालले बताउनु भयो।

यसलाई आर्थिक विकास र रोजगारी सृजनामार्फत नगरपालिका क्षेत्रभित्रको गरिबी न्यूनीकरण गर्ने काम पनि गर्ने उहाँको भनाइ छ । नेपाल एकीकरण हुनुपूर्व बाइसे, चौबिसे राज्यको पालामा जिल्लाका अर्घा र खाँची चौबिसे राज्यको रुपमा अस्तित्वमा रहेका र दुवै राज्यका राजाले एकापसमा लडाईं नगर्ने प्रतिबद्धता सहित सन्धि गरेको स्थान नै हाल सन्धिखर्कको नामले परिचित छ । बेंसीमा अवस्थित सन्धिखर्क नगरपालिकाको केन्द्र प्राकृतिक छटाहरुले भरिपूर्ण एक मनोरम पर्यटकीय स्थलको रुपमा छ। झन्डै ४३ हजार जनसंख्या रहेको यस नगरपालिकाको केन्द्रबाट बहने बागी खोला र यसको वरिपरी रहेका हरियालीपूर्ण डाँडाले वास्तवमै नवआगन्तुक पाहुनाई मन्त्रमुग्ध बनाउँछ।

एसियाकै दोस्रो नमुनाको रुपमा रहेको श्वेत स्पटिक सिद्धेश्वर शिवलिङ्ग मन्दिरको दर्शनपश्चात १० मिनेटको पैदलयात्राबाट पुगिने सुन्दर शान्ति बगैंचामा पुगेर विश्राम लिन पाउँदा साँच्चिकै प्रकृतिको काखमा लुटुपुटु भएको अनुभूति हुन्छ।



# खुल्ला दिसाको लागि खुल्ला छैन

## भद्रपुर नगरपालिका, झापा

नेपालकै पुरानो नगरपालिका भद्रपुर खुला दिसामुक्त घोषणा भएको छ। भद्रपुर झापामा खुल्ला दिसामुक्त घोषणा हुने १३ औं स्थानीय तह हो। १५ हजार २ सय ७० घरधुरी रहेको भद्रपुर नगरपालिकामा खुल्ला दिसा मुक्त अभियान अघि १२ हजार ६४ घरधुरीमा सुरक्षित शौचालयको पहुँच रहेको थियो। बाँकी ३ हजार २ सय ६ घरधुरीमा अभियानका क्रममा शौचालय बनाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसीबहादुर श्रेष्ठले जानकारी दिनुभयो।

खुला दिसामुक्त घोषणाका अवसरमा अभियान थालनी भए पछि आफ्नै लागतमा चर्पी बनाउने विपन्न घरधुरीलाई सम्मान गरिएको थियो। वडा नम्बर १ देखि १० सम्मका क्रमशः चन्द्रबहादुर लिम्बू, चक्र भुजेल, महनलाल गणेश, विनय माझी, जात्रु राजवंशी, रामु कामती, गीता राजवंशी, देवीलाल विश्वकर्मा, विश्वेश्वरी राजवंशी र अशोक रकलाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो।यसैगरी, खुला दिसामुक्त अभियानमा सहयोग गर्ने सामाजिक अगुवाहरू आइतबहादुर लिम्बू, आसबहादुर तामाङ, रमादेवी घिमिरे, रोहितसिंह राजवंशी, विरजु सहनी, गोपाल मण्डल, अरूण पोखरेल, उर्मिला सापकोटा, सरू सुब्बा र मुक्ति दाहाललाई समेत नगद पुरस्कारसहित सम्मान गरिएको थियो।

यसैगरी, सम्मानित हुनेमा खुला दिसामुक्त अभियानका कार्यक्रम अधिकृत फणिन्द्र दाहाल, क्षेत्र संयोजकहरू सीताराम नेपाल र विकास राजवंशी तथा प्रज्वलकहरू रमला अधिकारी, निशु कर्ण, गायत्रा श्रेष्ठ, विष्णु राई र हेमकुमारी राजवंशी रहेका छन्। घोषणा समारोहका वक्ताहरूले प्राप्त उपलब्धिहरूको दिगोपन र पूर्ण सरसफाइ अभियानको निरन्तरतामा जोड दिनु भएको थियो। कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य बसन्त बानियाँले भौतिक विकासले मानव





जीवनलाई सहज बनाउने भए पनि सामाजिक समृद्धिका लागि सरसफाइ अभियानले महत्वपूर्ण भूमिका खेल्ने वताउनुभयो। ‘खुला दिसामुक्त, पूर्ण खोप, पूर्ण साक्षर, विभेदमुक्त लगायतका सामाजिक अभियान हामीले परम्परागत रूपमा देखिरहनेभन्दा

खुल्ला दिसामुक्त नगर घोषणा सँगै सरसफाई प्रत्येक व्यक्तिको आवश्यकता हो । विश्व स्वास्थ्य संगठनले सरसफाइलाई मानव मल मूत्रको सुरक्षित व्यवस्थापन भनी परिभाषित गरेको छ । यसैगरी सरसफाइले अन्य ठोस तथा तरल फोहर र मानव दिसाजन्य लेदोको व्यवस्थापनलाई समेत समेटेको छ ।

फरक, तर सामाजिक समृद्धिका अभियान हन’, उहाँले भन्नुभयो, ‘भौतिक र आर्थिक विकाससँगै सामाजिक सांस्कृतिक र मानवीय विकास हुन सकेमा मात्र विकासले सन्तुलित रूपमा फड्को मार्छ।’

प्रदेशसभा सदस्य पूर्णसिंह राजवंशीले नेपालकै पहिलो नगरपालिका भद्रपुर धेरै पहिले नै खुला दिसामुक्त भइसक्नुपर्ने बताउँदै सरसफाइ अभियानको निरन्तरतामा जोड दिनुभयो। जिल्ला समन्वय समिति झापाका कार्यवाहक प्रमुख पराजुलीले राज्यले तोकेको अवधिमा झापा जिल्लालाई खुला दिसामुक्त घोषणा गर्न नसकिए पनि अब दुईवटा मात्र स्थानीय तह खुला दिसामुक्त घोषणा हुन बाँकी रहेको र त्यहाँ पनि घरायसी चर्पी निर्माणको कार्य सकिइसकेको बताउनुभयो। नगर प्रमुख जीवनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेकपाका असारू राजवंशी, नेपाली कांग्रेसका गणेश पोखरेल, वडा नम्बर ५ का अध्यक्ष बन्धु कार्की, टोल विकास संस्थाका उत्तम सुवेदी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसीबहादुर श्रेष्ठ, शाखा अधिकृत राजन न्यौपाने लगायतले नमुना जिल्लाको नमुना नगरपालिका बनाउनु पर्नेमा जोड दिनु भयो। अधिकांश ब्यक्तिहरूले झापाको भद्रपुरमा खुल्ला दिसाका लागि कतै पनि खुल्ला स्थान नरहेको स्पष्ट पार्नु भयो।

खुल्ला दिसामुक्त नगर घोषणा सँगै सरसफाई प्रत्येक व्यक्तिको आवश्यकता हो। विश्व स्वास्थ्य संगठनले सरसफाइलाई मानव मल मूत्रको सुरक्षित व्यवस्थापन भनी परिभाषित गरेको छ। यसैगरी सरसफाइले अन्य ठोस तथा तरल फोहर र मानव दिसाजन्य लेदोको व्यवस्थापनलाई समेत समेटेको छ। सरसफाई आवश्यकता मात्र नभएर प्रत्येक व्यक्ति र समाजको अनिवार्य आवश्यकता नै हो। अर्को तर्फ हेर्ने हो भने सरसफाइ सभ्यता र परिष्कारको सूचक पनि हो। चाहे व्यक्ति होस् वा कुनै पनि संघ संस्था वा स्थान, सरसफाइले नै त्यसको पहिलो पहिचान दिन्छ।

नेपालमा कमजोर सरसफाइका कारण प्रत्येक वर्ष ५ वर्ष भन्दा कम उमेरका ६ हजार ५ सय बालबालिकाको मृत्यु भैरहेको तथ्य सार्वजनिक भएको छ। कमजोर सरसफाइका कारण लाग्ने जुका, हैजा, झाडापखाला, आउँ, हेपाटाइटिस, पोलियो, जियार्डियासिस, अमिबायोसिस लगायतका रोगको उपचारमा नेपालबाट वर्षेनी १२ अर्ब रूपैयाँभन्दा बढी बाहिरिइरहेको छ। स्वास्थ्य सेवा विभागका अनुसार ओपिडीमा आउने विरामीमध्ये ६० देखि ८० प्रतिशत कमजोर सरसफाइका कारण लाग्ने रोगका विरामीहरू रहेका छन्। सरसफाइमा पनि मानव दिसाको बिसर्जन सबैभन्दा महत्वपूर्ण रहेको छ। खुल्ला स्थानमा वा असुरक्षित स्थानमा दिसा गर्दा र जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने अभ्यास नहुँदा खुल्लामा गरिएको दिसा मानिसको मुख सम्म पुग्दछ, जसकाकारण वर्षेनी हजारौं मानिस विरामीहुन पुग्छन्। खुल्लामादिसागर्ने वानीकाकारण समग्र नेपालीहरू प्रतिको विश्वको हेराइ नै नकारात्मक बन्न पुगेको छ।

## भरतपुर महानगरपालिका, चितवन

# सहभागिता र साझेदारी मोडल



विकासका दुई पक्ष हुन्छन् विकास आयोजना र नागरिक विकास। विकास आयोजनाहरूको लक्ष्य भनेको आयोजना सफल हुनु, लगानीको उचित प्रतिफल प्राप्त हुनु र यसको दिगोपनसँग गाँसिएको हुन्छ भने विकास नागरिकको अपेक्षा एवं अधिकारको विषय हो, विकास कार्य नागरिक कर्तव्य पनि हुनु र नागरिक यसमा तत्पर समेत रहन्छन्। आयोजना र नागरिक दुबै पक्षलाई जनसहभागिता र साझेदारीले समेट्दछ भन्ने अवधारणा अनुरूप महानगरपालिकाले विकासमा जनसहभागितालाई अन्य तहहरू भन्दा फरक ढंगले लिएको छ। कार्यपालिकाबाट नै निर्णय गरी उपभोक्ता समितिले गर्ने कार्यमा न्यूनतम २० प्रतिशत जनसहभागिता अनिवार्य हुने व्यवस्था गरिएको प्रमुख रेणु दाहालले बताउनु भयो। लागत सहभागिता न्युनतम २० प्रतिशत भनिएता पनि ग्रामीण इलाकामा ५० प्रतिशत र शहरी क्षेत्रमा ७० प्रतिशतसम्म मागको आधारमा आयोजना कार्यान्वयन गर्ने गरी महानगरले बजेट व्यवस्थापन गरेको छ। आर्थिक वर्ष २०७३/०७४ देखि शुरू गरिएको ७०-३० (७० प्रतिशत जनसहभागिता ३० प्रतिशत महानगरपालिकाको लगानी) र ५०-५० ( महानगर र जनसहभागिता बराबरी) अवधारणा सो वर्षको कार्यक्रम सफलताले गर्दा यस वर्ष पनि यसलाई निरन्तरता दिईएको छ। यस अवधारणा अनुरूप स्थानीय जनताको मागको आधारमा आयोजना संचालन गरिन्छ।

आर्थिक वर्ष २०७५/०७६ मा ७० प्रतिशत जनसहभागितामा ५ वटा क्षेत्र जम्मा १२०० मिटर सडक कालोपत्रे भएको छ। जसको कूल लागत ७८ लाख २४ हजारमा महानगरले २३ लाख ४७ हजार र बाँकी नागरिक लागत साझेदारीबाट व्यहोरेको छ। यस्तै ५० प्रतिशत जनसहभागितामा १३ वटा आयोजनाहरू संचालनमा रहेका छन् जसमा सबै आयोजना गरेर कूल ५ किलोमिटर सडक कालोपत्रे हुनेछन्। अन्य स्थानीय तहमा न्यूनतम १५ प्रतिशत जनसहभागिता जुटाउन पनि हम्मे हम्मे परेको अवस्थामा भरतपुरमा न्यूनतम नै २० प्रतिशत तोकिनु, ५०-५० र ७०-३० अवधारणामा आयोजनाहरू सफलता पूर्वक संचालन हुनु आफैंमा सह्रानीय विषय हो। सडक बाहेक पार्क, तटवन्ध, स्कूल भवन, मन्दिर, ढलनिकास, मोजाइक टायल विछ्याउने, सरसफाईका लागि वेस्टविन राख्ने, वृक्षारोपण, फोहोर मैला व्यवस्थापनमा निजी कम्पनीहरूसँग सम्झौता गरी फोहोर संकलन र विसर्जनको काम टोल विकास संस्थाहरू, क्लवहरू तथा अभियन्ता संस्थाका सदस्यहरू समेत सरसफाई अभियानमा सक्रियता रहेको छ। त्यस्तै महानगरपालिकाको सहयोग, समन्वय र सहजीकरण तथा निजी क्षेत्रको अगुवाईमा फलफुल तथा तरकारीको थोक तथा खुद्रा विक्री केन्द्र निर्माण भै सञ्चालनमा रहेको छ। नारायणी किनारमा उद्योग वाणिज्य संघ, चितवनसँगको सहकार्यमा सामुद्रिक किनारको विच मोडलको पार्क विकास गरी सार्वजनिक प्रयोगका लागि खूला गरिएको छ भने सो पार्कलाई विस्तार गर्ने कार्यक्रम रहेको छ। खेलकूद लगायतका क्रियाकलाप गर्दा होस वा अन्य पर्यटकीय वा कुनै पनि प्रदर्शनी जन्य काम गर्दा महानगरबाट स्वीकृति लिएर एव कार्यक्रम प्रस्ताव पेश गरी केही शीर्षकमा सहयोग समेत प्राप्त गरेर कामहरू अघि वढेका छन्। यो वाहेक पनि सहयोगापेक्षी मानवहरूलाई आश्रममा राखेर स्याहार संभार गरी सामाजिक पुनर्मिलन गराउने मानव सेवा आश्रमहरू हुन् वा बालबालिका वा अपहेलनामा परेका जोसुकैलाई पुनसापना गर्नका लागि लागि परेका १० भन्दा वढी आश्रय घरहरू पनि यहाँ सञ्चालनमा छन्। राजस्व रकम निर्धारणर कर संकलनमा निजी क्षेत्रबाट नै स्वत स्फुर्त रूपमा सहभागिता जनाइएको छ।

बढी भन्दा बढी सहभागिताले नै पूर्वाधार निर्माण तथा विकासको कार्यमा अपनत्व र स्वामित्व प्राप्त हुने, आवश्यकतामा आधारित निर्माणले नागरिक सन्तुष्टिको साथै विकासमा पनि दिगोपन आउने हुँदा महानगरपालिकाले सहभागितामुलक विकासको मोडललाई महत्वका साथ लिई विकासका हरेक पक्षमा सहभागितामा जोड दिएको छ।

> आयोजना र नागरिक दुबै पक्षलाई जनसहभागिता र साझेदारीले समेट्दछ भन्ने अवधारणा अनुरुप महानगरपालिकाले विकासमा जनसहभागितालाई अन्य तहहरु भन्दा फरक ढंगले लिएको छ । कार्यपालिकाबाट नै निर्णय गरी उपभोक्ता समितिले गर्ने कार्यमा न्यूनतम २० प्रतिशत जनसहभागिता अनिवार्य हुने व्यवस्था गारिएको छ ।"
>
> **-रेणु दाहाल, महानगर नगर प्रमुख**






# इलाम सिटी मार्ट

## घोराही उपमहानगरपालिका, दाङ

इलाम नगरपालिकाले निजी क्षेत्रको लगानीलाई प्रोत्साहित, प्रवर्धन र संरक्षित गरी व्यापार व्यवसाय तथा उधोग क्षेत्रमा लगानी गराई नगरपालिकासंग साझेदारी कायम गरी निजी क्षेत्रको भुमिकालाई आर्थिक विकासको क्षेत्रमा महत्वपूर्ण ढङ्गवाट अगाडी बढाउने उद्धेश्यले सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन पास गरेको छ। जसबाट नगरको विकासमा महत्वपूर्ण टेवा पुगेको छ।

ऐन जारी भएपछि नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको जमिनमा निजी क्षेत्रसंगको साझेदारीमा व्यापारीक, व्यवसायिक, औधोगिक कामको लागि भाडामा लगाउन संरचना निर्माण गरी भाडामा लगाउन सक्ने छ । नगरपालिकाले आफ्नो स्वामित्व वाहेक अन्य व्यक्ति संघ संस्थाको स्वामित्वमा रहेको वा सार्वजनिक जमिन भाडामा लिई संरचना निर्माण गरी भाडामा लगाउन सक्ने छ । त्यस्तै निजी क्षेत्रले साझेदारीमा निमार्ण गरेको संरचना भाडामा दिँदा प्रचलित ऐन ,कानुन बमोजिम लगानी अनुपातमा भाडामा प्रयोग गर्ने, निजीक्षेत्र र नगरपालिकाले साझेदारीमा निर्माण गरेको संरचना प्रचलित ऐन, कानुन र नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित हुनेगरी संचालनगर्न नपाइने लगायतका विषयहरू समेटिएको छ ।

निर्माण अवधिसम्म संरचनाको भाडा निजीक्षेत्रको साझेदार लगानीकर्तालाई नलिने, निजीक्षेत्रका लगानीकर्ता र नगरपालिकाले साझेदारीमा निर्माण गरेको संरचना निर्माण पुरा भएपछि लगानीकर्तालाई हस्तान्तरण गरेपछि मात्र निर्धारित मासिक भाडा असुल गर्ने, निजीक्षेत्रका लागनीकर्ताले संरचना हस्तान्तरण गरेको मितिदेखि संचालन अवधिको गणना गरीने, संरचना हस्तान्तरण भएको मितिदेखि समय गणना गरी प्रत्येक दुई/दुई वर्षमा दश प्रतिशत भाडा बृद्धिगरी भाडा समायोजन गर्ने, निजीक्षेत्रले संरचना संचालन गरेपछि प्रत्येक दुई महिनामा अनुगमन गर्ने व्यवस्था अनुगमन गर्दा निर्माण तथा संचालन सम्झौता बमोजिम भए नभएको, निर्धारीत उदेश्य बमोजिम संरचनाको उपयोग भए नभएको, भौतिक अवस्थाको संरक्षण, मर्मत सम्भार भए नभएको स्थलगत निरीक्षण गरी प्रतिवेदन बुझाउनु पर्नेछ । नगरपालिकाले सामान्यअवस्थामा सम्झौता भङ्गगरी संरचनाखाली गराउने छैन । तर निजीक्षेत्रको लगानीकर्ताले ऐन, नियम, नगरपालिकाको निर्णय, हित र सम्झौताविपरीत कार्य गरेमा एक महिनाको सूचनादिई संरचनाखाली गराउन सक्ने तथा नगरपालिकाको हितविपरीत कार्य गर्ने, नगरपालिकाको कार्यमा बारम्वार अवरोध सिर्जना गर्ने, गैर कानुनी कारोवार, व्यापार व्यवसाय गर्ने निजीक्षेत्रका लगानी गर्न चाहने लगानीकर्तालाई लगानी गर्न र संरचना संचालन गर्न दिन नगरपालिका बाध्य नहुने जस्ता विषेशताहरू रहेका छन।



सोहि ऐनको आधारमा रहि इलाम नगरपालिका वडा नं. ७ इलाम बजारमा इलाम नगरपालिकाले व्यपारीक भवन "इलाम सिटी मार्ट"को निर्माण कार्य थालनी गरेको नगर प्रमुख महेश बस्नेतले बताउनु भयो । ११ करोड ८४ लाख ८४ हजार लागतमा निर्माण हुने भवन भवनमा ९२ सटर कोठाको ४ तले रहेको छ। जस मध्ये ७८ कोठा अन्य व्यपारीक रूपले सञ्चालनका लागी छन भने १४ कोठा मासु पसलको लागी निर्माण गरिनेछ साथै भवनको माथिल्लो छतमा सब्जी बजारको परिकल्पनाको साथ निर्माणाधिन अवस्थामा रहेको छ। निजी क्षेत्रको लगानीबाट १ करोड ७३ लाख ५० हजार रहेको छ भने उक्त रकम निजी क्षेत्रबाट किस्ताबन्दी रूपमा लिइ नगरपालिकाको संचित खातामा जम्मा हुने प्रावधान गरिएको छ।

२०७५ असार २४ गते सम्झौता सम्पन्न भएको उक्त भवनको निर्माण सम्पन्न २०७६ चैत्र ३० गते हुनेछ। पहाडी भुवनौटमा अवस्थित इलाम नगरपालिका पहाडी क्षेत्रको पुरानो नगरको रूपमा परिचित रहेको छ । सामाजिक, आर्थिक, सांस्कृतिक र मनोरञ्जनको हिसावले इलाम नगरपालिका विशिष्ट र महत्वपूर्ण छ। यस क्षेत्रमा भिन्न समुदाय तथा मानव संस्कृति समावेश छ। इलाम नगरपालिकामा करिब १३५ हेक्टर जमिन ओगटेको नेपालको सवैभन्दा पुरानो चिया वगान समेत रहेकाले चियाको जिल्लाको रूपमा समेत परिचित जिल्ला हो। इलाम नगरपालिका पुरानो नगर भएपनि विगतमा यस नगरमा अपेक्षित रूपमा विकास हुन सकेको अवस्था थिएन तर वि.सं. २०५४ को स्थानीय निर्वाचन पश्चात भने इलाम नगरपालिकाले विकासमा द्रुत गति लिएको आम नगरवासीले महशुस गरेका छन्।

द्धन्द्धकालिन अवस्थामा जनप्रतिनिधि विहिन स्थानीय तहमा पुनः विकासमा अवरोध पैदा भएको जगजाएर छ। पछिल्लो स्थानीय तह निर्वाचन पश्चात नगरले निर्वाचित जनप्रतिविधि पाएको छ । इलाम नगरपालिकाले ऐन, नियम तथा निर्देशिका बनाउने क्रममा हालसम्म ४० वटा कानूनहरूको निर्माण गरिसकेको छ।

# जग नै नभएको पोखरी संरक्षण





## ललितपुर महानगरपालिका, ललितपुर

जगमुद्ु अर्थात् जग नै नभएको पोखरीका रुपमा चर्चित ललितपुर महानगरपालिका २० स्थित छायबहाल/पिम्बहाल क्षेत्रमा रहेको यस पोखरीको प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक महत्व पनि निकै रहेको छ। बस्तीको बीचमा ठूलो पोखरी र त्यसको बीचमा मन्दिरसहितको पाटीले यस क्षेत्रमात्र नभई सिङ्गो ललितपुरबासीकै ध्यान खिच्न सफल भएको छ। विश्वसम्पदा क्षेत्रभित्र समेटिएको यस पोखरीको जति प्राकृतिक महत्व छ, त्यसभन्दा बढी ऐतिहासिक र पुरातात्तिवक महत्व छ। मल्लकालमै स्थापना हुनु आफैंमा ऐतिहासिक महत्वको विषय हो भने यसको स्थापनाको किंबदन्ती पनि उत्तिकै रोचक रहेको छ।

किंबदन्तीअनुसार पाटनका अन्तिम राजा सिद्धिनरसिंह मल्लका गुरूसमेत रहेका गयोबाजेले चामत्कारिक रुपमा यस पोखरीको स्थापना गरेका हुन्। उनले आफ्नो तन्त्रशक्तिका बलमा पाटनका लाखेहरुलाई काम लगाएर गोदावरीको ढुङ्गाबाट एक रातमा सो पोखरी निर्माण गरेको किंबदन्ती अझै पनि यस क्षेत्रका वयोवृद्धले सुनाउने गरेका छन्। अझै रोचक विषय, रातभर ती लाखेहरुले काम गरेका र सूर्योदय हुनुअघि नै उनीहरु त्यहाँबाट पलायन हुनुपर्नेमा त्यसो हुन नसकेपछि चण्डेश्वरी मन्दिरको पाटी पछाडिको ठूलो ढुङ्गामुनि समाधि लिएको पनि बताइन्छ। ती लाखेका नाइकेले समाधि लिएको सो विशाल ढुङ्गो अझै पनि पोखरीमै रहेको र सुख्खायाममा पोखरीको पानी घट्दै जाँदा ढुङ्गा देखिने दिन पानी पर्ने किंबदन्ती रहेको छ।

यस पोखरीमा गरिने पानीको व्यवस्थापन पनि रोचक किसिमको रहेको छ। किंबदन्ती अनुसार टीकाभैरव लेलेबाट राजकुलोमार्फत् लगनखेलको सप्तपाताल पोखरीसम्म पानी ल्याइन्थ्यो र त्यही पानी कुमारीपाटी पोखरी, पूर्णचण्डी पोखरी हुँदै यस पोखरीसम्म ल्याइने गरिन्थ्यो। कुमारीपाटी पोखरीबाट पुल्चोकको पलस्वाँ पुखु हालको नगरपालिका परिसरबाट पनि यस पोखरीमा पानी आउने गरिन्थ्यो। नागराजको समयसम्म पनि यस पोखरीको पानी उत्तिकै शुद्ध र निर्मल रहेको मानिन्छ। टीकाभैरवको शुद्ध पानी आयातित हुने भएकाले बच्चालाई रून्चेलगायतका विभिन्न रोग लाग्दा यस पोखरीको पानीले नुवाइदिने गरिएको पनि किंबदन्ती पाइन्छ।

अहिले भने पोखरीको पुरातन मौलिकतामा केही परिवर्तन गरिएको छ। स्थापनाकालमा बनाइएको ढुङ्गाको पर्खालमाथि २०३० सालपछि इट्टाको पर्खाल थपिएको थियो भने संरक्षणको अभावमा २०४२/४३ मा आईपुग्दा पोखरी जीर्णावस्थामा पुगेको थियो। त्यससमयमा तत्कालीन नगर पञ्चायतले पोखरीको स्वरुप फेर्ने प्रस्ताव गरेकोमा स्थानीयको तीव्र प्रतिरोधपछि पोखरीलाई पुरानै ढाँचामा सरसफाइ मात्र गरिएको थियो। केही वर्षअघिसम्म हाल पोखरीको बीचमा रहेको पाटीको ठाउँमा ईट्टाले बनेको सानो भवन थियो। बरू करिब २० वर्षअघि पोखरीको ऐतिहासिक चित्र सार्वजनिक भएपछि पोखरीको स्वरुपमा परिवर्तन गरिएको हो।

ब्रिटिस चित्रकार जोन हेनरी ओल्डफिल्डले वि.सं. १८५७ सालमा तयार पारेको पोखरीको चित्रमा पोखरीको बीचमा काठको खम्बासहितको पाटी रहेको पाइएपछि पोखरीको बीचमा सोही अनुसारको पाटी बनाउने अवधारणा आएको थियो। पछिल्लो समयको पोखरीको जीर्णोद्धार र पुनर्निमाणमा विश्व बैंक र ललितपुर महानगरपालिकाको पीयूआरपीपी पाइलट प्रोजेक्टको अन्तर्गत पुनर्निर्माण भएको छ। हाल पोखरीको वरिपरि सम्पदा मार्गअन्तर्गत ढुङ्गा छाप्ने काम पुरा भइसकेको छ।

### चण्डेश्वरी मन्दिर

जगमुद्ु पुखुकै उत्तरतर्फ रहेको चण्डेश्वरी मन्दिर पनि ऐतिहासिक एवं धार्मिक हिसाबले महत्वपूर्ण रहेको छ। सो मन्दिर पनि पोखरीको निर्माणकर्ता राजगुरू तान्त्रिक गयोबाजेले नै बनाएको भन्ने किंबदन्ती पाइन्छ। सो मन्दिरको सम्बन्ध काभ्रेपलाञ्चोकको बनेपास्थित चण्डेश्वरी मन्दिरसँग रहेको बताइन्छ। किंबदन्ती बमोजिम पाटनको लाखेनाचका क्रममा कुनै दिन बनेपाकी चण्डेश्वरी देवी पनि नाच हेर्न आएकी, नाच हेर्ने क्रममा भीडअनुसार आफ्नो उचाइ बढाउने र घटाउने गर्दै नाच हेरेकी र सो कुरा तान्त्रिक समेत रहेका गयोबाजेले थाहा पाएपछि आफ्नो तान्त्रिक शक्तिमार्फत् ती देवीलाई खिचेर जगमुद्ु पोखरी नजिक ल्याएका भन्ने पाइन्छ। पछि चण्डेश्वरी देवीले आफू बनेपाबाट नाच हेर्न आएकी भनेपछि गयोबाजेले ती देवीलाई त्यहीं विराजमान हुने शर्तमा मन्दिर स्थापना गरेको कथन प्रचलित रहेको छ।

चण्डेश्वरीका अतिरिक्त गणेश, बज्रवाराही, बालकुमारी, भीमसेनको मूर्ति मन्दिरको आकर्षक पक्ष हुन्। चण्डेश्वरी मन्दिरसँगै हरिसिद्धि, अगाडि खम्बामा शनिश्चर, मन्दिरको पूर्वमा चामुण्डा र टुडालहरुमा अष्टमातृका, मन्दिरको अगाडि पाटीमा सरस्वती र मन्दिर सँगै विभिन्न समुदायका कूलदेवताहरुको स्थापनाका कारण मन्दिरप्रतिको आस्था र श्रद्धामा झनै विकास भएको पाइन्छ। मन्दिर परिसरमै चण्डेश्वर महादेवको पनि स्थापना गरिएको छ। २०७२ को महाभूकम्पले मन्दिरको तेस्रो तल्ला भत्किएको हुँदा जन श्रमदान, नगरपालिका र यसै क्षेत्रका तत्कालीन सांसद मदन अमात्यको सांसद्कोषबाट पुनर्निर्माण गरिएको थियो।

### अशोक चैत्य

जगमुद्ु पुखु र चण्डेश्वरी मन्दिरनजिकै रहेको अर्को महत्वपूर्ण सम्पदा अशोक चैत्य हो। समग्र हिन्दू र बौद्ध सम्प्रदायको समेत विश्वासको केन्द्र रहेको सो चैत्यले एकातिर प्राकृतिक शोभा प्रदान गरिरहेको छ भने अर्कातिर धार्मिक सहिष्णुता र कुटनीतिक महत्वसमेत बहन गरेको छ। भारतका महान् बौद्ध अनुयायी सम्राट अशोकले संसारभर ८४ हजार स्तुपा बनाउने प्रण गरेकोमा तिनै ८४ हजारमध्येको १ स्तुपा सो अशोक स्तुपा पनि रहेको ऐतिहासिक तथ्य रहिआएको छ। युद्धबाट भारत विजयगरिसकेपछि बुद्धको अनुयायी बनेका अशोकले धर्मको प्रचारबाट जनताको मन जित्ने भन्दै संसारभर त्यस्ता स्तुपा बनाउने प्रण गरेका थिए भन्ने पाइन्छ। सोही महत् लक्ष्यबमोजिम अशोकपुत्रीहरु चारूमती र पिङ्गलाले तत्कालीन नेपाल उपत्यकाको पाटन क्षेत्रमा ५ स्तुपा बनाएका भन्ने इतिहास प्रचलित छ। सोही ५ स्तुपामध्ये एक प्रमुख स्तुपाका रुपमा यस क्षेत्रको अशोक चैत्य रहेको पनि जनश्रुति रहेको छ।

### पिम्बहाल क्षेत्रको प्राकृतिक तथा ऐतिहासिक महत्व

जगमुद्ु पुखु, चण्डेश्वरी मन्दिर र अशोक स्तुपा, गयोबाजे निवास, विश्वेश्वर महादेव, छायबहाल, पिन्ठबहाल, गर्भीपिन्ठ विहार, रत्नेश्वर महादेव यस जगमुद्ु क्षेत्रका अमूल्य सम्पदाहरु हुन्। विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार क्षेत्र नजिकै पर्ने यस क्षेत्रको महत्व ऐतिहासिक रुपमा उल्लेख्य पाइन्छ। इतिहासकारहरुले यस क्षेत्रलाई ललितपुर जिल्लाकै सबैभन्दा पुरानो बस्तीका रुपमा पनि लिने गरेका छन्। पाटन दरबारको निकटवर्ती क्षेत्र रहेकाले सो ऐतिहासिक तथ्य प्रामाणिक पनि रहेको पाइन्छ। एकै ठाउँमा मन्दिर र चैत्यको निर्माणले एकातिर धार्मिक सहिष्णुताको सन्देश प्रदान गरिरहेको छ भने साथमा रहेको पोखरीको मनोरमताले यस क्षेत्र र क्षेत्रबासीका मनसमेतलाई सिञ्चित गरिरहेको छ। पछिल्लो समय खासगरी बढ्दो शहरीकरणको भीडभाड र कोलाहलबाट मुक्त रहन सफल यस क्षेत्र एउटा शान्तिभूमिका रुपमा रहिआएको छ।

पछिल्लो समयको विकसित र परिवर्तित स्वरुपले यस क्षेत्रको महत्व घटाएको छैन, अझ बढाउन पुगेको छ। संसारभरको बढ्दो पुँजीकरण र शहरीकरणबाट शान्ति खोज्न नेपाल आउने पर्यटकहरु र काठमाडौं शहरकै कोलाहलबाट शान्ति खोज्ने आन्तरिक पर्यटकहरुका लागिसमेत ऐतिहासिक र धार्मिक हिसाबले समेत महत्वपूर्ण यस क्षेत्र आकर्षणको केन्द्र बन्न पुगेको छ। यस पावन क्षेत्रको समग्र विकासका लागि स्थानीयबासीबाट पनि केही पहल भइरहेको छ भने थप विकासका लागि दीर्घकालीन कार्ययोजनासहितको कार्यक्रमको आवश्यकता रहेको छ।

## महालक्ष्मी नगरपालिका, ललितपुर



# दिसाजन्य लेदो प्रशोधन

यदि कसैले तपाईंको नीजि जग्गामा विभिन्न घरधुरीहरूको सेप्टिक ट्यांकीबाट उठाइको दिसाजन्य लेदो व्यवस्थापन गरौं भन्ने प्रस्ताव गरेमा तपाईंलाई कस्तो लाग्ला ? पक्कै पनि यो प्रस्ताव स्वीकार गर्न त्यति सहज नहोला अझ भनौं यसप्रति सहमत नहुन सक्छ। तर अचम्म लाग्ला काठमाडौं उपत्यकाको ललितपुर जिल्ला अन्तर्गत महालक्ष्मी नगरपालिका भित्र रहेको एउटा नीजि जग्गामा यस्तै कार्य भइरहेको छ।

वैशाख १२, २०७२ सालको विनाशकारी महा-भूकम्पले ध्वस्त पारेको वस्ती र घरधुरीहरूमा निर्माण गरिएको आपतकालिन चर्पीहरूबाट निस्केको दिसाजन्य लेदोको उचित व्यवस्थापन महालक्ष्मी नगरपालिकाका लागि पनि थप चुनौति बनेको थियो। उक्त चुनौति वातावरणीय दृष्टिकोणबाट मात्र नभई स्थानीय जनस्वास्थ्यप्रति पर्नसक्ने नकारात्मक असरको सम्भावनाले जोखिमयुक्त बनेको थियो। यसैको समाधानको लागि दिसाजन्य लेदोको सुरक्षित विसर्जनको लागि वातावरण र

उत्पादित प्राङ्गारिक मल र प्रशोधित फोहोरपानीको पुन: प्रयोगबाट तरकारी उत्पादन गरी सालिग्राम बालगृहले प्रयोग गर्दै आइरहेको छ । हाल पाँच घरलाई खाना पकाउन पुग्ने क्षमताको ग्यास उत्पादन हुँदै आएको छ । यसैगरी प्रशोधन केन्द्रको रेखदेखको लागि खटिएका रेखदेखकर्ताको तलब, प्रशोधन केन्द्रबाट उठेको आम्दानीबाटै हुने गरेको छ ।

जनस्वास्थ्य संस्था (एन्फो) को आर्थिक र प्राविधिक सहयोगमा महालक्ष्मी नगरपालिकाले दिसाजन्य लेदो प्रशोधन केन्द्र निर्माण गर्ने निर्णय गर्‍यो। तर यसको लागि आवश्यक स्थान उपलब्ध हुन नसक्दा उक्त निर्णयले सार्थकता पाउन सकिरहेको थिएन। अन्ततः नगरपालिकाभित्र रहेको नेपाल हिल्फे बाइलंग्रिस नामक गैससंले आफ्नो जग्गा उपलब्ध गराउन सहमती जनायो।

वास्तवमा गैससद्धारा उपलब्ध गराएको जग्गा उक्त गैससमार्फत् संचालन रहेको शालिग्राम बालगृहमा आश्रित बालबालिकाको लालनपालनको लागि दैनिक रूपमा आवश्यक पर्ने तरकारी उत्पादन गर्ने उद्देश्य रहेको थियो । तर पर्याप्त पानीको अभावमा वर्षै भरी खेती गर्न नसकिएको अवस्थामा उद्देश्य अनुरूप पुग्दो मात्रामा तरकारी उत्पादन हुन सकिरहेको थिएन। यसै सन्दर्भमा दिसाजन्य लेदो प्रशोधन केन्द्र निर्माणले उक्त पानीको अभावलाई परिपूर्ति गर्ने एवम् खेतीको लागि चाहिने प्रांगारिक मल समेत उत्पादन हुन्छ भन्ने भएपछि सो जग्गाको केहि भागमा प्रशोधन केन्द्र निर्माण गर्नको लागि उक्त गैससले आफ्नो जग्गा उपलब्ध गरायो र सहमती अनुसार तीन महिना भित्र प्रशोधन केन्द्रको निर्माण भई संचालनमा आयो।

हाल उक्त प्रशोधन केन्द्रमा महालक्ष्मी नगरपालिका र यसका छिमेकी नगरपालिकाहरूका विभिन्न घरधुरीबाट उत्पादन हुने दिसाजन्य लेदो प्रशोधन गर्ने गरिएको छ। यसको लागि विभिन्न नीजि व्यवसायीहरूद्धारा संचालित रित्याउने र ढुवानी सेवामार्फत् संकलित दिसाजन्य लेदोलाई यस प्रशोधन केन्द्रमा विसर्जन गरिन्छ भने यसको लागि व्यवसायीहरूले प्रति ट्रकबाट रू ५०० शुल्क तिर्ने गरिएको छ। सुरक्षित विसर्जनको क्रममा उत्पादन हुने प्रशोधित पानीलाई खेतीको लागि सिँचाइमा प्रयोग गरिन्छ भने स्लज ड्राइङ्ग बेडमा जम्मा हुने ठोस वस्तुलाई प्राङ्गारिक मलको रूपमा प्रयोग गरिन्छ। त्यसैगरी यहाँबाट उत्पादन हुने बायोग्याँसलाई खाना पकाउने कार्यमा प्रयोग गरिन्छ।

हप्तामा २ ट्याङ्कर (६००० लिटर) दिसाजन्य लेदो प्रशोधन गर्न सक्ने क्षमता भएको यस केन्द्रले बायोग्यास रियाक्टर सहितको प्रशोधन विधिबाट दिसाजन्य लेदोको प्रशोधन गर्दछ । बार स्क्रिन, होल्डिङ्ग ट्यांक, बायोग्यास डाइजेस्टर, स्टेबलाइजेसन ट्यांक, स्लज ड्राइङ्ग बेड, एनरोबिक ब्याफल रियाक्टर, एनरोविक फिल्टर, कृतिम सिमसार प्रविधि र पोलिसिंग पोखरी लगायतका प्रविधिहरू




प्रयोग भएका छन्। प्रशोधनको लागि गाडीबाट दिसाजन्य लेदोलाई बार स्क्रिनमार्फत् छानेर सिधै होल्डिङ्ग ट्यांकमा खन्याइन्छ। यसरी ट्यांकमा राखिएको २४ घण्टामा लेदोमा निहित अधिकांस ठोसवस्तु थिग्रेर बाक्लो लेदो ट्यांकको पिंधमा जम्मा हुन्छ भने तरल पदार्थ (पानी) ट्यांकको माथिको भागमा रहन्छ । यसपछि माथिको पानीलाई निकालेर बाँकी वा थिग्रेको लेदोलाई बायोग्यास रियाक्टरमा पठाई बायोग्यास उत्पादन गरिन्छ र यहाँबाट निस्कने लेदोलाई स्लज ड्राइङ्ग बेडमा पठाइन्छ। यसरी पठाइएको लेदोमा रहेको पानी केहि मात्रामा वाष्पिकरण भइ उडेर जान्छ भने धेरै मात्रामा स्लज ड्राइङ्ग बेडमा राखिएको गिट्टी, बालुवामार्फत् निथोरेर (फिल्टर भएर) निस्किन्छ।

होल्डिङ्ग ट्यांकमा निस्कने पानी र स्लज ड्राइङ्ग बेडबाट निस्किने पानीलाई एनरोबिक ब्याफल रियाक्टर, एनरोबिक फिल्टर, कृतिम सिमसार प्रविधिमार्फत् प्रशोधन गरी पोलिसिङ पोखरीमा जम्मा गरिन्छ। पोलिसिंग पोखरीमा थप प्रशोधन भई प्रशोधित पानी सुरक्षित विसर्जनको लागि उपयुक्त हुन्छ। उत्पादित प्राङ्गारिक मल र प्रशोधित फोहोरपानीको पुनः प्रयोगबाट तरकारी उत्पादन गरी सालिग्राम बालगृहले प्रयोग गर्दै आइरहेको छ। हाल पाँच घरलाई खाना पकाउन पुग्ने क्षमताको ग्यास उत्पादन हुँदै आएको छ । यसैगरी प्रशोधन केन्द्रको रेखदेखको लागि खटिएका रेखदेखकर्ताको तलब, प्रशोधन केन्द्रबाट उठेको आम्दानीबाटै हुने गरेको छ।

# पैसा जोगाउँदै निशुल्क खानेपानी

## नमोबुद्ध नगरपालिका, काभ्रे



विकासको अर्को पहिचानको रूपमा आफ्नो परिचय स्थापना गर्न नमोबुद्ध नगरपालिकाले विकासको विभिन्न खाका तयार गरी कार्यन्वयन गरिरहेको छ । खानेपानीको चरम समस्याले गुज्रिरहेको नमोबुद्ध नगरपालिका सुक्खाग्रस्त क्षेत्रको रूपमा आफ्नो विगतको परिचयलाई रूपान्तरण गर्न अन्य विकासका कार्यक्रम भन्दा 'जनताको पहुँचमा खानेपानी, घर-घरमा धारा' भन्ने मूल उद्येश्य लिएर विकासको तीव्र गतिमा अगाडि बढ्दै गरेको छ।

नमोबुद्ध नगर विश्वप्रख्यात बुद्ध धर्मावलम्बीहरूको पवित्र तिर्थस्थल नमोबुद्ध लगायत विभिन्न मठमन्दिर दन्तलहर भैं भलमल मनोरम हिमशृंखला, बि.पि राजमार्ग र प्रकृतिले प्रचुर सम्भावना देखाएको एक सम्बृद्ध नगर हो। 'जलश्रोत संरक्षणको अभियान, मानव जीवनको पहिचान' भन्ने नारा सहितको खानेपानी तथा सरसफाई नीति तय गरेको नगरपालिकाले आ.व. २०७४र०७५ मा संचालन गरेको धेरै विकासका योजनाहरू मध्ये वडा नम्बर ४ मा संचालन भएको चुहाने खानेपानी योजना नगर गौरवको योजनाको रूपमा संचालन भई समयमा नै सम्पन्न भएको छानिर्माण सुरू भएको ४ महिनामा सम्पूर्ण कामहरू सम्पन्न भएको सो योजनाले नगरपालिकाको विपन्न परिवार तथा दलित जातिहरूको वाहुल्यता रहेको सो स्थानमा खानेपानीको चरम संकटले जनतामा छाएको निराशालाईआशाको दिपमा रूपान्तरण गर्न सफल भएको छ।

"पानी लिन डेढ घण्टा खर्च गर्नुपर्थ्यो," स्थानीय सरस्वति बि. क भन्नुहुन्छ "आँगनमा नै धारा भएपछि बच्ने समय अरु काममा लगाउन सजिलो भएको छ ।"

चुहाने-मेथिनकोट (हाल नमोबुद्ध (४) का लक्ष्मण तामांगको २०७२ वैशाख १२ को भूकम्पले घर भत्काएपछि दुस्खका दिन सुरू भए। वैशाख २९ देखि त खानेपानीको मूल पनि सुक्यो । बस्ने बास र पानी सुकेपछि उनको आय आर्जनको बाटो रोकियो । बस्तुभाउ पाल्नै छाडे । टहराको बसाइ थियो । घर बनाउन पानीकै समस्या पर्‍यो । प्रतिलिटर १ रूपैयाँमा खरिद गरेर १०/१२ हजार त पानीमै खर्चिए। खानेपानीका लागि कुनै संस्थाले सहयोग गर्छ कि भनेर जुत्ताका तलुवा फटाए। ढिलै भए पनि उनको मिहिनेत साकार भएको छ । अहिले उनीसहित टोलका प्राय सबै भूकम्पपीडितको घर पनि बनेका छन। प्रत्येकका घरअगाडि धारामा पानी आउँछ। उनी बस्तुभाउ पाल्ने तरखरमा जुटेका छन । लक्ष्मण आफै अध्यक्ष बने, चुहाने खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको । अहिले उनको टोलका १ सय २६ घरधुरीमा खानेपानीको व्यवस्था भएको छ । 'नमोबुद्ध नगरपालिका तथा समारिटनपर्सको सहयोगमा नेपाल क्रिस्टियन राहत सेवा र स्थानीय उपभोक्ता समितिको संयुक्त लगानीमा उक्त खानेपानी कार्यक्रम सम्पन्न भएको हो।'



नमोबुद्ध नगरपालिकाको ३३ लाख ८५ हजार ६ सय २७ रूपैया, नेपाल क्रिस्टियन राहत सेवाको ३३ लाख ८५ हजार ६ सय २७ रूपैया र चुहानेखानेपानी तथा सरसफाई उपभोक्ता समितिको २६ लाख ४२ हजार ४१ रूपैया बराबरको जनश्रमदान गरी कुल ९४ लाख १३ हजार २ सय ९७ बराबरको लागतमा १२६ घरधुरीमा खानेपानीका धारा पुगेका छन्। समारिटन पर्सका प्राविधिक जीवन गुरूङ र नगरपालिकाका इन्जिनियर उज्वल अर्यालका अनुसार २० वर्षको डीजाइन क्षमता रहेको यस योजना प्रतिपरिवार १ दिनमा ४००-५०० लिटर पानी पाउनेछन डाँडाबाट करिब १ सय ५० मि. तलको खोल्सीमा अवस्थित मुहान बाट पानी संकलन गरि चुवानेमा अवस्थित ट्यांकी भर्ना १५ हर्स पावर ११ कि.वा, १७० मि. हेड) र १२ क्यु .मि प्रति घण्टा पानी तान्ने क्षमता भएको पम्प जडित यो आयोजनाले ग्राभिटि फेड मार्फत पानी वितरण गर्ने गरेको छ।

स्थानीय महिला बिहान ४ बजेदेखि डोकोमा गाग्री हालेर रोशी झर्दथे । बेलुका ७ बजेसम्म मुस्किलले ४ गाग्री पानी घरसम्म उकाल्थे। 'हाम्रो दैनिकी नै पानी बोकेर जान थालेको थियो', स्थानीय भगवती मैनाली भन्नुहुन्छ। गाउँलेहरु लुगा धुन रोशी नै झर्नुपर्ने बाध्यता थियो। नमोबुद्ध नगरपालिकामा पर्ने मेथिनकोटमा पानीको सास्ती पुरानै हो। तर केही वर्षयता धेरै दुख भयो। गाउँमा सडक पुगेकोले पैसा हुनेले लिटरको १ रूपैयाँसम्म हालेर किन्न पाएका थिए। तर १ रूपैयाँ लिटरको पानी किनेर कति दिन चलाउनु ? स्थानीय लेखमान तामांग भन्नुहुन्छ 'अधिकांश न्यून वर्गका बासिन्दाको बसोबास छ, सबैले किनेको पानी खान सक्दैन।' मानिसलाई खान मात्र होइन, अधिकांशका घरमा एकभन्दा बढी गाई-भैंसी छन। गाई-भैंसीलाई खुवाउने पानी पनि रोशीकै बोक्नु पर्दथ्यो।

भूकम्प लगत्तै पानीको समस्या चर्किएको थियो। 'पानी लिन डेढ घण्टा खर्च गर्नुपर्थ्यो,' स्थानीय सरस्वति बि. क भन्नुहुन्छ 'आँगनमा नै धारा भएपछि बच्ने समय अरु काममा लगाउन सजिलो भएको छ।' सुक्खा मौसममा कुवा पधेरोमा लाइन बसेर कचौराले पानी भर्नुपर्ने स्थिति थियो। सोहि गाउँकी सिता बि.क लाई पनि त्यस्तै समस्या थियो। उहाँ पनि एक गाग्री पानीको लागि गाउँभन्दा तल एक किलोमिटर टाढा रहेको खोलाबाट पानी ल्याउने गर्नुहुन्थ्यो । तर अहिले सरस्वती र सिता जस्तै यो गाउँका सबैको खानेपानीको समस्या समाधान भएको छ।

जनक माविमा कक्षा ८ मा अध्यनरत चमेली लामाले पानीको समस्या हटेसँगै आफूखुसी भएको बताउनु भयो। 'बिहान डेढ घण्टा लगाएर पानी ल्याएपछि मात्रै स्कुल जान पाइन्थ्यो, पढाई र परीक्षाको तयारी गर्न पनि बाधा पुगेको थियो,' उहाँले भन्नु भयो 'पानीको चिन्ता हटेपछि अब राम्रोसँग परीक्षाको तयारी गर्छु।' वडा अध्यक्ष उद्दव काफ्लेले बाँकी रहेका २० घरधुरीमा अब आउने आर्थिक वर्षमा खानेपानीको सहज पहुच पुर्‍याउने प्रतिबद्धता सहित कार्यक्रमहरू अघि बढिरहेको बताउनु भयो। नमोबुद्ध नगरपालिका प्रमुख टि. पि शर्मा तिमल्सिनाले खानेपानी योजनाको उद्घाटन गर्नु भयो।

## उर्लाबारी नगरपालिका, मोरङ

# अनलाईन मार्फत नक्सा पास

उर्लाबारी नगरपालीकाले समतामय सम्पन्न समुदाय निर्माण गर्ने परिकल्पना पुरा गर्न समताको आधारमा समानता हुनु पर्छ भन्ने मान्यताका राख्दै महिला, बालबालिका, जेष्ठ नागरिक र अप्रांगताको क्षेत्रमा धेरै कामहरु गरेको छ । उर्लाबारी नगरपालिकाका ९ वडामा २ सय ५२ वटा समुह ४० वटा समिति जसमा ९०५ जना प्राय बिपन्न महिलाहरु आबद्ध रहनु भएको छ । महिला शसक्तिकरण तथा दिगो बिकासको लागी नगरपालिकाबाट प्रत्येक समितिलाई समिति व्यवस्थापन अनुदान ५ हजारका दरले गत आ.ब.मा ९० हजार वितरण गरिएको छ भने चालु आ.ब.मा एक लाख बिनियोजन गरिएको छ ।

उर्लाबारी नगरपालिका मोरङ्गमा जननिर्वाचित जनप्रतिनिधिहरूले कार्य शुरू गरे लगत्तै विकासमा गति लिएको छ। नगरका सम्पूर्ण वडाका सामाजिक सुरक्षा लाभग्राहीहरूलाई भत्ता वितरणमा सहजता र पारदर्शिता ल्याउन सम्वन्धित वडाको नजिक र पायक पर्ने बैंक मार्फत वितरणा गर्ने व्यवस्था मिलाइएको छ। नक्सा पास प्रकृयाको आवेदन अनलाइन मार्फत गर्ने व्यवस्था मिलाउन नगरपालिकामा ईविपिएस प्रणाली जडानका लागि सम्झौता प्रकृया अगाडी बढाईएको छ। स्थानीय सरकार सञ्चालनका क्रममा आवश्यक पर्ने कानूनहरू निर्माण गरी कार्यान्वयन गर्दै लगिएको नगर प्रमुख खड्गबहादुर फागोले बताउनु भयो।

नगरपालिकाले नागरिकहरूको चेतना तथा शिक्षाको गुणस्तरका लागि सहज बनाउन सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारी बाल विकासका सहयोगी कार्यकर्ताहरूको तलब भत्ता बैक मार्फत व्यक्तिगत खातामा नगरपालिकाबाट निकासा दिने व्यवस्था गरेको छ भने उर्लाबारी नगरपालिकाको नगर शिक्षा योजना निर्माणका लागि नगर शिक्षा समितिद्वारा नगर शिक्षा योजना निर्माण समितिको गठन गरिएको छ। उर्लाबारी नगर शिक्षा समिति र सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरू सँग अन्तरक्रिया सम्पन्न गरेको छ। सामुदायिक विद्यालयहरूमा नगरपालिका द्वारा विद्युतीय हाजिर जडान कार्य सम्पन्न भएको छ। एस इ इ २०७४ मा सामुदायिक विद्यालयमा अध्ययन गरी उत्कृष्ट हुने विद्यार्थी र विद्यालय तर्फ राधिका माध्यमिक विद्यालय उर्लाबारी मोरङ लाई ५ हजारका दरले प्रोत्साहन र सम्मान पत्र प्रदान गरिएको छ।

उर्लाबारी नगरपालीकाले समतामय सम्पन्न समुदाय निर्माण गर्ने परिकल्पना पुरा गर्न समताको आधारमा समानता हुनु पर्छ भन्ने मान्यताका राख्दै महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गताको क्षेत्रमा धेरै कामहरू गरेको छ। उर्लाबारी नगरपालिकाका ९ वडामा २ सय ५२ वटा समुह ४० वटा समिति जसमा ९०५ जना प्राय बिपन्न महिलाहरू आबद्ध रहनु भएको छ। महिला शसक्तिकरण तथा दिगो बिकासको लागी नगरपालिकाबाट प्रत्येक समितिलाई समिति व्यवस्थापन अनुदान ५ हजारका दरले गत आ.ब.मा ९० हजार वितरण गरिएको छ भने चालु आ.ब.मा एक लाख बिनियोजन गरिएको छ। वडा नं.८ र ९ मा प्रति समिति १० हजारका दरले रकम बिनियोजन गरिएको छ। वडा नं.७ मा ५ हजारका दरले रकम बिनियोजन गरिएको छ। ९ वडामा जम्मा बचत ५१ लाख ६८ हजार २ सय २ पुगेको छ।

उर्लाबारी न.पा. वडा नं. ८ बाट १० जना वडा नं. ९ बाट १० जनालाई ५ दिने परालको जुत्ता बनाउने तालिम दिईएको छ। जसबाट १७ जनाले दैनिक २,३ जोडी उत्पादन गरी दैनीक नानी खाजा कपि पेन्सील खरिद गर्ने रकम व्यवस्थापन गर्दै आउनु भएको छ। वडा नं.१ मा २० जनालाइ ३ दिने धागोको बाती बनाउने तालिम पश्चात समुहमा आबद्ध महिलाहरू बिहान, दिनमा र रातमा गरेर मासिक आम्दानी गर्न सक्षम भएका छन्। २७ जना महिलाहरूले एडभान्स लेबलको ड्रेसमेकर तालिम लिइरहनु भएको छ भने २० जनाले सि.टि.इ.भि.टी लेबल १ को परिक्षा दिन र ५ जनाले लेबल २ को परिक्षा दिन तयारी गर्दै हुनु हुन्छ। उर्लाबारी नगरपालिकाले बिभिन्न सिप बिकास तालीमहरू पनि संचालन गरेको छ।

गत आ.ब.मा घरेलुसंगको साझेदारीमा २० जना दलित सहित ५२ जना महिलाहरूलाई बेसिक सिलाइ कटाई तालिम संचालन गरियो जसमा हाल ७ ठाउमा सटर भाडा लिएर १३ जनाले दोकान खोलेको प्रगती उर्लाबारी नगरपालिकाको छ। १३ जनाले ढाका बुनाई तालिम लिई हाल ५ जनाले निरन्तर बुनी आयआर्जन गर्न सक्षम भएका छन्। हरेक महिला समुहहरूलाई ३ दिने अनुशिक्षण तालिम संचालन गरिएको छ।

तोरी बालिमा मौरीको भूमिका प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको छ। मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रूपमा कार्यान्वयन एक नगरपालिका हो। मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचिति हुन उन्मुख रहेको छ। उर्लाबारी नगरपालिका ९ वटा वडाहरूमा विभाजन गरिएको छ।






# खडेरीमा जीवन रसिलो बनाउन डिप बोरिङ

## विदुर नगरपालिका, विदुर, नुवाकोट

खड्ग भञ्ज्याङको नगरोन्मुख वस्ती बुहुनिबेशी । विदुर नगरपालिका वडा नं. ३ बुहुनुबेशीको शिर पहाडी पाखा, नाम जस्तै भूगोल पनि खड्ग ठड्याए जस्तै देखिन्छ । नजिकै खोलाको कलकल ध्वनी तर खानेपानीको निकै अभाव भोगीरहेका सुख्खा वस्ती । फिजिएको पहाडि वस्ती, ठूलो भू-भाग देखिए पनि कूल ४० घरधुरीको ब्राम्हण क्षेत्री को बसोवास रहेको समुदाय ।

केहि बर्ष अघिसम्म त्यो समुदायका मानिसहरू त्रिशुली खोला र नजिककका खहरेखोला, खोल्छाको पानी खान बाध्य थिए । बर्षादको समयमा कतिपय अवस्थामा ती खोलामा बाढी, भेल आउदा निकै धमिलो पानी बग्ने हुदा रित्तै पनि फर्कनु पर्थ्यो भन्नुहुन्छ स्थानीय वासिन्दा रिता पनेरू । पछि जेनतेन गाउलेहरूको सक्रियताले सानोतिनो मूहानबाट खानेपानीको जोहो गरिएको थियो तर पर्याप्त थिएन । करेसाबारी र नजिकका जमिनमा तरकारी खेती गरी आफ्नै पौरखको तरकारी खाने रहर अझै जिउदै रहेको उनीहरूको भनाई थियो । लोकतन्त्र प्राप्ति पछि राज्य पुनर्संरचनाले साविक खड्गभञ्ज्याङ गाउंविकास समितिकभित्र पर्ने यस समुदायका वासिन्दाहरूको स्थायी ठेगाना फरक पर्न गयो । अब उनीहरू विदुर नगरवासीको रूपमा रहने भए । नगरपालिका भएपछि नागरिकहरूको आकांक्षाहरू स्वाभाविक रूपमा बढ्नु नराम्रो होईन । समस्याको टुंगो लगाउन उनीहरूले पहिले पनि निकै मेहनत र समय खर्चनु परेको थियो । बिना अध्ययन र सुझबुझको भरमा यत्रो ठूलो काम बृहत योजना बिना गर्न नसकिने जवाफ दिदै जिब्रो काड्थे तत्कालीन गा.वि.स.को सर्बदलीय संयन्त्रका पदाधिकारीहरू । आफै नयां प्रविधीको खोजीमा थिए समुदायका अगुवाहरू । त्यति बेला तल बेशीमा भने खोलाको पानी लिफ्ट गर्ने प्रविधी भने धेरै नै चलिसकेको थियो । यसले पानी लिन जाने समय र छोट्यायो तर स्वस्थकर खानेपानीको उपलब्धतालाई बढाउन सकेन ।

लिफ्टले बेशीलाई हराभरा गराउदा माथि पाखाका किसानहरू झन् उत्साहित र आशावादी हुदै आफ्नै घरकरेशामा त्यस्तै गरी सिंचाई सुविधा पुऱ्याउने सपना देख्थे । करेशाबारी र  नजिकका खेत बारीमा कृषि र पशुपालनका लागि सिंचाईको ब्यवस्था गर्नका लागि धेरै प्रयास गरे । त्यसमा पनि महिलाहरू स्वयं जागरूक भएका भएर उठेका थिए । वस्ती बढ्यो, जनसंख्या  बढ्यो । पानीको प्राकृतिक मूल बढेन । भुकम्पको कारणले त झन् श्रोतमा कमी आयो । अव खानेपानीको साथै खाद्यान्न र तरकारीको माग पनि बढेकोले सिंचाईको पनि अति नै अभाव खड्किएकोले २०७५ आश्विन २ गते बृहत भेलाले डिप बोरिङको प्रस्तावमा माथि छलफल गरी महिलाहरू मात्र सहभागी रहेको बुहुनीबेशी जलउपभोक्ता सिंचाई समितिको गठन गऱ्यो र त्यस समितिले यस विदुर नगरपालिकामा पेश भए बमोजिम वडा नम्वर ३, बुहुनीबेशी को डिप बोरिङ परियोजना सञ्चालनको शुभारम्भ गरियो ।

कूल ४० घरधुरीका २०० भन्दा बढी स्थानीयले अब घरघरमा पर्याप्त खानेपानी मात्र होईन बढी भएको पानीले सिंचाईको सुविधा पनि प्राप्त गर्न थालेका छन् । बिहान बेलुका आफ्नै करेशावारीको तरकारी खाने र स्थानीय बजारमा समेत बिक्री गरी आम्दानी गर्ने गर्नुहुन्छ । महिलाहरुको खानेपानीको समस्या समाधान मात्र होईन । आय आर्जन र पौष्टिक खानाको समेत चिन्ता छैन ।

जमिन मुनी ९० मीटर गहिराई २ ईन्चको पाईपबाट प्रति घण्टा करिब ५००० लिटर भन्दा बढी स्वच्छ पानी निकालेर निस्फिक्री उपयोग गर्न पाउदा उनीहरूको खेशीको सिमाना रहेन । निकै थोरै लागतमा धेरै उपलब्धि हुने नमुना परियोजनाको रूपमा यसलाई लिईएको छ । अब त्यहा विदुर नगरपालिका ३ बुहुनीबेशीका स्थानीयहरू खुशी भएका छन् । कूल ४० घरधुरीका २०० भन्दा बढी स्थानीयले अब घरघरमा पर्याप्त खानेपानी मात्र होईन बढी भएको पानीले सिंचाईको सुविधा पनि प्राप्त गर्न थालेका छन् । बिहान बेलुका आफ्नै करेशावारीको तरकारी खाने र स्थानीय बजारमा समेत बिक्री गरी आम्दानी गर्ने गर्नुहुन्छ । महिलाहरूको खानेपानीको समस्या समाधान मात्र होईन । आय आर्जन र पौष्टिक खानाको समेत चिन्ता छैन । अब खडेरीमा प्राकृतिक मुहान सुक्दा र बर्षे भेलले धमिलो पानी ल्याउदा पनि हामी ढुक्क छौ भन्छिन् समितिका अध्यक्ष बालकुमारी अर्याल ।

विदुर नगरपालिकाले सुख्खा क्षेत्रमा खानेपानी र सिंचाईको लागि धेरै स्थानमा यस प्रकारको प्रविधीको अध्ययन गरिरहेको छ । बुहुनी बेशीमा मात्रै होईन, विदुर न.पा. वडा नं. २, बट्टार र र वडा नं. ६, मुलथला पनि मा पनि यस्तै परियोजना सञ्चालन भएरहेको छ । यी योजनाहरूले त विदुर नगरपालिकाको मुटुमा रहेको बट्टार बजार र विदुरका केहि भागलाई समेत खानेपानीको सेवा उपलब्ध गराउने लक्ष्य रहेको छ । परियोजनाको शुरूवात संगै स्थानीय उपभोक्ताहरू खुशी छन् । स्थानीयवासीको माग अनुसार अन्य स्थानमा पनि प्राविधिक अध्ययन गरी सम्भाब्य देखिएमा यस प्रविधीको सदुपयोग गरिने नगरप्रमुख सञ्जु पण्डित बताउनुहुन्छ । यसका लागि हामीले पर्याप्त बजेटको ब्यवस्था गरेको उहां बताउनुहुन्छ । नगर प्रमुखको सवारी साधन खरिदका लागि छुट्याईको बजेटलाई समेत कटौती गरेर यसै डिप बोरिङको लागि खर्च गरिएको उहां थप्नुहुन्छ । नगरवासी कोही कसैलाई जीवनको आधार खानेपानीको अभाव महशुस हुन नदिने लक्ष्य नगर प्रमुख पण्डितको रहेको छ ।



## फिदिम नगरपालिका, पाँचथर

# सडक नाली ब्यवस्थापन

फिदिम नगरपालिकाले नगरबासिहरूको हितका लागि थुप्रै काम गरेको छ। विशेषगरी जनताको आवश्यकता अनुसार गरिएका कामहरूलाई विस्तारै संस्थागत तथा दीर्घकालिन रूपमा अगाडी बढाएको छ। कानुनको अभाव तथा कर्मचारीको ब्यवस्थापन नहुँदा समेत नगरपालिकाले जनताको सेवालाई पहिलो प्राथमिकता बनाएको नगर प्रमुख ओनाहाङ्ग नेम्वाङ्गले बताउनु भयो।

फिदिम नगरपालिकाले बजार व्यवस्थापनका लागि उपभोक्ता समितिहरू मार्फत काम गरेको छ। बजार भित्र रहेको नाली सरसफाइ र ड्रेन कभर लगाई बजार भित्र रहेका नाली हरू व्यवस्थापन गरिएको छ। बजार भित्र रहेको फोहोर मैलाहरू हरेक दिन संकलन गरि डम्पिङ साइटमा व्यवस्थित तरिकाले राखिएको छ । बजार क्षेत्र भरि डस्टविन राखि फोहोर मैलामुक्त बनाइएको छ। साथै हालै संचालनमा ल्याइएको बसपार्क व्यवस्थापन गरि बजार भित्र दैनिक हुने ट्राफिक ब्यवस्थापनको समेत नमुना कार्य शुरू गरिएको छ।



बजार भित्र रहेको नाली सरसफाइ र ड्रेन कभर लगाई बजार भित्र रहेका नाली हरु व्यवस्थापन गरिएको छ । बजार भित्र रहेको फोहोर मैलाहरु हरेक दिन संकलन गरि डम्पिङ साइटमा व्यवस्थित तरिकाले राखिएको छ । बजार क्षेत्र भरि डस्टविन राखि फोहोर मैलामुक्त बनाइएको छ । साथै हालै संचालनमा ल्याइएको बसपार्क व्यवस्थापन गरि बजार भित्र दैनिक हुने ट्राफिक ब्यवस्थापनको समेत नमुना कार्य शुरु गरिएको छ ।

नेपालको सदुरपुर्वमा रहेको पाँचथर जिल्ला संघीय गणतान्त्रिक संसदिय प्रणालीको नयाँ संरचना अनुसार प्रदेश नं.१ अन्तर्गत पर्दछ। अन्य जिल्ला भन्दा फरक पहिचान बोकेको यस जिल्लाइ एक नगर पालिका र ७ गाँउपालिकामा विभाजन गरिएको छ। एक मात्र फिदिम नगरपालिकामा जिल्लाको सदरमुकाम रहेको छ। यो नगरपालिका समुद्र सतहबाट १३८० फिट फिदिम ४ माभ्फिटार देखि १०७३७ फिट लुङरूपाको छिन्तापुडाँडा उचाइमा अवस्थित छ। पुरानो संरचनाका आठ वटा गाउँ विकास समितिलाइ मिलाएर पुनसंरचना गरिएको यसको क्षेत्रफल १९२.५० वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०३८ अनुसार महिला २३१६७ पुरूष गरी जम्मा ४९२०१ जनसंख्या रहेको छ।

प्रचीन समयमा पल्लो किराँतको नामले चिनिएको यो जिल्ला लिम्बुवान क्षेत्रको केन्द्रका रूममा रहेको थियो। उस जिल्लाको सदरमुकाम फिदिम (फेदेन) मा दश लिम्बुवान क्षेत्रका राजाहरूले संयुत्त सभा गरी सामुहिक रूपले महत्वपुर्ण विषयहरू यहाँ स्थित आम्बेपाजो भन्ने तिर्थ स्थलमा चुम्लुङ द्धारा निर्णय गर्ने परम्परा रहेको देखिन्छ। यस जिल्लाको नामाकरणका बारेमा स्पष्ट आधार नभेटिए पनि जनश्रुतीलाइ नामाकरण आधार मानिदै आएको छापान्थरूको अर्थ कुरा थामेको र थुमको अर्थ इलाकारकिल्ला भन्ने हुन्छ। यसै शब्दार्थका आधारमा नेपाल एकीकरण पश्चात यहाँका चलिआएका धर्म संस्कृति र रितिरिवाजका बारेमा फेदेनमा चुम्लुङ बसी गरिएका निर्णय नेपाल सरकारमा पेश हुँदा तत्कालीन राजाले त्यसलाइ स्वीकृति दिएको हुँदा लिम्बुवानको रितिरिवाज सम्बन्धी कुरामिलेको हुँदा यस क्षेत्रको नाम पान्थरू रहेको र पछि प्रयोग गर्दै जाँदा अपभ्रंश भइ पाँचथर भएको पाइन्छ। अर्को तर्फ इस्वी सम्वत ५५० ताका किराँत इतिहासको वर्णन गर्ने क्रममा पान्थरू शब्दको प्रयोग गरेको पाइन्छ। यसरी नै फिदिम भन्ने शब्द लिम्बू भाषाको " फेदेन " शब्दलाइ प्रयोग गराइको अपभ्रंशबाट रूपान्तरित भइ फिदिम भएको पाइन्छ।









# सबैले प्रयोग गर्न सक्ने प्रविधिको प्रयोग

## पाँचखाल नगरपालिका, काभ्रे

पाँचखाल नगरपालिका, काभ्रेपलान्चोक पाँचखाल नगरपालिकाले आफ्नो नगरपालिकालाई प्रविधि मैत्री बनाउँदै लगिएको छ। विभिन्न सार्वजनिक महत्वका सूचनाहरूलाई एलईडि डिस्प्लेको माध्यमबाट सार्वजनीकिकरण गर्दै नगरवासीहरूलाई जानकारी दिने गरेको छ। नगरपालिका भवन तथा नगरपालिका केन्द्र रहेको मुख्य बजारको सुरक्षा लाई मध्यनजर गर्दै सिसिटिभी जडान गरि नगरवासीको सुरक्षा तथा नगरपालिका भवन वरपर हुने सम्भाब्य क्रियाकलापहरू प्रति निगरानी बढाउदै सुरक्षाको प्रत्याभूत गरेको छ।

त्यस्तै सोही सिसिटिभी क्यामेराको निगरानीले सडक दुर्घटनालाई समेत न्यूनीकरण गरेको तथा दुर्घटनाको तथ्यगत प्रमाण समेत प्राप्त हुन सहयोग भएकोले पिडित र पिडक पहिचान गर्न सधाउ पुगेको छ। नगरक्षेत्रको मुख्य केन्द्र रहेको तामाघाट क्षेत्रको बोहोरेदोभान चोक देखि पाँचखाल प्रहरी चौकी सम्म १० वटा क्यामेरा जडान गरि नगरपालिकाले सो को व्यवस्थापन तथा सञ्चालनको जिम्मा पाँचखाल प्रहरी चौकीलाई प्रदान गरेको छ। त्यस्तै नगरपालिकाले एनड्रोईड एप्समा सञ्चालन गर्न सकिने मोवाईल एप्स सञ्चालनमा ल्याएको छ। नगरपालिकाको आफ्नो वेवसाईटमा भएको सम्पूर्ण जानकारी मोवाईल एप्समा देखिने व्यवस्था गरिएको छ।

सबैले मोवाईल एप्सको माध्यमय बाट नगरपालिका तथा वडा कार्यालयले जारी गरेको सूचनाहरूको बारेमा जानकारी लिन सकिन्छ। मोवाईल एप्सको माध्यमले पछिल्ला अद्यावधिक सूचना, जानकारी, परिपत्र, ठेक्का जस्ता विषय जो वेवसाईटमा अपलोड गरिन्छ सो अटोमेटिक भई हेर्न सकिन्छ।

नगरपलिकाले नगरपालिकाका जनप्रतिनीधि तथा कर्मचारीहरूको व्यक्तिगत मोवाइल नम्बरलाई माध्ययम बनाई सूचना प्रवाहको लागि उपयोग गरेको छ। सो प्रविधिले नगरपालिकाले गर्ने कार्यक्रमको बारेमा जानकारी दिने छिटो माध्यम बनेको नगरपालिकाले जनाएको छ। कार्यपालिका बैठक, कर्मचारी बैठक, विभिन्न तालिमको जानकारी लगायतका जनप्रतिनीधि तथा कर्मचारीहरूको सूचनाको जानकारीको लागि सो प्रयोग गरिएको जस्ले सूचना प्रवाहमा सजिलो बनाएको छ। फरक फरक व्यक्तिको मोवाईल नम्बर एक पटक निश्चित ग्रुप बनाई राखे पश्चात



पाँचखाल नगरपालिकाले सेवा प्रवाहमा विभिन्न नविन प्रविधिहरु भित्र्याई नगरपालिकालाई प्रविधि तर्फ उन्मुख गराउँदै लगिएको छ ।

**-महेश खरेल, नगर प्रमुख**



एकै प्रकारका एकै व्यहोराका सूचना प्रवाह गर्न निकै सधाउ पुगेको नगरपालिकाले जानकारी दिएको हो। नगरपालिका अन्र्तगत रहेका १३ वटै वडामा टेलिफोनको व्यवस्था गरिएको छ भने नेपाल टेलिकम संगको सहकार्यमा ईन्टरनेट नपुगेको वडाहरूमा ईन्टरनेटको व्यवस्था गर्न समेत काम थालिएको छ। त्यस्तै नगरपालिकामा कार्यरत कर्मचारीहरू कार्यलायमा समयमै उपस्थिती रहेको नरहेको निगरानीको लागि ई हाजिरी मेशिन जडान गरि सञ्चालनमा ल्याईएको छ।

नगरपालिकाले सम्पत्ति करको लागि सम्भावित भिडलाई मध्यनजर गर्दै ईजि क्विई सिस्टम लागु गरेको छ जस्ले गर्दा कर तिर्नको लागि भिड भएको बखतमा लाईनमा उभिनु पर्ने झण्झटलाइए निराकरण गरेको छ। कर दाता नगरपालिकामा आई टोकन लिई बस्ने र टोकन नम्बरको आधारमा सेवा प्रवाह गरिन्छ। त्यस कारणले कर दाताले आफ्नो समय सदुपयोग भएको अनुभूती गरेका छन्।

त्यस्तै सम्पत्ति कर संकलन, राजश्व संकलन तथा लेखा प्रणालिको लागि सफ्टवेयरको प्रयोग गरिएको छ। सफ्टवेयरको प्रयोगले कर संकलन राजश्व संकलन तथा लेखा प्रणली व्यवस्थापनमा निकै सजिलो भएको कर्मचारीहरूको प्रतिक्रिया रहेको छ। सो को लागि नगरपालिकाले बजारमा उपलब्ध भएको पछिल्ला आधुनिक प्रविधिहरू भित्र्याउने गरेको छ। यसरी पाँचखाल नगरपालिकाले सेवा प्रवाहमा विभिन्न नविन प्रविधिहरू भित्र्याई नगरपालिकालाई प्रविधि तर्फ उन्मुख गराउँदै लगिएको नगरपालिका प्रमुख महेश खरेलले बताउनु भयो।

# अन्तर्राष्ट्रियस्तरका योजना




## विराटनगर महानगरपालिका, मोरङ

> "ड्रिम प्रोजेक्टका रुपमा विराटनगर-३ मा भ्यू टावरको डीपीआरसंगै निर्माणका लागि अभियान थालेका छौं । त्यसको लागि लगभग ५० करोडको लागतअनुमान गरेका छौं । विराटनगर ५ मा वर्ल्ड बैंक मेगासिटीअन्तर्गत आधुनिक पार्क बनाउने तयारी गरिरहेका छौं ।"
>
> **भीम पराजुली, महानगर प्रमुख**

विराटनगर देशकै पुरानो व्यापारिक संस्था स्थापना भएको नगर हो। यहाँ मोरङ व्यपार संघ देशकै पुरानो व्यपारिक संस्था मानिने गरेको छ। वि.सं १९५० को दशकपछि अस्थित्वमा आएको विराटनगरले एक सय वर्षको इतिहास बोकेको छ। आर्थिक, औधोगिक, व्यपारिक स्वास्थ्य र शिक्षा क्षेत्रमा समेत अग्रणी रहेको छ। एक नम्बर प्रदेशको अस्थायी राजधानी कायम भैसकेको विराटनगर स्थायी राजधानी बन्नका लागि पनि तयारी अवस्थामा छ।

विराटनगर महानगरमा एसियाली बिकास बैक र शहरी विकास कोषको सहयोगमा बृहत्त दुईवटा भौतिक निर्माणका परियोजना संचालन भैरहेका छन् । शहरको ढल निकास, सडक स्तोरन्नति, पार्क व्यवस्थापन, बसपार्क निर्माणदेखि शौचालय व्यवस्थापन ,खानेपानीको पाइप लाईन बिस्तार र स्तरोन्नति, हरियाली निर्माण र शहरको सौन्दर्यकरण गर्ने कामहरू धमाधम भैरहेको छ। सभागृहको सुधार, व्यवस्थित फुटपाथ, आधुनिक कृषि बजार, चोक सुधार र सौन्दर्यकरण, झिलिमिली सोलार बत्ती, व्यवस्थित खेलमैदान, फोहोर मैलाको उचित व्यवस्थापन,पहिलो बालमैत्री नगर, व्यवस्थित बसोबासका लागि भइरहेको प्रयास, आदि विराटनगरका प्रगतिका आधारहरू हुन्।

विराटनगर १९ स्थित अन्तर्राष्ट्रियस्तरको सभागृह बनाउने कामको लागि ५ बिगाहा जग्गा स्थानीयको सहभागितामा लिएर डिपिआर गर्ने काम भएको छ। विराटनगर बसपार्क सम्पन्न भएर संचालनमा आएको छ। तारिणीप्रसाद कोइराला सञ्चार ग्राम बन्ने क्रममा छ। यस्तै गुरूकुलमा शुसिला कोइराला नाट्यघर बन्दै छ। प्रदेशस्तरको बसपार्क बनाउन विश्व बैंकको लगानीमा मेगासिटी प्रोजेक्ट अन्तर्गत बुढीगंगा गाउँपालिकामा डिपिआरको काम सम्पन्न भएको छ। यहाँको नहरलाई वैकल्पिक सडकको रूपमा विकास गर्ने योजनामा रहेको नगर प्रमुख भिम पराजुलीले बताउनु भयो । नगर प्रमुख पराजुलीले भन्नु भयो - 'ड्रिम प्रोजेक्टका रूपमा विराटनगर-३ मा भ्यू टावरको डीपीआरसंगै निर्माणका लागि अभियान थालेका छौं। त्यसको लागि लगभग ५० करोडको लागतअनुमान गरेका छौं। विराटनगर ५ मा वर्ल्ड बैंक मेगासिटीअन्तर्गत आधुनिक पार्क बनाउने तयारी गरिरहेका छौं । त्यो ५ बिघा सात कठ्ठामा बन्नेछ। यस्तै महत्वपूर्ण योजना विराटराजाको दरबार हो। त्यसको डीपीआरको लागि एक करोड रूपैयाँ छुट्याएका छौं। जसलाई सम्पन्न गर्न १ अरब लाग्ने अनुमान गरेका छौ। दुईवटा वडामा १५/१५ बेडको अस्पताल बनाउन २/२ करोड छुट्याएका छौं।'

उत्तरी क्षेत्रको १९ नम्बर वडा र दक्षिणतिरको १५ नम्बर वडामा काम भइरहेको छ। विकास भन्ने कुरा कुनै जादुको छडी होइन खराखर बन्ने। 'अल्पकालिन ,मध्यकालीन र दीर्घकालीन योजना बनाएर काम गरिरहेका छौ'-नगर प्रमुख पराजुलीले भन्नु भयो-'पुरानो शहर भएका नाताले विराटनगरले केही कुरा स्वतः पाएको छ। विराटनगरका अस्पतालहरू देशकै नमुनाका रूपमा विकास भइरहेका छन् । विराटनगरमा सरकारी र निजीस्तरबाट खुलेका धेरै सुबिधा सम्पन्न कलेज र स्कुलहरू संचालित छन। पूर्वाञ्चल विश्वविद्यालको केन्द्रिय कार्यालय, महेन्द्र मोरङ र स्नातोकोत्तर क्याम्पस पनि विराटनगरमै रहेको छ। राष्ट्रबाट कर्मवीर योद्धाको उपाधि पाएका रामलाल गोल्छाले विराटनगरबाटै आफनो उद्योग व्यपार सुरू गरेका थिए। त्यसैले पनि आज धेरै उद्योग यस क्षेत्रले पाएको छ।'

विराटनगरको आवश्यकता ,जनचाहना र समयानुकुल विकासका लागि हामी काम गरिरहेका नगर प्रमुख पराजुलीले बताउनु भयो। जनताको भावना अनुरूप काम गर्न खोजिएपनि केही व्यवहारिक पक्षहरूका कारण सोचेजस्तो काम गर्न पनि सकिएको छैन। जनप्रतिनिधिहरू निर्वाचित भएर आए संगै विकासका धेरै कामहरूले फड्को मारेको छ।




## चौदण्डीगढी नगरपालिका, उदयपुर

# नागरिकहरूमा सडक र विद्युतको पहुँच विस्तार

स्थानीय जनताको आवश्यकता र माग बमोजिम विभिन्न क्षेत्रमा लगांनी गर्दै समृद्ध नेपाल, सखी नेपाली भन्ने राष्ट्रिय नारालाई साकार पार्न टेवा पुऱ्याउने गरि चौदण्डीगढी नगरपालिकाले नगर क्षेत्रको शिक्षा, स्वास्थ्य, कृषि, पशु, आर्थिक विकास, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, सांस्कृतिक विकास, खानेपानी, पर्यटन प्रर्वद्धन, नदि नियन्त्रण तथा व्यवस्थित शहरीकरणको लागी नीतिगत रूपमा कार्यक्रमहरू तयार गरेको नगर प्रमुख खगेन्द्र राईले बताउनु भयो ।

नगरपालिकाले दुई कि.मि. सडक कालोपत्रे निमार्ण गरेको छ भने करिव १० कि.मि. पक्किढल निमार्ण निमार्ण सम्पन्न गरेको छ। यसै गरी ५० कि.मि. सडक ग्रावेल गरी स्तरोउन्ती गरिएको छ। साथै हाल सम्म सडक बाटो नपुगेका वडा नं. १ र ८ लगाएतका वडाहरूमा करिब २० कि.मि. नयाँ सडकको ट्याक खोली हाल नगरका सवै वस्तिहरूमा सडका संजाल विस्तार गरि यातायातको पहुँचमा विस्तार गरिएको छ । सशस्त्र प्रहरी बल नेपालको बेश क्याम्प भवन निमार्ण, महिला भवन निर्माण, दलित भवन निमार्ण, इलाका प्रहरी कार्यालय घेराबेरा, गर्नुको साथै ५ वटा वडा कार्यालयहरू र नगरपालिकाका कार्यालय भवनको निमार्ण कार्य सूरू गरिएको छ। नगरका सवै वडा वस्तिका विद्युत नपुगेका स्थानहरूमा विद्युत विस्तार गरिएको छ। साथै विद्युत क्षमता विकासको लागी १० थान ट्रान्सफर्मर समेत खरिद तथा जडान गरि संचालनमा ल्याईएको छ। विद्युत नपुगेको वडा नं. १ मा समेत विद्युत पुऱ्याई नगरका प्राय : सवै स्थानहरूमा राष्ट्रिय प्रसारण लाईनको विद्युत विस्तार गरिएको छ। विद्यालय सञ्चालनमा देखा परेका शैक्षिक, भौतिक, आर्थिक लगायतका बिभिन्न समस्याहरू र समस्याहरू समाधान गर्न भावि योजनामा नगरपालिकाबाट गर्न सकिने कामको याजना तर्जुमा गरिएको छ । प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा शौचालय वाथरूम सहितको चिकित्सक आवास भवन तथा तालिम हल निमार्ण गरिएको छ। प्रा.स्वा.के.मा रेडियोग्राफर कर्मचारी सहितआवश्यक सामाग्री उपलब्ध गराई एक्स रे सेवा संचालन गरिएको छ साथै भिडियो एक्स रे मेशिनखरिद गरि प्रा.स्वा.केलाई उपलब्ध गराई सेवा संचालनगरिएको छ साथै डिजिटल ल्यावतथा वेवीकेयर समेतको व्यवस्था गरिएको छ। नगरबासी नागरिकहरूलाई अन्य सामाजिक सुरक्षा सेवा वापत औषधी उपचार खर्च उपलब्ध गराउनुको साथै सामाजिक सुरक्षा खर्चमा प्रभावकारी बनाउने उद्धेश्यले ६० वर्ष माथिका नागरिकहरूको मृत्यु भएमा किरिया खर्च बापत निजको परिवारलाई दशहजार उपलब्ध गर्ने व्यवस्था मिलाईएको छ । नेपाल सरकारको नीति अनुरूप स्वास्थ्य केन्द्र स्थापना हुन बाँकी रहेका वडा नं. २, ३, ६ र १० माशहरी स्वास्थ्य केन्द्र स्थापना गरि नगरका १० वटै वड हरूबाट स्वास्थ्य सेवा संचालन गरिएको छ । एक घर एक धारा भन्ने नेपाल सरकार खानेपानी मन्त्रालयको अवधारणा अनुरूप यस क्षेत्रमा संचालित विभिन्न खानेपानी योजनाहरूबाट धारा जडान गर्न लाग्ने शुल्क बापतको रकम विपन्न व्यक्तिहरूको लागी अनुदान स्वरूप उपलब्ध गराई सहयोग गरिएको साथै वडाका विभिन्न स्थानमा इनार निमार्ण तथा पुराना खानेपानीहरूको मर्मत संभार गरि संचालनमा ल्याईएको छ। बगर खेतीप्रर्वद्धन, ५० % अनुदानमा विभिन्न बालिका उन्नत वीउ एवं बीरूवा वितरण, कृषियान्त्रीकरण प्रर्वद्धनका लागी कृषि सम्बन्धी विभिन्न उपकरणहरू ५० % अनुदानमा वितरण, व्यावसायिकमौरीपालनको लागी ५० % अनुदानमा घार वितरण, विभिन्न खेतिबाली सम्बन्धीतालिम, गोष्ठी संचालन गरिएको छ। नगरपालिकाले नगरका सवै वडामा वडाहरूको सिफारिसको आधारमा खहरे तथा खोलाहरूको नियन्त्रणको लागी तटबन्ध तथा बाँध निर्माणको कार्यहरू गरेको छ।

> एक घर एक धारा भन्ने नेपाल सरकार खानेपानी मन्त्रालयको अवधारणा अनुरुप यस क्षेत्रमा संचालित विभिन्न खानेपानी योजनाहरुबाट धारा जडान गर्न लाग्ने शुल्क बापतको रकम विपन्न व्यक्तिहरुको लागी अनुदान स्वरुप उपलब्ध गराई सहयोग गरिएको साथै वडाका विभिन्न स्थानमा इनार निर्माण तथा पुराना खानेपानीहरुको मर्मत संभार गरि संचालनमा ल्याईएको छ ।



# शिक्षा मार्फत चेतनाको अभ्यास




"नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा प्रविधि मैत्री शिक्षा लागु गर्न प्रत्येक विद्यालयमा कम्प्युटर, प्रोजेक्टर तथा ट्याबलेट जस्ता अन्य सामाग्रीहरु खरिद गरेर विद्यालयहरुलाई वितरण गरिएको छ । नगरपालिकाले गरेको यस प्रयासबाट शिक्षा प्रति विद्यार्थीहरुको रुचि बढाई पढनु पर्छ भन्ने भावना निर्माण भएको छ ।"

## चौरजहारी नगरपालिका, रुकुम

हरेक हिसावले पछाडी परेको कर्णाली प्रदेशको रूकुम जिल्लामा पर्ने चौरजहारी नगरपालिकामा केहि महत्वपूर्ण कार्य शुरू भएका छन् । नगरपालिका भित्र थुप्रै विषयको आवश्यकता छ। तर पनि नगरपालिकाले विविध विषयमा गुरूयोजना निर्माण गरी कार्य शुरू गरेको छ।

जस मध्ये शिक्षा पहिलो प्रयास हो । शिक्षामा नगरपालिकाले विशेष प्राथमिकता राख्दै काम अघि बढाएको छ । चौरजहारी नगरपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्राथमिकतामा राखेको छ। नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरूमा प्रविधि मैत्री शिक्षा लागु गर्न प्रत्येक विद्यालयमा कम्प्युटर, प्रोजेक्टर तथा ट्याबलेट जस्ता अन्य सामाग्रीहरू खरिद गरेर विद्यालयहरूलाई वितरण गरिएको छ । नगरपालिकाले गरेको यस प्रयासबाट शिक्षा प्रति विद्यार्थीहरूको रूचि बढाई पढनु पर्छ भन्ने भावना निर्माण भएको छ। मानिसहरूको चेतना स्तरको विकास नभए सम्म अन्य क्षेत्रको विकास सम्भव छैन । चेतनाको वृद्धि गर्ने काम शिक्षाले प्रदान गर्दछ भन्ने विचारलाई आत्मसाथ गर्दै नगरले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको छ।

शिक्षाका लागि सडक पनि महत्वपूर्ण हो । विद्यालयसम्म पुग्न पनि सडक आवश्यक छ । चौरजहारी नगरपालिकाले लिएको लक्ष अनुसार एक वडा एक सडक भन्ने नारालाई आत्म साथ गर्दै सवै वडामा सडक संजाल जोडीएको छ । सडक संजाल जोडे सँगै स्थानीय बासिन्दालाई आवतजावत गर्न सहज भएको छ साथै उत्पादीत सामान विक्रि वितरण गर्न अन्य सामाग्री आयात निर्यात गर्न सहजता भएको छ । चौरजहारी नगरपालिकाले एक घर एक धाराको अवधारणा लिएको छ। वडा नं. २ र ३ मा भेरी नदीबाट लिफ्टिङद्धारा खानेपानी संचालन गरिएको छ। नगरपालिकाका आन्तरिक मुहानहरूको सदुपयोग गरी खानेपानीको समस्या समाधान गरिरहेको छ .

नगरपालिकाको आर्थिक सहयोगमा वडा नं. ५ मा सामुहिक भैसी फार्म निर्माण गरिएको छ । जसको माध्यमबाट एक दर्जन भन्दा बढी युवाहरूले रोजगार पाएका छन। युवाहरूलाई स्वरोजगार बनाउन व्यवसायिक फर्म स्थापनाको लागि प्रोत्साहन दिने निर्णय नगरपालिकाले लिएको छ । नेपालको कर्णाली प्रदेश अन्तर्गत रूकुमको पश्चिम भागमा अवस्थित रहेको चौरजहारी नगरपालिकाको स्थापना हुनु भन्दा पहिला विजयश्वरी, कोटजहारी, खोलागाउ, नुवाकोट र पुर्तिमकाडाँ गाविसको (केही भाग) रूपमा रहेको थियो। स्थानीय तह गठन हुनुभन्दा पहिला स्थानिय निकायको रूपमा विजयश्वरी गाविस र कोटजहारी गाविस मिलि चौरजहारी नगरपालिका स्थापना भएको थियो। संघीयता सहितको संविधानको मर्म अनुरूप नगरपालिका विस्तार हुन पुग्यो चौरजहारी नगरपालिकाको क्षेत्रफल १०७ वर्गकिलोमिटर रहेको छ भने यहाँको जनसख्या २७४३८ रहेको छ। पहाडी जिल्ला रूकुमको सन्दर्भमा चौरजहारी नगरपालिका आर्थिक एंव पुर्वधार विकासको दृष्टिकोणले निकै सम्भावना भएको नगरपालिका हो। यहाको भौगोलिक वनावट र प्राकृतिक श्रोत साधनमा निकै अगाडी रहेको छ।

चौरजहारी उर्वर फाँट देखि लिएर ढुंगे खानिहरू र जहारीखोलाको किनारमा रहेको उर्वर जमिन देखि खोलागाउ मुलजिउला सम्मका कृषि उत्पादनयोग्य फाँटहरू यस नगरपालिकाका गहनाहरू हुन । नगरपालिकामा एउटा एयरपोर्ट रहेको छ। नेपाल सरकारको योजनामा परेको १० वटा नयाँ शहर मध्ये चौरजहारी पनि एक भएको हुदा विकास सम्भावना प्रवल छ। साँस्कृति धार्मिक एंव जातिय विविधताले भरिपुर्ण यस नगरपालिकामा धार्मिक सहिष्णुता र सामाजिक सद्भाव नै शान्त र समृद्ध नगर निर्माणको आधार हो। हाल वडा नं. २ मा नगरपालिकाको केन्द्र रहेको छ। भेरी नदीको किनारमा अवस्थित चौरजहारी रूकुम, सल्यान, जाजरकोट र डोल्पाको मुख्य व्यापारिक केन्द्र भनेर चिनिन्छ।





# धिमेबाजाबाट कला र संस्कृतिको जगेर्ना

## चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक

चौतारा साँगाचोकगढी नगरपालिकाले नगरपालिका भित्र वसोवास गर्ने विभिन्न जातजातीको धर्म, कला संस्कृति संरक्षणका लागि वार्षिक नगर विकास योजनामा कार्यक्रमहरू समावेश गरे पश्चात चौतारा नगरपालिका भित्र बसोवास गर्ने नेवार जातीको युवाहरूलाई लक्षित गरेर सिन्धु नेवा खलः को विशेष पहलमा ६ महिने धिमे वाजा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ।

काठमाडौ उपत्यका वाहिर विभिन्न स्थानमा छरिएर रहेका नेवार जातीहरूको भाषा, धर्म र संस्कृति क्रमश लोप भएर जाने संभावना बढदै गएको थियो। बढदो आधुनिकीकरण संग संगै मातृभाषा वोल्ने नेवारहरूको संख्यामा निरत्तर ह्रास भई रहेको। नेवार संस्कृतिका अगुवाहरू र नेवारी बाजाका ज्ञाताहरू समेत कमी हुँदै गएको थियो। राज्यको पुर्न संरचना

> राज्य पूनर्संरचना पश्चात भएको स्थानीय तहको निर्वाचनवाट नयाँ निर्वाचित जन प्रतिनिधिहरुले पद वहाल गरे पछि वडा नं १२ का तामाङ, नेवार, गिरी, व्राम्हण तथा मगर जातीको वसोवास रहेको स्थानका वासिन्दाहरुको प्यास मेटाउनका लागि संभावित उपायहरु खोज्ने क्रममा लिफ्टीङ प्रविधि द्धारा सुरुखा स्थानमा खानेपानी आपूर्ति गर्न सकिने रहेछ भन्ने निश्कर्षमा स्थानीय वासिन्दा र जनप्रतिनिधिहरुको एउटै मत भयो ।।

पश्चात स्थानीय तहको निर्वाचनको माध्यमवाट नगरपालिकामा नयाँ जन प्रतिनिधिहरू निर्वाचित भएर २०७४ सालमा पदवहाली गरे पश्चात नगर भित्र वसोवास गर्ने विभिन्न जातजातीका नगरवासीहरूसंग छलफल गर्दै स्थानीय नेवार समुदायका नगरवासीहरूले आफ्नो कला र संस्कृतिको संरक्षणका लागि विभिन्न चाडपर्व र औपचारिक कार्यक्रममा जातीय संस्कृति अनुसारको बाजा गाजालाई प्रोत्साहन गर्ने निति अनुरूप आ.व. २०७४/७५ को वार्षिक कार्यक्रममा धिमे बाजा प्रशिक्षण कार्यक्रमका लागि नगरपालिका तथा वडा नं ५ वाट समेत गरी दुईलाख पचास हजार रूपैयाँ स्विकृत भएको थियो। विभिन्न नियका र संघ संथहरू संगको समन्वयमा बाजा तथा नेवारी पोशाक जुटाईएको र उक्त कार्यक्रम अन्तर्गत धिमे बाजा सिक्न चाहाने युवा युवती छनौट गरी प्रशिक्षण दिईएको नगर प्रमुख अमान सिं तामाङले बताउनु भयो।

६ महिना सम्मको प्रशिक्षण निरन्तरको लगनशिलता र मेहनतवाट नगरपालिकामा स्थायी वसोवास गर्ने पुरूष १८ जना र महिला १४ जना गरि ३२ जना युवा युवतीले धिमेबाजा सिक्न सफल भएका छन्। हाल स्थानीय जात्रामात्रा, चाड पर्व र नगर स्तरिय तथा राष्ट्रिय दिवसहरूमा धिमे बाजा बजाएर नगर परिक्रमा गर्ने कार्यको थलानी भएको छ। यसवाट कार्यक्रमको रौनक बढ्नका साथै कार्यक्रमको प्रभावकारीता र महत्व समेत बढन गएको छ। धिमे बाजाको शुभारम्भवाट नगरको छुट्टै सस्कृतिक पहिचान स्थापित हुनका साथै स्थानीय जात जातीको कला संस्कृतिको समेत संरक्षण हुने क्रमको सुरूवात भएकोछ। यस कार्यवाट सिकेर जिल्ला भित्रका अन्य गा.पा.न.पा.हरूले समेत यस प्रकारको कार्यक्रम आफ्नो वार्षिक कार्यक्रममा राख्ने कार्यको शुभारम्भ भएको छ। चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा वडा नं ५ को वडा तर्फको वार्षिक स्विकृत कार्यक्रम एवं स्थानीय कलाप्रेमी युवाहरूको सह्राहनिय प्रयासवाट भएको उदाहरणीय कार्यको सवै क्षेत्रवाट प्रशंशा भएकोछ। आगामी दिनमा नगर भित्र वसोवास गर्ने सवै जातीको धर्म, संस्कृति, रितिरिवाज तथा परंपराको संरक्षणमा नगरपालिकाले निरन्तरता दिनु पर्ने समेत स्थानीय वासिन्दाहरूको माग बढेको छ।

धिमे बाजाको संरक्षण सँगै नगरपालिकाले खानेपानी तथा अन्य क्षेत्रमा विकासका गतिहरू बढाएको छ। साँगाचोक गा.वि.स. तथा हालको चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं १२ साँगाचोकका वासिन्दाहरू वर्षौ देखि खानेपानीको अभावमा कष्टकर जीवन वाँची रहेका थिए। राज्य पूनर्संरचना पश्चात भएको स्थानीय तहको निर्वाचनवाट नयाँ निर्वाचित जन प्रतिनिधिहरूले पद वहाल गरे पछि वडा नं १२ का तामाङ्ग, नेवार, गिरी, व्राम्हण तथा मगर जातीको वसोवास रहेको स्थानका वासिन्दाहरूको प्यास मेटाउनका लागि संभावित उपायहरू खोज्ने क्रममा लिफ्टीङ्ग प्रविधि द्धारा सुख्खा स्थानमा खानेपानी आपूर्ति गर्न सकिने रहेछ भन्ने निश्कर्षमा स्थानीय वासिन्दा र जनप्रतिनिधिहरूको एउटै मत भयो।।

चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय र वडा नं १२ को वडा कार्यालयको संयूक्त पहलमा डिप वोरिङको माध्यमवाट खानेपानी निकालेर वितरण गरिएको छ। ४० लाख रूपैयाँमा प्रतिघण्टा ५००० लिटर खानेपानी उपलव्ध गर्ने गरी १५० घरधुरीको करिव ८०० जना नगरवासीहरूका लागि खानेपानी उपलव्ध गराउन कोल्टाडाँडा खानेपानी उपभोक्ता समिति गठन भई फाल्गुणको सुख्खा याममा कोल्टा डाँडावाट प्रति घण्टा ५००० लिटर खानेपानी उपलव्ध गराउने कार्य सफलतापूर्वक सम्पन्न भएको छ। जिल्लामा नै नौलो प्रयोगको रूपमा सुख्खा डाँडावाट समेत खानेपानी आपूर्ति भएको देख्दा स्थानीय वासिन्दाहरू र नगरवासीहरू नगर तथा जिल्लाका अन्य सुख्खाग्रस्त क्षेत्रमा समेत यस प्रविधिको विस्तार गरी खानेपानीको आपूर्ति गर्न सकिने भएकोले यस कार्यलाई अन्य गाउँ पालिका तथा नगरपालिकाहरूले समेत सिकाईको रूपमा लिन सकिने स्थानीय वासिन्दाहरूको भनाई छ।

त्यस्तै चौतारा साँगाचोकगढी नगरपालिका पाहाडी क्षेत्रको विपन्न भेगमा अवस्थित नगरपालिका हो। यस नगरपालिकामा वसोवास गर्ने वाल वालिकाहरू विपननताको कारण शारिरीक श्रम गर्न वाध्य छन। आर्थिक विपन्नताले गर्दा दृष्टि कमजोर भएका नगरका १४ वटा वडा भित्रका विद्यालयमा अध्ययनरत वालवालिकाहरूले राजधानी सम्म पुगेर आँखा परिक्षण गर्न तथा चस्मा प्राप्त गर्न असंभव जस्तै अवस्था थियो। सिन्धुपाल्चोक जिल्लाको जिल्ला सदरमुकाम चौतारामा तिलगंगा आँखा अस्पतालको जिल्ला आँखा उपचार केन्द्र स्थापना भए पश्चात चौतारा साँगाचोकगढी नगरपालिका र जिल्ला आँखा उपचार केन्द्रको समन्वयमा नगरका १४ वटै वडामा वसोवास गर्ने करिव ८ सय जना वाल वालिकाहरूको लागि आँखा परिक्षण शिविर सञ्चालन गर्ने र साथै आँखा परिक्षण वाट दृष्टि कमजोर भएका वाल वालिकाहरूका लागि निशुल्क रूपमा चस्मा वितरण गर्ने कार्य सम्पन्न भएको छ। आँखा परिक्षण र चस्मा वितरण कार्यलाई आगामी आ.व.हरूमा समेत निरन्तरता दिनु पर्ने विद्यार्थी, विद्यालय, अविभावक र नागरिक समाजको धारणा रहेको छ।

## छायाँनाथ रारा नगरपालिका, मुगु

# घरेलु मदिरा निषेधित नगर

अनुपम प्राकृतिक सुन्दरताले भरिपूर्ण छायाँनाथ रारा नगरपालिका कर्णाली प्रदेश अन्तरगत मुगु जिल्लामा अवस्थित उच्च पहाडी तथा हिमाली विशेषता बोकेको जिल्ला सदरमुकाम रहेको जिल्लाको एकमात्र नगरपालिका हो। प्राकृतिक सम्पदाहरूले भरिपूर्ण यस नगरपालिका धार्मिक रूपमा छायाँनाथ, कालिका मालिका तथा थार्प मष्टाबाट संरक्षित र आशिर्वाद प्राप्त छ। नेपालकै सबैभन्दा ठूलो र गहिरो रारा ताल, चंखेली हिमाल साथै ऋणमोक्ष दह जस्ता पर्यटकीय स्थलका लागि परिचित यस नगरपालिका साँस्कृतिक विविधताले समेत भरिपूर्ण छ।

विकासका पूर्वाधार तथा अन्य आर्थिक सामाजिक सूचकहरूमा पछाडी रहेको दुर्गम हिमाली जिल्लाका रूपमा परिचित यस जिल्ला नगरपालिकाले राज्यको पुनर्संरचना तथा स्थानीय जनप्रतिनिधिको बहालीपछी पुनः गति लिन थालेको स्थानीय जनताले महसुस गर्न थालेका छन। विकासको बहुआयामिकतालाई बुझ्दै अर्थात् कुनै निश्चित क्षेत्रको विकासले मात्र विकासको सहि पुष्ट्याई गर्न नसक्ने ठम्याउँदै नगरपालिकाले सन्तुलित विकासमा जोड दिएको छ। नगरपालिकाले भौतिक पूर्वाधार जस्ता ज्वचमधबचभ का साथै सामाजिक परिचालन र सचेतना अभिवृद्धि जस्ता कयातधबचभ पाटोलाई समेत पर्याप्त ध्यान दिएर आफ्ना नीति तथा कार्यक्रम लागु गर्दै आइरहेको छ।

घरेलु तथा आयातित मदिराको सेवनबाट स्थानीय समाजमा परेको आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय नकारात्मक असरहरूलाइ न्यूनीकरण गर्नको लागि स्थानीय समाजसेवी, बुद्धिजीवी, नागरिक समाज, राजनैतिक दलहरू, होटल व्यवसायी संघ, उद्योग वाणिज्य संघ, विषयगत सरकारी कार्यालयहरू साथै आम जनताको समेत राय सुझाव र सहमतिमा नगरपालिकालाई विभिन्न चरणवद्ध प्रक्रियाहरू अपनाइ नगरपालिकालाई २०७५ मंसिर १ गते देखि मदिरा निषेधित क्षेत्र घोषणा गरिएको छ। जसले घरेलु महिला हिंसा, सडक दुर्घटना, झै झगडा न्यूनीकरणमा सहयोग गर्दै स्थानीय शान्ती सुरक्षा प्रवर्द्धनमा प्रत्यक्ष टेवा पुऱ्याएको छ।

त्यसकै लागि नगरपालिकाले बालबालिकामा लगानी नै भावि समाजमा लगानी हो भन्ने अवधारणालाई आत्मसात् गर्दै नगरपालिकाले प्रारम्भिक बाल विकास कार्यक्रममा लगानी बढाएको छ। प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत कर्मचारीहरूको करिब शत् प्रतिशत सेवा सुविधा वृद्धि, न्यूनतम पूर्वाधार विकासमा जोड साथै नमुना बाल विकास केन्द्र विकासको अवधारणा नगरपालिकाले लागु गरेको छ।सामाजिक, आर्थिक विवशताका कारणले छोरीहरूलाई गरिने लैंगिक विभेद, भ्रुण हत्या न्यूनीकरण साथै छोरीहरूको उज्वल भविष्यका लागि बचतमा प्रेरणा जगाउन र किशोरीमैत्री समाज निर्माणका लागि नगरपालिकाले नगरपालिका क्षेत्रभित्र जन्मिएका छोरीहरूका लागि बैंक खाता खोलि निश्चित रकम जम्मा गरिदिने कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। यस कार्यक्रमले राज्यले छोरीहरूलाई सम्झेको सन्देश दिएको छ भने छोरीहरूलाई माया र प्रेरणा प्रदान गरेको छ।

बढीरहेको जनसंख्या वृद्धि न्यूनीकरण साथै सानो र सुखी परिवारको अवधारणालाई साकार पार्न दुई सन्तान जन्माइसकेपछी स्थायी बन्ध्याकरण गर्ने दम्पत्तीहरूलाई प्रोत्साहन स्वरूप नगरपालिकाले निश्चित रकम प्रदान गर्ने गरेको छ। महिला स्वयंसेवीका सञ्चार कोष र महिला स्वयंसेविकाहरूको कार्य जिम्मेवारी र राज्यले प्रदान गर्दै आएको सेवा सुविधालाई मध्येनजर गर्दै स्वयंसेविकाहरूलाई प्रोत्साहित गर्न साथै कार्यसम्पादनमा प्रभावकारिता ल्याउन नगरपालिकाले महिला स्वयंसेविका सञ्चार कोष निर्माण गरेको छ, उक्त कोषमा नगरपालिकाले वार्षिक रकम जम्मा गरी सञ्चार सहायता बापत स्वयंसेविकाहरूलाई संञ्चार रकम उपलब्ध गराउँदै आएको छ। एकल पुरूष सहायता भत्ता र समाजमा व्याप्त बेरोजगारी अन्य आर्थिक अवसरहरूको कमी, विपन्नता जस्ता कारणले एकल पुरूषहरूको सामाजिक आर्थिक हैसियतमा आएको गिरावट र जीवनयापनमा कठिनाइलाई ध्यानमा राखी निश्चित मापदण्डभित्र पर्ने एकल पुरूषहरूलाइ जीवनयापनमा सहजताको लागि नोमिनल रूपमा सहायता भत्ता प्रदान गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याएको छ।

पर्यटकीय सम्भावनाहरूले भरिपूर्ण यस नगरपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा चिनाउन नगरपालिकाले होमस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ। रारा आसपास क्षेत्र तथा गमगढी क्षेत्रमा पनि व्यवस्थित होटल तथा लजको नभएको अवस्थामा विकल्प प्रदान साथै स्थानीय कला, संस्कृति, भेष(भूषा तथा रहनसहनलाई नजिकबाट चिनाउनको लागि पनि होमस्टे प्रवर्द्धन कार्यक्रम अगाडि सारिएको छ। आयस्रोत र आर्थिक अवसरहरूमा कमी, एकल महिलाहरूमाथी रहेको पारिवारिक जिम्मेवारी, खाना पकाउने मुख्य उर्जाको स्रोत दाउरा हुनु र गाउँरवस्ती र जंगलको लामो दुरीले एकल महिलाहरूमाथी थपिदिएको बोझलाइ कम गर्न विपन्न एकल महिलाहरूलाइ नगरपालिकाले निशुल्क ग्याँस वितरण कार्यक्रम अगाडी सारेको छ। भान्छाकोठामा सरसफाई, खानामा स्वच्छता, समयको बचत गर्न र एकल महिलाहरूमाथीको बोझलाइ कम गर्न यो कार्यक्रम महत्वपूर्ण हुने अपेक्षा राखिएको छ। आवधिक र दीर्घकालीन योजना तथा अवधारणा निर्माणमा लागेको नगरपालिकाले तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा प्राथमिकताका क्षेत्रहरू तोकेर वितरणात्मक भन्दा प्रतिफलदायी योजनाहरूमा लगानी गर्ने नीति अख्तियार गरेको छ।

विषयगत सरकारी कार्यालयहरू, विकास साझेदारहरू, निजी क्षेत्र तथा नागरिक समाजहरूसँगको निरन्तर समन्वय र साझेदारीको अवधारणा आत्मसात गरी आगामी पाँच वर्षमा विकासका पूर्वाधारहरू तयार गर्दै सामाजिक रूपान्तरणको लक्ष्य नगरपालिकाले राखेको छ।

**घरेलु तथा आयातित मदिराको सेवनबाट स्थानीय समाजमा परेको आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय नकारात्मक असरहरुलाइ न्यूनीकरण गर्नको लागि स्थानीय समाजसेवी, बुद्धिजीवी, नागरिक समाज, राजनैतिक दलहरु, होटल व्यवसायी संघ, उद्योग वाणिज्य संघ, विषयगत सरकारी कार्यालयहरु साथै आम जनताको समेत राय सुझाव र सहमतिमा नगरपालिकालाई विभिन्न चरणवद्ध प्रक्रियाहरु अपनाइ नगरपालिकालाई २०७५ मंसिर १ गते देखि मदिरा निषेधित क्षेत्र छ ।**






# ब्यवस्थित हाट, नमुना बजार


दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ

सगरमाथा लोकमार्गमा पर्ने यो बजार यस अगाडी फोहोर र धुलाम्मे थियो । अव्यवस्थित बजारलाई व्यवस्थित र आधुनिक बनाए पछि व्यापारीको संख्य हवात्तै बढेको छ ।

ऐतिहासिक दिक्तेल दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले विकास तथा आवश्यक गतिविधिलाई समय सापेक्ष ढङ्गले अगाडी बढाएको छ। देशकै नमुना नगरपालिका बन्ने उच्च अभिलाषका साथ विकासलाई निष्ठा र सकृयाताका साथ अगाडी बढाईएको छ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं १४ बुईपामा रहेको पंचरदोबाटो हाटलाई व्यवस्थित बजारमा रूपान्तरण गरिएको छ। विगत लामो समय देखि चित्राको छाप्रो र केहीखाली ठाउँमा स्थानिय स्तरमा उत्पादन गरिएका वस्तु हाट सम्म ल्याएर विक्री वितरण गरिदै आएको अव्यवस्थित तरिकालाई व्यवस्थित गरि दिक्तेल बजार बाहेक अर्को महत्वपूर्ण व्यपारिक नाका बनाउने मूल उदेश्य लिएर प्रत्येक शुक्रबार बजार लाग्दै आएको पञ्चरदोबाटो बजारलाई स्तरोन्नती गर्दै सुधार गरिएको नगर प्रमुख दिपनारायण रिजालले बताउनु भयो।

नगरपालिकाको आर्थिक एंवप्रविधिकि सहयोगमा बजारलाई व्यवस्थित गरिएको छ। बजारमा स्टल, शौचालय, खानेपानी, फूलबारी, विधुत लगायतको व्यवस्था मिलाईएको छ। नगरपालिकाको विशोष गरि विजयखर्क, बुईपा, नुनथला, बाम्रङ्ग, दिक्तेल र हलेसी तुवाचुङ्ग नगरपालिकाका राजापानी, धितुङ्ग, अर्खोले लगायतका किसानहरूले उत्पादन गरेका कृषिजन्य वस्तुका साथै आयतित वस्तुहरूको विक्री वितरण गरिने छ। बजार व्यवस्थित भए पछि त्यस भेगका कृषकहरूका साथै व्यपारीहरूलाई व्यापार व्यवसाय गर्न सहज भएको छ। सडक सञ्जालको विस्तार पछि उदयपुर जिल्लाका व्यापारि समेतलाई सहज भएको छ। बजारमा ६५ वटा स्टल रहेका छन। उक्त स्टल प्रयोग गरे बापत प्रत्येक स्टल नगरपालिकाकाले आन्तरिक राजश्व वृद्धि गर्न प्रति महिना पाँच सय शुल्क लिदै आएको छ।

सगरमाथा लोकमार्गमा पर्ने यो बजार यस अगाडी फोहोर र धुलाम्मे थियो। अव्यवस्थित बजारलाई व्यवस्थित र आधुनिक बनाए पछि व्यापारीको संख्य हावतै बढेको छ। परम्परागत रूपमा चौरीमा चित्राको गोठमा संचालन हुदै आएको बजारलाई आधुनिक बनाए पछि व्यवसाय संचालन गर्न सहज भएको व्यवसायीहरू बताउँछन्। हावापानी र घाममा वस्तु बेच्नु पर्ने बाध्यताको अन्त्य संगै धेरै मानिसको उपस्थिति र ठूलो परिमाणमा बस्तुको बिक्री वितरण हुन थालेको छ। तरकारी, लत्ता कपडा, खाद्यन्न, भाडाँकुडा, पशु पञ्छी लगायतका वस्तुहरूको विक्री कक्षा फरक फरक स्टलमा राखिएको हुनाले पनि बजार हेर्ने लायक र अन्य बजार भन्दा अनुकरण गर्ने लायक बनेको छ। बजारको विकास र विस्तार पछि नगरपालिकाको आन्तरिक राजश्व वृद्धि भएको छ।

बजारसँगसँगै फोहोर मैला ब्यवस्थापन गरिएको छ। दिक्तेल रू.म.न.पा.को फोहोर व्यवस्थापन सम्वन्धी दीर्घकालिन रणनिती तयार गरिएको छ भने बजारको सार्वजनिक स्थानको २५ ठाउँमा कुहिने, नकुहिने र सिसाजन्य डस्बिन राखिएको छ छ। नगरपालिकाको फोहोर व्यवस्थापन सम्बन्धि एक दिने अन्तरक्रिया कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ। बजारको फोहोर संकलन गरि ल्याण्डफिलमा पुऱ्याउने कार्य नियमित रूपमा भईरहेको छ। हाटडाँडा बजारलाई व्यवस्थापन गर्न तथा सचेतना प्रर्वद्धन गर्न हाटडाडाँ तथा बजारका विभिन्न ठाउँमा टेम्प्लेट तथा पम्प्लेट टाँस्ने कार्य भएको छ। सक्सन मेसिन ल्याउने कार्य सम्पन्न भएको छ।



## दुहबी नगरपालिका, सुनसरी



# नगर प्रमुख आवास योजना

नेपालको संविधानले नागरिको स्वास्थ्य, रोजगारी तथाआवसलाई मौलिकहकको रूपमा स्वीकार गरिरहेको परिप्रेक्षमा दुहबी नगरपालिका क्षेत्र भित्र तोकिएका मापदण्ड भित्र परेका अति विपन्न, दलित, अल्पसंख्यक, लोपोन्मुख, आदिबासी, जनजाति घरवार विहिन समूदायलाई तथा राज्य भित्र एका घरको कुनै पनि सदस्यको नाममा घर जग्गा हक भोग नभएकालाई सुरक्षित आवासको ब्यवस्था गर्ने उद्धेश्यले नगर प्रमुख आवास योजान शुरू गरिएको छ।

नगर प्रमुख आवास योजना कार्यक्रम अन्तर्गत कम्तिमा १० घर परिवारलाई हुने गरी सामूहिक वस्ति निर्माण गरिनेछ। यस्तो सामुहिक वस्ती निर्माण गर्दा लाभग्राहीहरूलाई जाति, समूदाय, बर्ण, क्षेत्र सक भर एकै प्रकार हुने ब्यवस्था मिलाइनेछ । यस्तो वस्ती निर्माण गर्न प्राकृतिक प्रकोपको जोखिममा नरहेको सार्वजनिक जग्गाको पहिचान गरिनेछ।

हाल बसोवास गरिरहेको वडामा नै लाभग्राहीलाई सामुहिक वसोवासको लागि प्राथमिकता दिईनेछ । लाभग्राहीहरूको छनौट गर्न मापदण्ड बमोजिमका लाभग्राहीहरूबाट निवेदन आह्वान गरिनेछ। प्राप्त भएका निवेदनहरूलाई अनुगमन समितिले प्रत्येक लााभग्राहीहरूको स्थलगत अनुगमन गरी मापदण्ड बमोजिम भएकोहरूको सूची निर्माण गर्नेछ।

यस नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने लाभग्राहीहरूलाई एकैपटक आवास सेवा उपलब्ध गराउन नसकिने भएकोले उनीहरूलाई प्राथमिकिकरण गरी क्रमिक रूपमा आवास सेवा उपलब्ध गराइने छ। नगर प्रमुख आवास योजना अन्तर्गत बन्ने घरहरू निर्माण गर्दा डिजाइन, रङ तथा बनौट तोकिए बमोजिम एकै प्रकारको हुनेछ। एक परिवारको लागि जग्गा न्यूनतम पाँच धुर रहनेछ। एक परिवारको लागि न्यूनतम एक किचन, दुई बेड रूम रहने छ । आवश्यक्ता अनुसार वायो ग्यास सहितको शौचालय र धारा, विधुत वा सोलार सुविधा रहनेछ । आवास निर्माण कार्य लाभग्राहीहरू मध्येवाट निर्माण समिति गठन गरि सोही समिति मार्फत गरिनेछ। चालु आर्थिक वर्षमा दुई सय घर निर्माण गर्ने लक्ष्य लिएको छ।

उक्त कार्यक्रमका लागि दुई विघा जग्गा प्राप्तीको प्रकृया अगाडी बढी सकेको छ। कम्तिमा एक सय घर रहेको आवास योजनामा वाल उद्यान, मन्दिर, सामुदायीक भवन, स्वास्थ्यचौकी र प्रा.वि. तहको विद्यालयसमेत निर्माण गर्ने निति लिएको छ। यसरी नगर प्रमुख आवास योजना अन्तर्गत भविष्यमा दुहबी नगरपालिका भित्र कोही पनि घरवार विहिनहुनु नपर्ने निति लिएको प्रमुख प्रशासकिय अधिकृत खेमराज ओझाले बताउन भयो।



“ हाल बसोवास गरिरहेको वडामा नै लाभग्राहीलाई सामुहिक वसोवासको लागि प्राथमिकता दिईनेछ । लाभग्राहीहरुको छनौट गर्न मापदण्ड बमोजिमका लाभग्राहीहरुबाट निवेदन आह्वान गरिनेछ । प्राप्त भएका निवेदनहरुलाई अनुगमन समितिले प्रत्येक लाभग्राहीहरुको स्थलगत अनुगमन गरी मापदण्ड बमोजिम भएकोहरुको सूची निर्माण गर्नेछ । ”



# जैविक विविधता र सम्पदाको संरक्षण

## कमलामाई नगरपालिका, सिन्धुली

इतिहासमा 'जननी, जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने वाक्यांशलाई गौरवशाली परम्परा बनाई राख्न कुनै कालखण्डमा सजीव भुमिका निर्वाह गरेको सिन्धुली जिल्ला आज पनि आफ्नै अपार प्राकृतिक श्रोत साधन र ऐतिहासिक तथा पुरातात्विक सम्पदामा जीवन्त रहन सक्षम रहेको छ। सिन्धुलीय मानवताको अथक परिश्रम अनि पसिनाले सिंचित हुँदै वर्तमानको राज्यको संघिय पुनसंरचना पश्चात दुई नगरपालिका र ७ गाउँपालिकाहरूमा विकेन्द्रित भएर सिंगो नेपालको राष्ट्रियतामा एक अविरल धारको रूपमा निरन्तर प्रवाहित भैरहेको छ, सिन्धुली।

नेपालको प्रसिद्ध कमला नदीको उद्गमस्थलमा रहेको कमलामाई देवीको नामलाई समाविष्ट गरी वि.सं. २०५३ मा तत्कालीन सिद्देश्वर र भिमान गा.वि.स. लाई समायोजन गरी घोषित कमलामाई नगरपालिका रोमन, सिन्धु, पर्सियन सभ्यता जस्तै मानव विकास क्रममा सिन्धुलीवासीको मौलिक परम्परा, सांस्कृतिक, सामाजिक संरचनालाई जगेर्ना गर्दै एउटा शहरी वातावरणलाई अत्यावश्यकिय सबै खाले पुर्वाधारहरूको जोडजाम, वन्दोवस्ती सहित परिवर्तनको संवाहक भई सङ्घीय नेपालको पुनःसंरचनामा साविक कमलामाई नगरपालिका, डाढी गुराँसे, भद्रकाली, जलकन्या, रानीचुरी, रानीवास गा.वि.स.हरू समाहित भई पुन कमलामाई नगरपालिकाको रूपमा प्रतिस्थापित छ । ४८२.५७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिका चुरे तराईको प्रचण्ड गर्मी देखी महाभारतको उच्च श्रृङ्खलासम्म विस्तारित भएको छ।

कमलामाई नगरपालिकाको सवैभन्दा समृद्ध पक्ष भनेको जैविक विविधता सहितको वन जंगल, बुका, कमला, ग्वाङ्ग, लब्दाहा, गडौली, चदाहा, धनामाना, मरिण, धमिले, जिर्गा आदी खोलानाला हुन् । यस न.पा.को सिरानमा रहेको सिंगो सिन्धुलीको परिचायक ऐतिहासिक सिन्धुलीगढीको समुचित स्याहार संभारको साथै रानीचूरीमा अवस्थित राजमहल संरक्षण र व्यवस्थापन भएमा पर्यटकिय दृष्टिकोणबाट पनि यो नगरपालिका महत्वपूर्ण हुने देखिन्छ । कमलामाईस्थान, शिद्धबाबा, कालीमाईस्थान, उर्गेन छ्योलिङ्ग, टासी छ्योलिङ्ग आदी देवालय र गुम्बा विहारहरू यस नगरपालिकाको धार्मिक सम्पदाहरूको परिचायक भएर रहेका छन्।

कमलामाई नगरपालिकाको प्राय सबै वडाहरूमा सडकको ट्र्याक पुगेको छ साथै मुख्य मुख्य वस्तीहरूमा विद्युत प्राधिकरणबाट उपलब्ध विद्युत सेवा र दूर संचारबाट वितरित नमस्ते तथा स्काई मोबाइल सेवाको साथै विभिन्न नीजि कम्पनीहरूबाट वितरित मोबाइल सेवाहरू उपलब्ध छन्। यसैगरी क.न.पा. वडा नं. ४, ५, ६, ७ र ९ को घना वस्तीहरूमा सिद्देश्वर खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट र अन्य वडाहरूमा न.पा.ले आफ्नै श्रोतले भ्याएसम्म सम्बन्धित उपभोक्ताहरू मार्फत उपभोक्ता समिति गठन गरी खानेपानी योजना संचालन गर्दै आएको छ। अन्य पूर्वाधारहरूको हकमा ग्रामिण क्षेत्र भन्दा पृथक छ भन्न सकिंदैन। मतानवास दूर संचार टावर तथा विभिन्न नीजि कम्पनीहरूबाट प्रक्षेपित संचार सुविधा समग्र नगरपालिकालाई समेट्न नसकेता पनि कमलामाई नगरपालिका संचार सुविधाबाट बन्चित छैन । दुई तिहाई भु-भागमा विस्तारित विद्युत आपुर्तिले गर्दा एक्काइसौं शताब्दीको विश्वग्रामको अवधारणालाई अंगिकार गर्दै कम्प्युटर, इन्टरनेट, प्रेस सुविधाले गर्दा एक समय जापान, अमेरिका एकादेश बनेकोमा अहिले कमलामाईको छिमेकी बनेको छ।

सदरमुकाममा अवस्थित सिन्धुली अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद केन्द्र, प्राथमिक आँखा उपचार केन्द्र, शहरी स्वास्थ्य केन्द्र, नीजि



सन्धुलीय मानवताको अथक परिश्रम अनि पसिनाले सिञ्चित हुँदै वर्तमानको राज्यको संघिय पुनसंरचना पश्चात दुई नगरपालिका र ७ गाउँपालिकाहरुमा विकेन्द्रित भएर सिंगो नेपालको राष्ट्रियतामा एक अविरल धारको रुपमा निरन्तर प्रवाहित भैरहेको छ, सिन्धुली ।

क्लिनिक/मेडीकलले नगरवासीको स्वास्थ्य स्थीतिलाई सम्हाल्दै आएका छन् । गुणस्तरिय शिक्षा प्रदान गर्ने अभिप्रायले यस नगरपालिकामा व्यवसायिक, प्राविधिक लगायत विभिन्न संकायका अध्ययन अध्यापन हुने क्याम्पसहरू संचालित छन् । तथापि पूर्वी नेपाललाई राजधानी काठमाण्डौं संग छिटो छरितो सान्निध्य दिलाउने बनेपा-वर्दिवास वि.पि. राजमार्गले बिचोबिच छिचोलेको हुँदा रामेछाप, ओखलढुङ्गा, दोलखा र काभ्रे आदी जिल्लामा व्यापारिक कारोवार गर्ने व्यापारिक प्रतिष्ठानको रूपमा सुपरिचित यस न.पा.को महत्व बढेको छ भने हेटौंडा-सिन्धुली-गाईघाट-चतरा सडकको निर्माण सम्पन्न भए पश्चात यस नगरपालिका देशको मध्य तथा पश्चिमी भागसँग समेत सन्निकट हुनेछ । जसबाट नगरपालिकाको आर्थिक गतिविधीमा उल्लेखनिय योगदान पुग्ने विश्वास लिइएको छ।

जैविक विविधता तथा सम्पदाको संरक्षणका लागि नगरपालिकाले दीर्घकालिन योजना अनुसार कार्यालयको सुरक्षाको लागी सि.सि. क्यामेरा जडान गरिएको छ । एकीकृत शहरी विकास योजना निर्माण गरिएको छ भने ऐतिहासिक सिनधुलीगढीको गुरूयोजना तयार गरिएको छ। विपद् व्यवस्थापन कोष स्थापना गरी नगरक्षेत्र भित्र विपद्मा परि ज्यान गुमाएकाको परिवारलाई प्रतिव्यक्ति रू. १० (दश) हजार उपलब्ध गराउने नीतिगत व्यवस्था गरिएको छ । त्यसका अलावा नगरपालिकाले नागरिकहरूको सेवामा नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा आँखाको मोतिविन्दु रोगको निःशुल्क शल्यक्रिया गरेको छ।

नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा शव बाहन खरिद र ४ (चार) वठा एम्बुलेन्स खरिद प्रक्रिया अगाडी बढेको, नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा ब्लड बैंकको स्थापना गरिएको, वडा नं. १ मा नेपाल जेष्ठ नागरिक जिल्ला संघ, सिन्धुलीको सहकार्यमा जेष्ठ नागरिकहरूमा हुने अल्जाइमर रोगको प्रशिक्षण कार्यक्रम भएको, निर्वाचित प्रतिनिधीहरूको लागी आचारसंहिता स्वीकृत गरी लागू गरिएको, बैदेशिक रोजागरीबाट फर्किएका ९ जना युवाहरूलाई व्यवसायीक योजना तर्जुमा गर्न, १५ जना कृषकलाई गड्यौला मल बनाउन, २३ जना कृषक श्रोत व्यक्तिहरूलाई क्षमता अभिवृद्धि तालिम तथा कृषक समुदायलाई विभिन्न किसिमको ज्ञान सूचना र प्रविधी सम्बन्धी जानकारी मुलक कार्यक्रम संचालन गरिएको साथै सर्लाही, बारा र चितवनको विभिन्न व्यवसायिक कृषि भएको क्षेत्रको अध्ययन गराइएको छ । आकस्मिक दुर्घटना कोषको स्थापना गरिएको, स्वच्छ सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर" भन्ने दीर्घकालिन सोच तय गरिएको, सडक वत्तिको समस्या समाधान तथा बजार क्षेत्रको सुरक्षाको लागी केन्द्रिकृत सौर्य सडक वत्ति र सि.सि. क्यामेराको जडान कार्यको लागी योजना सम्झौता भई कार्यान्वयनमा रहेको छ । नगरपालिकासँग सम्बन्धित देहाय बमोजिम ऐन, नियम, निर्देशिका, कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

## कटारी नगरपालिका, उदयपुर

# जनताको सेवामा एक वडा, एक प्राविधिक



कटारी नगरपालिका उदयपुर जिल्लाको पश्चिमी क्षेत्र भित्र पर्ने नगरपालिका हो । भौगोलिक हिसाबले चुरे,भित्रि मधेश, महाभारत समेत सबैलाई समेट्छ । ४२५ वर्ग कि.मि. क्षेत्रफल र ६० हजार जनसंख्या रहेको यो भूभागमा प्रचण्ड गर्मी देखि अध्याधिक चिसो हुने भू-भाग पनि पर्दछन् ।

भौगोलिक हिसाबले निकै ठूलो विकट क्षेत्रमा सेवा प्रवाह गर्नु पर्ने जनताले चाहेको खोजेको घर आगनमै सरकारको अनुभूती गर्नुपर्ने वेलामा गा.वि.स. भन्दा टाढा गएर सेवा लिनु वाध्यता थियो । 'आज ७ दिन भईसक्यो काम भएको छैन । होटलमा बस्दा खादा उल्टै ऋण लाग्ने भयो । काम गर्ने एउटा प्राविधिक छ, तीन चार वटा वडा हेर्नु पर्छ । समयमा इष्टिमेट बनाउने साइट हेर्ने, विल उठाउने कार्य गराउन जनतालाई सास्ती भएको छ, न.पा. मा अध्याधिक भिडभाड छ, कर्मचारीहरूलाई दिन रात नभनी काम गरिरहेका छन्'-स्थानीय शिव आलेले भन्नु भयो ।

यावत समस्याको चाङ्ग लागेको छ । सेवा प्रवाहमा झन धेरै हैरानी खेप्नु पर्ने, जनताको काममा पहिला भन्दा असहज रहेको चारैतिरवाट आक्रोश आउन थालेको थियो । नगरपालिकाले ८ सय ५० भन्दा बढी योजना कसरी सम्पन्न गर्ने समस्या थियो । जनताको सेवा प्रवाह नै सरकारको प्रमुख कार्य हो । अस्पतालको सेवा, उपभोक्ता समितिको गठन, कार्यान्वयन, अनुगमन तथा भुक्तानीको क्षेत्रसंग सम्बन्धित कुराहरू अज्ञानतावस जोड जम्मा गर्न, विल संग संलग्न कागजातहरू जुटाउन हम्मे हम्मे परेको थियो । यसवाट जनतालाई ठूलो समस्या परेको थियो ।

बृद्ध भत्ता वितरण, एकीकृत सम्पत्तिकरको विवरण जम्मा गर्नुपर्ने, सिफारिस लिन, विकास निर्माण संग सम्बन्धित विलको भुक्तानी लिन पनि समस्या आईरहेको थियो । जनप्रतिनिधीहरू भर्खरै निर्वाचित भएर आएका उनीहरूले कार्यविधि तथा प्रकृति, कार्य प्रणालीको विषयमा अन्यौलता आउनु स्वाभाविकै हो । नगर सेवा प्रवाहमा नगरपालिकाले प्रभावकारी रूपमा अगाडि बढाउनको निम्ति १४ वटै वडामा प्राविधिक पठाउने निर्णय भयो । यो ऐतिहासिक निर्णय थियो । यसवाट विकास निर्माणको कार्यमा प्रकृयागत झंझट अन्त्य भएको छ । प्रत्येक वडामा रहेको प्राविधिकले ईन्जिनियर वा सब-ईन्जिनियरले सम्पूर्ण वडाहरूको योजनाको इष्टिमेट गर्ने, वडाकै प्राविधिकले सम्पूर्ण कागजातहरू तयारी गर्ने, योजनाको बजेट अनुसार संझौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई वडा कार्यलयमा बोलाउने त्यही संझौता गर्ने, विल वडा कै प्राविधिकवाट उठाउन लगाउने सम्पूर्ण प्रकृया वडामा पुऱ्याई चेक तयार भए पछि कार्यालयमा उपभोक्ता समितिका अध्यक्षलाई बोलाई उपलब्ध गराउने गरिएको छ ।

> जनप्रतिनिधीहरु भर्खरै निर्वाचित भएर आएका उनीहरुले कार्यविधि तथा प्रकृति, कार्य प्रणालीको विषयमा अन्यौलता आउनु स्वाभाविकै हो । नगर सेवा प्रवाहमा नगरपालिकाले प्रभावकारी रुपमा अगाडि बढाउनको निम्ति १४ वटै वडामा प्राविधिक पठाउने निर्णय भयो । यो ऐतिहासिक निर्णय थियो ।




यसवाट उपभोक्तालाई झंझट अन्त्य भई कार्य सम्पादनमा सहयता आउन सक्छ । विभिन्न शाखाहरू जस्तै योजना, लेखा प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृतमा उपभोक्ता समिति जानु पर्दैन ।

सम्पूर्ण कार्य वडाकै प्राविधिकले तयार गर्छ । वडा तहको कार्यमा करार सेवाबाट प्राविधिक पदपूर्ति गरी जनतालाई दिईने सेवा तिब्र रूपले भईरहेको छ । यसवाट सेवा प्रवाहमा सफलता आईरहेको छ । हाम्रो नगरको समृद्धिको लागि स्थानीय तहबाट सम्पादन गरिने कार्यहरू वडातहवाटै संचालन गर्नु पूर्वाधार विकासवाट साच्चिकै नगरको विकास हुनेछ । साथै न.पा.ले हेदाय बमोजिमको अन्य काम सम्पन्न गरेको छ ।

नगरपालिकाले त्यसको अलावा सुकुम्वासी व्यक्तिहरूको लागि जग्गाको व्यवस्थापन गर्ने कार्य अगाडि बढाउनको लागि ऐलानी, पर्ती जग्गाको लागत लिने कार्य सम्पन्न भएको छ । जोखिममा रहेका एवम् जोखिम संभाव्य व्यक्तिहरूको लागि मनोसामाजिक परामर्शदाता, प्रत्येक वडामा स्थायी रूपले काम गर्ने गरी प्राविधिक खटिएका छन् । यूवाहरूलाई आत्मनिर्भर बनाउन नगरपालिकाको सीमित साधन र श्रोतवाट उद्घोषक तालिम र महिलाहरूका लागि क्रिस्टल तालिम, व्यूटीसियन तालिम तथा अटो रिक्सा तालिम प्रदान गरिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई नेपाल सरकारको चाहना अनुसार वैङ्किक सिस्टममा लैजान बैंकहरूसंगको प्रकृया अगाडि बढेको छ ।

जनतालाई कार्यालयमा आउदा के गर्ने र कार्यालयको योजनाहरूको बारेमा सूसूचित गर्न डिजिटल नोटिस बोर्ड बनाईएको छ । जलविद्युत योजनाहरूको हाईटेनसन लाईन विस्तारको निम्ती मन्त्रालयमा डेलिगेशन गई व्यवस्थापनमा सुधार गरिएको छ । प्राकृतिक श्रोतहरू उत्खनन, निकासीलाई व्यवस्थापन गर्ने कार्य मर्यादित बनाईएको छ । विशेष गरी मदन भण्डारी राजमार्गको लागि चाहिने सामाग्रीको सहज पहुँचको लागि न.पा.ले सहकार्य अगाडि बढाएको छ । वारूणयन्त्रको व्यवस्थापनको पहल गरिएको छ ।

# छात्रालाई साइकल वितरण





## ईशनाथ नगरपालिका, रौतहट

प्रदेश नं. २ का सरकारले प्रदेश भर लागु गरेको बेटी पठाउँ बेटी बचाउँ अभियान अन्तर्गत छात्राहरुलाई विद्यालय शिक्षा प्रतिको संलग्नता तथा शिक्षण सिकाई क्रियाकलापमा छात्राहरुको उच्च मनोबल अभिवृद्धि तथा अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्न ईशनाथ सरकारको आ.व. २०७४/०७५ को वार्षिक निति, कार्यक्रम तथा बजेटमा उक्त कार्यक्रम सहभागि गराईएको थियो ।

ईशनाथ नगरपालिका रौतहट जिल्लाको पश्चिममा सदरमुकाम गौरबाट करिब ८ किलोमिटरको दुरीमा अवस्थित रहेको छ। नगरपालिका अन्तर्गत २१ वटा सामुदायिक/सरकारी विद्यालयहरू संचालनमा रहेका छन।

विद्यालयको शैक्षिक गतिविधिमा छात्राहरूको संलग्नता तथा पढाई प्रति छात्राहरूको मनोबल उच्च नरहेको भन्दै नगरपालिकाद्धारा विभिन्न विद्यालयमा अनुगमन गरिएको थियो । अनुगमनबाट विद्यालयमा सरकारको नित्ति तथा कार्यक्रमहरू कार्यान्वयनको लागी पठनपाठनमा छात्राहरूको मनोबल उच्च बनाउन विभिन्न कार्यक्रम गर्ने निर्णय भए सँगै पहिलो चरणमा छात्रालाई साईकल वितरण गरिएको हो।

नेपालको संविधान, २०७२ लागु भए सँगै कार्यान्वयनमा आएको संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले विद्यालय शिक्षा प्रति प्रतिवद्ध रही विभिन्न नित्ति तथा कार्यक्रमहरू तय गरेको छ। प्रदेश नं. २ का सरकारले प्रदेश भर लागु गरेको बेटी पठाउँ बेटी बचाउँ अभियान अन्तर्गत छात्राहरूलाई विद्यालय शिक्षा प्रतिको संलग्नता तथा शिक्षण सिकाई क्रियाकलापमा छात्राहरूको उच्च मनोबल अभिवृद्धि तथा अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्न ईशनाथ सरकारको आ.व. २०७४/०७५ को वार्षिक नित्ति, कार्यक्रम तथा बजेटमा उक्त कार्यक्रम सहभागि गराईएको थियो। नगरपालिका भित्र रहेका मा.वि. स्तरका कक्षा १० मा अध्ययनरत छात्राहरूलाई साईकल वितरण गरेको छ।

कार्यक्रम अर्न्तगत विपी कोईराला आर्दश मावीका ५४, जनता मावीका ५२, जनता मावि डुमयियामा ४०, मावि मठियामा ३९ र कलाकुञ्ज बार्डिङ्गमा ३ समेत गरी १ सय ८८ वटा साईकल वितरण गरिएको थियो । साईकल वितरण कार्यक्रमले केन्द्र सरकारको शिक्षा नित्तिलाई कार्यान्वयन गर्ने तथा प्रदेश नं. २ का सरकारको बेटी पठाउँ बेटी बचाउँ अभियानलाई समेत सहयोगी सिद्ध भएको छ ।साईकल वितरण कार्यक्रमले विद्यालय शिक्षामा छात्राहरूको पहुँच तथा मनोबललाई उच्च बनाएको छ। आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने नगरप्रमुख सन्तोषकुमार मेहत्ताले बताउनु भयो।




# धार्मिक सर्किट निर्माण

## सूर्यविनायक नगरपालिका, भक्तपुर

"यहाँ भएका लटरम्मेश्वर, आशापुरी, डोलेश्वर (केदारनाथको शिर), नन्दीकेश्वर, सुवर्णेश्वर, अन्तलिङ्गेश्वर, रामभक्तेश्वर, सोमलिङ्गेश्वर, गुप्तेश्वर र धर्मेश्वरलाई चक्रिय मार्गले जोड्ने छ । सूर्यविनायक गणेश मन्दिर रहेका पनि प्रमुख धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास भएको छ"

सूर्यविनायक नगरपालिका धार्मिक नगरीको रुपमा चिनिदै गएको छ । सूर्यविनायक नगरपालिका थुप्रै धार्मिक तिर्थस्थल रहेका छन। उक्त तिर्थस्थललाई नगरपालिकाले धार्मिक सर्क्रिटको रूपमा विकास गरी धार्मिक नगरीको रूपमा विकास गर्न लागेको छ। 'धार्मिक पर्यटन र प्राकृतिक सुन्दरता समृद्ध सूर्यविनायक नगरपालिका' भन्ने नारा निर्माण गरी धार्मिक सर्क्रिट निर्माण कार्यलाई नगरपालिकाको अहिले धमाधम काम अगाडि बढाइरहेको छ।

नगरपालिका क्षेत्र भित्र भएका १० वटै वडामा भएका शिव मन्दिरलाई एउटै चक्रिय मार्ग जोड्ने काम गरी नगरपालिकाले योजना अगाडि सारेको छ। उक्त कार्यका लागि नगरपालिकाले विस्तृत परियोजना प्रस्ताव (डिपिआर) निर्माण गरिसकेको छ। उक्त चर्क्रिय मार्गले वडा नं. १ मा देखि १० वटै वडामा रहेका शिव मन्दिरसम्म पुग्ने एउटै बाटो निर्माण गरिनेछ। यहाँ भएका लटरम्मेश्वर, आशपुरी, डोलेश्वर (केदारनाथको शिर), नन्दीकेश्वर, सुवर्णेश्वर, अन्तलिङ्गेश्वर, रामभक्तेश्वर, सोमलिङ्गेश्वर, गुप्तेश्वर र धर्मेश्वरलाई चक्रिय मार्गले जोड्ने छ । सूर्यविनायक गणेश मन्दिर रहेका पनि प्रमुख धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास भएको छ। यहाँका प्रत्येक शिव मन्दिरको आआफ्नै धार्मिक र ऐतिहासिक महत्व रहेको छ।

उक्त धार्मिक स्थलमा माघ र साउन महिनामा बिशेष मेला लाग्छ भने हरेक सोमवार नियमित मेलाका लागि भक्तजनहरूको भीड लाग्ने गरेको छ। सूर्यविनायक नगरपालिका जनप्रतिनिधि आएपछि नगरपालिकाले समग्र विकासका लागि नै योजना अगाडि बढाउँदै आएको नगर प्रमुख बासुदेव थापाले जानकारी दिनुभयो। सूर्यविनायक नगरपालिका भित्र धार्मिक गन्तव्यका साथै केही महत्वपूर्ण पर्यटकीय स्थलहरू पनि छन्। ध्याम्पे डाँडा, कात्रावारी, अन्तलिङ डाँडा, पाइलटबाबा आश्रम, रानीकोट गढी र निर्माणाधिन राष्ट्रिय प्राणी उद्यान रहेका छन।

उक्त क्षेत्रम पर्यटकीय क्षेत्रको विकास लागि नगरपालिकाले योजना अगाडि सारेको छ। रानीकोट गढीमा भ्यूटावर, उक्त रानीकोट गढीलाई पुरातात्यिक शैलिमा निर्माण गर्ने गरी सूर्यविनायक नगरपालिका र प्रदेश ३ सरकारले योजना अगाडि सारेको सूर्यविनायक नगरपालिका वडा नं.७ का वडाध्यक्ष रबिन्द्र सापकोटाले जानकारी दिनुभयो। सूर्यविनायक नगरपालिकाले धार्मिक पर्यटकसँगै विकास निर्माणको कामलाई तिब्र गतिमा अगाडि सारेको छ । चालु आर्थिक वर्षमा सञ्चालित अधिकांश योजना अन्तिम चरणमा पुगेका छन।

हरेक वडामा सडक विस्तार,कालोपत्रे र ग्रावेल गर्ने काम भइरहेका छ । नगरपालिकामा स्थानीय योजना , प्रदेशका योजना र सङ्घीय सरकारका योजनाका काम धमाधम भइरहेका छन् । नगरपालिकाले पूर्वाधार निमार्णको वर्षको रूपमा लिइएको छ । अबका पाँच वर्षमा सबै वडाका अधिकांश सडक कालोपत्रे हुने गरी नगरपालिकाले प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वयमा गरी अगाडि बढाइरहेको छ। सार्वजनिक जग्गाको संरक्षण गरी उक्त सार्वजनिक जग्गामा पार्क निमाण गर्ने कार्य नगरपालिकाले अगाडि सारेको छ।

नगरपालिकालाई पार्क मैत्री नगरपालिका निर्माण गर्ने काममा सूर्यविनायक नगरपालिका सक्रिय भइरहेको छ । नगरपालिकाले स्थानीय तहमा जनप्रतिनिधि आएपछि विकास निर्माणले तिब्रता पाउँदै आएको छ । सुशासन र सामाजिक जवाफदेहिता समेत सूर्यविनायक नगरपालिका अब्बल बन्दै गएको छ ।





## लहान नगरपालिका, सिरहा

# जेष्ठ नागरिकलाई नगरको सम्मान

"हाम्रो लहान समृद्ध लहान, पर्यटन सहितको सुन्दर नगर निर्माण हाम्रो अभियान"को मूल नाराका साथ नगरपालिकाले लहान महोत्सव, २०७५ को आयोजना गर्न गईरहेको छ।



सगरमाथाको आँगनमा रहेको लहान नगरपालिका १० वटा वडमा सीमित हुँदा व्यापारिक नगरी र शैक्षिक हवको रूपमा समेत अलग्गै पहिचान स्थापित भएको थियो। नगरपालिकाको आकार बृद्धि संगै कृषि र पर्यटनको प्रवल संभावना बोकेको नगरपालिकालई स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रीतनिधिहरूले समृद्धि र विकासको मार्गमा डोऱ्याउन अहोरात्र प्रयत्नरत गरेका छन्। जस अनुसार जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रमलाई यस नगरपालिकाले भरपर्दो, विश्वसनीय र सहज हुने गरी वितरण गरेको छ।

> नगरपालिकाले ७० वर्ष उमेर नाघेका अन्य जेष्ठ नागरिकलाई सम्मान स्वरुप मासिक रु. १५०।- का दरले सामाजिक सुरक्षा भत्ता लगायत छाता, कम्मल र दोसल्ला वितरण गर्दै आईरहेको छ र यस प्रयासलाई लहान नगरपालिकाले एउटा सफल प्रयासको रुपमा लिएको छ ।

उमेर ढल्कँदै गएको समयमा समाज र घर परिवारबाट राम्रो ब्यवहार र उचित स्यहार सुसार गराउन उक्त सम्मान महत्वपूर्ण भएको नगरपालिका प्रमुख मुनि शाह सुडीले बताउनु भयो। नगर क्षेत्रका एकल/विधवा महिला, अन्य जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, आंशिक र पूर्ण अपा•ता भएका व्यक्तिहरू वडा नं. १ देखि ५ सम्मका ९०९ जनालाई ग्लोवल आई.एम.ई बैंक, वडा नं. ६ देखि १० सम्मका ६४७ जनालाई लक्ष्मी बैंक, वडा नं. ११ देखि १२ सम्मका ३६७ जनालाई प्रभु बैंक, वडा नं.१३ देखि १४ सम्मका ४७३ जनालाई एन.आई.सि.एशिया बैंक, वडा नं १५ का ३०० जनालाई बैंक अफ काठमाण्डु, नं.१६ देखि १७ सम्मका ३२५ जनालाई बैंक अफ काठमाण्डु, वडा नं. १८ का ३०८ जनालाई रा.वा.बैंक, वडा नं. १९ का ३६९ जनालाई सानिमा बैंक, वडा नं. २० का २२५ जनालाई एन.सि.सि.बैंक, वडा नं.२१ का २६५ जनालाई ने.बैं.लि., वडा नं. २२ का ३७५ जनालाई एन.एम.बि.बैंक, वडा नं. २३ का ३१९ जनालाई लुम्बिनी बैंक र वडा नं. २४ का ३८६ जनालाई माछापुच्छ्रे बैंक मार्फत गरी जम्मा ५,१९८ जनालाई नियमित र पारदर्शी रूपमा जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा वापतको रकम उपलब्ध गराउँदै आएको छ। यसले नगरबासिहरूमा खुशी छाएको र समयमै आफ्नो रकम प्राप्त गर्दा हर्षित छन् । बैंकमा नहुँदा रकम तत्काल मासिने र आफ्नो नामको रकम घर परिवारका अन्य सदस्यहरूले लिएर खर्च गरिदिने आफुलाई चाहिएको समयमा नहुने भएकाले जेष्ठ सदस्यहरू दुखित हुँदै आएका थिए।

यसका साथै यस नगरपालिकाले ७० वर्ष उमेर नाघेका अन्य जेष्ठ नागरिकलाई सम्मान स्वरूप मासिक रू. १५०।- का दरले सामाजिक सुरक्षा भत्ता लगायत छाता, कम्मल र दोसल्ला वितरण गर्दै आईरहेको छ र यस प्रयासलाई लहान नगरपालिकाले एउटा सफल प्रयासको रूपमा लिएको छ।

वि.सं. २०३२ सालमा स्थापित लहान नगरपालिका, मुलुकमा लोकतान्त्रिक गणतन्त्र घोषणा पश्चात वि.सं. २०७३ सालमा १० वटा वडाबाट फराकिलो हुँदै ११ वटा तत्कालिन गा.वि.स. समाहित भई २४ वटा वडामा फैलिई सवैभन्दा वढी वडा भएको नगरपालिकाको रूपमा दर्ज भएको यस नगरपालिकाको क्षेत्रफल १६७.१७ वर्ग कि.मी. रहेको छ। यस नगरपालिकाको कुल जनसंख्या ९१,७६६ रहेको छ भने कुल साक्षर दर ५७.९४ प्रतिशत रहेकोछ। जस मध्ये पुरूष ६६.९६ प्रतिशत र महिला ४८.५१ प्रतिशत साक्षर रहेको छ।



# पूर्वाधार विकासमा ध्यान

## बलरा नगरपालिका, सर्लाही

स्वशासनको माध्यमबाट सार्वभौम नगरवासीहरूलाई आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै बलरा नगरपालिकाको विकासको लागि साधन स्रोतको विनियोजन, परिचालन र विकासको प्रतिफलको सन्तुलित तथा समान बितरण गर्न योजना तर्जुमा, संचालन गर्ने जिम्मेवारी र अधिकारको उपयोग गर्दै जवाफदेहिता वहनलाई मनन गरी यस नगरपालिकाको विकास निर्माण कार्यमा नगर कार्यपालिका, नगरसभा एवं सप्पुर्ण जिम्मेवार निकाय परिचालित भएको नगर प्रमुख अभयकुमार सिंहले बताउनु भयो।

नगरपालिकाले नगरको समुचित विकासका लागि विभिन्न चरणहरू पार गर्दै सु-संस्कृत, आधुनिक, स्वच्छ, सुन्दर हराभार र सक्षम नगरको रूपमा स्थापित हुन बहु आयामिक र दिगो विकासको माध्यमद्वारा स्थानीय पूर्वाधार विकास, लैङ्गीक मूलप्रवाहीकरण, सामाजिक सशक्तिकरण र विकासको मूल प्रवाहमा समेटिन नसकेका समुदायको सबलीकरण गर्दै नगरको विकास अभियानलाई अगाडि बढाउँदै लगेको छ । नगरपालिकाबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं नतिजामुखि वनाई स्थानीय शासन प्रणालीलाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई नगरपालिकाले उच्च प्राथमिकता दिएको छ।

नगरमा उपलब्ध श्रोत र साधनको उच्चतम परिचालनबाट भौतिक विकासका साथै नगरपालिकाबाट प्रदान गरिने सेवा र सुविधामा कुनै कमी/कमजोरी नहोस् भन्ने कुरामा सिङ्गो नगरपालिका सदैव सचेत रहेको छ । विषय क्षेत्रगत गुरूयोजनाको कार्यान्वयन, गरिबी न्यूनिकरण, सरसफाई तथा फोहोर व्यवस्थापन, सडक सुधार, विद्युतीकरण, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण र पुर्वाधारको विकास जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ। बिगत र चालू आ.व.को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय जनसहभागिता, गरिबी न्यूनीकरण, आधारभुत शिक्षा र स्वास्थ्य सेवाको पहुँचमा विस्तार, स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।नगरक्षेत्रको स्थानीय पूर्वाधार एवं आर्थिक सामाजिक विकासमा पछि परेका वडाहरूमा नगरस्तरिय सडक योजना, सौर्य बत्ति जडान लगायतका पूर्वाधार विकासका कार्यहरूलाई प्राथमिकता दिई अगाडी बढाउने कार्य गरिएको छ।

आयोजनाहरू संचालन गर्दा आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाईन, ड्रईङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन, सुपरिवेक्षण, अनुगमन, मुल्याङकन, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएकोछ। योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाबाट प्राथामिकताकोआधारमा सिफारिस भई आएका र एकीकृत योजना तर्जुमा समितिवाटप्राथमिकिकरणमा राखि छनौट भएका कार्यक्रम तथा योजनाहरूलाईउपलब्धश्रोत साधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिएको छ।

स्थानीय कर नै स्थानीय विकासको माध्यम भएकाले कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइएको छ । यसका लागि सचेतना कार्यक्रम, सूचना सम्प्रेषण, करदाता घरदैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोडदिइएको छ। यस्ता कार्यक्रम सञ्चालन गर्दा सम्पूर्ण नगरवासीहरूबाट सद्भाव र सहयोग प्राप्त भईरहेको छ।

**नगरपालिका क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ, मन्दिरहरुको, संरक्षण र विकास गरि आन्तरिक र बाह्य पर्यटनको प्रर्वद्धन गर्न, कर प्रशासनलाई चुस्त, पारदर्शि बनाउँदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व संकलनमा वृद्धि गर्दै आत्मनिर्भर बन्ने उदेश्य अनुसार काम भएको छ ।**

नगर क्षेत्रमा योजना तथा कार्यक्रम संचालनका लागि महिला, बालबालिका, दलित,आदिवासी जनजाति, आर्थिक तथा सामाजिकरूपमा पिछडिएका वर्ग तथा क्षेत्र, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू, मधेशी, मुस्लिम तथा पिछडा वर्ग,लैंगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेषजोड दिईएको छ। बलरा नगरपालिकाको वर्तमान स्वरूपको निर्माण सर्लाही जिल्लाको बिगतको ९ वटा गा.वि.स.हरू बलरा, हथिऔल, अर्नाहा, मिर्जापुर, डुमरिया, गडहिया, अचलगढ, सुदामा तथा छतौना मिलेर एकाकार भएकोस्वरूप हो। यसको स्थापना संगै यसको चौतर्फी बिकासकोलागि महत्वपुर्ण जनसहभागिता रदायित्व तथा उद्देश्य सहित यस नवगठित नगरपालिकाको विकासमा साझा योगदान तथा प्रतिबद्धता सहित हातेमालो गर्दै अगाडी बढनुपर्ने सबै नगरवासीको साझा योजना हुन । कुल ११ वटा बडा रहेको नगरपालिकाको कूल जनसंख्या ४६२६४ जस्मा २४२२३ जना पुरूष एवं २२०४१ महिलाको संख्या रहेकोछ। ८०७६ घरधुरी रहेको यस नगरपालिकाको भौतिक संरचना एवं बाटो घाटोको अवस्था अत्यन्तनै जिर्ण रहेकोले यस क्षेत्रमा ठुलो लगानी गरी सकारात्मक परिणामहरू हासिल गर्नुपर्ने आवश्यकता रहेकोछ। शिक्षा, स्वास्थ्य, कृषि, पशु स्वास्थ्य, सिंचाई जस्ता जनताका आधारभूत विषयहरूमा बिगतको समयमायस नगरपालिकामा महत्वपुर्ण लगानी गरिएको छ।

दिगो स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा नगरपालिकालाई आधुनिक र सुविधायुक्त बनाउने, सङ्घीय संरचना र लोकतन्त्रको अवधारणा अनुरूप सामाजिक एवं आर्थिक रूपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, अपागंता भएको व्यक्ति,जेष्ठ नागरिक तथा पिछडिएको क्षेत्रको विपन्न वर्ग र समुदायलाई समन्यायिक तथासमावेशीकरणका माध्यमबाट सशक्तिकरण गरि उपलव्ध श्रोत साधनमा पहुँचअभिवृद्धि गर्ने, आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै नगरपालिकालाई स्वच्छ सुन्दर र हराभरा बनाउने, योजनाहरू संचालनमा सरकारी, गैर सरकारी र सामुदायिक संस्था, नीजि क्षेत्र तथा उपभोक्ता समिति एवं सरोकारवालाहरूको भूमिका स्पष्ट पार्दै विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने, जनसहभागितालाई अभिवृद्धि गर्दै समुदायको सशक्तिकरण र क्षमता विकास गरि लक्षित वर्ग उन्मुख कार्यक्रम मार्फत गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने।

नगरपालिका क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ, मन्दिरहरूको, संरक्षण र विकास गरि आन्तरिक र बाहृय पर्यटनको प्रर्वद्धन गर्न, कर प्रशासनलाई चुस्त, पारदर्शि बनाउँदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व संकलनमा वृद्धि गर्दै आत्मनिर्भर बन्ने उदेश्य अनुसार काम भएको छ। योजना तथा कार्यक्रमहरूको गुणस्तरियता सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने, निजि क्षेत्रको सहभागितामा शिक्षा तथा स्वास्थ्य सेवामा आधुनिकिकरण एवं उच्चा स्तरको सेवा तथा सुबिधा उपलब्ध गराउने, सहकारीताको माध्यमबाट बचत एवं ऋण सेवालाई जनमुखी बनाइने छ। पारदर्शिता तथा सूचनाको पहुंच जनस्तर सम्म पुऱ्याउनको लागि नगरपालिकाको नियमित गतिबिर्धिहरूबारे जनतासम्म जानकारी पुऱ्याउन संचारका बिभिन्न माध्यमहरू जस्तै आफ्नै मुखपत्र ( मासिक मैगजीन) प्रकाशित गर्ने, तथा वेभसाइट सहित बिभिन्न संचार माध्यमको प्रयोग गरिएको छ।

सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण, स्थानीय पर्यटन पूर्वाधारको विकास, आय-आर्जनका निमित्त व्यवसाय कर, बहाल कर एवं विज्ञापन करलाई आउट सोर्सिङको माध्यमबाट आम्दानीमा वृद्धि गर्दै लगिएको छ।

# नि:शुल्क उपचारमा यातायात खर्च

## गढीमाई नगरपालिका, रौतहट

यस आ.व.मा प्रत्येक वडामा ५ जनाको दरले ४५ जना व्यक्तिहरुलाई शिपमुलक तालिम गराई जनशक्ति तयार भएको छ । खानेपानी सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा युवा खेलकुद, सामाजिक सुरक्षा तथा सामाजिक विकास, पर्यटकिय पूर्वाधार विकास, कृषि, पशु तथा वन, संस्थागत सुशासन तथा सेवा प्रवाह, यातायात तथा संचार, आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालन, सम्पदा तथा संस्कृति संरक्षण शुरु गरिएको छ ।

गढीमाई नगरपालिका रौतहटले नगरबासिहरूको हितलाई ध्यानमा राखि विभिन्न क्षेत्र मार्फत समृद्ध नगरबासि बनाउने अभियान शुरू गरेको छ । नेपाल सरकारले गरेका कार्यक्रमहरूमा थप सहजता तथा सहयोग पुऱ्याउने हिसावले प्रदेश र स्थानीय सरकारको समेत समन्वयमा विभिन्न कार्यक्रमहरूलाई अगाडी बढाईएको छ।

नेपाल सरकारबाट निशुल्क उपचार पाउने रोगहरूको स्वदेशमा उपचार गर्न जादाँको यातायात खर्च बापत दुइ हजार उपलब्ध गराइएको छ। नागरिकहरूले यस्तो सेवाबाट लाभान्वित भएको महसुस गरेका छन्। दैनिक जसो निशुल्क उपचारको सेवा लिन सिफारिस लिन आउने ब्यक्तिहरूलाई थप सहयोग पुऱ्याउने उदेश्यले उक्त कार्यक्रम शुरू गरिएको नगर प्रमुख श्यामप्रसाद यादवले बताउनु भयो । त्यसका अलावा नगरपाकिले विद्यमान जातियभेदभाव छुवाछुत लगायत विसंगति, कुरितीलाई निस्तेज पार्न प्रभावकारी कार्यक्रम संचालन गरेको छ। जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान तथा देव दर्शनको भ्रमणको काम भएको छ । अंधविश्वास ओगटेका महिलाहरुको विकासको निम्ति आवश्यकता अनुसारको वृत्तिविकास, सिप विकास, क्षमता विकास लगायतका क्षेत्रहरुमा यस न.पा.बाट विभिन्न कार्यक्रम आयोजना संचालन भएको छ । वेरोजगार युवा जमातलाई प्राविधिक सिप सिकाई रोजगारी प्रदान गर्न माग अनुसारको प्राविधिक तालिमको कार्यक्रम संचालन भएको छ।

यस आ.व.मा प्रत्येक वडामा ५ जनाको दरले ४५ जना व्यक्तिहरूलाई शिपमुलक तालिम गराई जनशक्ति तयार भएको छ। खानेपानी सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा युवा खेलकुद, सामाजिक सुरक्षा तथा सामाजिक विकास, पर्यटकिय पूर्वाधार विकास, कृषि, पशु तथा वन, संस्थागत सुशासन तथा सेवा प्रवाह, यातायात तथा संचार, आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालन, सम्पदा तथा संस्कृति संरक्षण शुरू गरिएको छ। नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरूको सरसफाईका लागि अभियान संचालन भएको छ। सडक सौर्य वति अभियानलाई निरन्तरता दिई नगरका सबै वडामा सौर्यवति व्यवस्था गरी वडा कार्यालय र नगरपालिका कार्यालयमा सोलार बत्ति जडान भएको छ । नगरपालिकाले मापदण्ड अनुसार नयाँ ट्र्याक खोल्ने तथा भएका बाटोहरुलाई मापदण्ड अनुसारकायम गर्ने र स्तरोन्नती गर्ने कार्यक्रम भएको छ।

गढिमाई न.पा. भित्र रहेको निजि सरकारी विद्यालय तथा क्याम्पसहरूमा कक्षा संचालन भएको बेला शिक्षक, प्राध्यापक र विद्यार्थीहरू समेतलाई मोवाइल फोन निषेधित गरी कडाइका साथ लागु भएको छ। निजामती एवं अन्य सरकारी निकायको सेवा प्रवेशकालागि लोक सेवा तयारी कक्षा संचालन भएको छ। बेरोजगारीलाई ध्यान दिदै यूवा यूवतीहरुको आर्थिक शिप विकास हुने स्वरोजगारी मूलकतालिम संचालन कार्य भएको छ। गढीमाईको नामले जोडिएको हुँदा गढीमाई मन्दिरलाई व्यवस्थित बनाई धार्मिक स्थलको रूपमा राख्न धैरै भौतिक पूर्वाधारको काम भएको छ। कौसी खेती र करेसा वारीको अवधारणालाई प्रभावकारी वनाउन जनचेतनामूलक कार्यक्रमसञ्चालन भएको छ । नगरपालिका क्षेत्रमा सुपथ मूल्य पसल संचालन गरिएको छ। न.पा. भित्रका पशु व्यवसायको सुचिकृत गरि विना इजाजत संचालित व्यवसायलाई नियमानुसारइजाजत दिई करको दायरामा ल्याइएको छ।






## गणेशमान चारनाथ नगरपालिका, धनुषा

# आर्थिक प्रशासनमा सुत्र प्रणाली

सुत्र को पुरा अर्थ सब नेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेसन हो । संविधानको धारा २२९ र स्थानीय सरकार सञ्चालन ऐनको दफ ६९ वमोजिम सञ्चालन हुने स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरूपता कायम गर्न यो प्रणाली विकाश गरिएको हो । स्थानीय सरकारको राजश्व तथा खर्चको अनुमान अर्थात वजेट अभिलेख तयार गरी सो को आधारमा लेखाङ्कन तथा वित्तीय प्रतिवेदन प्राप्त गर्न सकिने गरी यो प्रणालीको विकाश गणेशमान चारनाथ नगरपालिकामा गरिएको हो।

यो प्रणालीको विकाश हुनु भन्दा पहिला स्थानीय सरकारको वजेट अभिलेख गर्दा महालेखा परीक्षकवाट स्वीकृत भएको एकीकृत आर्थिक संकेतको वगीकरण र व्याख्या वमोजिम गर्न नसक्नुका साथै विभिन्न सात वटा क्षेत्र (आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास,वातावरण तथा विपद व्यवस्थापन,संस्थागत विकास तथा सेवा प्रवाह,वित्तीय व्यवस्थापन र सुशासन तथा कार्य सञ्चालन तथा प्रशासनिक खर्च) सँग वजेट अभिलेखिकरणलाई ढाल्न नसक्नुले प्राय जसो धेरै स्थानीय तहको वजेट अभिलेखिकरण नै स्थानीय सरकारले खोजेको जस्तो नहुने अवस्थामा हुन जान्थ्यो । स्वभाविक रूपले वजेट अभिलेखीकरण विग्रनु भनेको लेखाङ्कन तथा प्रतिवेदनको पाटो विग्रनु हो।


प्रत्येक स्थानीय तहले कम्तिमा १० वटा बजेट उपशीर्षकमा कार्य गर्नु पर्ने हुन्छ जुन साधारण सरकारी कार्यालयको कार्य भन्दा १० गुणा वढी कार्य गर्नु पर्दछ। प्रत्येक वजेट उपशिर्षकको छुटा छुटै गोश्वारा भौचर देखि लिएर आर्थिक विवरण सम्म तयार गर्नु पर्ने हुन्छ र साथै स्थानीय तहको संचितकोषको हिसाव पनि गर्नुपर्ने हुन्छ यी सवै कार्य गर्न अत्यन्तै झन्झटिलो तथा अत्यन्तै धेरै समय लाग्ने तथा हिसाव विग्रने सम्भावना पनि बढी हुने भएकोले गर्दा स्थानीय तहको आर्थिक प्रणाली गाह्रो हुनु स्वभाविक हुन जान्छ।

प्रत्येक स्थानीय तहले कम्तिमा १० वटा बजेट उपशीर्षकमा कार्य गर्नु पर्ने हुन्छ जुन साधारण सरकारी कार्यालयको कार्य भन्दा १० गुणा वढी कार्य गर्नु पर्दछ । प्रत्येक वजेट उपशिर्षकको छुटा छुटै गोश्वारा भौचर देखि लिएर आर्थिक विवरण सम्म तयार गर्नु पर्ने हुन्छ र साथै स्थानीय तहको संचितकोषको हिसाव पनि गर्नुपर्ने हुन्छ यी सवै कार्य गर्न अत्यन्तै झन्झटिलो तथा अत्यन्तै धेरै समय लाग्ने तथा हिसाव विग्रने सम्भावना पनि बढी हुने भएकोले गर्दा स्थानीय तहको आर्थिक प्रणाली गाह्रो हुनु स्वभाविक हुन जान्छ ।

गत आ.व.२०७४/७५ देखि न सुत्र सञ्चालनमा आए देखि नै नगरपालिकामा सुत्र प्रणालीको प्रयोगमा ल्याउदा हाम्रो नगरपालिकामा वजेट अभिलेखीकरण नेपाल सरकारले प्रत्येक स्थानीय तहमा एकरूपता कायम होस भन्ने उद्देश्यले तोकेको ढाँचामा तयार पार्न सफल भएको छ। यसै प्रणाली मार्फत वजेटको बाडफाड हुदा चालु प्रकृति र पुजीगत प्रकृतिको वजेट प्रणालीले आफै छुट्याउने देखि लिएर नेपाल सरकारले तोकेको क्षेत्रगत हिसावले वजेट अभिलेखीकरण समेत भएको छ। नगरसभा तथा अन्य जुनसुकै निकायले मागे वमोजिमको वजेट सम्बन्धि जानकारी हामी मागेकै वखत दिन सक्छौ। जस्तै स्थानीय सरकारको सभाले मागे वमोजिमको सम्पूर्ण अनुसुचीहरू, सरकारको रातो किताव , विनियोजन ऐन, स्रोत अनुसारको वजेट,क्षेत्रगत वजेट,लक्षित वर्गको आधारमा विनियोजित वजेट, विषयगत शाखालाई विनियोजित वजेट जस्ता धैरै जानकारीहरू खोजेकै बखत उपलब्ध गराउन सक्छौ। यो प्रणाली वेभ बेस्ड अनलाईन प्रणाली भएकोले हामी जुन सुकै स्थानमा भए पनि हाम्रो वजेटको अवस्था, खर्चको अवस्था थाह पाउन सक्ने भएकोले नगरपालिकाको आर्थिक प्रणाली सहज र यथार्थपरक भएको छ।

त्यस्तै लेखाङ्कन तिर पनि विभिन्न वजेट उपशीर्षक तथा कोषहरूको खर्च तथा सोको प्रतिवेदन पनि खर्च लेखेको वखत नै आफै नै प्रणाली मार्फत तयार हुने भएकोले आर्थिक प्रशासन शाखाको कार्य वोझ एकदमै सहज भएको छ। विनियोजन तथा धरौटी हिसाव राख्ने भएकोले सो सँग सम्पूर्ण प्रतिवेदनहरू आवश्यक भएकै बखत नै प्रणाली मार्फत उपलब्ध हुन्छ। यो प्रणाली आए देखि स्थानीय तहको कार्य एकदमै सहज भएको छ तर पनि यो प्रणालीलाई सवै स्थानीय तहमा कार्यान्वयन गर्न सकिरहेको छैनौ।

अहिलेको अवस्थामा नेपालमा तीन तहको सरकारको गठन भईसकेकोले तीनै तह गरी जम्मा ७ सय ६१ वटा सरकार भएको छ। प्रत्येक तहका सरकारको आफ्नो छुटै सञ्चित कोष, रातो किताव , वजेट तर्जुमा लगायतको एउटा सरकारले गर्नु पर्ने सम्पूर्ण कार्य गर्नु पर्ने भएकोले यस्तो अवस्थामा सुत्र प्रणालीको विकास हुनुले यी कार्यहरू गर्न धेरै नै सहज भएको छ। यो प्रणालीको लागु प्रत्येक तहमा लागु गर्न सक्यौ भन्ने सवै तिरको वजेट तथा लेखाङ्कन सम्बन्धि कार्यमा एकरूपता हुन जान्छ र चाहिएकै वखत हामीले खोजेको प्रतिवेदन पाउन सकिन्छ।



## गुजरा नगरपालिका, रौतहट

# बर्थिङ सेन्टरले गर्भवती खुशी

गजुरा नरपालिका रौतहटमा घरमै सुत्केरी गराउने गर्भवतीहरूको संख्या अधिक रहेको थियो। घरमै सुत्केरी गराउँदा आमा र बच्चा दुबैको ज्यान जोखिममा थियो । कतिपय घटनामा दुबैको ज्यान गएको उदाहरण थियो । नगरपालिकाले बच्चा र आमा दुबैको स्वास्थ्यलाई ध्यान दिदै नगरपालिकाको वडा नम्वर २ मा वर्थीङ्ग सेन्टर निर्माण शुरू गरेको छ।

गुजरा नगरपालिकाको कटानी बजार र सो क्षेत्रका २ हजार ५ सय घर धुरीका महिलाहरूलाई प्रसुती सेवाको लागि गुजरा न.पा. को वडा नं. ४ कनकपुर तथा त्यहाँबाट १५ किमी टाढा चन्द्रपुर अस्पतालमा प्रसुतीको लागि जानुपर्ने स्थिति रहेको थियो। जसले गर्दा त्यस क्षेत्रका गर्भवती महिलाहरूलाई अनेकन समस्या थियो। टाढा भएकाले महिलाहरू घरमै सुत्केरी हुने गरेका थिए। गुजरा नगरपलिकाले गत आ.व. २०७४/२०७५ मा साविक गा.वि.स. रंगपुर हाल गुजरा न.पा. वडा नं. २ मा रहेको स्वास्थ्य चौकी कटानीको मातहतमा रहने गरि कटानी वर्थीङ्ग सेन्टरको भवन निर्माण शुरू गर्न बजेट विनियोजन गरेपछि महिला तथा स्थानीयहरूमा खुशीको सिमा रहेन । नगरपालिकाको आठ लाख, सामुदायिक विकास कार्यक्रमको २७ लाख र जनश्रमदानबाट उक्त सेन्टरको निर्माण भएको छ।

वर्थीङ्ग सेन्टर भवन निर्माणको मुख्य उदेश्य यस क्षेत्रमा बसोबास गर्ने दलित, मदेशी आदिवासी, मुसलिम लगायतका सम्पूर्ण महिलाहरूले प्रसुती घरमा प्रसुती गराउने व्यवहार निर्माणको लागि सो क्षेत्रमा वर्थीङ्ग सेन्टर निर्माण गरिएको नगरपालिका प्रमुख सन्तलालप्रसाद चौधरीले बताउनु भयो। वर्थीङ्ग सेन्टर निर्माण भए पश्चात यस क्षेत्रका महिला, बालबालिका तथा सम्पूर्ण नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन सहज भएको छ। क्षयरोग तथा कुष्टरोग सेवा, परिवार नियोजन सेवा, बाल स्वास्थ्य सेवा, खोप सेवा, ओपिडी सेवा, सुरक्षित मातृत्व सेवा, आईएमएनपिसी र एमपिएलएएन सेवा समेत प्रदान गर्ने उदेश्य राखिएको छ।



वर्थीङ सेन्टर भवन निर्माणको मुख्य उदेश्य यस क्षेत्रमा बसोबास गर्ने दलित, मदेशी आदिवासी, मुस्लिम लगायतका सम्पूर्ण महिलाहरुले प्रसुती घरमा प्रसुती गराउने व्यवहार निर्माणको लागि सो क्षेत्रमा वर्थीङ सेन्टर निर्माण गरिएको हो ।

**सन्तलालप्रसाद चौधरी, नगर प्रमुख**



## हरिवन नगरपालिका, सर्लाही

# सामुदायिक विद्यालयमा बालमैत्री सिकाई



**हरिवन नगरपालिकाले समृद्ध नगर निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने र त्यसका लागि जगबाट सुरु गर्ने उद्देश्यका साथ गत वर्ष सामुदायिक विद्यालय सुधार कार्यक्रम लागु गरेको थियो । जस अन्तर्गत नगर क्षेत्र भित्रका २९ वटा सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरी ती केन्द्रहरुमा बालमैत्री सिकाइ पद्दतिको माध्यमबाट अंग्रेजी वातावरणमा प्रारम्भिक शिक्षा दिने र शैक्षिक गुणस्तर सुधार गर्ने कार्यक्रम रहेको थियो ।**

विकासको लागि अपरिहार्य तत्व मध्ये मानव संशाधन एक हो। दक्ष मानव संशाधनका लागि शिक्षामा लगानी गर्नुको विकल्प छैन। त्यसैले पनि शिक्षालाई विकासको अनिवार्य पूर्वशर्त  भन्ने गरिन्छ। शिक्षा जीवनपर्यन्त निरन्तर चलिरहने प्रकृया हो। यो औपचारिक एवं अनौपचारिक दुवै प्रकृतिको हुन्छ। सफल जीवनका लागि अर्थपूर्ण र उपलब्धिमूलक सिकाइको अहम् भूमिका हुन्छ। सिकारूको उमेर, रूचि, व्यक्तिगत स्वभाव, सिकाउने व्यक्तिको सीपर दक्षता, सिकाइ क्रियाकलाप, शिक्षण विधि, समग्र सिकाइ वातावरण परिवार समुदाय र विद्यालय समेतकोले सिकाइको उद्देश्य प्राप्तिमा प्रत्यक्ष परोक्ष प्रभाव पार्छन्। त्यसमा पनि पूर्वबाल्यावस्थामा प्राप्त गरेको शिक्षाले व्यक्तिको बाँकी शैक्षिक प्रकृयालाई निर्देशित गर्छ।

हरिवन नगरपालिकाले समृद्द नगर निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने र त्यसका लागि जगबाट सुरू गर्ने उद्देश्यका साथ गत वर्ष सामुदायिक विद्यालय सुधार कार्यक्रम लागु गरेको थियो। जस अन्तर्गत नगर क्षेत्र भित्रका २९ वटा सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरी ती केन्द्रहरूमा बालमैत्री सिकाइ पद्दतिको माध्यमबाट अंग्रेजी वातावरणमा प्रारम्भिक शिक्षा दिने र शैक्षिक गुणस्तर सुधार गर्ने कार्यक्रम रहेको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य बालबालिकालाई पाठ्यपुस्तको बोझबाट मुक्त गराई खेल, मनोरञ्जनको माध्यमबाट सिकाइ गराउने, सिकाइप्रति अभिरूचि जगाउने, सिकाइका आधारभूत सीपको विकास गराउने रहेको थियो। बालबालिकाहरूलाई भाषण दिने घोकाउने भन्दा पनि उनीहरूले आफूलाई एक्सप्लोर गर्ने र त्यसमा शिक्षक मध्यस्थकर्ताको भूमिकामा रहने गरी सहजीकरण गर्ने किसिमको सिकाइ वातावरण निर्माण र सुरूवात गरिएको छ।

उक्त कार्यक्रमका लागि नगरपालिले १४ लाख ९७ हजार ५ सय ८९ रूपैयाँ बजेट विनियोजन गरिएको नगर प्रमुख गणेशप्रसाद प्रसाईले बताए। उक्त कार्यक्रम नगरपालिकाले शिक्षा र सीप विकासको क्षेत्रमा कार्य गर्ने छ।  आधारभूत बाल विकास तथा मन्टेश्वरी शिक्षक तालिम अंग्रेजी माध्यममा अध्यापनको लागि वातावरण तयार गर्ने, अंग्रेजी भाषा तालिम, कक्षा कोठा व्यवस्थापन तालिम, अभिभावक प्रशिक्षण, विषयगत शिक्षण तालिम जस्ता कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रमको पूर्ण सफलताका लागि विद्यार्थीलाई केन्द्रविन्दुमा राखी शिक्षक, विद्यालयप्रशासन र व्यवस्थापन समिति, अभिभावक र नगरपालिकासमेतले पालना गर्नुपर्ने न्युनतम पुर्वशर्तहरू राखिएका थिए। चौतर्फी समन्वय र सहकार्यबाट यो कार्यक्रम हरिवन नगरपालिकाकै उत्कृष्ट र अनुकरणीय बनेको छ।

बजेट र प्रगतिको हिसाबलेयो कार्यक्रम १ वर्षअघि नै सकिई सकेको भए पनि त्यो एउटा बालमैत्री, समय सापेक्ष सिकाइको सुरुवात थियो। हालका दिनसम्म आइपुग्दा बाल विकास केन्द्रमा खचाखच विद्यार्थी भएको, बालबालिकाको उत्साह बढेको, कोठाका भित्ताहरूको आकर्षक सजावटले शैक्षिक वातावरण राम्रो भएको, विद्यार्थीको उपस्थितिमा निरन्तरता कायम भएको, विद्यालयमा अभिभावकको निगरानी बढेको रआफ्ना बालबालिकाहरूको सिकाइ प्रगतिप्रतिको  चासो हवात्तै बढेको छ। समग्रमा यस कार्यक्रमले हरिवन नगरपालिकाको मात्र नभएर नेपाल सरकारको शत् प्रतिशत विद्यार्थी भर्ना दरको लक्ष्य हासिल गर्न समेत सहयोग पुर्याएको छ।



# खोला रोक्दा उर्लिएको खुशी

## ईश्वरपुर नगरपालिका, सर्लाही

चुरेबाट सुरू भै यस नगरपालिकाको पश्चिमी सिमा रहेको फूलजोर खोला (जसको पश्चिम तर्फ लालबन्दी नगरपालिका रहेको छ) यस नगरपालिकाको लागि अभिसाप र वरदान दुवै रूपमा रहदै आएको पृष्ठभूमी अवगत गराउन चाहन्छु। यो खोलाले दक्षिण तर्फ हरिपुर नगरपालिकासँगको सिमाको समेत काम गरेको छ। साविक नापी हुदाका बखत सानो आकारमा रहेकोमा हाल आएर खोलाले विशाल आकार लिएको छ।

खोलाले यस नगरपालिकाको उब्जाउ तथा बहुमुल्य जग्गाहरू बगरमा परिणत गर्नुका साथै दक्षिणी तर्फ रहेको हालको वडा नं. ८ रामपुर क्षेत्र पुरै जोखिम युक्त अवस्थामा रहनुका साथै अन्य क्षेत्र समेत प्रत्येक बर्ष डुवानमा पर्ने गरेको छ। खोलाको दहत्तर बहत्तर बिक्री विगत बर्षमा तत्कालिन जिल्ला विकास समितिबाट बिक्री वितरण हुँदै आईरहेकोमा यस बर्षदेखि यस नगरपालिका र लालबन्दी नगरपालिकाको संयुक्त पहलमा ठेक्का व्यवस्थापन गरिएको छ। उक्त प्राप्त रकमबाट यसै क्षेत्रको विकास निर्माणमा खर्च गरिने व्यवस्था छ। यस खोलामा विकास निर्माण कार्यमा प्रयोग गरिने ढुङ्गा, गिट्टी तथा बालुवा स्तरीय पाईने भएकोले यस क्षेत्रको व्यक्तिगत तथा सरकारी तवरबाट निर्माण गरिने लागत रकम सस्तो पर्न जाने हुन्छ।

खोलालाई वरदानको रूपमा मात्र परिणत गर्नको लागि नगरपालिकाबाट जनप्रतिनिधीहरूको सोच र पहलमा तथा जनताको तटबन्ध कार्यालयको प्राविधिक सहयोगमा दुई वटा बाँध बाँधिएको छ। जुन बाँध माथि हाल गाडी संचालन गर्न सकिने छ। बाँध निर्माण गर्न ३५ लाख २५ हजार खर्च भएको छ। जसको कारण दक्षिण भेगमा रहेका उब्जाउ भूमीहरू नदी उकास हुनुका साथै रामपुर, मनहर्वा लगायतका दक्षिणमा रहेका बस्तीबासीहरू ढुक्क अवस्थामा रहेको नगर प्रमुख मनोजकुमार देवकोटाले बताउनु भयो। नगरपालिकाबाट चरण-चरणको रूपमा उक्त कार्य सबैतिर गरिने लक्ष्य समेत लिईएको छ। बाँध निर्माण सम्बन्धमा छिमेकी नगरपालिकासँग भएको बिबादको कारण केही काम भईसके पछी स्थान परिवर्तन गर्नु पर्ने अवस्था समेत सिर्जना भएको थियो । यसरी ४९ प्रतिशत घटीमा ठेकेदारले स्वीकार गरेको काम पुनः स्थान परिवर्तनबाट सिर्जना हुने थप आर्थिक व्यय भारको कारण ठेकेदारले काम छोड्ने अवस्था समेत रहेकोमा सम्बन्धित सबै पक्षको संयमताको कारण उक्त निर्माण कार्य सम्पन्न भएको छ। निर्माणकर्ता गौशाला कन्सट्रक्सन तथा फूलजोर खोला पूर्णरूपमा तटबन्ध गरी सम्पूर्ण खोला पिडित बासिन्दाहरूलाई थप सुरक्षित बनाउने अभियानमा निरन्तर लाग्ने नगर प्रमुख देवकोटाले बताउनु भयो।

खोलालाई वरदानको रुपमा मात्र परिणत गर्नको लागि नगरपालिकाबाट जनप्रतिनिधीहरुको सोच र पहलमा तथा जनताको तटबन्ध कार्यालयको प्राविधिक सहयोगमा दुई वटा बाँध बाँधिएको छ । जुन बाँध माथि हाल गाडी संचालन गर्न सकिने छ । बाँध निर्माण गर्न ३५ लाख २५ हजार खर्च भएको छ । जसको कारण दक्षिण भेगमा रहेका उब्जाउ भूमीहरु नदी उकास हुनुका साथै रामपुर, मनहर्वा लगायतका दक्षिणमा रहेका बस्तीबासीहरु ढुक्क अवस्थामा रहेको नगर प्रमुख मनोजकुमार देवकोटाले बताउनु भयो ।





## धुलिखेल नगरपालिका, काभ्रे



# सुन्दरताले भरिपुर्ण वातावरणमैत्री पार्क

स्थानीय सरकार गठन भए लगत्तै जनताका तमाम आवश्यकताहरू पुरा गर्ने बाचा सहित नगरको दीर्घकालिन योजना अनुसार धुलिखेल नगरपालिकाले पार्क निर्माण अभियानलाई प्राथमिकतामा राखेको छ। खानेपानी, सडक, शिक्षा, स्वास्थ्य सँगसँगै पर्यटन पहिलो प्राथमिकतामा राख्दै पर्यटकहरूका लागि विभिन्न स्थानमा पार्क निर्माण गर्ने र बालबालिकाहरूका लागि बालमैत्री नगर घोषणा गरी १२ वटै वडामा प्रत्येक वर्ष १/१ वटाका दरले पाँच वर्षमा ६० वटा पार्क निर्माण गर्ने र ५ वटा नगर स्तरीय पार्क समेत निर्माणको कार्य शुरू भएको छ। पहिलो आर्थिक वर्षमा १२ वटा वडा स्तरीय पार्क निर्माण भएका छन् भने नगर स्तरीय एउटा पार्क निर्माण गरिएको छ। चालु आर्थिक वर्षमा १२ वटा बाल उद्यान पार्क निर्माणको चरण शुरू भएको छ। नगर स्तरीय दुई वटा पार्क निर्माणका लागि प्रकृया अघि बढाईएको छ। नगरको अग्लो स्थान तथा पर्यटकहरूका लागि आर्कषक मानिएको देविस्थान डाँडा धुलिखेल नगरपालिका वडा नम्वर ८ मा ४ करोड लागत इस्टमेटमा पार्क निर्माणको कार्य शुरू भएको छ। प्रदेश सरकारको समपुरक बजेटबाट १ करोड र नगरपालिकाको समेत गरी चालु वर्षमै २ करोड रूपैया खर्च गरी उक्त स्थानमा व्यवसायीक पार्क निर्माण हुनेछ। बनभोज तथा अन्य समयमा आनन्द लिन उक्त पार्क सर्वसाधारणका लागि उपलब्ध हुनेछ।

> "सबै वडा तथा वडाका टोल टोलमा शहरी क्षेत्रमा विश्राम र बालबालिकाहरुलाई सहज ढंगले शारिरिक स्फुर्तिका लागि बालमैत्री पार्क निर्माण गरिएको छ । पर्यटकहरुको आगमन भईरहने स्थानहरुमा विश्रामस्थल, शहरको हरियाली संरक्षण र बृद्धी, खुल्ला क्षेत्रको अवधारणा, विपदमा आश्रय लिने स्थान तथा अन्य थुप्रै उदेश्यले पार्क निर्माण गरिएको हो ।"
> **-अशोक ब्याञ्जू, नगर प्रमुख**

धुलिखेलमै टुँडिखेल पार्क र सरस्वती पार्क निर्माण शुरू गरिएको छ। नगर स्तरीय तीनवटा पार्क मध्ये सरस्वती पार्क अघिल्लो आर्थिक वर्षबाट शुरू गरिएको हो। पर्यटकिय नगरी धुलिखेलमा दैनिक पर्यटकहरूको संख्या बढिरहेको तथा नगरको शहरी क्षेत्रमा सुन्दरता र विश्रामस्थलको महसुस गर्दै धुलिखेल नगरपालिकाले शुरू गरेको बालमैत्री पार्क प्रत्येक वडामा निर्माण भएका छन्। 'सबै वडा तथा वडाका टोल टोलमा शहरी क्षेत्रमा विश्राम र बालबालिकाहरूलाई सहज ढंगले शारिरिक स्फुर्तिका लागि बालमैत्री पार्क निर्माण गरिएको हो'-नगर प्रमुख अशोक ब्याञ्जुले भन्नु भयो-'पर्यटकहरूको आगमन भईरहने स्थानहरूमा विश्रामस्थल, शहरको हरियाली संरक्षण र बृद्धी, खुल्ला क्षेत्रको अवधारणा, विपदमा आश्रय लिने स्थान तथा अन्य थुप्रै उदेश्यले पार्क निर्माण गरिएको हो।'

वडा स्तरीय र नगर स्तरीय पार्कले नगरको सुन्दरतामा बृद्धी गरेको स्थानीय प्रकाश श्रेष्ठले बताए। 'धुलिखेलको सरस्वती बजारमा निर्माण भएको पार्कले शहरको सुन्दरता मात्रै नभई आन्तरिक र बाह्य पर्यटकहरूका लागि आनन्दको विश्रामस्थल दिएको छ'-धुलिखेलका आनन्द श्रेष्ठले भने। सरस्वती पार्कलाई नगरपालिकाले पहिलो चरणमा २२ लाख रूपैया खर्च गरेको छ भने स्थानीयहरूले २० प्रतिशत रकम थप गरी २६ लाख ४० हजार रूपैया खर्च गरिएको छ। पार्कमा सरस्वतीको शालिक राख्ने तयारी गरिएको छ भने स्टिल रेलिङ्ग, वाल, पार्टेसन सहितका दुबो, बत्ति, कुर्सि, फ्लाग स्टोन, गार्डेन तथा एकै पटक ३० जना भन्दा धेरै अट्न सक्ने गरी ब्यवस्थापन गरिएको छ। साँझ र खाना खाए पछि विश्राम लिन स्थानीयहरूको पार्कमा घुईचो लाग्ने गरेको छ भने दिउसोको समयमा विभिन्न कार्यालयमा काम लिएर आएका ब्यक्तिहरूले पनि त्यहि पार्कमा आश्रय लिन थालेका छन्।

साविकको जिल्ला विकास समिति अगाडी पनि पार्क निर्माणले सडक यात्री तथा अन्य ब्यक्तिहरूका लागि सहजता थपेको स्थानीय सुबोध श्रेष्ठले बताए। घरेलु तथा साना उद्योग कार्यालय माथी रहेको दुबो सहितको पार्कले समेत धुलिखेलको हरियाली र सुन्दर शहरको परिचय गराएको छ। हजार सिंढी जाने स्थानसँगै पिपलबोट आसपासको पार्क र टुडिंखेल क्षेत्र भित्र निर्माण भएको पार्कले पर्यटकहरूका लागि सहजता थपि दिएको छ। नगरपालिकाले ठुला र साना दुई खाले पार्कहरूको निर्माण गरिरहेको नगर प्रमुख ब्याञ्जुले बताए। बालबालिकाहरूका लागि बाल उद्यान सहितको एउटा पार्क निर्माण भईरहेको छ भने अर्को सबै खाले ब्यक्तिहरूका लागि प्रयोग गर्न सकिने पार्कहरू निर्माण भईरहेको छ। धुलिखेल ८ देविस्थानमा नेपालको झण्डा सहितको पार्क निर्माण शुरू गरिएको वडा अध्यक्ष निराजन जगंमले बताए। वडा नम्वर ११ मा विपी राजमार्गको छेउमै पातलेखेतको चोक हनुमान मावी अगाडी निर्माण गरिएको पार्कले विपी राजमार्ग भएर आउने जाने धैरै यात्रीहरूका लागि समेत सहजता थपिदिएको वडा अध्यक्ष विष्णु धितालले बताए। नगरपालिकाले अघिल्लो आर्थिक वर्षमा दिएको ३/३ लाख रूपैयामा उक्त पार्कहरू निर्माण भएका हुन्। चालु वर्षमा पनि पार्कका लागि रकम विनियोजन गरेको नगर प्रमुख ब्याञ्जुले बताए। देविस्थानमा निर्माण भएको पार्कमा नगरपालिका, वडा र स्थानीयको साझेदारीता छ। वडा नम्वर १२ शंखुमा शान्ति दिप सहितको बालउद्यान पार्क निर्माण गरिएको छ।

दारिमथुम्कामा निर्माण भएको पार्कमा बौद्ध स्तुपा पनि छ। आत्म शान्तिका लागि बौद्ध स्तुपा सहितको शान्ति दिप राखिएको अध्यक्ष हर्क लामाले बताए। नमोबुद्ध जाने यात्रीहरूका लागि उक्त दिपमा सहभागि भएर जाने ब्यवस्था मिलाउन उक्त पार्क निर्माण गरिएको उनले बताए। पार्कलाई घेराउ गरी केहि मेचहरू राखिएको छ। जसमा बालबालिकाहरू सहित अन्य ब्यक्तिहरूले समेत पार्कबाट सुन्दरता सहितको आनन्द प्राप्त गर्न सक्छन्। वडा नम्वर १० शारदाबतासेमा हनुमान पार्क निर्माण शुरू गरिएको छ। हनुमानको मुर्ति राख्ने गरी शुरू गरिएको पार्क निर्माणको केहि काम सम्पन्न भएको छ भने बाँकी काम चालु वर्षको बजेटबाट गरिने अध्यक्ष पुस्प राउतले बताए। वडा नम्वर ५ ले शाहि टोलमा पार्क निर्माण गरेको छ भने वडा नम्वर १ ले बाल उद्यानका लागि ट्रस्ट सहितको संरचना तयार गरेको छ।

वडा नम्वर २ मा वडा अध्यक्ष राजन कोईरालाको निधन भए पछि उनकै स्मृतिमा पार्क निर्माण शुरू गरिएको छ। कार्यवाहक अध्यक्ष अर्जुन न्यौपानेले पार्क निर्माण कार्य शुरू भएको बताए। राजन कोईरालाको स्मृतिमा अर्ध कदको शालिक राख्ने र पार्कलाई बाल उद्यान सहित ब्यवस्थित गरिन लागिएको उनले बताए। वडा नम्वर ७ को बाल उद्यान पार्क, वडा नम्वर ३ र ४ मा भने बाल उद्यान पार्क अघिल्लो वर्ष तयार हुन सकेनन। चालु वर्षमा सबै वडा र बनिसकेका वडाहरूमा टोलमा समेत पार्क विस्तार गरिने लक्ष्य राखिएको नगर प्रमुख ब्याञ्जुले बताए।



## चन्दननाथ नगरपालिका, जुम्ला

# सडक नै पर्यटन र आयको आधार

कर्णाली प्रदेशअन्तर्गतका जिल्लामध्ये जुम्ला एक हिमाली जिल्ला हो । नेपाली खस भाषाको उत्पत्तिको उद्गम स्थल बनेर सबै नेपालीको पहिचानको इतिहास बोकेको जिल्ला हो जुम्ला । अर्धशुष्क, विषम हावापानी भएकाले यहाँको जनजीवन कष्टकर छ । शिक्षा, स्वास्थ्य, सामाजिक विकास, आर्थिक उन्नतिमा तुलनात्मक प्रगति गर्न नसकेका कारण अन्य जिल्लाको तुलनामा पछाडि परेको कुरा मानवीय विकासका सूचांकबाट प्रष्ट हुन्छ।

नागरिकले परम्परागत कृषि पेशा, खाद्यान्न उत्पादन, स्याउ खेती, ओखर खेती, जडीबुटी र पशुपालनमा आधारित जीवन बिताइरहेका छन् । जुम्ला जिल्ला प्राकृतिक सम्पदाले भरिएको जिल्ला हो । त्यसैले आन्तरिक र बाह्य पर्यटनको सम्भावना निकै देखिन्छ । जुम्लामा पनि आठवटा स्थानीय तह छन् । जसमध्ये सातवटा गाउँपालिका र एउटा नगरपालिका छ। स्थानीय चुनावपश्चात गठन भएको स्थानीय सरकारको अगुवाईमा जिल्लाको मुटुका रुपमा रहेको चन्दननाथ नगरपालिकाले मुहार फेरी यहाँका नागरिकको जीविकोपार्जन बढाउन, प्राकृतिक सम्पदाको संरक्षण गर्न, स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना गर्न, यहाँ उत्पादन हुने स्याउ, सिमी, ओखर र स्थानीय धान (मार्सी) प्रवर्द्धन गर्न बजार व्यवस्थापन, सडक सञ्जाल र पर्यटन प्रवर्द्धनलाई मुख्य आधार क्षेत्र बनाई विकासका कार्य गर्दै आइरहेको छ।

नेपालका सबै क्षेत्रसँग सम्बन्ध गाँस्ने एकमात्र सुर्खेत जुम्ला सडक रहेको छ। तर यस सडकले चन्दननाथ हुँदै नेपालकै मुख्य पर्यटकीय क्षेत्र मुगुमा अवस्थित रारा तालसँग प्रत्यक्ष शाखा सडक नजोडिएका र अन्य शाखा भीरका कारण साँघुरा, जोखिमपूर्ण तथा लामो दूरी छ। तर पनि नगरपालिकाले रारा पर्यटन क्षेत्रसँग प्रत्यक्ष नगरपालिकाको सम्बन्ध स्थापना गरी यहाँ होटल व्यवसायलगायत अन्य सम्भावनालाई मध्यनजर गरी ३.५ किलोमिटर भदाली-खाली सडकलाई प्राथमिकता दिएको छ।

जुम्ला बजार-धिमीचौर हुँदै रारा तालसम्म यात्रा गर्न छोटो, सजिलो र पर्यटक रमाउँदै यात्रा गर्ने ठाउँ साथै यस खण्डमा रहेका ठूला चौरहरुमा होटलहरु सञ्चालन गर्न सकिने देखिएको छ। यसका लागि गत आर्थिक वर्ष २०७४/७५ देखि निर्माण कार्य सञ्चालन गरिएको थियो। २०७५ माघमा कच्ची सडकका रुपमा यातायात सुचारू भएको छ। यो सडकमा पहिरो नजाने, जुम्ला बजारबाट रारासम्म साढे चार घण्टामै सजिलै यात्रा गर्न सकिने, ज्वालामुखी भएको ठाउँ, ठूला पाटन, भ्यू टावर भएको, समग्र जुम्ला बजारको दृश्याअवलोकन गर्न सकिन्छ।

महादेव/पार्वतीको अदभूत गुफा, मालिका सडकसँगै जोडिएकाले तिर्थालुले पनि सन्तुष्टि लिने, प्राकृतिक सौन्दर्य, जङ्गल ठूला चरन क्षेत्र, पशुपालन, हिउँमा स्केटिङ, पिकनिक स्पोट यसै सडकसँग जोडिएकाले पर्यटकले भरपूर आनन्द लिन सक्नेछ । यसैगरी, फिल्म सुटिङ हुने ठाउँ भएकाले थप पर्यटन विकास हुने देखिन्छ । सडक विस्तार गर्न विवादरहित जग्गा भएको, जङ्गल विनाश शून्य हुने, प्याराग्लाइडिङ गर्न सकिने ठाउँ यसै सडकसँग जोडिएकाले यस सडकका थुप्रै विशेषता छन् । यसकारण पनि चन्दननाथ नगरपालिकाले यस भदाली-खाली सडक खण्डलाई मुख्य प्राथमिकताका दिएको मेयर कान्तिका सेजुवालले बताउनुभयो।

> नेपालका सबै क्षेत्रसँग सम्बन्ध गाँस्ने एकमात्र सुर्खेत जुम्ला सडक रहेको छ । तर यस सडकले चन्दननाथ हुँदै नेपालकै मुख्य पर्यटकीय क्षेत्र मुगुमा अवस्थित रारा तालसँग प्रत्यक्ष शाखा सडक नजोडिएका र अन्य शाखा भीरका कारण साँघुरा, जोखिमपूर्ण तथा लामो दूरी छ । तर पनि नगरपालिकाले रारा पर्यटन क्षेत्रसँग प्रत्यक्ष नगरपालिकाको सम्बन्ध स्थापना गरी यहाँ होटल व्यवसायलगायत अन्य सम्भावनालाई मध्यनजर गरी ३.५ किलोमिटर भदाली-खाली सडकलाई प्राथमिकता दिएको छ ।

यस सडकको पूर्ण रुपमा निर्माण कार्य सम्पन्न भएपछि जुम्ला बजारका झन्डै २०० होटेलको बिस्तार भएको छ । लगभग ५०० जनाले रोजगार पाउने र नगरपालिकाको आन्तरिक राजश्वमा वृद्धि हुने देखिएको छ । जुम्ला बजारदेखि रारासम्मका ७५ होटेलले रोजगार पाएका छन् भने अन्य ३०० जनालाई थप रोजगार गर्ने छ। कृषिजन्य वस्तु बिक्रीवितरणबाट कृषकको आयश्रोतमा उल्लेखेनीय प्रगति हुनेछ।

अब सिंजा क्षेत्र (हाल २ नं क्षेत्र) दुई घण्टामा जोडिने छ। जसबाट ३८ किमी दूरी कम भई भौतिक तथा आर्थिक खर्च कम हुनेछ। रारा जाने पर्यटकले जुम्ला उपत्यका, गुरू चन्दननाथ, बटुक भैरव नाथको दर्शन गर्न पनि पाउने छन्। जुम्लाबाट हवाई मार्गको प्रयोग गरी सजिलै नेपालगञ्ज, सुर्खेत, काठमाडौंसम्म पुग्न सकिने, जुम्ला बजार, रारा सडक कालो पत्रे भएमा १२ महिना सजिलै यातायात सुचारू हुने देखिएको छ । होटेल व्यावसाय बाहेक कृषि उद्यमको विकास, कृषि पर्यटन, होमस्टे, हाइड्रो पावर, प्याराग्लाइडिङबाट पर्यटन प्रवर्द्धन हुनुका साथै नगरपालिकाको आयश्रोतमा ठूलो टेवा पुग्नेछ। पर्यटनको विकासबाट अन्य व्यवसाय प्रवर्द्धन भई आन्तरिक र बाह्य रोजगारको सीमा बढ्ने भएको छ।



सडकले नगरपालिकाको बेरोजगार समस्यालाई समेत न्यूनीकरण गर्न टेवा पुग्नेछ। भदाली-खाली सडकको बाँकी ४.५ किलोमिटर सडक जोड्न लागि चन्दननाथ नगरपालिकाले डीपीआर गरी ८० लाख बजेट उपभोक्ता समितिमार्फत उपलब्ध गराएको छ । यस खण्डका केही टर्निङ प्वाइन्टमा सडक साँघुरो भई गुनासो आएकाले सडक चौडा गर्ने काम गरिएको उपमेयर अप्सरादेवी न्यौपानेको भनाइ छ । सडकको गुणस्तर सुधार र छिटो सम्पादन गर्न नियमित अनुगमन कार्य भइरहेको छ।



# मेयर नमुना सडक

## मध्यविन्दु नगरपालिका, नवलपरासी

उत्तरमा महाभारत शृंखला तथा दक्षिणमा नारायणी नदि किनार सम्म फैलिएको यस मध्यविन्दु नगरपालिका पुर्व पश्चिम राजमार्गको मध्यभागमा अवस्थित रहेको छ। भौगोलिक दृष्टिकोणले सुगम जस्तो देखिए पनि कैयौ भूभागहरूमा विकासका चुनौतिहरू प्रसस्तै रहेका छन्। पर्यटकीय दृष्टिकोणले भने अतिनै महत्वपूर्ण रहेको यस नगरपालिकाका नगर प्रमुख चन्द्रबहादुर रानाले दिर्घकालिन सोच अनुसार अगाडी बढिरहेको बताउनु भयो।

आधुनिक सहरीकरण तथा बढ्दो विकासको सूचांकलाइ आधार मानि करिव ५० वर्ष पछिको सडकिय चाप समेत थेग्न सक्ने हिसावले सडक निर्माणको कार्यमा अत्यन्तै जुझारू रूपमा लागिरहनु भएको छ। जस अनुसार प्रत्येक वडामा मेयर नमुना सडकको अवधारणामा सडकहरू निर्माण भइरहेका छन्। हाल निर्माणाधिन सडकमा दुवै तर्फ एक( एकमिटरको नाली तथा विचमा कम्तिमा ८ मिटर को चौडा सडक बनिरहेको छ। उक्त सडकको निर्माणको कार्यलाई तिब्रता दिन गत आ. ब. ०७४/०७५ मा प्रत्येक वडामा कम्तिमा ५० लाख बजेट विनियोजन गरिएको तथा चालु आ.ब. मा पनि निश्चित रकम बिनियोजन गरि निर्माण कार्य धमाधम भैरहेको नगर प्रमुख रानाले बताउनु भयो।

यो योजना लाइ दिर्घकालिन रूप दिदै आगामी आर्थिक वर्षहरूमा उक्त कार्यले निरन्तरता पाउने नगर प्रमुखको भनाइ छ। यो सडक निर्माण संगै नगरको विकास प्रक्रियालाई अगाढी बढाउन ठुलो मद्दत पुग्ने तथा नगरपालिकालाई नजिकका सहरहरू संग जोडने काममा समेत टेवा पुग्नेछ। सडकको विकास संगै स्थानीय उत्पादनको समेत बजार व्यवस्थापन गर्न सकिने तथा नगरवासीको स्वास्थ्य, शिक्षा, सूचनाको पहुँचमा पनि वृद्धि हुने देखिन्छ। उक्त सडकको निर्माण संगै अव्यवस्थित रूपमा निर्माण भइरहेका नगर भित्रका सम्पूर्ण सडकहरूलाई पनि व्यवस्थित रूप दिनको लागि पनि उदारणको रूपमा लिन सकिने तथा आगामि योजनाहरूलाई पनि मेयर नमुना सडककै मापदण्डमा विकास गर्दै लैजाने सोच नगर प्रमुखको रहेको छ।

यो योजना लाइ दिर्घकालिन रुप दिदै आगामी आर्थिक वर्षहरुमा उक्त कार्यले निरन्तरता पाउने नगर प्रमुखको भनाइ छ । यो सडक निर्माण संगै नगरको विकास प्रक्रियालाई अगाढी बढाउन ठुलो मद्दत पुग्ने तथा नगरपालिकालाई नजिकका सहरहरु संग जोडने काममा समेत टेवा पुग्नेछ । सडकको विकास संगै स्थानीय उत्पादनको समेत बजार व्यवस्थापन गर्न सकिने तथा नगरवासीको स्वास्थ्य, शिक्षा, सूचनाको पहुँचमा पनि वृद्धि हुने देखिन्छ ।

# पाडापाडी जन्मदर्ता र सुत्केरी भत्ता

## पनौती नगरपालिका, काभ्रे

ऐतिहासिकता बोकेको पनौती नगरपालिकाको आफ्नो छुट्टै इतिहास छ । सांस्कृतिक सम्पदा सहितक पनौतीको पहिचान हो। पनौती नगरपालिका भित्र रहेका १० हजार ८ सय ४४ घर परिवार तथा ५६ हजार ३ सय २९ जनसंख्या रहेको नगरका अधिकांश व्यक्तिहरूको मुख्य पेशाको रूपमा रहेको कृषि व्यवसायलाई ब्यबसायीक बनाई मर्यादित बनाउने र रोजगारी अभिवृद्धि गरि युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्ने योजना तथा कार्यक्रम स्विकृत गरिएको छ।

तेश्रो नगर सभाबाट पनौतीको एकिकृत र समग्र विकासका माध्यमबाट सम्बृद्ध नगर बनाउनका लागि तत्कालिन, मध्यकालीन र दिर्घकालीन योजना सहितको लक्ष्य लिई निती तथा कार्यक्रम अनुमोदन गरि कार्य अगाडी बढाउदै लगिएको छ। यस कार्यक्रम मध्ये पनौती नगरपालिकाले पशुपालन क्षेत्रलाई महत्व दिई तत्कालिन, मध्यकालीन र दिर्घकालीन योजनका साथ अगाडी बढी रहेको छ। हाल पनौती नगर क्षेत्रभित्र गाई, भैसी, बाख्रा, बंगुर आदी पालन हुदै आएको छ। नगर क्षेत्र भित्र भैंसी ४७४७, गाई, १२५७५, बाख्रा ३६३१०, बंगुर २११५ रहेको छ। गाई, भैसीबाट यस नगरमा दैनिक ७०,००० लिटर दुग्ध उत्पादन हुने र घरायसी उपयोग गरी दैनिक ४५,००० लिटर दुग्ध काठमाण्डौं उपत्यका क्षेत्र भित्र विक्रि हुदै आएको देखिन्छ।

यसरी हेर्दा पनौती नगरपालिका भित्र भैसीको संख्या दिनानु दिन घटदै गईरहेको र दुधालु भैसी बार्षिक ५०० को हाराहारीमा आयात भई रहँदा पनि भैसीको संख्यामा वृद्धि नहुनु र पाडापाडी नहुर्काउने र दुध केही कम भएपछि विक्रि गरी हाल्ने कृषकको बानीले गर्दा कालो सुनका रूपमा रहेको बहुउपयोगी पशु भैसीको संरक्षण र सम्बर्धनको माध्यमबाट कृषकको जिवीकोपार्जनमा उल्लेखीय सुधार ल्याउन र ब्यापक रूपमा रोजगारी सृजना गरी परम्परागत पशुपालन पद्धतीलाई ब्यवसायीकता तर्फ उन्मुख गराई बार्षिक रूपमा दुधालु भैसी आयतमा कमी ल्याई घरमा जन्मेका पाडीहरू हुर्काउन र दुध कम हुना साथ मासुका लागि उत्पादनशील बहुउपयोगी पशु भैसीलाई बिक्रि गर्नबाट रोक्न, संरक्षण गर्नका लागि पनौती नगरपालिकाले पनौती नगरलाई दुधालु भैसीको श्रोत केन्द्र समेत स्थापना गर्ने उद्देश्य साथ "भैसी सुत्केरी भत्ता वितरण" कार्यक्रमका साथै



पशुपालनका लागि नभै नहुने सबै खाले कार्यक्रम अभियानका रूपमै संचालन गर्दै आएको नगर प्रमुख भिमप्रसाद न्यौपानले बताउनु भयो।

भैसीको आनुवंशीक संरक्षण र उत्पादनशीलता बढाउन नशल सुधार, पशु आहारा अभियान, खोप, उपचार, टाट्नोको सुधार, गोठ सुधार, प्रविधि हस्तान्तरण,




यान्त्रिकिकरण, पशु विमा प्रिमियममा ५० प्रतिशत अनुदान जस्का लागि भैसी ब्याएपछि नगर भित्र रहेका पशुसेवा प्राविधिकहरूलाई खवर गरि प्राविधिकले पाडापाडी जन्म दर्ता प्रमाण पत्र घरमा नै स्थानीय जनप्रतिनिहरूको रोहवरमा उपलब्ध गराउने ब्यवस्था गरिएको छ। सो प्रमाण पत्र सहित माउ पाडापाडी धनी सहितको फोटो, विमा गरेको निस्सा सहित वडा कार्यालय मार्फत नगरपालिकामा रहेको पशुपंक्षी शाखामा बुझाउनु पर्ने र सो कागजात प्राप्त भएपछि सम्बन्धित वडा कार्यालयमा गई कृषकहरूको घर गोठमा नै गई पहिलो वेत ब्याएको भैसीलाई रू. ५,०००|- र अन्य बेतको भए रू. २,०००|- नगदै उपलब्ध गराउदै आएको छ।

यसरी जन्मेको पाडी पुन ब्याउने समयसम्म पालन गर्ने कृषकहरूले पाडीको फोटो सहित नगरपालिकामा सम्झौता गर्न आएमा पाडीलाई ट्याग लगाई उचित स्याहार, संरक्षण गर्ने गरी खोप, परजिविनाशक औषधी, आहाराको लागि घाँसको विऊ, कृत्रिम गर्भाधान सेवा, विमाको लागि नगरपालिकाले पूर्ण सहयोग उपलब्ध गराउने र पाडी ब्याएपछि सुत्केरी भत्ता सहित पोषण खर्च जम्मा रू. २०,०००|- हजार नगदै घरमा गई नगरपालिकाले उपलब्ध गराउने ब्यवस्था समेत गरि बहुउपयोगी पशु भैसीको संरक्षण गर्ने र आगामी ५ बर्ष भित्र नगरमा हाल रहेको भैसीको संख्या ४७४७ बाट बढाएर दोब्बर बनाउने र भैसीको श्रोत केन्द्रको रूपमा पनौतीलाई विकास गरी अध्ययन, अवलोकनको केन्द्र बनाई ५० भन्दा बढी ब्यवसायीक भैसीपालन फर्मको विकास गरी नगर भित्र रहेका पालन योग्य सबै पशुहरूको विमा गरी क्षतिलाई न्यूनिकरण गरिने छ र विदेशिएका यूवाहरूलाई स्वदेश मै रोजगारी श्रृजना गरिने मुख्य लक्ष्य लिई कार्यक्रम अघि बढी रहेको छ।

नगरपालिकाले अघि सारेको योजना नगरको अबस्था आवश्यकता र सर्वसाधारणको निर्भरताको क्षेत्र भएकोले यस्ता नवीतम कार्य अघि बढाईएकोमा सर्वसाधारणको चासो, उत्साह र जागरले कार्यक्रम थप सफल रही स्वरोजगारी सृजना, बैदेशिक रोजगारीमा न्यूनता आई कृषि/पशु फर्म प्रति विश्वास बढ्न जानेछ। पनौती नगरपालिका नेपालको राजधानी काठमाण्डौंदेखि दक्षिण पूर्व ३२ कि.मी. दुरीमा पर्दछ । पनौतीलाई विविधतायुक्त वृहत स्थानीय तहका रूपमा विकसित गराएको छ। प्राकृतिक सम्पदा, पुरातात्विक महत्व वोकेको धार्मिक दृष्टिकोणले महत्वपूर्ण उत्तर प्रयागको रूपमा प्रख्यात त्रिवेणीको संगम इन्द्रेश्वर महादेवको वैभव यहाँको अमुल्य श्रोत हुन।

विश्व सम्पदा सुचीमा सुचिकृत गर्नका लागि प्रकृया अगाडी बढी रहेको अबस्थामा प्राचीन स्मारक क्षेत्र संरक्षण ऐन बमोजिमको मापदण्ड लागु भई तद अनुरूपको कार्य अघि बढिरहेको छ । मठ मन्दिर एवं पुरातात्कि दृष्टिकोणले महत्वपूर्ण प्राचिन पनौती शहर वि.सं. १८२० को विजय अभियान संगै नेपाल राज्यमा एकिकरण भएको थियो।



पनौती नगरपालिकाले पशुपालन क्षेत्रलाई महत्व दिई तत्कालिन, मध्यकालीन र दिर्घकालीन योजनका साथ अगाडी बढी रहेको छ । हाल पनौती नगर क्षेत्रभित्र गाई, भैसी, बाख्रा, बंगुर आदी पालन हुदै आएको छ । नगर क्षेत्र भित्र भैंसी ४७४७, गाई, १२५७५, बाख्रा ३६३१०, बंगुर २११५ रहेको छ । गाई, भैसीबाट यस नगरमा दैनिक ७०,००० लिटर दुग्ध उत्पादन हुने र घरायसी उपयोग गरी दैनिक ४५,००० लिटर दुग्ध काठमाण्डौं उपत्यका क्षेत्र भित्र विक्रि हुदै आएको देखिन्छ ।

## सुन्दरबजार नगरपालिका, लमजुङ

# प्रविधिमा लम्कँदै

सुन्दरबजार नगरपालिकाले भूकम्प निजि आवास लाभग्राहीलाई वडाबाटै घर निर्माण गर्ने अनुमति प्रदानको ब्यवस्था , १७ डिजाईन भित्र घर निर्माण गर्नेलाई नक्सापास शुल्क छुट र १३३ जनालाई ७ दिने डकर्मी तालिम प्रादान गरेको छ । नगरपालिकाका सबै वडाहरुमा एकीकृत सम्पति कर लागु भइसकेको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको नाम अनलाईन प्रविष्टी गरि बैंक मार्फत भुक्तानी गर्ने व्यबस्था गरेको छ ।

नगरबासिहरूलाई सहज र सरल ढंगबाट सेवा उपलब्ध गराउने उदेश्यले नगरपालिकाले विभिन्न कार्यक्रम संचालन गरेको छ। नगर प्रमुख जनकराज मिश्रले नगरबासिहरूको हितलाई ध्यान दिदै प्रविधी मैत्री नगरका रूपमा विकास गर्ने लक्ष्यका साथ कार्यक्रम अगाडी बढाएको बताउनु भयो।

नगर कार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्रको ब्यवस्था गरिएको छ । नगरपालिकाको वेभसाईट www:sundarbazarmun.gov.np, फेसबुक पेजः www:facebook.com/hellosundarbazar र मोबाईल एप संचालनमा रहेका छन्। नगरपालिकाले सालीमर्याङ खोला देखि कृषि क्याम्पस गेट सम्म १ कि.मि सडक कालोपत्रे गरेको छ र चेलीबेटी मार्ग कुन्छाको स्तरोन्नति योजना सम्पन्न भएको छ। कुन्छाफेदी (भागिरथी भन्ज्याग हुँदै मध्यपहाडी लोकमार्ग कोइरालाफाँट जोड्ने मोटरबाटोको ट्र्याक खोलेको छ। फोहोर मैला ब्यवस्थापनको लागि ल्याण्डफिलको व्यवस्था रहेको र ल्याण्डफिल साईटमा पूर्वाधार निर्माण सुधारका योजनाहरू संचालन भइरहेको छ।

सुन्दरबजार नगरपालिकाले भूकम्प निजि आवास लाभग्राहीलाई वडाबाटै घर निर्माण गर्ने अनुमति प्रदानको ब्यवस्था , १७ डिजाईन भित्र घर निर्माण गर्नेलाई नक्सापास शुल्क छुट र १३३ जनालाई ७ दिने डकर्मी तालिम प्रादान गरेको छ। नगरपालिकाका सबै वडाहरूमा एकीकृत सम्पत्ति कर लागु भइसकेको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको नाम अनलाईन प्रविष्टी गरि बैंक मार्फत भुक्तानी गर्ने व्यबस्था गरेको छ । युवाहरूका लागि नगरपालिकाले आ.व. २०७४/७५ मा लोकसेवा आयोगको निःशुल्क तयारी कक्षा संचालन र क्षमता विकास गर्ने कार्यक्रम सफलता पुर्वक संचालन गरेको थियो । नगर भित्रका सबै माध्यमिक विद्यालयहरूमा ई एटेन्डेन्स हाजिरी लागु भैसकेको छ। साथै सार्वजनिक विद्यालयको आर्थिक व्यवस्थापनमा दोहोरो लेखा प्रणाली अवलम्बनको सुरूवात गरेको छ । नगरपालिकाको सहयोगमा सुन्दरबजार अस्पतालले विभिन्न समयमा स्वास्थ्य सेवा शिविर संचालन आँखा, दाँत पाठेघार सम्बन्धि) गरेको छ।

नगरपालिकाले सुन्दरबजार अस्पतालमा महिला र पुरूष विरामी कक्ष भवन निर्माण गरेको छ। सुन्दरबजार ९ भोटेवडारमा आयुर्बेद र सहरी स्वास्थ्य केन्द्रलाई एकिकृतगरि एकिकृत स्वास्थ्य सेवा पर्वाह गरेको छ। लमजुङ क्याम्पस संगको सहकार्यमा कृषि पकेट जोनको पहिचान गर्ने कार्यको सुरूवात भएको छ र आगामी आ.व.मा सोहि अनुसार योजनाहरू निर्माण गरिने छ। पर्यटन प्रवर्धनका लागि सु.न.पा ११ तुलुंगकोट, गहते र चन्द्रेश्वोरमा होमस्टे संचालन भइरहेको छ। चेलीबेटी मार्ग कुन्छा सालीमर्याङ खोलादेखि कृषि क्याम्पस गेटसम्मको बाटो कालोपत्रे गरिएको छ।





# गुणस्तरीय शिक्षामा शैक्षिक मेला

नगरपालिका भित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, विद्यार्थी शिक्षकको अन्तर्निहित प्रतिभा प्रष्फुटन गर्ने तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्ने उद्देश्यका साथ नगरपालिका स्तरीय शैक्षिक मेलाको आयोजना गरिएको छ। राइनास नगरपालिकाको वडा नं. ५ मा रहेको शिशु विद्याश्रम मा.वि.को प्रांगणमा आयोजना गरिएको मेलामा नगरपालिका सामुदायिक तथा संस्थागत विद्यालय गरि ४१ वटा विद्यालयका विद्यार्थी तथा शिक्षकहरूले भाग लिएको उक्त कार्यक्रममा विद्यार्थी तथा शिक्षकहरूले आफ्नो सीप, कला र प्रतिभा प्रस्तुत गरेका थिए।



## राइनास नगरपालिका, लमजुङ

**राइनास नगरपालिका एउटा ऐतिहासिक स्थल हो । राइनास कोटको नामवाट राइनास नगरपालिकाको नामाकरण भएको छ । नेपाल एकिकरणको सुरुवात भएको कोटको रुपमा रहेको यो कोट ऐतिहासिक महत्व वोक्नुको साथै पर्यटकीय क्षेत्रको रुपमा रहेकोछ । यसलाई पर्यटकीय हवको रुपमा विकास गर्ने लक्ष्यका साथ यहाँ होमस्टेको विकास गरिएको छ ।**

शैक्षिक मेलामा विभिन्न विद्याहरू जस्तै : विज्ञान सामग्री निर्माण, कला प्रदर्शनी, चित्रकला प्रदर्शनी, नृत्य कला, गायन कला आदीमा प्रतिस्पर्धा गराईएको थियो । जसले गर्दा विद्यार्थी तथा शिक्षकहरूले आफुले तयार गरेका शैक्षिक सामाग्रीहरूको प्रदर्शन गराउनुको साथै विद्यार्थी विद्यार्थी वीच र विद्यालय विद्यालय वीच स्वस्थ्य प्रतिस्पर्धा भएकोले शैक्षिक गुणस्तरमा वृद्धि हुने देखिन्छ। आगामी वर्षहरूमा पनि यसलाई निरन्तर दिने नगरपालिकाको योजना रहेको राइनास नगरका नगरप्रमुख सिंह वहादुर थापाले वताउनु भयो।



विद्यालयमा शिक्षाको गुणस्तर तथा शिक्षकहरूको मनोवल उकास्नको लागि नगरपालिका भित्रका विद्यालयहरूबाट ५ वटा विषयका (विज्ञान, गणित, अङग्रेजी, नेपाली र सामाजिक) विषय विज्ञको समुह वनाइ विद्यालय नीरिक्षक र स्रोत व्यक्तिहरूको संलग्नतामा प्रत्येक विद्यालयमा सम्वन्धित विषयका शिक्षकहरूको कक्षा अवलोकन गर्नुका साथै विषय विज्ञहरूबाट नमुना कक्षा शिक्षण गराइएको थियो । जसबाट हरेक विद्यालयका शिक्षकहरूको शिक्षण विधि तथा शैक्षिक गुणस्तरमा सुधार आएको छ। यसले गर्दा शिक्षकहरूमा शिक्षण अवधीमा देखिने समस्याहरूको वारेमा एक आपसमा छलफल भई समस्या समाधानमा पनि सहयोग पुगेको छ। यसले नगरपालिकाले शिक्षाको गुणस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा राख्दै यसलाई आगामी वर्षहरूमा थप प्रभावकारी रूपबाट संचालन गरीने नगर प्रमुखले वताउनु भयो।

राइनास नगरपालिका एउटा ऐतिहासिक स्थल हो । राइनास कोटको नामवाट राइनास नगरपालिकाको नामाकरण भएको छ । नेपाल एकिकरणको सुरूवात भएको कोटको रूपमा रहेको यो कोट ऐतिहासिक महत्व वोक्नुको साथै पर्यटकीय क्षेत्रको रूपमा रहेकोछ। यसलाई पर्यटकीय हवको रूपमा विकास गर्ने लक्ष्यका साथ यहाँ होमस्टेको विकास गरिएको छ। यहाँ आउने पर्यटकहरूलाई अझ केही समय यहीं स्थानमा राख्नकोलागि नेपाल एकिकरणका वीर योद्धा सरदार भक्ति थापाको स्मरणमा शालिक निर्माणको साथै भक्ति पार्क वनाउन नगरपालिकाले वीर भक्ति पार्क शालिक तथा संग्रहालय निर्माणकोलागि डिपिआर तयार गरी निर्माण कार्य भई रहेकोछ। यो पार्क नगरपालिका र संघीय सरकारकोसाझेदारीमा निर्माण हुने भएको हो। पार्कको निर्माण पछि यस क्षेत्रमा पर्यटन आवागमनमा वृद्धि भई यहाँका जनताको आय वृद्धि भई जीवन स्तरमा सुधार आउने देखिन्छ।



## रामग्राम नगरपालिका, नवलपरासी

# सबै वडामा वायरलेस इन्टरनेट सेवा

जुनसुकै देशको विकासलाई सहि दिशा निर्देशको लागि मानव स्रोत, भौतिक स्रोत, आर्थिक स्रोत र कार्याविधि एवं कार्य प्रणालीको अतिरिक्त तथ्याङ्क तथा सूचना पनि अत्यन्त महत्वपूर्ण स्रोत मानिन्छ। सूचना र संचारको क्रमिक सूधार एवं परिवर्तनले विश्वलाई नै सानो गाउँमा समेटेको छ।

अहिलेको उन्नत सूचना र प्रविधिको यूगमा ससार एउटा सानो गाउँको रूपमा परिणत भएको छ। विश्वको कुनै कुनामा भएको कुनै राम्रो नराम्रो कामको बारेमा क्षणभरमा संसारभर जानकारी हुने अवस्था रहेको छ। एउटा कम्प्युटरको सहायताले विश्व ब्रहमांडका गतिविधिहरू माथि अनुसन्धान गर्न र तिनीहरूको वास्तविक व्यवहारलाई नियन्त्रण गर्न तल्लिन शब्द, संगीत, आकृति, संकेत, ज्ञान, विज्ञान आदि विषय वस्तुहरूलाई तरंग र इन्टरनेटको माध्यमबाट वैज्ञानिक ढंगले व्यवस्थित गरी तिनको सहि आदानप्रदान गर्न सकिने संचारको अत्यन्तै लोकप्रिय अंशको विकास गर्न सफल भैसकेको छ।

विश्व ब्रहमांडका परिवेश बारेमा जानकारी आदानप्रदान गर्नको निम्ति इन्टरनेट सबैभन्दा सशक्त माध्यम रहेको छ। यहि माध्यमलाई गाउँ बस्ती एवं दुरदराजका जनतको समिपमा वितरण गर्न आवश्यक रहन्छ। यस नगरमा केही वार्डमा वितरण गरिएको वायरलेस इन्टरनेटको माध्यमबाट सेवा उपलब्ध नभएका स्थानमा समेत आधुनिक विज्ञानले आविस्कार गरेका उपलब्धीलाई विपन्न र सिमान्तकृत जनताको पहुँमा पुर्याएर उनीहरूको मुहार फेंन सकिन्छ। यसले समयको वचत, इन्टरनेटसम्म सबैको पहुँच पुर्याउनका साथै कार्यदक्षतामा पनि बृद्धि ल्याउनेछ।



**वर्तमान समय सूचना प्रविधिको समय हो । मानव विकासको नविनतम आविस्कार इन्टरनेटको माध्यमबाट व्यवसाय गर्ने, अध्ययन अध्यापन गराउने, मनोरन्जन लिने विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने, सेवा प्रवाह र प्राप्ती गर्ने, नयां आविस्कार गर्ने आदि कार्यहरु हुँदै आएका छन । जो सँग सूचना र प्रविधि छ उनै धनी भएको वर्तमान युगमा अझ दुर्गम क्षेत्रमा वायरलेस इन्टरनेटको माध्यमबाट स्थानीय गाउँबासीको ज्ञान, सीप, क्षमता विकास गरेर उनीहरुको जिवनयापन प्रकियालाई सहज र सरल बनाउन सकिन्छ ।**

यस्तो परिस्थितिमा वायरलेस प्रविधिलाई नगर व्यापी बनाइ प्रविधिको उपयोग गर्दै कर्मचारीहरूको कार्यदक्षता बृद्धि गर्नु एवं सेवा प्रवाह र प्राप्ती प्रक्रियालाई सहज एवं सरल बनाई विधुतिय सुशासनका लागि वायरलेस प्रविधिलाई निजसँगको सहकार्यमा नगर व्यापी खुला वायरलेस प्रविधि विस्तारमा नगरपालिकाले पहलकदमी लिनु आवश्यक छ। वर्तमान समय सूचना प्रविधिको समय हो। मानव विकासको नविनतम आविस्कार इन्टरनेटको माध्यमबाट व्यवसाय गर्ने, अध्ययन अध्यापन गराउने, मनोरन्जन लिने विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने, सेवा प्रवाह र प्राप्ती गर्ने, नयां आविस्कार गर्ने आदि कार्यहरू हुँदै आएका छन। जो सँग सूचना र प्रविधि छ उनै धनी भएको वर्तमान युगमा अझ दुर्गम क्षेत्रमा वायरलेस इन्टरनेटको माध्यमबाट स्थानीय गाउँबासीको ज्ञान, सीप, क्षमता विकास गरेर उनीहरूको जिवनयापन प्रकियालाई सहज र सरल बनाउन सकिन्छ।

नेपाल सरकारले तेह्रौ त्रिवर्षिय योजना मार्फत सूचना सेवा र प्रविधिलाई समसामयिक, प्रभावकारी, क्षणस्तरीय सर्वसुलभ बनाउने उदेश्य लिएको छ। यस्तो परिस्थितिमा नगरपालिका जस्तो विकासको केन्द्र बिन्दु, नेतृत्वदायी संस्था नगरबासीको आशाको केन्द्रमा रहेको संस्थाले आफ्नो क्षेत्र भित्रका प्रत्येक वडामा इन्टरनेटको पँहुच नभएको अवस्थामा र नगर क्षेत्रमा नगरपालिकाले गरेका कार्यहरूको सूचना प्रवाह गर्न खुल्ला इन्टरनेट स्थान निर्माण संगै इन्टरनेट प्रविधिको प्रयोग गरि सेवा प्रवाह र सेवा प्राप्ती जनताहरूको सहज पहुँमा हुने व्यवस्था गर्न पुरै वडा कार्यालयमा वायरलेस इन्टरनेट तथा हाल बजार क्षेत्रमा खुल्ला इन्टरनेट स्थान तोकि कार्य संचालनमा ल्याएको छ। साथै आगामी आ.ब.मा सो कार्यलाइ विस्तार गरी प्रत्येक वडाहरूमा खुल्ला इन्टरनेट स्थान निर्माण गर्ने छ।

उक्त सेवाबाट वडा कार्यालयहरूबाट सहजरूपमा अनलाइन सेवा प्रवाह भएको छ। सेवा प्रवाहमा संलग्न कर्मचारीहरूको क्षमता अभिबृद्धि भई सेवा प्रवाहमा गुणस्तरियता, कार्यकुशलता र नया सम्भावनाको विकास भएको छ। सूचनाहरू चाहिएको बेला जहाँ पनि प्रयोग गर्न सकिएको छ। वायरलेस इन्टरनेट प्रविधिले स्थानीय समुदायलाई विभिन्न स्थानमा इन्टनेट प्रविधि प्रयोग गर्न सहजता भएको छ भने सूचनाहरू पारदर्शी, नगर विकास निर्माण तथा सार्वजनिक सरोकारका बिषयहरूको जानकारी सरल तथा सहज रूपमा प्राप्त भएको छ। नगरको सूचना संचार तथा प्रविधि विकास सुचकाङ्कमा बृद्धि हुनेछ।

## हेटौडा उपमहानगरपालिका, मकवानपुर

# नगरमै खाद्य परीक्षण प्रयोगशाला


हेटौंडा उप महानगरपालिका भित्रका नगरवासीको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवान्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्न नगरपालिकाले खाद्य परीक्षण प्रयोगशाला शुरू गरेको छ।

'नगरबासीहरूको स्वास्थ्य हित हाम्रो पहिलो दायित्व र कर्तब्य सम्झन पुग्यौं'-नगर प्रमुख हरिबहादुर महतले भन्नु भयो-'खाद्य परीक्षणबाट सबै खालका खाद्यहरू परीक्षण गरिने छ।' प्रदेश नम्वर ३ को अस्थायी राजधानी तथा राजधानी नहुँदा समेत विभिन्न जिल्लाको केन्द्रका रूपमा रहेको हेटौडामा विभिन्न क्षेत्रबाट बसोबास गर्नेहरूको संख्या धेरै छ। ब्यापार ब्यवसाय गर्ने र चाँडै मुनाफा कमाउने भन्दा पनि नगर भित्र पेशा ब्यवसाय गर्ने ब्यक्तिहरूले गुणस्तरीय सामान विक्री गर्न र प्रयोगकर्ताहरूले पनि गुणस्तरीय सामाग्री खरिद गर्न पाउन भन्ने उदेश्यले उक्त परीक्षण शुरू गरिएको नगर प्रमुख महतले बताउनु भयो।

नगरपालिकाले उक्त परीक्षण प्रयोगशालाका लागि कानूनी व्यवस्था गर्न तथा खाद्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन गरी समग्र बजारको नियमन गर्न "खाद्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५" स्वीकृत गरि प्रयोग गरेको छ। २०७५ पुष २३ गते नगर प्रमुख हरिबाहादुर महतले खाद्य परीक्षण प्रयोगशालाको उद्घाटन गर्नु भएको थियो। बिभिन्न उपकरणहरु र निर्माणको जम्मा लागत चौध लाख खर्च भएको छ। खाद्य परीक्षण प्रयोगशालामा Muffle Furnance, Hot Air Oven, Incubator, IR Moister Meter, Water Bath, Hot plate, Auto clave जस्ता उपकरणहरूबाट पानी, घिउ र तेल, मासु, मिठाई र मसला जस्ता दैनिक उपभोग्य बस्तुहरूको परीक्षण भईरहेको छ। उक्त खाद्य परीक्षण प्रयोगशालाबाट उपभोक्ताहरूले दैनिक रूपमा सेवा लिई रहनु भएको छ।

प्रदेश नम्वर ३ को अस्थायी राजधानी तथा राजधानी नहुँदा समेत विभिन्न जिल्लाको केन्द्रका रुपमा रहेको हेटौडामा विभिन्न क्षेत्रबाट बसोबास गर्नेहरुको संख्या धेरै छ । ब्यापार ब्यवसाय गर्ने र चाँडै मुनाफा कमाउने भन्दा पनि नगर भित्र पेशा ब्यवसाय गर्ने ब्यक्तिहरुले गुणस्तरीय सामान विक्री गर्न र प्रयोगकर्ताहरुले पनि गुणस्तरीय सामाग्री खरिद गर्न पाउन भन्ने उदेश्यले उक्त परीक्षण शुरु गरिएको नगर प्रमुख हरिवाहदुर महतले बताउनु भयो ।





## लुम्विनी सांस्कृतिक नगरपालिका, रुपन्देही

# प्रेमको प्रतिक 'नगर पंछी' सारस जोगाउँदै

**अग्लो खुट्टा र लामो घाटी हुने सारसहरु मुलत सिमसारमा बस्ने पन्छी हुन । विश्वमा पाईने १५ प्रजातीका सारसहरु मध्ये नेपालमा चार प्रजातीका सारसहरु कालो टाउके सारस, लक्ष्मण सारस, कर्‍याङ-कुरुङ सारस र सारस पाईन्छन**

भगवान बुद्धको जीवनी संगा सम्बन्धीत सारस बुद्ध कालिन चरा हो। सधै जोडीमा बस्ने चरा भएैकोले प्रेमको प्रतिक पनि मानिन्छ। लुम्विनी नगरपालिकाले नगर पन्छी सारसलाई नगर पंक्षीको रूपमा घोषणा गरी त्यसको संरक्षण तथा प्रर्वद्धनमा जोड दिएको छ।

लुम्बिनी नगर भित्र रहेको वार्ड नं. २ मा सारस जलाशय निमार्ण तथा वाड नं. १२ मा बर्ड पार्क निर्माण लगायत नगर भित्र रहेका सिमसार क्षेत्र संरक्षण गरि सारस लगायत पंछीहरू संरक्षण गरि ईको टुरिज्म बिकास योजना निर्माण गरिने नगर प्रमुख मनमोहन चौधरीले बताउनु भयो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार सारसलाई मार्ने वा अण्डा नष्ट गर्ने वा व्यापार गर्नेलाई ५ सय देखी १ लाख सम्म जरीवाना वा ३ महिना देखी २ वर्षसम्म कैद अथवा दुवै सजाय हुने कानुनी प्रावधान छ । यसकका अलावा पनि लुम्विनी सास्कृतिक नगरपालीका आफैले पनि यस नगर पन्छीको संरक्षणका लागि थप नियम कानुनहरू बनाई सारसलाई मार्ने, अण्डा चौर्ने र गुँड भत्काउने क्रियाकलाप बन्द गराउने छ।

अग्लो खुट्टा र लामो घाटी हुने सारसहरू मुलत सिमसारमा बस्ने पन्छी हुन । विश्वमा पाईने १५ प्रजातीका सारसहरू मध्ये नेपालमा चार प्रजातीका सारसहरू कालो टाउके सारस, लक्ष्मण सारस, कर्‍याङ-कुरूङ सारस र सारस पाईन्छन । आईयुसीएनको रातो सुचीमा संवेदनशिल प्रजातीमा राखिएका कालो टाउके सारस र सारस विश्वमै दुर्लभ पन्छी हुन । देश संघिय संरचनामा गईसकेको यस बदलिदो अवस्थामा स्थानिय निकायहरू स्वायत्त र अधिकार सम्पन्न हुनुका साथै स्थानिय स्रोत र साधनको दिगो उपयोग तथा जैविक विविधता संरक्षणमा पनि जिम्मेवार बन्नु आवस्यकता हो। लुम्विनी सास्कृतिक नगरपालीका, रूपन्देहीले २०७५ मंसिर १० गते नेपालमै पहिलो पटक आफ्नो नगरको नगर पन्छी सारसलाई दुर्लभ पन्छी सारसको संरक्षणमा अग्रसरता देखाएर उदारणीए काम गरेको नगर प्रमुख चौधरीले बताउनु भयो। स्थानीय सरकारले सारसको दिगो संरक्षण, बासस्थान व्यवस्थापन र संरक्षण सचेतना अभिवृद्धिजस्ता कार्यक्रमहरूलाई मुल प्रवाहिकरण गरी स्थानिय निकाय, संरक्षण साझेदार संस्था, सञ्चारकर्मी र समुदाय सँग सहकार्य गरेको छ। वातावरणीय सुरक्षा प्रवन्धका लागि नीतिगत, कानूनी र संरचनागत सुधार गर्दै सफलता उन्मुख, अभ्यासमा आधारित सहभागितामूलक पद्दति अवलम्बन गरी यस्ता जैविक विविधता संरक्षणका कार्यक्रमहरू संचालन गर्नु आफैमा महत्वपुर्ण सुरूवात हो। यसले सारसको दिगो संरक्षण, यसको बासस्थान तथा समग्र जैविक विविधताको दिगो व्यवस्थापन, पर्यापर्यटनको प्रवद्धन सँगै बर्तमान सरकारले लिएको ँसमृद्ध नेपाल, सुखी नेपालीष्ठ भन्ने राष्ट्रिय संकल्पलाई साकार पार्न सहयोगी बन्दै नेपाल पक्ष राष्ट्र भएका वातावरण सम्वन्धी अन्तराष्ट्रिय महासन्धि, अभिसन्धि तथा सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न समेत टेवा पुऱ्याउने छ।

सारसहरू सिमसार क्षेत्रको सुचक प्रजाती मान्न सकिन्छ फलत यसको उपस्थिती त्यस सिमसार क्षेत्र र पारस्थितीय प्रणाली स्वस्थताको प्रतिक हो । यिनीहरूले सर्पहरूको सख्या नियन्त्रण गर्नुका साथै बालीनालिका लागि हानिकारक शङ्खे किरा र अन्य साना जिवहरूलाई खाईदिएर हाम्रो अन्न उत्पादनमा सहयोग गरीरहेका हुन्छन। सारसको बयान र महत्व हिन्दु र बौद्ध धर्मगन्थ्रहरूमा पनि गरेको पाईन्छ। लुम्बिनी आसपासका क्षेत्रमा सारसहरूको बासस्थान छ जसलाई बौद्ध दर्शनसँग जोडेर पनि हेरीन्छ। प्रजनन समयमा देखीने सारसको विषेश आर्कषक नृत्य र बसाई सराइका क्रममा आकाशमा देखीने सुन्दर ताती अत्यन्तै मनमोहक हुन्छन। यसर्थ सारस खाद्य सृङखला र जैविक विविधताको महत्वपूर्ण सूचक मात्र होइन लाखौं मानिसहरूको धार्मिक र सास्कृतिक आस्थाको धरोहर र आर्कषणको केन्द्र पनि हुन।

दुर्लभ र नेपालको वन्यजन्तु ऐनद्धारा संरक्षीत पन्छी सारस विश्वकै सबै भन्दा अग्लो उडने चरा हो।सारसको कुल संख्याको करीव ८५ प्रतिशत संख्या दुई जिल्ला रूपन्देही र कपिलवस्तुमा मात्र वितरीत छ। खास गरि लुम्बिनी नगरपालिकाको दानव नदिमा केन्द्र गरि आमा, भगवानपुर,केवलिया,खुरदाबागरमा बढि देखिन्छ। करीव पाँच फिट अग्लो हुने सारसको तौल दश के.जी सम्म हुन्छ। सारसले खुल्ला सिमसार क्षेत्र, सिंचित धान खेत, पोखरी र ताल आसपासका क्षेत्रमा बच्चा कोरल्ने गर्दछ। नेपालमा सारसको अनुमानित कुल सख्या ४५० देखी ७०० सम्म रहेको छ। प्रजनन समयमा जोडीमा बस्ने सारसले एक प्रजनन अवधिमा २ वोटा र विरलै ३ वोटा सम्म अण्डा पार्ने गर्दछन। करीव ३० देखी ३२ दिनको ओथारो बसाई पछि सारसले चल्ला कोरल्छ। चल्ला ५ देखी ६ महिना सम्म माउ सँग नै बस्छन भने त्यस पश्चात अन्य सारसको झुन्डमा सहभागी भई आजिवन जोडी बनाई बस्दछन।

सिमसारहरू गम्भीर संकटमा परीरहदा यसको असर सारसमा नपर्ने कुरै भएन। जनसंख्या वृद्धिसँगै बढदो शहरीकरण, सडक, बाधनिर्माणले गर्दा सारसको बासस्थान खण्डिकरण र नष्ट भइरहेको छ । लुम्विनी लगायत देशभरी नै बासस्थान विनाश सारसको लागि प्रमुख चुनौती हो भने अण्डा चोर्ने र शिकार गर्ने कार्यले पनि सारसलाई अपठ्यारोमा पारीरहेको छ। यसरी कृषिभुमीमा बढदो विषादीको प्रयोग र अवैज्ञानिक ढंगबाट विस्तार गरीएका विद्युत तारले पनि जिवित सानो संख्यामा रहेका सारसहरूलाई झन संकटमा पारीरहेको छ । जलवायु परीवर्तन र मौषम परविर्तन जस्ता विश्व व्यापि समस्याहरूले बसाईसराई गरी आउने सारसहरूलाई अप्ठ्यारोमा पारेको छ। नगरपालिकाले पहिलो शर्त नै सांस्कृतिक नगरमा यसको स्थायी र दिगो ब्यवस्थापनलाई लिएको छ।



# दीर्घकालिन फोहोर ब्यवस्थापन हुँदै

## बनेपा नगरपालिका, काभ्रे

फोहोर सुन्दै नराम्रो । ब्यक्तिले गर्ने फोहोर ब्यवस्थापनका लागि नगरपालिकाले लगानी गर्नु पर्ने चूनौती छ। फोहोरबाट मोहोर हुन्छ भन्ने चेतना जगाउन नसक्दा तथा त्यसको ब्यवस्थापनमा नगरपालिकाले समेत स्थायी समाधान खोज्न नसक्दा बनेपामा थुप्रिएको फोहोरले सिङ्गो बनेपाबासी र जिल्लाबासीहरूलाई समेत नाक खुम्च्याउनु पर्ने अवस्था छ। जनप्रतिनिधि निर्वाचित भए देखि नै शुरू भएको फोहोर ब्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ । नेपालका नगरपालिकाहरू मध्ये दीर्घकालिन रूपमा फोहोरको ब्यवस्थापन गर्ने पहिलो नगरपालिकाका रूपमा बनेपा नगरपालिका हुनेछ।

फोहोरको दीर्घकालिन ब्यवस्थापनका लागि नगरपालिकाले नीजि कम्पनी नेशनल वेस्ट मेनेजमेन्ट एण्ड रिसाईक्लिनिङ्ग सेन्टर ललितपुरसँग सम्झौता गरेको छ। २०७५ साउन ४ गते पाँच वर्षका लागि गरेको सम्झौता अनुसार नगरपालिकाको फोहोर दीर्घकालिन रूपमा ब्यवस्थापन शुरू गरिएको छ। नगरपालिकाले उपप्रमुख रेखा सापकोटा दाहालको संयोजकत्वमा फोहोर ब्यवस्थापन समिति गठन गरेको थियो। जग्गा ब्यवस्थापनका लागि वडा अध्यक्ष गौरी राउतको संयोजकत्वमा उप समिति गठन गरेको थियो। उप समितिले जग्गा ब्यवस्थापन गरे लगत्तै निर्माण कार्य शुरू भएको छ। पहिलो चरणमा नगरपालिका आफैले फोहोर ब्यवस्थापनका लागि जग्गा ब्यवस्थापन गरेको छ। बनेपा नगरपालिका वडा नम्वर १४ को चतुरेमा १४ रोपनी जमिन खरिद गरेको छ। अझै केहि रोपनी जग्गा खरिद गर्नेछ। सार्वजनिक जग्गा समेत नगरपालिकाले संरक्षण गरी झण्डै १ सय रोपनी जमिनमा फोहोरको रिसाईक्लिङ्ग गरिनेछ। उक्त स्थानमा पुग्ने सडकको डिपिआर तयार भईसकेको छ भने प्रभावित क्षेत्रका स्थानीयहरूका लागि विभिन्न प्याकेजको विकासका कार्यक्रमहरू शुरू भएको छ।

बनेपामा केहि महिना देखि फोहोर नियमित संकलन हुन सकेको छैन । विभिन्न नगरपालिकाहरूसँगको समन्वयमा फोहोर संकलन भए पनि घर घर फोहोर संकलनका लागि बनाईएको कार्यतालिका प्रभावित भएको छ। २०५५ सालमा आईटी पार्क अगाडी बनेपा नगरपालिकाले ३२ रोपनी जग्गा खरिद गरी कम्पोष्ट



प्रशोधन गर्न शुरू गर्ने योजना बनाए पनि त्यहि स्थानलाई फोहोर संकलन केन्द्रका रूपमा लिएको थियो। उक्त स्थानमा स्थानीयहरूले अवरोध गरे सँगै नगरपालिकाले नियमित फोहोर संकलन गर्न सकेको छैन। त्यतिखेर बनेपा नगरपालिकामा दैनिक एक ट्र्याक्टर फोहोर संकलन हुने गरेको थियो। हाल दैनिक ३० टन फोहोर उत्पादन र संकलन हुँदै आएको छ। तत्कालिन बनेपा नगरपालिका वडा नम्वर ५, ६ र ७ नम्वर वडामा मात्रै फोहोर संकलनका लागि नगरपालिकाको ट्र्याक्टर घर घर तथा टोल टोलमा जाने गरेको थियो। नगरपालिकाको विस्तारित स्वरूप तथा बढ्दो शहरीकरण सँगै नगरपालिकाका सबै वडाहरूको मुख्य मुख्य चोक तथा बाक्लो बस्तिहरूमा फोहोर संकलनको योजना अगाडी बढाईएको छ। ५५ हजार ६ सय २८ स्थायी बसोबास तथा अस्थायी जनसंख्या त्यति नै संख्यामा रहेको छ। १२ हजार १ सय ६ घर धुरी संख्या एकिन गरिए पनि धेरै घरहरू तथा शहरी क्षेत्रको मुख्य बजार तथा काभ्रे जिल्लाको ब्यापारीक नगरी बनेपामा छ।

बनेपा नगरपालिका जिल्लाको ब्यापारीक शहर तथा केन्द्रका हिसावले पनि मुटु मानिन्छ। साना साना होटल ब्यवसाय तथा खाद्यान्न, लत्ताकपडा सहितको होलसेल पसलहरूको केन्द्र समेत हो। दैनिक ५० करोड बराबरको कारोवार हुने बनेपा शहरमा वित्तिय क्षेत्र अर्न्तगत ३० वटा भन्दा धेरै बैक तथा लघु वित्त बैक, सहकारीको हब, यातायात क्षेत्रको पहिलो शहर तथा धार्मिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रहरू भएको नगरपालिकालाई स्वच्छ र हराभरा नगर बनाउन प्रयासहरू शुरू भएका छन्। साउनको पहिलो साताबाट बनेपा नगरपालिकाको फोहोर ब्यवस्थापन सार्वजनिक-नीजि साझेदारी कार्यक्रम मार्फत शुरू गरिएको हो। फोहोर संकलनका लागि घर घरमा आउने सवारी साधनहरू बापत नगरबासिहरूले मासिक रूपैमा शुल्क तिर्ने गरी दररेट कायम भई नगर सभाले समेत अनुमोदन गरेको

"जनप्रतिनिधि निर्वाचित भए देखि नै फोहोर मैला ब्यवस्थापनका लागि नगरपालिकाले लिएको अभियानलाई दिगो रुपमै ब्यवस्थापन गर्ने गरी शुरु गरिएको छ" - लक्ष्मीनरसिंह बादे, नगर प्रमुख



छ। नगरपालिकाले तोकेको दररेट भन्दा कम शुल्कमा नीजि क्षेत्रले साझेदारी कार्यक्रम मार्फत फोहोर संकलन कार्य शुरू गरेको हो। बनेपामा दैनिक ३० टन फोहोर उत्पादन हुने गरेको छ। उत्पादित फोहोरको ब्यवस्थापन गर्न नगरपालिकाले गरिरहेको आन्तरिक ब्यवस्थापनलाई सहयोग पुऱ्याउने र फोहोरलाई सामाजिक, आर्थिक र वातावरणिय हिसावले दिगो ब्यवस्थापन गर्न नगरपालिकाले नेशनल वेस्ट म्यानेजमेन्ट एण्ड रिसाईक्लिनिङ्ग सेन्टर, ललितपुरसँग सम्झौता गरेको हो। सेन्टरले फोहोर संकलन र ब्यवस्थापनको काम शुरू गरेको नगरपालिकाका प्रमुख लक्ष्मी नरसिं बादेको भनाई छ। 'जनप्रतिनिधि निर्वाचित भए देखि नै फोहोर मैला ब्यवस्थापनका लागि नगरपालिकाले लिएको अभियानलाई दिगो रूपमै ब्यवस्थापन गर्ने गरी शुरू गरिएको छ'-नगर प्रमुख बादेले भने-'नगरपालिकाको प्रमुख समस्या र चुनौती नै फाहोर मैला ब्यवस्थापन हो।'

नेशनल वेस्ट म्यानेजमेन्ट एण्ड रिसाईक्लिनिङ्ग सेन्टरले घर घरबाट फोहोर संकलन गरी रिसाईक्लिनिङ्ग गर्नेछ। फोहोरलाई १२ शिर्षकमा बर्गिकरण गरी घरधुरी (आवास), ब्यवसायीक, उद्योग कलकारखाना तथा अन्य शिषर्कलाई फरक फरक शुल्क तोकिएको छ। कुहिने र नकुहिने फाहोर अलग अलग बनाई संकलन गरिने र त्यसको तालिका तथा समय र दिनको समेत मोवाईलबाट जानकारी गराउने प्रविधि सेन्टरले शुरू गर्दै छ। चाडवपर्व वा कुनै कारणबश फोहोर धेरै भएको अवस्थामा एसएमएस मार्फत फोहोर लिन आउने गरी प्रविधिको विकास गरिएको छ । नगरपालिकाले चाहेको सुन्दर नगर बनाउने सपनालाई साकार बनाउन नागरिकहरूको अधिकार सँगै कर्तब्य र दायित्व छ। फोहोर लिन आउने ट्रक र समय टोल टोलमा र घर घरमा पुऱ्याउने गरी अभियान शुरू हुनेछ।

सडकमा वा सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई नगरपालिकाले जरिवना र कारवाही समेत गर्ने नगर प्रमुख लक्ष्मी नरसिं बादेले बताए। प्लास्टिकको कम प्रयोग र प्रयोग गरिसकेपछि त्यसको सहि ब्यवस्थापन प्रमुख कारण रहेको स्थानीयहरूले बताए। आफु फोहोर सडकमा लगेर मिल्काउने अनि नगरपालिकाले केहि गरेन भन्ने प्रवृत्ति रहँदासम्म नगर सफा गर्न चुनौती रहेको नगर उपप्रमुख रेखा सापकोटा दाहालले बताईन्। नगरमा फोहोर ब्यवस्थापनसँगै फोहोर हुनै नदिन र कुचो लगाउने कुचिकार समेत नराख्ने गरी अभियान शुरू गरी निरन्तरता दिन नागरिकहरूले विशेष ख्याल गर्नु पर्ने प्रमुख प्रशासकिय प्रमुख भोजराज घिमिरेले बताए । सबै नागरिकहरूका लागि सुविधा उपलब्ध गराउन र सफा राख्न नगरपालिकाले योजना बनाईरहेको घिमीरेले बताए।

बाणगंगा नगरपालिका, कपिलबस्तु

# कुपोषित बालबालिकाको पहिचान र उपचार

कपिलबस्तु जिल्ला कुपोषणको हिसाबले निकै पछाडी रहेको जिल्ला हो । जिल्लामा रहेको बाणगंगाको कुपोषणको अवस्था के छ ? भनेर छुट्टै पहिचान गरिएको थिएन । तसर्थः नगरपालिका क्षेत्र भित्र रहेका बालबालिकाको अवस्था पहिचानका लागि नगरपालिकाले योजना बनायो ।

नगर क्षेत्र भित्र रहेका छ महिनादेखि ५ बर्ष मुनिका बालबालिकाको पोषणको अवस्था पहिचानका लागि स्वास्थ्य शाखाका कर्मचारीहरूको संयोजकत्वमा कार्य सम्पादन गर्ने गरी महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यतर्फका कर्मचारीहरूलाई मार्फत अभियान शुरू गरियो । कार्यसम्पादन गर्ने उक्त टोलीले नगर क्षेत्र भित्रका बालबालिका भएका सबै घरधुरीमा गई पाखुराको नाप लिने विधि (एम.यु.ए.सी. टेपद्वारा) मार्फत बालबालिकाको कुषोषणको अवस्था पहिचान गरियो । नगर क्षेत्र भित्रका कुल ६,४०२ जना बालबालिकामा जाँच गरिएकोमा ५,६३१ जना बालबालिकाको अवस्था हरियो (उत्कृष्ट), ७२२ जनाको अवस्था पहेंलो ( मध्यमस्तर) र ४९ जना बालबालिकाको अवस्था रातो (निकै कमजोर/जोखिमयुक्त) रहेको पाइयो ।

अवस्था पहिचानकै समयमा स्वास्थ्यकर्मीहरूले हरियो र पहेंलो अवस्था हुने बालबालिकाका अभिभावकलाई काउन्सिलिङ्गको माध्यमबाट पोषणको महत्व, पोषणयुक्त खानाको जानकारी, खाने विधि लगायतका बिषयमा जानकारी गराउनु भएको थियो । रातो अवस्थाको पहिचान भएका बालबालिकाको लागि २ महिनासम्मको अवधिको लागि थप पौष्टिक आहार आर.यु.टि.एफ. (रेडि टु युज थेराप्यूटिक फुट) उपलब्ध गराइ उपचार गरिएको थियो । साथै त्यस्ता बालबालिकाका अभिभावकलाई सुनौला हजार दिन, पोषणको महत्व लगायतका बिषयमा थप काउन्सिलिङ समेत गरिएको थियो ।

मानवको समग्र विकासका लागि स्वस्थ्य हुन अपरिहार्य छ । बालबालिका हुँदाको अवस्था मै पोषणयुक्त खाना नपाएमा बालबालिकाको नैसर्गिक अधिकार बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताका लागि नै नकरात्मक असर पुग्ने हुँदा समय मै बालबालिकाको पोषणको अवस्थाको पहिचान गरी जोखिमयुक्त बालबालिकालाई उपचार गरिनु अपरिहार्य छ । त्यसैकारण नगरपालिकाले विशेष कार्यक्रमका साथ कुपोषण विरूद्ध लड्ने र निर्मुल पार्ने अभियान शुरू गरेको छ ।




वस्था पहिचानकै समयमा स्वास्थ्यकर्मीहरुले हरियो र पहेंलो अवस्था हुने बालबालिकाका अभिभावकलाई काउन्सिलिङको माध्यमबाट पोषणको महत्व, पोषणयुक्त खानाको जानकारी, खाने विधि लगायतका बिषयमा जानकारी गराउनु भएको थियो । रातो अवस्थाको पहिचान भएका बालबालिकाको लागि २ महिनासम्मको अवधिको लागि थप पौष्टिक आहार आर.यु.टि.एफ. (रेडि टु युज थेराप्यूटिक फुट) उपलब्ध गराइ उपचार गरिएको थियो ।

# पशुपालनका लागि सहुलियतमा ऋण

## बर्दघाट नगरपालिका, नवलपरासी

बर्दघाट नगरपालिका कृषि र पशुपालनमा आवद्ध छ। नगरका करिब ६५ प्रतिशत नागरिक पशुपालनमा आवद्ध छन्। व्यवसायीक पशुपालनलाई प्राथमिकता दिँदै पशुपालनलाई प्रोत्साहीत गर्न सुलभ व्याजदरमा ऋण दिने नीति अनुरूप चार प्रतिशत व्याजदरमा सुलभ ऋणको कार्यक्रम कार्यान्वयन गरेको छ। कार्यक्रम अन्तर्गत पशुपालक किसानलाई स्थानीय सहकारी मार्फत २८ लाख ५० हजार वितरण गरिएको छ। जसबाट गाई र भैंसी पालक किसानलाई कृत्रिम गर्भाधान अनुदान दिने गरिएको छ। यसबाट अघिल्लो आर्थिक वर्षमा १ हजार ३ सय ३८ वटा पशुलाई ३ सयका दरले प्रति चौपायाको पशु नश्ल सुधार कार्यक्रम अन्तरगत एआई अनुदान प्रदान गरिएको थियो। कृषकहरूकै लागि गरिव आवास कार्यक्रम अन्तर्गत ७ वटा वडामा खरको छाना मुक्त वडा वनाईएको छ। चालु आ.व.मा नगरपालिकाको २० लाख, प्रदेश सरकारको ३५ लाख र स्थानीय जनताको १५ लाखको लगानीमा नगरपालिकालाई नै खरको छाना मुक्त नगर बनाउने लक्ष्य रहेको छ। नगरबासीहरूको आर्थिक सम्वृद्धीका लागि श्रोत व्यवस्थापन एवम् परिचालनलाई यथार्थपरक र व्यवस्थित गर्न सफ्टवेयरबाट कर शुल्क सकलन गर्ने व्यवस्था मिलाइएको छ। जसबाट कृषकहरू थप लाभान्वित भएका छन्। नगरका हरेक गतिविधिहरूलाई प्रविधि मैत्री बनाउने लक्ष्य अनुसार उक्त कार्यक्रम शुरू गरिएको हो। नगरका सबै गतिविधिहरूलाई प्रविधिमा जोडिएको छ। नगरको ५ वर्षे आवधिक योजना, नगरको बस्तुगत विवरण तयार, गरिबी नक्साँकन विवरण तयार, नगरको सबै प्रमुख क्षेत्र समेट्ने गरी चक्रपथ निर्माण गर्न डिपिआर तयार, इको एजुकेशनल पार्कको सम्भाव्यता अध्ययन, करिब ३ दर्जन स्थानीय कानुन (ऐन, कानुन, कार्यविधि, नियमावली) तर्जुमा गर्ने कार्य सम्पन्न भएको छ। नगर क्षेत्रमा शान्ति सुरक्षामा थप सुधार तथा दुर्घटना न्युनिकरण हुने विश्वासका साथ बर्दघाट बजार क्षेत्रमा सिसिटिभी क्यामेरा जडान शुरू गरिएको छ।

सघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना सँगै राज्यको पुर्नसंरचना पश्चात साविकका पञ्चनगर, माकर, दाउन्नेदेवी र जहदा गा.वि.स साथै धुरकोट, जमुनिया एवँ रूपौलिया गा.वि.स का दुई दुई वटा वडाहरूलाई एकीकृत गरी बर्दघाट नगरपालिकाको स्थापना भएको थियो। ५ नं प्रदेशको नवलपरासी जिल्ला (बर्दघाट सुस्ता– पश्चिम) अन्तरगत पर्ने नगरपालिकाको क्षेत्रफल १८०.९९ वर्ग कि.मी. रहेको छ। वि.सं. २०६८ को जनगणना अनुसार ६१,४७२ जनसंख्या भएको नगरपालिकामा १६ वटा वडाहरू रहेका छन्। जनतालाई स्थानीय सरकारको अनुभुति दिने उद्देश्यले वाल कक्षाका वालवालिकालाई दिवा खाजा कार्यक्रम, महिलाहरूलाई २ वटा सम्म सन्तान जन्माउँदाको अवस्थामा सुत्केरी पोषण भत्ता बापत एकमुष्ट ५ हजार वितरण गर्ने गरेको छ।

यसबाट गत आ.व.मा ५ सय १९ जना लाभान्वित भएका छन्। ८५ वर्ष उमेर काटेका बरिष्ठ जेष्ठ नागरिकलाई वार्षिक ६ हजार अतिरिक्त जेष्ठ नागरिक भत्ता वितरण लगायतका कार्यक्रमको साथै गर्भवति र वृद्द वृद्दाका लागि लागि छिटो र सुलभ स्वास्थ्य उपचारको प्रवन्ध मिलाउने उद्देश्यले नगरपालिकाले साविकका गाविसहरू पञ्चनगर, माकर, दाउन्नेदेवी र जहदा गाविसलाई १/१ क्लष्टर मानी नगरपालिका क्षेत्र भरी ४ वटा एम्बुलेन्स सेवाको शुरूवात भएको छ। पूर्व प्रथमिक विद्यालयका विद्यार्थीहरूलाई निःशुल्क दिवा खाजाको व्यवस्था गरिएको छ। यसबाट गत आर्थिक वर्षमा १ हजार १ सय ६० जना लाभान्वित भएका थिए। नगरभित्रका चिसापानी अस्पताल, शहिद स्मृति सामुदायिक अस्पताल एवम् माकर स्वास्थ्य चौकी पाल्डाडामा बर्थिङ्ग सेन्टर स्थापना एवम् कर्मचारी व्यवस्थापन गरिएको छ। शान्तिका अग्रदुत भगवान बुद्दको जन्म स्थल यस प्रदेशको प्रवेश विन्दुलाइ शान्तिपूर्ण नगरको पहिचान दिन नगर क्षेत्र भित्र पर्ने पूर्व–पश्चिम लोकमार्गका दाँया वाँयाका घरहरूको रङ्गमा एकरूपता कायम गर्ने सन्दर्भमा नगरकार्यपालिकाको वैठकबाट घरको मूख्य भागमा पँहेलो कलर जुन गौतम वुद्दले पहिरिने वस्त्रको रङ्ग संग सम्बन्धित रहेको, वोर्डरमा धजस्तभ (सेतो) कलर तथा झ्याल तथा ढोकामा चकलेटी कलर छनौट गर्ने निर्णय भै उक्त निर्णयको कार्यान्वयन गर्न सरोकारवालाहरूलाई प्रोत्साहन स्वरूप २५ प्रतिशत अनुदान दिने घोषणा सहित सार्वजनिक आव्हान गरि सकिएको छ र सरोकारवालाहरूबाट त्यसको अपनत्व स्वीकार गरी रङ्ग लगाउने कार्यको थालनी समेत भैसकेको छ।

फोहर व्यवस्थापनको लागी उद्योग वाणिज्य सघ, बजार विकास समिति, खानेपानी तथा सरसफाई सँस्था, टोल विकास सँस्था, विद्यालयहरू, समुदायमा आधारित सँस्था एवँ नीजि क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने नीति अनुरूप ३ वटा ट्र्याक्टर र १ वटा टिपर खरिद गरी नीजि क्षेत्रका सँस्थाको समन्वयमा फोहर व्यवस्थापन गर्ने कार्य अगाडी वढेको छ। यसको दिगो व्यवस्थापनको लागि फोहर विसर्जन स्थलको सम्भाव्यता अध्ययन गर्ने कार्य सम्पन्न भएको छ।

फोहर व्यवस्थापनको लागी उद्योग वाणिज्य सघ, बजार विकास समिति, खानेपानी तथा सरसफाई सँस्था, टोल विकास सँस्था, विद्यालयहरु, समुदायमा आधारित सँस्था एवँ नीजि क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने नीति अनुरुप ३ वटा ट्र्याक्टर र १ वटा टिपर खरिद गरी नीजि क्षेत्रका सँस्थाको समन्वयमा फोहर व्यवस्थापन गर्ने कार्य अगाडी वढेको छ।





## बर्दिवास नगरपालिका, महोत्तरी

# विद्युतीय माध्यमको प्रयोगले शुशासन



**ब्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा बैंकिङ प्रणलीमा आबद्धता, योजना प्रणाली, राजश्व संकलन, सम्पति कर (सबै वडाहरुबाट), सुचनाको हक सम्बन्धि ऐन तथा नियमावली बमोजिम सार्वजनिक निकायले हरेक ३/३ महीनामा सार्बजनिक गर्नुपर्ने सुचनाहरु सार्बजनिक गरिएको छ ।**

प्रदेश नं. २ अन्तर्गत महोत्तरी जिल्लाको १५ वटा स्थानीय तहहरू मध्ये उत्तरतिर चुरे क्षेत्र र दक्षिण तर्फ तराई भूभाग समेटिएर ३१५.६ वर्ग कि.मी.मा बर्दिवास नगरपालिका फैलिएर रहेको छ।

जनप्रपतिनिधिहरू निर्वाचित भए लगत्तै नगरपालिका मार्फत नगरबासिहरूको सेवा र सुशासनमा ध्यान दिने मुख्य लक्ष्य राखेको नगरपालिकाले विद्युत्तिय शासन अर्न्तगत विभिन्न कार्यहरू सम्पन्न गरिसकेको छ। आर्थिक नियन्त्रण प्रणली अर्न्तगत महालेखा नियन्त्रक कार्यालयबाट कार्यान्वयनमा ल्याएको सुत्रमा आधारित लेखा प्रणाली राख्न शुरू गरिएको छ । जसबाट आर्थिक रूपमा नगरपालिका पारदर्शी मात्रै होईन शुन्य भ्रष्टाचार अभियानमा अगाडी बढेको छ।

ब्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा बैंकिङ प्रणलीमा आबद्धता, योजना प्रणाली, राजश्व संकलन, सम्पत्ति कर (सबै वडाहरूबाट), सुचनाको हक सम्बन्धि ऐन तथा नियमावली बमोजिम सार्वजनिक निकायले हरेक ३/३ महीनामा सार्बजनिक गर्नुपर्ने सुचनाहरू सार्बजनिक गरिएको छ। यस अघि ब्यक्तिगत घटना दर्ता तथा अन्य सामाजिक सुरक्षाका कार्यक्रममा एक रूपता नहुँदा नगरबासिहरूले सास्ति ब्यहोर्नु परेको थियो । बिद्युतिय प्रणालीबाटसेवा प्रवाह गरे पश्चात राजश्व परिचालनको प्रभावकारीतामा बृद्धि हुँदा वडाको जुनसुकै स्थानबाट पनि कर तिर्ने सुविधा उपलब्ध गराएको छ। वडाहरूको राजश्व संकलनलाई नगरपालिकावाटै अनुगमन गर्न सकिएको छ भने ब्यावसाय दर्ता सफ्टवेयर प्रणलीमा आबद्ध गरी सेवा प्रवाहलाई सहज बनाएको छ । समग्र नगरपालिकाको सेवा प्रवाहमा सकरात्मक परिवर्तन भएको आम जनमानसले महसुस गरेको छ।


संचालन भएको योजनाहरू सफ्टवेयर पप्रणली मार्फत कार्यान्वयन हुने हुनाले योजना संचानमा सहजता भएको छ भने ३/३ महिनामा सुचना सार्बजनिक गरी सुशासन , पारदर्शिता र जवाफदेहिता अभिबृद्धि भएको छ। २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय अनुसार महोत्तरी जिल्लाको साविक ४ वटा गा.वि.स हरू (बर्दिवास, गौरीवास, किशाननगर र माईस्थान) मिलेर बर्दिवास नगरपालिका घोषणा भएकोमा २०७३ फाल्गुण २७ गते पुनः साविकका थप चार गा.वि.स.हरू हाथिलेट, पशुपतिनगर,खयरमारा र बिजलपुरा) समावेश भई हालको बर्दिवास नगरपालिका गठन भएको थियो।

स्थानीय तहको निर्वाचन पश्चात बर्दिवास नगरपालिकाले विकासका विविध आयामहरूमा गुणात्मक परिणाम हासिल गर्न फड्को तत्कालिन र दीर्घकालिन नीति तथा कार्यक्रमहरूको घोषणा गरे संगै नगरपालिकाको सेवा प्रवाहमा चूस्तता, पारदर्शिता, जवाफदेहिता अभिबृद्धि गरी आम नागरिक र स्थानीय सरकार वीचको सम्बन्ध सुदृढ गरी राज्य प्रतिको आस्था बढाउन आधुनिक प्रविधिको प्रयोग मार्फत बिद्युतिय शासन अवलम्बन गरेको छ।



# घरबास कार्यक्रममार्फत आय आर्जन

## भिमाद नगरपालिका, तनहुँ



**पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी नगरभित्रका पर्यटन स्थलहरुको एकिकृत विकासका गतिविधिहरु नगरपालिकाले सञ्चालन गर्न थाले पछि पर्यठकहरुको आगमनमा हुन गएको बृद्धिले नगरपालिका एवं नगरबासीहरुमा उत्साह बढ्न गएको छ । सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने राष्ट्रिय लक्ष्य पूरा गर्नमा यस नगरले पनि महत्वूर्ण भूमिका निभाउनेछ भन्नेमा भिमाद नगरपालिका विश्वस्त छ ।**


नेपालकै महत्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिने सम्भावना भएको भिमाद नगरपालिकाले ऐतिहासिक साङ्गले पुलको संरक्षणका लागि ६० लाख विनियोजन गरी पुनर्निर्माणको प्रक्रिया अगाडि बढाएको छ । प्राकृतिक मनोरम दृश्यावलोकनले भरिपूर्ण धन्दुर, सिद्धगुफा, चमेरे गुफा लगायत समग्र धन्दुर क्षेत्रको पर्यापर्यटनको रूपमा विकास गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य यसै आ.ब. २०७५/७६ मा सम्पन्न हुने अवस्थामा छ।

साथै भिमाद देखि धन्दुर सिद्ध गुफासम्मको सडक कालोपत्रे गर्ने योजना पनि यसै आ.व. २०७५र७६ मा सम्पन्न हुने गरी कार्य अगाडी बढी रहेको छ। संघीय सरकारको पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले पनि चालु आ.व.२०७५र७६ मा धन्दुर सिद्धगुफा क्षेत्रको पूर्वाधार विकासका लागि रू. ५० लाख विनियोजन गरेको छ र यस नगरपालिकाले पनि .१० लाख लागत सहभागिता गर्ने गरी बजेट विनियोजन गरी सकेको छ। योजनाको कार्यान्वयन प्रक्रिया समेत अगाडी बढी सकेको छ। पर्यटकको लागि आवासको समेत आवश्यकता पर्ने भएकोले मगर समुदाय तथा नेवारी समुदायको लोप हुन लागेका परम्परागत संस्कृतिको अवलोकन गर्दै परम्परागत खानाका परिकारहरूको स्वाद लिन पाउने गरे ४ वटा स्थानमा घर बास स्थापना गरी सञ्चालनमा ल्याईएपछि पर्यटकहरूको आगमन ह्वात्तै बढेको छ। स्थानीय बासीहरूको आय आर्जनमा बृद्धि हुन थालेको नगर प्रमुख मेखबहादुर थापाले बताउनु भयो।

लोप हुन लागेको घाँटु नृत्य र नचरी नृत्य हेर्दै मगरहरूको परम्परागत खानाका परिकार खान रघु गाउँ, ईलुङ्ग छहारामा क्यानोनिङ्ग गर्दै बोयर बोकाको मासु खान पाथर्दी जुन बाख्रा स्रोत केन्द्रको रूपमा समेत स्थापित भै सकेको छ, नेवारी खानाका परिकारको सस्वाद लिंदै नेवारी संस्कृतिमा रमाउन हटिया तथा क्यानोनिङ्गकै आनन्द लिंदै मगर संस्कृतिको अवलोकन र मगर समुदायको परम्परागत खानाका परिकारको अनुभव गर्न मिछुर्लुङ्गमा  होमस्टे सञ्चालन भैरहेको छ। यी चार वटै होम स्टेहरू धन्दुर सिद्ध गुफाकै वरीपरी रहेका छन्। चालु आ.व. २०७५/७६ मै नगरभित्रका सबै पर्यटकीय स्थलहरूको पहिचान र विकासका लागि यस नगरपालिकाको पर्यटन गुरू योजना समेत तयार हुने क्रममा छ।

पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी नगरभित्रका पर्यटन स्थलहरूको एकिकृत विकासका गतिविधिहरू नगरपालिकाले सञ्चालन गर्न थाले पछि पर्यटकहरूको आगमनमा हुन गएको बृद्धिले नगरपालिका एवं नगरबासीहरूमा उत्साह बढ्न गएको छ। सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने राष्ट्रिय लक्ष्य पूरा गर्नमा यस नगरले पनि महत्वूर्ण भूमिका निभाउनेछ भन्नेमा भिमाद नगरपालिका विश्वस्त छ। यस प्रकारको उत्साह बढाउन सफल भएकोमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी गरेको विकास गतिविधिलाई भिमाद नगरपालिकाले आफ्नो उत्कृष्ट उपलव्धीको रूपमा लिएको छ।

आय आर्जन बृद्धी गर्नै नगर प्रोफाईल निर्माण, सिद्धगुफा क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयारी, सिद्धगुफालाई राष्ट्रिय पर्यटकीय गन्तव्य सूचीकृत हुन सफल भएको छ। पर्यटकीय स्थलहरूमा पुग्ने बाटोहरूको नयाँ ट्र्याक खन्ने, स्तरान्नति तथा कालोपत्रे गर्ने कायहरू तिब्र गतिमा अगाडि बढी रहेको छ। भिमाद बजारको झण्डै ७० प्रतिशत सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भै सकेको छ।



## भीरकोट नगरपालिका, स्याङजा

# गर्भवती महिलालाई अण्डा

भीरकोट नगरपालिकको गठन पश्चात भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरूले स्थानीय सरकार संचालन ऐन २०७४ मा नगरपालिकालाई तोकिएको जिम्मेवारीलाई कानून सम्बत तरिकाबाट संचालन गर्नका लागि ऐन, नियम, कार्याविधि र निर्देशिका २३ वटा कानून तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ। यसरी बनाएका कानूनको तर्जुमा गर्दा आमजनतासंग सरोकार भएको छाडा पशुहरूको व्यवस्थापनका लागि छाडा पशु व्यवस्थापन केन्द्रको व्यवस्था गरी कार्यान्वयमा ल्याइएको छ भने बजार क्षेत्रको पार्किङ्गलाई व्यवस्थापन गर्नका लागि १४ रोपनी जग्गा १० वर्षको लागि भाडामा लिई बसपार्क निर्माण गर्ने कार्य सम्पन्न भएको नगर प्रमुख छायाराम खनालले बताउनु भयो।

गर्भवती महिलाको पोषण अवस्था सुधार तथा ए.एन.सि. ँयिध बढाई सुरक्षीत रूपमा वच्चा जन्माउन र जन्मेको वच्चा स्वस्थ्य बनाउने लागि गर्भवती भएको ४ महिनादेखि वच्चा नजन्मने समय सम्मका प्रतिदिन १ वटाका दरले अण्डा वितरण गर्ने कार्य अगाडी बढाइएको छ भने महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रभावकारी रूपमा स्वास्थ्यका सुचना तथा सन्देशहरू समुदाय स्तरसम्म पुर्यायउनका लागि स्वयंसेविकालाई संचार खर्च वापत प्रतिमहिना रू ५ सय र आमा समूहको बैठकलाई नियमित रूपमा संचालन गर्नका लागि खाजा खर्च वापत प्रति महिना प्रति आमा समूहलाई रू १ हजार प्रदान गर्दै आइएको छ।

> गर्भवती महिलाको पोषण अवस्था सुधार तथा ए.एन.सि फलो बढाई सुरक्षीत रुपमा वच्चा जन्माउन र जन्मेको वच्चा स्वस्थ्य बनाउने लागि गर्भवती भएको ४ महिनादेखि वच्चा नजन्मने समय सम्मका प्रतिदिन १ वटाका दरले अण्डा वितरण गर्ने कार्य अगाडी बढाइएको छ ।

यसका अलावा ५ वर्ष मुनी बालबालिकाहरूलाई वर्षको २ पटक नेपाल सरकारबाट निःशुल्क जुकाको औषधी र भिटामिन 'ए' क्याप्सुल वितरण गर्दै आएकोमा ५ वर्ष माथि बालबालिकालाई नगरपालिका मार्फत वर्षको २ पटक जुकाको औषधी खरिद गरी खुवाउने कार्य निरन्तर रूपमा गर्दै आएको छ भने वन्चितीमा परेका समुदाय वा स्वास्थ्यमा सहज पहुँचमा नभएका व्यक्तिहरूको खोजि गरि घरदैलोमा नै स्वास्थ सेवा उपलब्ध गराउदै आएको छ। २४ सै घण्टा सूरक्षित प्रसुति सेवा संचालनको लागि कालिकाकोट र खिलुङ्ग देउराली स्वास्थ्य चौकिका बर्थिङ्ग सेन्टरमा क्यब तालिम प्राप्तक अनमी करार नियुक्ति गरी सेवा संचालन गरिएको छ भने कालिकाकोट र खिलुङ्ग देउराली स्वास्थ्य चौकिमा ९ हप्ता सम्मको सूरक्षित गर्भपतन सेवाको लागि तालिम प्राप्त जनशक्ति परिचालन गरि सेवा सुचारू गरिएको प्रमुख खनालले बताउनु भयो।

नगरपालिका क्षेत्र भित्र रहेका २६०० जेष्ठ नागरिकहरूलाई परिचय पत्र वितरण गरि तिनिहरूको अभिलेख व्यवस्थित गर्ने कार्य सम्पन्न गरिएको छ भने त्यस्ता नागरिकहरूलाई सम्मान स्वरूप घरदैलोमा गएर सम्मान गर्ने कार्यक्रम सम्पन्न भएको छ भने समाजमा रहेका अपाङ्ग नागरिकहरूलाई सम्मान पूर्वक बाच्नका लागि आवश्यक अपाङ्गमैत्री सामाग्री खरिद गरी वितरण गरिएको र त्यस्ता नागरिकहरूको नगरपालिका मार्फत परिचय पत्र वितरण तथा नविकरण गर्ने कार्य प्रारम्भ गरिएको छ। राजश्व परिचालनका सम्बन्धमा निर्वाचन हुनु भन्दा अगाडी बार्षिक १२ लाख आन्तरिक आम्दानी रहेकोमा निर्वाचन पश्चात करका दर र दायरालाई फराकिलो बनाईएको छ। सम्बन्धित वडा कार्यालय मार्फत कर असुल गर्ने व्यवस्था मिलाइएकोले यस आर्थिक वर्षको अन्त्यसम्ममा १ करोड नाध्ने अनुमान रहेको छ। नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाई नगरपालिका बनाउनका लागि नगर क्षेत्र भित्र रहेका आर्थिक रूपमा अति विपन्न, अल्पसंख्यक तथा दलित समुदायलाई लक्षित गरी शौचालय नभएका र कच्ची शौचालय भएका नगरवासीहरूलाई शौचालय निर्माणका लागि आवश्यक पर्ने न्युनतम सामाग्रीहरू सिमेन्ट, जस्तापाता, प्यान र रड उपलब्ध गराएको छ। यस कार्यक्रमबाट करिब ३०० घरधुरीमा पक्की शौचालय निर्माण भएका छन।

नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाई नियमित रूपमा संकलन गर्ने र त्यसलाई पृथकीकरण गरि फोहोरबाट राजश्व आर्जन गर्ने कार्य समेत नियमित रूपमा भएको छ यसरी फोहोर मैलाको विक्रिबाट गत आर्थिक वर्षमा रू ३५ हजार आम्दानी भएको थियो। नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोरमैलाको दिर्घकालिन व्यवस्थापनका लागि २० रोपनी जग्गा मालपोतबाट तोकिएको न्युनतम मुल्यमा खरिद गरी संरचना निर्माण गर्ने कार्यलाई समेत अगाडी बढाइएको छ भने बजार क्षेत्रमा उत्पादन हुने फोहोरलाई उत्पादन स्थलमा नै वर्गीकरण गरि त्यसको व्यवस्थापन गर्ने कार्य टोल विकास संस्था र निजी क्षेत्रसंगको सहकार्यमा गर्ने गरी प्रक्रिया अगाडी बढाइएको छ।

नगरपालिका क्षेत्र भित्र स्थानीय स्रोत तथा साधन र प्रविधिमा आधारित उद्योगको प्रवर्दन तथा संरक्षण गर्ने कार्यलाई अगाडी बढाउनका लागि करिब ८० जना महिलालाई अगरबत्ती, ५० जना पुरूषलाई सिकर्मि तथा डकर्मि, १०० जना महिला तथा पुरूषलाई मौरी पालन, ५० जनालाई अद्यम विकास र ५० जनालाई बेत बाँसका सामाग्री निर्माण गर्ने तालिम गरी जम्मा ३३० जनालाई उद्यमशिल तालिम प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ। यसका साथै महिलाको सशक्तिकरण तथा क्षमता विकासका लागि आर्थिक तथा अन्य कारण पछाडी परेकारपारिएका २ सय जना महिलाहरूलाई ३ महिने सिलाई कटाई सम्बन्धी तालिम प्रदान गरी महिलाको क्षमता विकास गर्ने कार्य अगाडी वढाइएको छ।

कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण तथा प्रविधिमा आधारित गर्ने कार्यलाई प्राथमिकता सहित अगाडी बढाउनका लागि ५० थान हाते टक्याटर, १०० थान टनेल पचास प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ भने 'एक गाँउ एक नर्सरी, एक घर एक करेसाबारी' कार्यक्रमलाई कृषि विकास क्षेत्रको मुल नारालाई मुर्तरूप दिनका लागि सबै किसिम मौसमी तथा बेमौसमी तरकारीका बिउ खरिद गरि ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गरिएको छ। यसै गरी नगरपालिका क्षेत्रमा सुन्तला तथा अमिलो जातका कागती र निवुवाको प्रचुर सम्भावनालाई ध्यानमा राखी करिब ७ हजार वटा फलफुलका वेर्ना खरिद गरि वितरण गरिएको छ। नगरपालिका तथा वडा कार्यालयहरूको भवन निर्माण गर्नका लागि करिब ४ रोपनी जग्गा निःशुल्क रूपमा खरिद गरी करिब ८ करोडको लागतमा नगरपालिकाको भवन निर्माण गर्ने कार्य अगाडी बढाइएको छ भने वडा नम्बर ५ र ७ को वडा कार्यालय निर्माणका लागि पायक पर्ने स्थानमा आवश्यक पर्ने जग्गाको व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ।

नगरपालिकाको वडा नंम्बर १ र २ को मुख्य बजार क्षेत्रमा रहेको खानेपानीको समस्याको समाधानका लागि संघीय सरकारको सहकार्यमा करिब १ हजार घरधुरीलाई शुद्ध खानेपानी उपलब्ध गराउनका लागि वयरघारी सहलगानी खानेपानी आयोजना संचालन गर्ने कार्यलाई अगाडी बढाइएको छ। यसका साथै नगर स्तरमा रहेका समस्याहरूको पहिचान, समस्या समाधानका विकल्पहरूको पहिचान र कार्यान्वयन तथा नगरस्तरबाट सम्पन्न हुने आयोजनाहरूको कार्यान्वयन तथा फोहोरमैलाको व्यवस्थापनमा सहजीकरण गर्ने उद्देश्यका साथ ९१ वटा टोल विकास संस्थाहरू गठन गरी सोही अनुसारको कार्य अगाडी बढाइएको प्रमुख प्रशासकिय अधिकृत धर्मराज ढुंगानाले बताए।



## बूढानीलकण्ठ नगरपालिका, काठमाडौं

# योजनाबद्ध विकास र स्थानीय पाठ्यक्रम

नेपालको ईतिहासमा लामो संघर्ष, छलफल र राज्य नीतिका अभ्यासको पछिल्लो परिणाम नेपालको संविधान २०७२ प्राप्त भएको छ । यसले राज्य पुनःसंरचनामा ३ तहको सरकारको ब्यवस्था गरेको छ। संविधानमा नै स्थानीय तहको काम, कर्तब्य र अधिकार ब्यवस्था भएको छ। अब स्थानीय तह उपल्लो तहहरूको निर्देशन पालना गर्ने र कार्यान्वयन गर्ने इकाई मात्र होईन। संविधानतः प्राप्त अधिकार अनुसार र जनताहरूको चाहना, स्थानीय श्रोत साधनको प्रयोग, नीति निर्माण समेत आफैं तयार गर्न पाउँदछन । नेपालको संविधानले दिएको अधिकार र स्थानीय तह संचालन ऐन अनुसार भौतिक पूर्वाधार बिकास, सामाजिक बिकास, आर्थिक बिकास, बातावरण, फोहोरमैला ब्यवस्थापन र बिपद ब्यवस्थापन उल्लेखित सबै बिषयहरू भित्र समग्र भुगोलको ब्यवस्थित बिकास र त्यसबाट त्यहाँ बसोबास गर्ने आम मानव समुदायको सुख, समृद्धि, शान्ति र न्यायपुर्ण सुखी समाज निर्माणको कल्पना गरी योजना, कार्यक्रम, साधनश्रोतको समुचित प्रयोग र ब्यवस्थापन गर्ने महत्वपुर्ण काम नै स्थानीय तह (सरकार) को संवैधानिक जिम्मेवारी हो।

नगरपालिकामा सामाजिक विकासको क्षेत्रमा शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि योजना बनाउन खोजिएको छ तर शिक्षा र स्वास्थ्यको प्रशासनमा केन्द्रबाट स्पष्ट ठोस योजना निर्माण भन्दा पनि विभिन्न वहानामा कर्मचारी व्यवस्थापनमा अलमल, हस्तक्षेप क्षमता विकासमा सहयोग प्राप्त हुन नसकेका कारण समस्या परेको छ ।

नेपालमा स्थानीय तहको ७५३ एकाईमा महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूमा बिभाजन गरिएको छ। यि सबै तहको आ-आफ्नै भौगोलिक अवस्था र बातावरण, फरक साधन श्रोतको क्षमता, कम/धैरै जनसंख्या, फरक आर्थिक सामाजिक बिकास सुचकांक अवस्था, आवश्यकता र प्राथमिकता पनि फरक फरक हुन सक्दछ। कतिपय कुराहरू मिल्दो र साझा भएतापनि हरेक स्थानीय तहको देशको साझा उद्देश्य पुरा गर्ने सवालमा सोच र कार्यक्रम निर्माण गरी स्थानीय तहहरू बिच जनताहरूको सुख र समृद्धिमा प्रतिस्पर्धात्मक रूपमा श्रेष्ठता हासिल गर्न सक्ने अवसर दिएको देखिन्छ। सबै स्थानीय तहहरूले पहिलो पटक योजना निर्माण र कार्यान्वयनमा अभ्यास गर्दैछौं। नीति नियम र ऐनहरू निर्माण गर्ने अनुधव र अभ्यासमा पनि अगाडी बढ्दैछन। प्रतिनिधीहरू र स्थानीय तहमा काम गर्ने कर्मचारीहरू पनि सिक्दैछन । कसरी जनताहरूको बिचमा लोकप्रिय र दिगो बिकासको योजना बनाउने छलफल गर्दैछन। देशका बिभिन्न स्थानीय तहहरूले केही फरक फरक लोकप्रिय योजनाहरूको घोषणा गरेको सुनिएतानि त्यसको पुर्ण सफलता र प्रभावकारी भयो भएन मुल्यांकन गर्न समय लाग्दछ। तसर्थ, समग्रमा हरेक स्थानीय तहहरूले कार्यकालको आउँदो तेश्रो बर्ष भित्र जनताहरू सकारात्मक प्रभाव पार्ने, दिगो बिकास र व्यवस्थापनको ठोस योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने दबाब छ। संघीय सरकार, प्रदेश सरकारले पनि स्थानीय तहहरूको योजना निर्माण र कार्यान्वयनमा सकारात्मक सहयोग, सहजीकरणमा सहयोग पुऱ्याउन स्थानीय तहका सरकार र जनताहरूको सेवा प्रति उत्तरदायी हुने कर्मचारी ब्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ।

नगरपालिकामा सामाजिक विकासको क्षेत्रमा शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि योजना बनाउन खोजिएको छ तर शिक्षा र स्वास्थ्यको प्रशासनमा केन्द्रबाट स्पष्ट ठोस योजना निर्माण भन्दा पनि विभिन्न वहानामा कर्मचारी व्यवस्थापनमा अलमल, हस्तक्षेप क्षमता विकासमा सहयोग प्राप्त हुन नसकेका कारण समस्या परेको छ। शिक्षामा प्रभावकारी काम गर्ने नगरको प्रयास रहेको छ। शैक्षिक संस्था मध्ये ८ सय २५ निजी शैक्षिक संस्था रहेको र शिक्षा नीति र योजना निर्माण कार्य भैरहेको हुंदा स्थनीय तहबाट ठोस नीति तय गर्न अप्ठ्यारो भैरहेको छ तरपनि हामिले स्थानीय आवश्यकता विद्यमान अवस्थालाई प्रभावकारी सिद्ध हुने स्थानीय पाठ्यक्रम निर्माण कार्य शुरू गरेको नगर प्रमुख उद्धव खरेलले बताउनु भयो। स्थानीय पाठ्यक्रम निर्माणार्थ World Conversation Nepal गैरसरकारी संस्थासंग सहकार्य गरि २/३ चरणको छलफल र कार्यशाला पुरा गरि विषयवस्तु छनौट र ढांचा र पाठ्यक्रम तय गरि लेखनको कार्य शुरू गरेको नगर प्रमुख खरेलले बताउनु भयो। आगामी शैक्षिक शत्रमा परिक्षण शिक्षण शुरू गर्ने लक्ष्यसाथ कार्य भैरहेको छ।

शैक्षिक वर्ष २०७६ मा बूढानीलकण्ठ नगरपालिकाले आफ्नो स्थानीय पाठ्यक्रम तयार गरि शुरू भएको छ। पाठ्यक्रममा हाम्रो नगरपालिकाको परिचय, यसका अवस्था, विशेषता, मौलिक पहिचान, वातावरणिय योजना, नागरिक दायित्व समृद्धीको बाटो लगायत धैरै आवश्यक विषयहरू समावेश गरि प्राथमिक तह देखि नै शुरू गरिनेछ। सम्पुर्ण नागरिकहरूले पालना गर्ने नागरिक आचार संहिता निर्माण गरि सम्मृद्ध र सुखी नगरपालिका निर्माणमा एकताबद्ध बनाउने अभियान शुरू भएको छ।

साविकका ६ वटा गाऊं विकास समितिहरू एकिकृत भएर बूढानीलकण्ठ नगरपालिका बनेको छ। १३ वटा वडा कार्यालयहरू मध्ये २ वटा बाहेक आफ्नै भवनमा संचालन भईरहेका छन्। पुर्वाधार विकासमा आउदो एक वर्ष भित्र सबै वडा जोड्ने सबै सडकहरू पक्की भइसकेका छन । खानेपानीका पाइपहरू व्यवस्थित रूपमा विच्छ्याई आउदो वर्ष भित्र पानीको व्यवस्था गर्ने लक्ष लिएको छ। पर्यटन गुरूयोजना, एकिकृत शहरी विकास योजना तयार हुदैछ। नगर प्रोफाइल छिटै तयार हुदैछ । नगर प्रोफाइल छिटै तयार हुने क्रममा छ । दर्जनौ पार्कहरू निर्माणाधिन अवस्थामा छन । केही खेल पुर्वाधार मैदानको म्एच बनेर आ.व. २०७५/७६ मा शुरू हुंदैछन।

## बुटवल उप महानगरपालिका, रुपन्देही

# सहकारीमार्फत धानबाली धितो भन्डारण

प्रत्येक बर्ष संघीय सरकारले धानबालीको न्यूनतम समर्थन मूल्य तोक्ने गरेता पनि सो मूल्यमा बजारमा धान विक्री भएन भने सरकारबाटै खरिद गरिदिने ब्यवस्थाको अभावले गर्दा न्यूनतम समर्थन मूल्यको कार्यान्वयन भएको पाइदैन । बाली उत्पादनमा लागेको ऋण तिर्न, कृषकहरूको घरायसी आवश्यकताका कारण होस वा घरमा धान भन्डारण गर्ने गोदामको अभावमा होस जुस्तोसुकै मूल्यमा आफ्नो धान विक्री गरिहाल्नु पर्ने अवस्था रहेको छाउत्पादित धान धितो राखी ऋण दिने र पछी बजार मूल्य बढी भएको बेलामा विक्री गरिदिइ आफ्नो साँवा ब्याज र सेवा शुल्क आदी रकम असुल गरी बाँकी रकम किसानलाई दिने गरी आफ्नो सदस्य कृषकहरुले धान धितो राखी केही रकम ऋण उपलब्ध गराउन वा गोदामको अभावले तत्काल आफ्नो धान विक्री गर्नु पर्ने बाध्यतालाइ हटाउन सकिने अवधारणा बुटवल उप महानगरपालिकाबाट सक्षम सहकारी संस्थासंगको सहकार्यमा कार्यान्वयनमा ल्याइएको छ।

विभिन्न कारणले कृषकहरूले उत्पादन गरेका आफ्नो धान तत्कालै विक्री गर्नु पर्ने बाध्यतालाई न्यूनीकरण गर्न, कृषकहरूलाई उत्पादित धानको उपयुक्त मूल्य उपलब्ध गराउने ब्यवस्था गर्न, धानको विचौलिया खरिदकर्ताहरूलाई निरूत्साहित गर्दै धानको बजारीकरणलाई सुदृढ गर्न, कृषि सहकारी संस्थाको कार्यक्षेत्र र क्षमता अभिबृद्धि गर्न, कृषकहरूलाई सहकारीता प्रति आकर्षित गर्दै सहकारीता मार्फत कृषकहरूको संगठनात्मक विकास गर्न यो कार्यक्रम प्रभावकारी हुनेछ। किसानहरूले आफ्नो धान सहकारी संस्थामा ल्याएर धितो राख्नेछन। धानको तत्कालको बजार मूल्यको ७० प्रतिशत रकम न्यूनतम ब्याजदरमा सहकारी संस्थाले सम्बन्धित कृषकलाई उपलब्ध गराउनेछ । पछी धानको बजार मूल्य बढी भएको बेलामा सहकारी संस्थाले सबै धान वा आफ्नै मिल भए कुटानी गरी चामल वनाइ विक्री गरिदिएर आउने रकमबाट सहकारी संस्थाले आफ्नो साँवा, ब्याज, सेवाशुल्क, भन्डारण विमा आदी सबै रकम असुल गरी बाँकी हुन आउने रकम किसानलाई दिने गरी बुटवल उप महानगरपालिकाले सहकारी संस्थामा धान बाली धितो भन्डारण गरी ऋण दिने छ । त्यसका केहि शर्तहरू तयार गरिएका छन् ।

बुटवल उप महानगरपालिकाको प्रकाशित सूचना बमोजिम आवेदन दिएर छनौटमा परेको बुटवल १७ स्थित सिम्रिक कृषि सहकारी संस्था लि. संग द्विपक्षीय संझौता भई कार्यक्रम कार्यान्वयनमा आइसकेको छ। जसमा पहिलो चरणमा नै ३ सय ५० भन्दा बढी सदस्य रहेको उक्त सहकारी संस्थाका सदस्य कृषकहरूबाट रकमको अभावमा आफ्नो धान धितो राखी वा घरमा गोदामको अभावमा भन्डारण गरेका कृषकहरू यस कार्यक्रमबाट लाभ लिएका छन । सम्पन्न सम्झौता बमोजिम ५ हजार क्वीन्टल गोदाम गरेको हुनाले प्रथम किस्ता रकम एकलाख मात्र भुक्तानी प्रकृयामा रहेको छ। दोश्रो तथा अन्तीम किस्ता सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्दै हस्तान्तरण गर्ने योजना रहेको छ।

बजेटको अपर्याप्तता, भन्डारण गृहहरूको अभाव र संस्थागत विकासका क्रममा भर्खर मात्र बामे सरीरहेका सहकारी संस्थाहरूको अवस्थाका कारण बुटवल उप महानगरपालिकामा उत्पादित खाद्यान्नबालीहरूको सम्पुर्ण परिमाणका लागि यो कार्यक्रम संचालन गर्न सभव नभएता पनि उपयुक्त मूल्यको अभावमा कृषकहरूले भोगीरहेको धानको मूल्यको बजारीकरणको समस्यालाई निश्चय नै कार्यक्रमबाट राहत मिल्ने भएकोले बुटवल उप महानगरपालिकाबाट ल्याइएको यो अवधारणालाई अन्य बाली र अन्य स्थानहरूमा पनि विस्तार गरिनेछ।

बजेटको अपर्याप्तता, भन्डारण गृहहरुको अभाव र संस्थागत विकासका क्रममा भर्खर मात्र बामे सरीरहेका सहकारी संस्थाहरुको अवस्थाका कारण बुटवल उप महानगरपालिकामा उत्पादित खाद्यान्नबालीहरुको सम्पुर्ण परिमाणका लागि यो कार्यक्रम संचालन गर्न सभव नभएता पनि उपयुक्त मूल्यको अभावमा कृषकहरुले भोगीरहेको धानको मूल्यको बजारीकरणको समस्यालाई निश्चय नै कार्यक्रमबाट राहत मिल्नेछ



## तिलागुफा नगरपालिका, कालिकोट

# दिगो विकासका लागि सफा, सुन्दर र हरित सहर

दिगो विकासका लागि साझेदार र लाभग्राही विकास निर्माणका प्रक्रियामा सहभागी हुन जरूरी छ। यो जरूरीलाई तिलागुफा नगरपालिकाले कार्यान्वयन गरेको छ। 'हामी सबैको चाहना, सफा, सुन्दर र हरित तिलागुफाको कामना' भन्ने नारा तय गरेको यस नगरपालिकाले नियमित रुपमा गाउँगाउँमा सरसफाई तथा वातावरण संरक्षणका अभियान चलाउने गरेको छ । यसका लागि प्रत्येक गाउँमा टोल सुधार समिति (टीएलओ) गठन गरिएको छ।

टोल सुधार समितिले नियमित रुपमा गाउँमा सरसफाई तथा वातावरण संरक्षणका लागि जनचेतनामूलक काम, फोहोरबाट कम्पोष्ट मल बनाउने, वृक्षारोपण, जंगल फडानी तथा आगलागी नियन्त्रण, चोरी सिकारी नियन्त्रणजस्ता अभियान सञ्चालन गर्दै आइरहेका छन् । यिनै समितिमार्फत कर्णाली राजमार्गको दुईतिर वृक्षारोपण, मुख्य मुख्य बजारमा सोलार बत्ती जडान, चोरी सिकारी तथा वन फडानी नियन्त्रण गर्ने सोच रहेको मेयर रत्नबहादुर शाही बताउनु हुन्छ।

यस नगरका वडा नं १ का नाग्म, नाग्मगाड, ढाँड भीग्म, चौर भीग्म, मेहेलसेरा, बजेडीचौर, वडा नं २ का रताड, दुयारतोली, वडा नं ३ का भाडपानी, रकालवाडा, बदामवाडा वडा नं ४ को रान्चुली, वडा नं ५ का धनाड, खल्ला, खल्लागाड वडा नं ६ काजुबिथां, नैसेरा, खल्लागाड वडा नं ७ का छाप्रे, बाली, बालीगाड, वडा नं ८ का ओखरभिट्टा टाकुल्ला, वडा नं ९ का चिलखाया, लुब्र, भात्तडी, सियाला, हुस्के, वडा नं १० का रूडु, रानावाडा तथा वडा नं ११ का ढिम्निया गाउँहरुमा गरी ३० वटा यस्ता टोल सुधार समिति (टीएलओ) गठन गरिएका छन् । यी समितिबाट करेसाबारी, बगैंचा, वन संरक्षणबाट महिलाको आय श्रोत बढाउने, लैगिक समानता कायम हुने कुरामा हामी विश्वस्त छौं', उपमेयर दन्ता नेपालीको भनाइ छ।


नयाँ निर्माण हुँदै गरेका सडकलाई वातावरणमैत्री बनाउन वृक्षारोपण, बायो इञ्जिनियरिङ गर्ने काममा समेत टोल सुधार समितिलाई परिचालन गर्ने रणनीति नगरपालिकाले बनाएको छ। टोल सुधार समितिमार्फत नगरका प्रत्येक घरमा कम्पोष्ट मल बनाउने, करेसाबारी निर्माण, एक गाउँ एक पार्क पोखरी, पानीका मूल संरक्षण, माछापालन, तरकारी खेती, एक घर एक बगैंचा, एक गाउँ एक चौताराजस्ता अभियान सञ्चालन गर्ने योजना नगरपालिकाको छ। टोल सुधार समितिमार्फत पूर्ण सरसफाई तथा वातावरणमैत्री विकासका कार्यक्रम नगरमा लागू गर्ने पहल भइरहेको प्रमुख प्रशासकीय अधिकृत गोविन्दप्रसाद पाण्डेले जानकारी दिनुभयो।

**टोल विकास समितिमार्फत कर्णाली राजमार्गको दुईतिर वृक्षारोपण, मुख्य मुख्य बजारमा सोलार बत्ती जडान, चोरी सिकारी तथा वन फडानी नियन्त्रण गर्ने सोच रहेको मेयर रत्नबहादुर शाही बताउनु हुन्छ ।**













टोल सुधार समिति सहितको सहभागितामा नगरले प्रमुख योजनाका रुपमा बालमैत्री नगर घोषणा कार्यक्रमलाई पनि लिएको छ । संघीयता कार्यान्वयनपछि नेपालमा पहिलोपटक तिलागुफा नगरका वडा १, २, ३ र ४ 'बालमैत्री वडा' घोषणा भएका थिए। यो यस नगरको पहिचान हो। दुर्गम ठाउँ भइकन पनि बाल अधिकार र बाल सुरक्षाका क्षेत्रमा प्राप्त यो उपलब्धिलाई संस्थागत गर्नु नगरको प्राथमिक क्षेत्रमध्येको एक जिम्मेवारी हो।

यस अभियानलाई बिस्तार गरी नगरका सबै वडालाई 'बालमैत्री घोषणा गर्न' अहिले तयारी भइरहेको छ। यसका लागि नगरले सेभ द चिल्ड्रेन, क्रिडार्क, भिडिसेफ लगायतका गैरसरकारी संस्थासँग सहकार्य गरेको छ । बालमैत्री वडा घोषणा गर्न आवश्यक पर्ने सूचक पूरा गर्न नगरले बालबालिकालाई नियमित खोप दिने, सरसफाई, बाल अनुकूल खानेपानी, बाल सहभागिता, बाल बिकास तथा बाल संरक्षणका र बाल शिक्षाका कार्यक्रमलाई महत्व दिएको छ।

# वालिङ नगरपालिका, स्याङ्जा



# स्मार्ट सिटी

स्मार्ट व्यक्तित्वबाट दीर्घकालिन सोचमा विकसित भएर स्मार्ट सिटीको योजनाको विकास भएको छ। सन् २०१० माचीन र सन् २०१५ को समयमा भारतमा क्रमश ३०० र १०० शहरहरूलाई स्मार्ट सिटी बनाउने, चीन र भारतको घोषण पछि यसको प्रभाव नेपालमा समेत भयो । युरोपमा डिजिटल सिटीको विकास संगै १६ सय भन्दा धेरै शहरहरू स्मार्ट सिटी बनेका छन् । त्यसलाई मध्यनजर गर्दै नेपालकै स्याङ्गजा जिल्लामा रहेको वालिङ्ग नगरपालिकालाई स्मार्ट सिटीका रूपमा अगाडी बढाउने निर्णय भए अनुसार कार्य शुरू गरिएको नगर प्रमुख दिलिपप्रताप खाँडले बताउनु भयो।

यसरी परिभाषितगर्दा दिगो विकास र स्मार्ट अनुप्रयोगमा रहेर वातावरणीय विकास अन्तर्गत स्वच्छ हावा, शुद्ध पिउने पानी, योजनाबद्ध भु-उपयोग, पानीको उचित व्यावस्थापन, ओजोन र हरितगृह तहको प्रभाव घटाउने, प्रकृतिको संचक्षण गरि वस्न योग्य बनाउने मुख्य उदेश्य हो । त्यस्तै आर्थिक विकासको क्रममा उद्योग, ब्यापार, रोजगारी बढाई आय आर्जन, उत्पादनमा जोड, योजनाबद्ध भौतिक निर्माण गरि सामाजिक विकासमा गुणस्तरीय स्वास्थ्य, शिक्षाको विकास, समान अवसरको सिर्जनाका साथै सामाजिक न्यायको प्रत्याभुति, शहरको विकासमा नागरिकको बढी भन्दा बढी सहभागीता हुनु पर्छ । समय संगै आधुनिक प्रविधिको उपयोग र हरेक नागरिकको आम्दानीको प्रत्याभुति आदिको उचित व्यावस्थापन र नागरिकलाई उचित सुविधा, सुरक्षा र शहरको दिगो विकास विचको व्यावस्थापन नै स्मार्ट सिटी हो। स्मार्ट सिटीका लागि आवश्यक पर्ने टुल्सहरू तयार गरी कार्य अगाडी बढाईएको छ।

Smart Infrastructure.
Smart Governance.
Smart Economy.
Smart People. (Citizens)
Smart Infrastructure

### Physical Infrastructure

- Road and Transport / Mobility.
- Drinking Water.(Standard)
- Irrigation. (gravity and Lifting)

### Social and EnvironmentInfrastructure

- Greenery, FSM, Water resource protection.
- Solid Waste management.
- Change waste into Resource / Resource Management.
- Uselessgreenery into product.

### Connectivity all and every home

- Fiber line.
- 3G and 4GConnectivity.
- G cloud / Server.
- Big data, Open data.
- Analysis for planning.

### Smart Governance

क)नगर प्रोफाइल डिजिटलाईज्ड
ख) हाउस वल्ड सर्भे डिजिटलाईज्ड
ग) घर नम्बर जिआईएसम्यापिङ्ग/गुगल
घ) भुक्तानी सिस्टम विभीन्न गेटवेज नेपाल क्लियरिङ्ग हाउस।
ङ) नगरपालिका, वडा र सबै शाखाबाट मोवाईल वेभ एक्लिकेशनद्वारा सेवा प्रदान गर्न तयार।
च) Ethicalhackerको व्यवस्था।
छ) पेपरलेस। Smart Economy
१)एक गाउँ एक उत्पादन, एक रंगका घर, एक सहकारी - १२ हजार स्वरोजगारलक्ष्य
२) नगरपालिका द्धारा बजारको ग्यारेन्टी। ध्वष्लिन ज्यमिष्लन ऋचुउबलथ।
३) Seed-moneyको व्यावस्था/सबै उठेका Taxलागानी।
४) असल कृषक/समुहलाई नगरपालिका द्धारा धितो जमानी।
५) तालीमको व्यावस्था/माटो परिक्षण /भेटनरी सहायकको ब्यावस्था।
६) पाँच वटा औद्योगीक क्षेत्र - ४ हजार रोजगार लक्ष्य।
७) पतंजलीयोग पिठ ग्रामिण विकास परियोजा २००० रोजगार लक्ष्य।

### Smart People/ Citizens

A)शिक्षामासुधार
१)५०% विद्यालयलाई प्रविधीकधारमा रूपान्तरण।
२) उच्चप्राविधीको विकास।
३) Automation, SmartBuildings sensor, GPS, Robotics, Hydraulic power etc.
४) Innovationlab for Schools.
५) Innovation lab in Municipality.
६) WIT - Waling Institute of Technology
All citizens Smart then Waling will be Smart.
Think smart ,do smart, be Smart for all citizen of Waling.
More participants and less government.
Technology and Development Together.
Innovation lab.
ICT.
IOT.
Models.
Waling city- pink color=Smart village- one color.
Wonderful waling.
CAN
Culture
वालिङमा २५ जातकाबासिन्दा हरेक जातको सस्कृतिको विकास र अभिलेख
-१० वटा Cultural Home Stay.
- ५ वटा Organic Agriculture Home Stay

### Adventure

- Paragliding, hand Gliding.
- Canoeing.
- Rafting and swimming.
- Cycling.

### Nature

- हरेकप्राकृतिक सम्पदाको संरक्षण
- Marketing.

#### Solid waste management

क)
१. टोल टोलमा समिती। २. नगर स्तरिय समिती।
३. नियमीत बैठक (मासिक)। ४. साप्ताहिकअभियान।
५. तालिम/जनचेतना कार्यक्रम
ख) हरेकदिन
१)कुहिने/ नकुहिने/ कागज/अलगअलग उठाउने।
२) १५ दिनमा सिसा जन्य।
ग) सरसफाई केन्द्र
१.कुहिनेबाट कम्पोष्ट मल।
२.पलाष्टिक कलेक्सन / विटुमिन बनाउने।
३. कागज, सिसा, कुडाकर्कट आदिविक्री योजना।
- अलकत्रबनाई पिचगर्ने।
- सडक पेटी ब्लकबनाउने।
-FSMर कुहिनेबाट ग्यास बनाउने/मलबनाउने।

# असल आमाबाट सामाजिक विकास

## नारायण नगरपालिका, दैलेख


मानव स्वास्थ्य सूचांकमा उल्लेख भएका सूचक पूरा गर्न नसकेका कारण मातृशिशु सुरक्षा नारायण नगरपालिकाका लागि चुनौति बनेको छ। यो चुनौती सामना गर्न दोश्रो नगर सभाबाट असल आमा प्रोत्साहन कार्यक्रम स्वीकृत गरियो। मातृशिशुको स्वास्थ्य सुरक्षाका पाँचवटा चरणमा सुधार गर्ने हेतुले कार्यक्रम अघि बढाइएको हो।

'स्वस्थ नागरिक समृद्ध नगर' भन्ने नारा लिएर तथ्यमा आधारित शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदरमा कमी ल्याउन, विवाहिता दम्पत्तीलाई दुईमात्र सन्तान उत्पादनमा प्रोत्साहन गर्न, महिलाको प्रजनन् अधिकार सुरक्षित गर्न, २० वर्ष पूरा नगरी विवाह गर्ने परिपाटी अन्त्य गर्न, छाउपडीजस्ता अन्धविश्वासमा आधारित संस्कारको अन्त्य गर्न कार्यक्रम ल्याएको मेयर रत्नबहादुर खड्का बताउनु हुन्छ।

खड्का भन्नुहुन्छ, 'घरमा सुत्केरी हुनेको संख्या शून्य गराउने मुख्य उद्देश्यसहित हामी अघि बढेका छौं।' कार्यक्रम गएको असोज २ गते मनाइएको पाँचौ परिवार नियोजन दिवसको अवसर पारेर सुरू गरिएको थियो। कार्यक्रमको सुरूवात पहिलो चरणमा ७७ जना आमालाई जनही दुई हजार रूपैयाँ नगदसहित सम्मान गरिएको थियो। असल आमा हुनका लागि के गर्नुपर्छ त ? मापदण्डबारे उपमेयर साबित्री मल्ल भन्नुहुन्छ, '२० वर्ष उमेर पूरा भएर मात्र बिहे गरेको हुनुपर्छ, गर्भावस्थामा गरिने स्वास्थ्य जाँच कम्तिमा चारपटक स्वास्थ्य संस्थामै गर्नुपर्छ। त्यस्तै, सुत्केरी स्वास्थ्य संस्थामा गराउनु पर्छ, बच्चालाई लगाउनु पर्ने सबै खोप लगाउनु पर्छ भने सन्तान दुईजना मात्र हुनुपर्छ। यी ५ वटा शर्त पूरा गर्ने आमालाई हामी असल आमा भन्छौं।'

यससँगै पोषण व्यवहार परिवर्तन गरी कम तौल, पुड्केपना, ख्वाउटेपना, कुपोषणलाई उन्मूलन गरी पूर्ण पोषणयुक्त नगरपालिका बनाउने नगरको कार्यक्रम हो। पुस्तौंपुस्ताको कुपोषण चक्र तोड्नका लागि बहुक्षेत्रीय पोषण योजनाअनुसार 'हरेक बार, खाना चार, उपभोग गरौ सदाबहार' भन्ने नारा लिएर पोषण कार्यक्रम चलिरहेका छन्।

यसका लागि नगरपालिकाको मूलगेटमै पोषण कर्नरको स्थापना गरिएको छ। त्यसैगरी, पूर्ण स्तनपान, सेवाग्राही आमाका लागि नगरपालिका, जिल्ला प्रशासन कार्यालय, त्रिवेणी स्वास्थ्य चौकीमा सहज रुपमा आफ्नो बच्चालाई दुध खुवाउन स्तनपान कक्ष स्थापना गरिएको छ। सुनौलो हजार दिन यहाँको प्रभावकारी कार्यक्रम हो। यसमा आमाको घर पहिचान गर्न सुनौलो हजार दिन अंकित लोगो सहितको झन्डा राख्न लगाइएको छ।



"स्वस्थ नागरिक समृद्ध नगर"
भन्ने नारा लिएर तथ्यमा आधारित शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदरमा कमी ल्याउन, विवाहिता दम्पत्तीलाई दुईमात्र सन्तान उत्पादनमा प्रोत्साहन गर्न, महिलाको प्रजनन् अधिकार सुरक्षित गर्न, २० वर्ष पूरा नगरी विवाह गर्ने परिपाटी अन्त्य गर्न, छाउपडीजस्ता अन्धविश्वासमा आधारित संस्कारको अन्त्य गर्न कार्यक्रम ल्याएको मेयर रत्नबहादुर खड्का बताउनु हुन्छ ।

## भेरी नगरपालिका, जाजरकोट

# पूर्वाधारमा फड्को मार्दै भेरी नगर



नगरको समृद्धिका लागि लगानी गरेर मात्र हुँदैन। लगानी कार्यान्वयन कसरी हुन्छ ? त्यसको प्रतिफल कहिले र कसरी प्राप्त हुन्छ ? भन्ने पनि यकिन हुनु पर्छ। दिगो विकासको यो आधारभूत पक्षलाई पच्छ्याउँदै भेरी नगरले सहरी पूर्वाधार तयार गरिरहेको छ। नगरपालिकाबाट गरिने लगानीलाई दिगो र प्रभावकारी बनाउन आयोजना व्यवस्थापन कार्यविधि जारी गरेको छ।

कार्यविधिका आधारमा आयोजनाका लागि रकम दिने र अनुगमनबाट प्राप्त प्रगतिका आधारमा थप भुक्तानी दिने व्यवस्था गरिएको छ। कार्यबिधिअनुसार १० लाख रुपैयाँभन्दा माथिका डण्डी र सिमेन्ट आवश्यक पर्ने खानेपानी, सिँचाइ र भवनका योजनाहरुमा कूल सम्झौता रकमको २० प्रतिशत मात्रै पेश्की उपलब्ध गराइन्छ। अन्य कार्यक्रम आयोजनामा शून्य पेश्कीका आधारमा काम गर्न गराउन सुरू गरिएको छ। तुलनात्मक रुपमा बढी लागत खर्च हुने आयोजनाहरु विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्रै कार्यान्वयनमा ल्याउन थालिएका छन्।

नगरले विस्तृत परियोजना प्रतिवेदन तयार गरेर केही योजना कार्यान्वयन



चरणमा पुऱ्याएको छ। यस्ता योजनाहरुमा वडा नं. ३ मा करिब १० रूपैयाँ करोड बराबरको लागतको थाप्लेचौर बसपार्क, चार करोड २४ लाख रूपैयाँ बरावरको लगानीमा भुरचौर स्याउली सडक, ३३ करोड १९ लाख बराबरको लगानीमा रानागाउँ नेटीबजार सडक, १६ करोड २० लाख रुपैयाँ बराबरको लगानीमा काफलचौर डाप्का कभर्ड हल, पाँच करोड ५० लाख रूपैयाँ बराबरको कुदु लिफ्ट खानेपानी लगायत छन्। त्यस्तै नगर योजनाअन्तर्गत भवन तथा सहरी विकास विभागको सहयोगमा एकीकृत सहरी विकास योजना कार्यान्वयनमा छ।

सहरी पूर्वाधारसँगै नगरले आफ्नै अत्याधुनिक भवन निर्माण सुरू गरेको छ। सीमित जनशक्तिबाट सम्भव भएसम्म विद्युतीय प्रणालीमा आधारित सेवा दिइरहेको नगरले विद्युतीय सेवा नरोकियोस् भनेर सबै वडा कार्यालयहरुमा १८०० वाट क्षमताका सोलार प्रणाली र इन्टरनेट प्रणाली जडान गरेको छ। आम नागरिकहरुमा अधिकार मात्र होइन, समाज र देशप्रति जिम्मेवार बनाउन सामुदायिक शासन सुदृढीकरण कार्यक्रम सुरू गरेको छ भने स्वच्छ पिउने पानीका लागि बृहत खानेपानी सहरी योजना निर्माणको काम अन्तिम चरणमा पुगेको छ। स्थानीय सरकार सञ्चालनका लागि आवश्यक पर्ने ३० वटा ऐन, नियमावली, कार्यविधि जारी गरेको नगरले सन् २०२० सम्म पूर्ण सरसफाईयुक्त र सन् २०२१ सम्म बालमैत्री नगर घोषणा गर्ने लक्ष्य राखेको छ। नगर क्षेत्रको सरसफाईका लागि फोहोर संकलन, ढुवानी र अन्तिम व्यवस्थापन कार्यलाई नियमित गरेको छ भने फोहोरको अन्तिम व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माण भइसकेको छ।

नगर क्षेत्रमा मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न पाँचवटै स्वास्थ्य चौकीमा एक/एक जना अनमी र सहयोगी नियुक्त गरी बर्थिङ सेन्टर सञ्चालन गरिएको छ। नगरको शैक्षिक क्षेत्र सुधारका लागि विद्यार्थी संख्या न्युन भएका विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरिएको छ। भवन निर्माण संहिताको पालनाबाट सुरक्षा, सहरी सुरक्षाका लागि प्रहरीसँगको साझेदारिता नियमित काम बनेका छन्। वडामा कर असुलीसम्बन्धी सफ्टवेयर जडान प्रयोगमा ल्याइएकाले नगरबासीले कर तिर्न केन्द्रसम्म पुगिरहनै पर्दैन।

भेरी नगरपालिका कर्णाली प्रदेशअन्तर्गत जाजरकोट जिल्लाको सदरमुकाममा रहेको नगरपालिका हो। यो नगरपालिका २०७२ सालमा स्थापना भएता पनि स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधिहरु निर्वाचित भइसकेपछि मात्र यसले प्रवाह गर्ने सेवा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयासको थालनी भएको हो। नगरपालिकाको दैनिक सेवा प्रवाहका लागि आवश्यक जनशक्तिको अभाव, कार्यालय सञ्चालनका लागि भवनको अभाव तथा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने सेवा सञ्चालन गर्न आवश्यक ऐन कानुनहरुको अभाव जस्ता अप्ठ्यारा र चुनौतिलाई सामना गर्दै नगरपालिका सशक्त स्थानीय सरकार रुपमा स्थापित हुँदैछ।

**आम नागरिकहरुमा अधिकार मात्र होइन, समाज र देशप्रति जिम्मेवार बनाउन सामुदायिक शासन सुदृढीकरण कार्यक्रम सुरु गरेको छ भने स्वच्छ पिउने पानीका लागि बृहत खानेपानी सहरी योजना निर्माणको काम अन्तिम चरणमा पुगेको छ।**

# श्रम बैंकबाट रोजगार व्यवस्थापन

## रासकोट नगरपालिका, कालिकोट

नगरका जनतालाई रोजगारी दिएर जीवनप्रति आशा राख्न सक्ने बनाउनु नै शासन सञ्चालनको सफलता हो। शासन नागरिकका लागि हो भने उनीहरुले चाहना गरेको काम गर्नुपर्छ । रास्कोट नगरपालिकाले नगरको समृद्धिका लागि युवा परिचालन गर्न यही नीति अङ्गीकार गरेको छ।

युवाका लागि रोजगारी सिर्जना गर्न र नगरपालिकालाई द्रूततर विकासको बाटोमा अगाडि बढाउन १८ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेका युवालाई समेटेर श्रम रोजगार बैंक स्थापना गरेको हो । नगरपालिकाले प्रशासकीय कार्यविधि ( नियमित गर्न बनेको) ऐन, २०७४ को दफा ४ बमोजिम यो बैंक स्थापना गरेको हो। यसको प्रस्तावनामा भनिएको छ, 'श्रममार्फत नगरपालिकाको समृद्धिको आधारसहित सामाजिक विकासका हरेक पक्षमा युवालाई परिचालन गर्न वाञ्छनीय भएकाले नगर कार्यपालिकाले रास्कोट नगरपालिकाले यो कार्यविधि जारी गरेको हो।'

ग्रामीण चरित्र भएको यस नगरमा अभाव, गरिबी, बेरोजगारी जस्ता समस्या छन् । यसैकारण जीवनयापनमा चर्को संकट छ । सधैं परनिर्भरतामा बाँच्न विवश उर्जाशील युवाको श्रम शक्तिलाई अवसर खोज्न अन्त भौतारिनु नपरोस् भनेर नगरपालिकाले यो बैंक स्थापना गरेको हो। मेयर काशीचन्द्र बराल बताउनु हुन्छ, 'मेरो नगरका युवाले अन्यत्र गएर सस्तोमा श्रम बेच्नु नपरोस् । उनीहरुको उर्जा, आफ्नै नगरको समृद्धिका लागि प्रयोग गर्न सकियोस् । हाम्रो चाहना यही हो।'

'युवाको शान, श्रमको सम्मान, रास्कोट नगर निर्माणको पहिचान' भन्ने नाराअनुसार नगरपालिकाले काम गरिरहेको छ। नगरकी उपमेयर मिमसरा बम भन्नु हुन्छ, 'युवा शक्तिलाई विकास निर्माण, उत्पादन क्षेत्र, सामाजिक विकृति नियन्त्रण, दैवीप्रकोप, सुरक्षा लगायतका क्षेत्रमा काम गर्ने गरी बैंक स्थापना गरिएको हो। तीन हजार घरधुरी रहेको यस नगरपालिकाका हरेक घरबाट एक जनालाई अनिवार्य रोजगारीमा समाहित गरिनेछ।' आय र आयु वृद्धिको अन्तर्यभित्र रही पहिलो चरणमा दुई सय ६० जना युवाको दस्ता निर्माण गरी नगरले काममा ल्याएको छ । यसले नगरमा नयाँ आशा र भरोसा सिर्जना गरेको छ।

> **प्रतिव्यक्ति कूल आम्दानीको १० प्रतिशत अनिवार्य बचत र ५० वर्ष उमेरपछि अनिवार्य सेवानिवृत हुँदा नगर सरकारको तर्फबाट कूल बचतको शत प्रतिशत बोनस पाउने गरी समूहगत हितकोष निर्माण गरिएको छ । यसरी व्यक्ति र समाजको विकाससँगै लैजाने बैंकको उद्देश्य हो । यस प्रकारको बैंक सम्भवत: नेपालमै पहिलो हो ।**

नगरमा कूल जनसंख्याको ५० प्रतिशत युवा छन् । बैंक स्थापना भएपछि स्थानीय श्रम र वस्तुको अधिकतम प्रयोग हुन थालेको छ । यसले श्रमको सम्मान, बचत गर्ने बानीको विकास तथा लगानीका लागि नगरबासी प्रोत्साहित बनेका छन्। यस बैंकमा साक्षर, निरक्षरदेखि उच्च शिक्षा हासिल गरेका अप्राविधिक र प्राविधिक दुवै जनशक्ति अट्ाउँछन्। यस बैंकमा दर्ता भएका जनशक्ति नेपालका जुनसुकै ठाउँमा पनि प्रयोग हुन सक्नेछन् तर उनीहरुलाई वैदेशिक कामका लागि भने पठाइने छैन। २० जनाको समूहमा परिचालन हुने श्रममा एक एकजना व्यवस्थापक र प्राविधिक सहितको टोली हुनेछ । उनीहरुको भुक्तानी दोहोरो कार्य मूल्यांकनको आधारमा बैंकमार्फत हुनेछ।

सम्भावित दुर्घटनालाई मध्यनजर गरेर सुरक्षावापत प्रतिव्यक्ति १० लाख रूपैयाँको निर्जीवन बिमा गरिएको छ। यसका अलावा प्रतिव्यक्ति कूल आम्दानीको १० प्रतिशत अनिवार्य बचत र ५० वर्ष उमेरपछि अनिवार्य सेवानिवृत्त हुँदा नगर सरकारको तर्फबाट कूल बचतको शत प्रतिशत बोनस पाउने गरी समूहगत हितकोष निर्माण गरिएको छ। यसरी व्यक्ति र समाजको विकाससँगै लैजाने बैंकको उद्देश्य हो। यस प्रकारको बैंक सम्भवत: नेपालमै पहिलो हो।

कोठासम्ममा नभएका लागि पनि नगरपालिकाले एकीकृत जीवन प्रवर्द्धन कार्यक्रम चलाएको छ । आय र आयुमा वृद्धि गरी समृद्ध रास्कोट निर्माण गर्ने महाअभियानमा स्थानीयको परम्परागत जीवन शैलीमा सुधार गर्न यस प्रकारको अभियान थालिएको हो। यसमा प्रतिघर भान्सा सुधार, पोषण व्यवस्थापन, महिला बालबालिका र वृद्धाहरुको संरक्षण, स्थानीय अर्गानिक स्वस्थकर आहार विहारको निर्माण र प्रयोगजस्ता कार्यक्रम पर्दछन् । व्यक्ति, घर र समुदाय एकीकृत समन्वयात्मक निरन्तर अभियान, जंकफुड लगायतका रसायनिक विषादी प्रयोग भएका खाद्यवस्तुको प्रयोगमा न्यूनीकरण, सरसफाई स्वच्छ खानेपानीको प्रयोग, बाल तथा वृद्धा उद्यानको निर्माण, सामाजिक उत्प्रेरकद्वारा प्रतिछाक प्रतिघर नियमित अनुगमन, एक घर एक धारा खानेपानी व्यवस्थापनलाई पनि कार्यक्रमले नगरवासीका लागि भइरहेका छन्।



## नीलकण्ठ नगरपालिका, धादिङ

# प्रभावकारी बन्दैछ मेयर उद्यमशिलता कार्यक्रम




शुरुवातको पहिलो ६ महिनामै ६ करोड बराबरको पशुवीमा भएको छ । सबै नगरबासीलाई सहज उपचार सेवा उपलब्ध गराउन स्वास्थ विमाको कार्यक्रम पनि छिट्टै शुरुवात गर्ने काम भइरहेको छ । नगरपालिकाको साधन र स्रोत सेवाग्राहीको माग अनुसार नगरपालिकालाई समृद्धि बनाउने गरी नीलकण्ठ नगरपालिकाका जनप्रतिनिधिहरु निरन्तर क्रियाशिल छन ।

निलकण्ठ नगरपालिकाले नगरबासीलाई उद्यमी बनाउने अभियान सञ्चालन गरेको छ। उद्यमबाट मात्र समग्र नगरको विकास स्थानीयको आवश्यक्ता पूर्ति गर्न सकिने बुझाइ नगरपालिकाको छ। स्थानीयको योग्यता, क्षमता, दक्षता, अनुभव अनुसार पाँच वर्षमा तीन हजार नागरिकलाई उद्यमी बनाउने अभियान नगरपालिकाको छ। त्यसका लागि नगरपालिकाले नगरभित्रका संभावित उद्यमी र उद्यमको खोजी गरीरहेको छ। नगरबासीको आवश्यक्ता अनुसार नगरपालिकाले 'मेयर उद्यमी कार्यक्रम' घोषणा गरी कार्यक्रम शुरू गरेको छ ।

नीलकण्ठ नगरपालिकाले यस कार्यक्रमका लागि चालू बर्षमा ९० लाख रूपैयाँ विनियोजन गरि उद्यमी उत्पादन, उद्यमशिलता विकास तालिम तथा ब्यवसाय छनौट र स्वरोजगार तालिम सञ्चालन गरीरहेको छ । क्रमिकरूपमा सबै नगरबासीलाई उद्यमी बनाउँदै जाने लक्ष्यका साथ शुरू भएको 'मेयर उद्यमी कार्यक्रम' सञ्चालन गरिएको हो। एकिकृत सहरी विकास योजनाको मूल नारामै तय भएको उद्यमशिलता विकास लाई टेवा पुग्ने गरि 'एक वडा एक उत्पादन', कृषि र पर्यटनमा आधारित आय अभिबृदि गर्ने योजनालाई विशेष प्राथमिकता दिएर अघि बढाइएको छ। वडाको भौगोलिक अवस्था, हावापानी सार्वजनिक जमिन लगायत संभावित अवस्थाका आधार एक वडा एक उत्पादनलाई जोड दिदै अगाडि बढ्ने लक्ष्य नगरपालिकाले लिइएको नगर प्रमुख भिमप्रसाद ढुङ्गानाले बताउनुभयो। नीलकण्ठ नगरपालिकालाई हाम्रो कार्यकालको पाँच बर्ष भित्र एउटा नमुना नगरको रूपमा विकास गर्ने र राम्रा कामहरूको निरन्तरता सहित १० बर्ष भित्र सम्पूर्ण आधारभुत आवश्यकता पूरा भएको विकशित नगरको रूपमा स्थापित गर्ने हाम्रो लक्ष्य छ। नगरप्रमुख ढुङ्गानाले भन्नुभयो, 'स्थानीय नगरबासीको आवश्यक्ता अनुसार हाम्रो कार्यकालमा संभव भएसम्म राम्रो गर्ने नीति लिइएका छौं।'

सबै सरोकारवालाको साथ लिई नीलकण्ठ नगरपालिकालाई स्मार्ट सिटीको पुर्वाधार युक्त नगरको रूपमा विकास गर्दै नेपालको नमुना स्मार्ट सिटी बनाउने दीर्घकालीन सपना साकार हुने विश्वास सहित हाम्रो टीम निरन्तर क्रियाशिल छ।

मेयर उमशिलता कार्यक्रम सञ्चालनका लागि सडक पूर्वाधार अत्यावश्यक भएको महसुस गरी नगरपालिकाले सबै वडा कार्यालयसम्म बाह्रै महिना चल्लने सडक सञ्चालनका लागि उच्च प्राथमिकता राखी काम धममाधम भइरहेका छन। वडा कार्यालयदेखि वडा कार्यालय र सबै वडादेखि नगरपालिकासम्म नियमित सवारी साधन सञ्चालनका लागि सधै सवारी साधन चल्ने सबै वडामा सडक सञ्जाललाई व्यवस्थित रूपमा निर्माण गर्ने काम भइरहेको छ। नगरको एक वडामा रणनीतिक सडक र १३ वटा वडा समेटिने गरि भण्डै ८० किलोमिटर रिङरोड निर्माण कार्य थालनी भै यसै बर्ष ५ किलोमिटर पीच हुने क्रममा क्रमागत योजनाको रूपमा शुरूवात भएको छ भने नगर केन्द्र धादिङ वेशीमा ५ किलोमिटर करिडोरको डिपिआर तयार गरी काम भैरहेको छ।

कृषिलाई ब्यवसायीकरण गरि कृषकलाई अभिप्रेरित गर्न नीलकण्ठ नगरपालिकाले पशुवीमा द्रुत सेवा शुरूवात गरेका छ। विमा कम्पनीसंग सहकार्य गरि क्षति भएकै दिन क्षतिपुर्ति दिने गरि प्रिमियममा ८५ प्रतिशत अनुदान दिने ब्यवस्था मिलाएको छ। शुरूवातको पहिलो ६ महिनामै ६ करोड बराबरको पशुवीमा भएको छ। सबै नगरबासीलाई सहज उपचार सेवा उपलब्ध गराउन स्वास्थ विमाको कार्यक्रम पनि छिट्टै शुरूवात गर्ने काम भइरहेको छ । नगरपालिकाको साधन र स्रोत सेवाग्राहीको माग अनुसार नगरपालिकालाई समृद्धि बनाउने गरी नीलकण्ठ नगरपालिकाका जनप्रतिनिधिहरू निरन्तर क्रियाशिल छन।

पाँच वर्षमा नगरपालिकालाई नमूना नगरपालिका बनाउने गरी नगरपालिकाले विभिन्न कार्यक्रम घोषणा गरी काम कार्यान्वयन गरिरहेको छ। त्यस्तै नगरपालिकाले सञ्चालन गरेको आकर्षण कार्यक्रम मध्ये सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा पनि हो। नगरका सवै गर्भवती महिलालाई स्वास्थ संस्थामै गएर प्रशुति गराउन उत्प्रेरित गर्न अस्पताल सम्म निःशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ। यसबाट प्रजनन स्वास्थ र महिलाहरूको प्रजनन स्वास्थ सचेतना बढ्न उल्लेख्य प्रभाव परेको नगरपालिकाले जनाएको छ।



# रासायनिक बिषादी न्यूनिकरण

## राप्ती नगरपालिका, चितवन

नियमित घरमा किसान आफैले बनाउन र प्रयोग गर्न सक्ने घरेलु बिषादी उत्पादनमा नगरपालिकाले सहयोग गर्नेछ । सुरक्षित रासायनिक बिषादीको प्रयोग गर्न र जैविक विषादी प्रयोगमा प्रोत्साहन गर्ने अभियानमा नगरपालिका योजना बनाएरै लागेको नगर प्रमुख प्रभा बरालले बताउनु भयो ।

राप्ति नगरपालिका चितवनले नयाँ प्रयास शुरू गरेको छ। नगरबासिहरूको अधिक मेहनत र प्रयासलाई नगरपालिको सहकार्य गर्दै नगरपालिका भित्र रासायनिक विषादी न्यूनिकरण अभियान शुरू गरिएको छ। जसले मानव स्वास्थ्य मात्रै नभई कृषकहरूको खर्च हुने रकम र अन्य जोखिमहरू न्यूनिकरण हुने अपेक्षा गरिएको छ। उक्त अभियानले कृषकहरू खुशी छन्। बिषादीको प्रयोग जापानमा १२ कलोग्राम खास बिष प्रति हेक्टर रहेको छ। क्रमशः भियतनाम र कोरीयामा खास बिषको प्रयोग १६ र १४ केजी प्रति हे रहेको छ। नेपालमा बिषादिको प्रयोग मात्र ३९६ ग्राम खास बिष प्रति हेक्टर रहेको छ। कुल बिषादिको ९० प्रतिशत तरकारी उत्पादनमा प्रयोग हुने गर्दछ। नेपालमा गरिएको अध्ययनबाट मानव स्वास्थ्यमा बिषादिको जोखिम बढेको पाइएको छ। ब्याबसायिक कृषिको बिकास सगै बिषादीको अशुरक्षित एबं असाबधानीपूर्ण प्रयोग पनि बढेको छ । बिषादी प्रयोग पछि पर्खने पर्ने समयको पालना नगरीनु त्यसको प्रमुख कारण हो नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राप्ती नगरपालिकाको दोश्रो नगर सभाले यो ऐन बनाई कार्यान्वयन गरेको छ।

हानिकारक जीवहरूको शिकार गरेर, परजीवी बनेर, रोग लगाएर सो को बृद्धि कम गराउने तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने पदार्थ (फेरोमोन्स, एट्र्याक्टयान्ट, रिपेलेन्ट्), हानिकारक जीवहरूको नियमित बृद्धि र प्रजनन् कार्यमा असर पार्ने पदार्थ (इन्सेक्ट ग्रोथ रेगुलेटर), पञ्जिकरण खारेज वा निलम्बन गर्न सिफारिस गर्न सक्ने छ। बिषादी सम्बन्धि कारोबार गर्न इजाजतपत्र लिनुपर्ने, इजाजतपत्र खारेज गर्न सिफारिस गर्ने, शाखाको काम, कर्तव्य र अधिकार, घरेलु विषादीको प्रयोग यस ऐन बमोजिम पञ्जिकरण नगराई पनि गर्न सकिनेछ। वनस्पति र जैविक विषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

आई.पि.एम। तयारी तथा रेकर्ड किपिङ्ग गरिनेछ। प्लान्टको क्लिनिक संचालन गरिनेछ। निमको पात १ कि.ग्रा २. खिर्रोको पात १ कि.ग्रा, बनमाराको पात १ कि.ग्रा, टिमुर को दाना २५० ग्राम, पिरो खुर्सानी २५० ग्राम, सरफाई २०० ग्रम, गहुँत ७ लि.र पानी २० लिटर राखी जैविक विषादी तयार गरिनेछ। यस सम्वन्धी तालिम नगरका सबै कृषकहरूका लागि उपलब्ध गराईने नगर प्रमुख प्रभा बरालले बताउनु भयो। नियमित घरमा किसान आफैले बनाउन र प्रयोग गर्न सक्ने घरेलु बिषादी उत्पादनमा नगरपालिकाले सहयोग गर्नेछ। सुरक्षित रासायनिक बिषादीको प्रयोग गर्न र जैविक विषादी प्रयोगमा प्रोत्साहन गर्ने अभियानमा नगरपालिका योजना बनाएरै लागेको नगर प्रमुख प्रभा बरालले बताउनु भयो।







## काठमाडौं महानगरपालिका, काठमाडौं

### नगर-नगर साझेदारी कार्यक्रम

# एकीकृत स्थानीय विकासको महत्वपूर्ण आधार

छिमेकी नगरपालिकाको विकास हुँदा मात्र महानगरपालिकाको विकास हुन्छ भन्ने मान्यता काठमाडौं महानगरपालिकाले बोकेको छ । काठमाडौं महानगरपालिकाले महानगरको मात्र नभइ समग्र जिल्ला भित्र भएका ११ वटै नगरपालिकाको विकासलाई अगाडि बढाउने अभियान थालेको छ । यसका लागि महानगरपालिकाले चालु आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटमा नै नगर नगर साझेदारी कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको र अहिले त्यसको व्यवहारिकरुमा कार्यान्वयन हुन थालेको छ। काठमाडौं जिल्ला भित्रका ९ वटा नगरपालिकाहरूसँग साझेदारी गर्ने सम्झौता २०७५ माघ २७ गते सम्पन्न भएको छ। यो सम्झौताबाट काठमाडौं जिल्ला भित्रका सबै नगरपालिकाहरूका बीचमा सहकार्यको आधार तयार भएको छ। साझा सवालहरूमा स्थानीय सरकारहरू मिलेर स्रोत साधन तथा कार्यक्रममा साझेदारी गरी कार्य सम्पादन गर्न विकासको एकीकृत परियोजनाको प्रारूप खडा भएको छ। यसले अन्तर नगरपालिकाबीच सहकार्य, सहअस्थित्व र सझदारी कायम भइ विकासको कार्यले गति लिने विश्वास महानगरपालिकाको छ। जुन कार्य अन्य क्षेत्रका स्थानीय तहहरूका लागि समेत अनुकरणीय हुन सक्दछ।

काठमाडौं महानगरपालिकाको नगर-नगर साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका भित्रका अन्य नगरपालिकाहरूसँगको सहकार्यमा उपत्यका एकीकृत विकास कार्यक्रम सञ्चालन गरी उपत्यकालाई एउटा सिँङ्गो समृद्ध सहरका रूपमा विकास गर्न पहल शुरू भएको छ। अन्तर नगर साझेदारी कार्यक्रम शीर्षकमा विनियोजित रकम मध्येबाट रू. १ करोडका दरले सबै नगरपालिकालाई रकम उपलब्ध गराई सकेको छ। नगरपालिकाहरूमा विनियोजन गरेका योजनाहरू यस्ता छन्।

**कीर्तिपुर नगरपालिकामा**

- वडा नं.१,२ र १० क्षेत्र समेटी युद्ध स्मारक पार्क निर्माण।
- करिब ५५ रोपनीको भौगोलिक क्षेत्र समेटिने गरी निर्माण तथा विकास गर्ने परियोजनामा घेरा पर्खाल, हरियाली उद्यान सहितका विभिन्न संरचना समेतको युद्ध स्मारक पार्क निर्माण।
- परियोजनाको ड्रईङ्ग डिजाईन अनुरूपको संरचना विकास/निर्माण गर्दा लाग्ने कूल लागतको यथोचित रकम काठमाडौं महानगरपालिकाले व्यहोर्ने

**शंखरापुर नगरपालिका**

- वडा नं.९ बज्रयोगीनी मन्दिर क्षेत्रमा हरित उद्यान विकास तथा निर्माण।
- बज्रयोगीनी मन्दिर क्षेत्रमा उद्यान, सार्वजनिक शौचालय, सिँढी, घेरा पर्खाल, वनभोज क्षेत्र (एब्अलश्र कयत)मा सेड, सवारी साधन पार्किङ्गस्थल समेतको परियोजना विकास तथा निर्माण गर्न पूर्वतर्फ बाटो, पश्चिमतर्फ मन्दिर र जङ्गल, उत्तरतर्फ बाटो र जङ्गल, पश्चिम तर्फ बाटो गरी करिब १०० रोपनी सार्वजनिक जग्गामा हरित उद्यान विकास तथा निर्माण।

**कागेश्वरी मनोहरा नगरपालिका**

- वडा नं.१ मा अवस्थित प्रसिद्ध कागेश्वरी मन्दिर र त्यस वरिपरिको क्षेत्रलाई समेटी पवित्र कागेश्वरी धाम निर्माण।
- परियोजनाको लागि उत्तर सहिद पार्क, दक्षिण अड्डापाटी, पूर्व गागल फेदी र पश्चिम ढकाल गाउँको सिमा भित्र रहेको करिब ५५ रोपनी जग्गामा पर्यटकीय कागेश्वरी धाम निर्माण।

**गोकर्णेश्वर नगरपालिका**

- वडा न.९ जगडोल स्थित राष्ट्रिय सहिद तथा शान्ति पार्क क्षेत्रभित्र निर्माण गरिने गोकर्णेश्वर पार्क (गोकर्णेश्वर नगरपालिका र राष्ट्रिय शहिद तथा शान्ति पार्क निर्माण तथा व्यवस्थापन समिति बीच मिति २०७५ माघ ८ गते भएको सम्झौता अनुसार) निर्माण।
- ज्येष्ठ नागरिक आराम कक्ष, रेलिङ सहितको अपाङ्गतामैत्री पदमार्ग, बालबालिका मनोरन्जन क्षेत्र, एम्पीथेटर, चिन्तन मनन बगैंचा, फूल बगैंचा, जगिङ्ग ट्रायल, अन्तरक्रिया कक्ष, माथि उल्लेखित क्षेत्रहरूको विभिन्न उपयोगिता सेवा कक्ष, गार्ड कक्ष, बगैंचाको सामानहरूको भण्डारण कक्ष, शौचालय र खाजा/खाना खाने क्षेत्र र जनावरको पार्कभित्र प्रवेश रोक्नको लागि वरपर हरियो झाडीको छेकबार सहितको संरचना निर्माण गरी सञ्चालन गर्ने परियोजनाको लागि राष्ट्रिय सहिद तथा शान्ति पार्क भित्र

**बूढानिलकण्ठ नगरपालिका**

- वडा नं.८ हात्तीगौडामा बूढानीलकण्ठ पार्क निर्माण
- परियोजनाको लागि पूर्व जगन्नाथ देवल पार्क, पश्चिम नेपाल टेलिकम, भद्रकाली शाखा कार्यालय, उत्तर सी.जि.हिलको आवास क्षेत्र र दक्षिण तर्फ र्माकसिष्ट गुरूकुल पार्कको चारकिल्ला भित्र करिब १४ रोपनी जग्गामा बूढानीलकण्ठ पार्क निर्माण गरिने। .

**तारकेश्वर नगरपालिका**

- वडा नं.३ धाम क्षेत्रमा तारकेश्वर धाम निर्माण।



- परियोजनाको लागि चारैतिर सार्वजनिक जङ्गल रहेको र सो को बीचमा करिब १० रोपनी सार्वजनिक जग्गामा तारकेश्वर महादेव, सन्त महन्त बस्ने कुटी, पोखरी, सत्तल, धामसम्म आवत जावत गर्ने बाटाका सिँढीहरू तथा वरपर हरियाली क्षेत्र विकास समेतको समग्र तारकेश्वर धाम निर्माण।

**नागार्जुन नगरपालिका**

- वडा नं.६ डाँडापौवामा गणेशमान स्मृति पार्क निर्माण।
- परियोजनाको लागि पूर्व निजि जग्गा पश्चिम श्यामेश्वर गणेशमान सामुदायिक वन, उत्तर निजि आवास क्षेत्र र दक्षिण बाटो चार किल्ला भित्र करिब १७ रोपनी सार्वजनिक जग्गामा आधुनिक तथा मौलिक पार्क निर्माण गरी नागार्जुन नगरपालिकाको १ देखि १० वडामा रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, प्राकृतिक विशेषताहरू झल्कने आकृतिहरूको एकै स्थानमा एकीकृत रूपमा निर्माण तथा व्यवस्थापन गर्ने, गणेशमान सिंहद्वारा वृक्षारोपण भएको यस क्षेत्रको उचित संरक्षण गरी गणेशमान सिंहको शालिक स्थापना गर्ने

**चन्द्रागिरी नगरपालिका**

- वडा न.१३, कंकाली मन्दिर परिभ्रमण क्षेत्र पर्या-पर्यटन एवम् ऐतिहासिक साँस्कृतिक पर्यटनका लागि पुर्वतर्फ दण्डा गाउँ, पश्चिमतर्फ इन्द्रधारा सडक, उत्तरतर्फ नागार्जुन न.पा.को सिमाना र दक्षिणतर्फ लम्साल गाउँ रहेको करिब २६रोपनी सार्वजनिक जग्गाको चारकिल्ला भित्र रमणीय उद्यान निर्माण।
- परियोजनाको ड्रईङ्ग डिजाईन अनुरूपको संरचना विकास/निर्माण गर्दा लाग्ने कुल लागतको यथोचित रकम काठमाडौं महानगरपालिकाले व्यहोर्ने।

**दक्षिणकाली नगरपालिका**

- वडा न.५ स्थित गोरखनाथ मन्दिरबाट करिब ३०० मिटर माथिसम्म परम्परागत सिँढी, गोलाई आकारको अवलोकन स्तम्भ, बहुउद्देश्यीय उद्यान, झरना, बाल उद्यान, प्राचीन दक्षिणकाली मन्दिरसम्म परम्परागत सिँढी र सम्पूर्ण क्षेत्रमा पर्खाल समेत निर्माण तथा विकास गर्ने बहुउद्देश्यीय परियोजना।
- परियोजनाको ड्रईङ्ग डिजाईन अनुरूपको संरचना विकास/निर्माण गर्दा लाग्ने कुल लागतको यथोचित रकम काठमाडौं महानगरपालिकाले व्यहोर्ने। .टोखा नगरपालिका
- टोखा नगरपालिकाको बौडेश्वर क्षेत्रको पार्क सहित निर्माणको लागि आ.व.२०७४।०७५ मा रू.१ करोड साझेदारी रकम उपलब्ध गराइएकोमा उक्त पार्क निर्माण सम्बन्धी परियोजना कार्यान्वयनमा अघि बढि सकिएको छ । सो परियोजनामा सम्झौता अनुसार लाग्ने लागतको ५०% साझेदारी काठमाडौं महानगरपालिकाले गर्ने कुरा सम्झौतामा उल्लेखित छ।

यसरी काठमाडौं जिल्ला भित्रका सबै नगरपालिकाहरूसँग विभिन्न परियोजनामा काठमाडौं महानगरपालिकाले नगर नगर साझेदारी कार्यक्रम अन्तर्गत साझेदारी गर्दै अघि बढेको छ । काठमाडौं महानगरपालिका नेपालको राजधानी रहेको जेष्ठ महानगरपालिका भएको नाताले अन्य नगरपालिकाहरूसँग सहकार्य गरी अघि बढ्दै गरेको कार्य अन्य जिल्लाका स्थानीय तहहरूका लागि समेत अनुकरणीय हुन सक्दछ। यस बाहेक पनि काठमाडौं उपत्यका साझा सवालहरूमा सबै स्थानीय तहहरूको सहकार्य र साझेदारीमा एकीकृत परियोजनाहरू संचालन गर्ने तर्फ समेत काठमाडौं उपत्यका भित्रका नगरपालिकाहरूको संघ मार्फत छलफल अघि बढि रहेको छ।

# समुन्नतिको आधार : कृषि, शिक्षा, पर्यटन र पूर्वाधार

## आठबीसकोट नगरपालिका, पश्चिम रुकुम

कर्णाली क्षेत्रको नाम लिनेबित्तिकै विपन्नताको झल्को आउँछ । यही विपन्नताभित्र आठबीस नगरले सम्पन्नता खोजिरहेको छ। यस क्षेत्रमा विद्यमान स्वास्थ्य समस्या समाधान गर्न स्थानीय जनशक्तिलाई क्षमतावान् बनाउने काम नगरको प्राथमिक काम हो।

> नगरपालिकाले ५ वर्षे कृषि रणनीति नगर सडक गुरुयोजना र पर्यटन गुरुयोजना निर्माण गरेको छ । नयाँ शैक्षिक सत्रबाट सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्य सम्पादन सम्झौता गर्ने तयारी भएको छ । ग्रामीण क्षेत्रमा रहेका युवामा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रममार्फत हरेक वर्ष १८ जना बेरोजगार युवालाई उद्यमशीलता प्रवर्द्धनमा सहयोग गरिनेछ ।

यसका लागि एमबीबीएस, हेल्थ असिस्टेन्ट र स्टाफ नर्समा एक/एक जनालाई ७५ प्रतिशत छात्रवृत्ति दिइएको छ। योग्यता हासिल गरिसकेपछि ती विद्यार्थीले नगरपालिकाले तोकेको स्वास्थ्य वा शैक्षिक क्षेत्रमा काम गर्नेछन्। यी जनशक्तिबाट हामी स्वस्थ्य समाजको कल्पना गरेको मेयर खड्गराज उपाध्यायको अपेक्षा छ। शिक्षाबाहेक नगरलाई उज्यालो बनाउन २२ किलोवाट कानेगाँड लघु जलविद्युत आयोजना नगर आफ्नै अगुवाईमा अघि बढेको छ। त्यस्तै वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र तथा नगरपालिकाको संयुक्त लगानीमा भित्री खोला लघु जलविद्युत योजनाको काम पनि अघि बढाइएको छ।

सुर्खेत जुम्ला सडकको मध्य भागमा पर्ने भएकाले पनि नगरको महत्व बढी छ। नगरमा बसपार्क बनाउन विस्तृत परियोजना प्रतिवेदनको तयार भइसकेको छ भने प्रस्तावित ठाउँको माटो परीक्षण पनि भइसकेको छ । यो काम नगर विकास कोषमार्फत अघि बढेको हो। अधिकांश नागरिक कृषिमा आधारित रहेको तथ्यलाई मध्यनजर गर्दै नगरले एक वडा एक कृषि उत्पादन कार्यक्रम लागू गरेको छ। यस कार्यक्रममा १ करोड ३५ लाख रूपैयाँ बजेट खर्च गरेर कृषिमा व्यावसायिकताको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ। नगरपालिकाले नगर गौरवको योजनाको रुपमा ९ वटै वडा समेट्ने गरी नगर चक्रपथको अवधारणा अघि बढाएको छ। नगरले यसका लागि १ करोड रूपैयाँ बजेट बिनियोजन गरेको छ। प्रदेश सरकारसँगको समन्वयमा यो काम सम्पन्न गरिनेछ।

नगरपालिकाले ५ वर्षे कृषि रणनीति नगर सडक गुरूयोजना र पर्यटन गुरूयोजना निर्माण गरेको छ । नयाँ शैक्षिक सत्रबाट सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग कार्य सम्पादन सम्झौता गर्ने तयारी भएको छ। ग्रामीण क्षेत्रमा रहेका युवामा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रममार्फत हरेक वर्ष १८ जना बेरोजगार युवालाई उद्यमशीलता प्रवर्द्धनमा सहयोग गरिनेछ। दैनिक सेवामा आउने सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउनु, सुशासन र पारदर्शिता बढाउनु नगरका प्राथमिक कार्य क्षेत्र हुन् । नागरिकसँगको निकट सम्बन्ध जनप्रतिनिधिको न्यूनतम शर्त हो। सेवा लिन होइन, सुविधा दिन आएकाले जनप्रतिनिधिले कार्यपालिका बैठकको भत्ता नलिने निर्णय गर्नु सेवाको संकेत हो।

१६८ वर्ग किलोमिटर क्षेत्रफल भएको आठबीस नगरपालिका दैलेख जिल्लाको पश्चिम भागमा छ। साविकका ६ वटा गाविस समेटेर बनेको यस नगरमा ९ वटा वडा छन् । दैलेख जिल्लाका ११ वटा स्थानीय तहमध्ये क्षेत्रफल र जनसंख्याका हिसाबले यो दोस्रो ठूलो स्थानीय तह र नेपाल सरकारबाट निर्धारण भएका १० वटा नमूना सहरमध्येको एउटा हो । प्राकृतिक, धार्मिक र सांस्कृतिक पहिचान यस नगरका चिनारी हुन्।

२०६८ सालको जनगणनाअनुसार, ब्राह्मण, क्षेत्री, ठकुरी र दलित समुदायको मुख्य बसोवास रहेको यस नगरको जनसंख्या २९ हजार दुई सय २७ रहेको छ। कर्णाली नदी, उर्वर फाँटहरु, अधिकारी थान, नैनलदेव मन्दिर र बयाल ढुंगाको लेकजस्ता सम्पदाले यसलाई पर्यटकीय संभावनायुक्त क्षेत्र बनाएका छन्।







# विधिको शासनबाट समाजको समृद्धि

## चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख

स्थानीय तहका लागि आवश्यक पर्ने कानुन तर्जुमा स्थानीय सरकारमा सुशासनको आधार हो। यस नगरले कामलाई सरल र व्यवस्थित बनाउन अहिलेसम्म ३९ वटा ऐन, नियमावली र कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। आफ्नो भूगोल, सामाजिक मनोविज्ञान र आवश्यकताका आधारमा आफैंले कानुन तर्जुमा गरेपछि काम गर्न धेरै सजिलो हुने मेयर सूर्यबहादुर शाहीको अनुभव छ।

यसले स्थानीय सरकार सञ्चालन तथा असल शासन प्रवर्द्धनमा सहयोग पुगेको उहाँको अनुभव छ। नगरले तर्जुमा गरेका कानुनी व्यवस्थामध्ये 'जलचर एवं जलीय जैविक विविधता संरक्षणसम्बन्धी विधेयक', 'मदिरा नियन्त्रणसम्बन्धी कार्यविधि' जस्ता व्यवस्थाले नागरिकको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव राख्छ। छाडपडी प्रथाविरूद्धको सामाजिक सचेतना अभियान पनि नगरको प्रभावकारी कार्यक्रम हो। नगरको समृद्धिका लागि 'फराकिलो बाटो, फराकिलो नगर र फराकिलो मन' नगरको नारा र 'हरियाली होइन, आयमूलक जैविकमैत्री हरियाली सडक' नीतिले नगरलाई बाटो देखाएको छ।

> नगरवासी खानेपानी समस्यालाई समाधान गर्न ३८ किलोमिटर टाढाबाट बृहत् मजुवा खानेपानी योजना निर्माणाधीन अवस्थामा छ । प्रदेश सरकारको मातहतमा रहेको यस योजनाको विकल्पका रूपमा कर्णाली लिफ्ट खानेपानीलाई अघि बढाइएको छ । यस योजनालाई नगरले ५० लाख बजेट विनियोजन गरेको छ ।

सबै वडा र स्वास्थ्य चौकीमा १२ महिनै यातायातको पहुँच पुऱ्याउने कार्यक्रम नगर गौरवको योजना हो। यसले हरेक स्वास्थ्य संस्थालाई सडक सञ्जालसँग जोडेको छ। स्थानीय तहको निर्वाचनपछि नगरमा भौतिक पूर्वाधार, सहरी सुविधा वितरण, स्वास्थ्य शिक्षा, पर्यटन, कृषि र पशु, वन तथा जैविक विविधताका क्षेत्रमा धेरै काम भएका छन्। शैक्षिक क्षेत्र विकासअन्तर्गत एक वडा/एक नमूना विद्यालय बनाउने नीतिअनुरुप नगरका शैक्षिक कार्यक्रम चलिरहेका छन्। चामुण्डा माध्यमिक विद्यालयको २८७ रोपनी क्षेत्रफल भएको जग्गामा पूर्वाधार तयार पार्न विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने काम भइरहेको छ। यस पूर्वाधारमा सञ्चालन हुने कार्यक्रम 'आउ, पढ, कमाउ र घर जाऊ' नीतिअनुरुप हुनेछ। नेपालमै पहिलोपटक सीपमूलक/चरित्र निर्माणसम्बन्धी अभिभावक शिक्षामाला निर्माणको अन्तिम तयारी छ। औपचारिक शिक्षामार्फत कला संस्कृति, भूगोललगायत विषयमा अध्यापन गराउन स्थानीय पाठ्यक्रम तयार हुँदैछ।

बालबालिकामा शिक्षाको पहुँच पुऱ्याउन प्रत्येक टोल-टोलमा र नगरपालिकाभित्र सबै सामुदायिक विद्यालयमा बाल शिक्षा कक्षा सञ्चालन गरिएको छ। सबै वडामा कम्तिमा एउटा सहरी स्वास्थ्य क्लिनिक स्थापना भइसकेका छन्। भौगोलिक सहजतालाई हेरेर वडा १, २ र ५ मा भने दुई–दुईवटा क्लिनिक सञ्चालन गरिएका छन्। यी स्वास्थ्य सेवा केन्द्रबाट जेष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका र बालबालिकालाई घरदैलोमै पुगेर सेवा दिने गरिएको छ। सबै स्वास्थ्य चौकीमा यातायातको सुविधा पुऱ्याउनु, बिन्द्रासैनी स्वास्थ्य चौकीलाई २५ शैयाको अस्पताल र आयुर्वेदिक अस्पाल बनाउन प्रदेश र संघीय सरकारसँग पहल गर्नु नगरका मुख्य कार्यक्रम हुन्। जनप्रतिनिधिले आवास र यातायातको सुविधा नलिएर त्यसवापत आउने रकमले एम्बुलेन्स खरिद गरेर सञ्चालन गर्नु स्वास्थ्य क्षेत्रको सुधारका लागि भएको प्रयास हो। नगरवासी खानेपानी समस्यालाई समाधान गर्न ३८ किलोमिटर टाढाबाट बृहत् मजुवा खानेपानी योजना निर्माणाधीन अवस्थामा छ। प्रदेश सरकारको मातहतमा रहेको यस योजनाको विकल्पका रुपमा कर्णाली लिफ्ट खानेपानीलाई अघि बढाइएको छ। यस योजनालाई नगरले ५० लाख बजेट विनियोजन गरेको छ। यी दुवै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ।

एक वडामा एउटा नर्सरी राखेर रैथाने बीउ-बिजन संकलन तथा संरक्षण केन्द्र सञ्चालन गर्ने नीतिअनुसार काम भइरहेको छ। कृषि पकेट एरियाअन्तर्गत किबि, ओखर, आँप, टिमुर अनार, अलैंची र सुन्तला पकेट एरिया बनाएर उत्पादन बढाउने काम हुँदैछ। नगरका ७५ प्रतिशत महेललाई कलमे गरी नासपति बनाउने अभियान सुरू भएको छ। वडा नं. ६ को लैनचौरमा २५ रोपनी जग्गामा आँपका विरूवा उत्पादन गर्ने कर्णाली प्रदेशकै पहिलो नर्सरी निर्माणाधीन अवस्थामा छ भने लोकल कुखुरा, बाख्रा र भैसी फर्मको सञ्चालनको तयारी छ।

जंगल संरक्षणका लागि एक वडा पाँच निर्वाचित प्रतिनिधि संरक्षित जंगलको ऐन पास गरी ४५ वटा जंगल संरक्षण गरिएको छ। वडा नं. ६ मा १० हेक्टर क्षेत्रफलमा कर्णाली प्रदेशकै ठूलो नगरपार्क निर्माणाधीन छ। बाह्रै महिना फुल्ने-फल्ने फलफूलको जंगल बनाउने, नन्दन वन, वृन्दा वन, काम्यके वन, अशोक वन बनाउने, बगैंचा होइन फलफूल जंगल बनाउने, स्थानीय फलफूल संरक्षित क्षेत्र निर्धारण, चिउरी, काफल, चुत्रा, तिदु, गुराँस लगायतका वनस्पति र जडीबुटीको संरक्षण गर्ने नगरको नीति छ।

# नमूना सहर बन्दै दमक

## दमक नगरपालिका, झापा

यस नमूना बजारको समुद्घाटन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७५ साल वैशाख १९ गते भइसकेको छ । दमक हालका प्रधानमन्त्री ओलीको गृहनगर पनि हो । चारपांग्रे सवारी साधन प्रवेशमा रोक लगाइएको यो नमूना बजारमा बेलुका ५ बजेदेखि ९ बजेसम्म सन्ध्याकालीन शान्त बजार लाग्ने गरेको छ ।

पूर्वाञ्चलको सर्वाधिक चर्चामा रहेको दमक बजार थप नमूना बन्दैछ। प्रदेश नम्बर १ का प्रमुख सहरमध्ये दमक पनि एक हो। पूर्व पश्चिम राजमार्गको झापा जिल्लामा पर्ने दमक सम्भावनाको पनि उत्तिकै फराकिलो अवस्थामा छ।

दमक नगरपालिका वडा नं. ६ स्थित मुख्यबजार क्षेत्रमा आकर्षक पर्यटकीय स्थलको रुपमा 'दमक नमूना बजार' को निर्माण गरिएको छ। सडकमा आकर्षक टायल्स लगाइएको, दुवैतर्फ स्टीलको रेलिङ र बेञ्च निर्माण गरिएको छ। यसैगरी, मनोरम बगैंचा र पानीको फोहोरा सहितको यो बजारको लम्बाई २०० मिटर रहेको छ।

यस नमूना बजारको समुद्घाटन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७५ साल वैशाख १९ गते भइसकेको छ । दमक हालका प्रधानमन्त्री ओलीको गृहनगर पनि हो । चारपांग्रे सवारी साधन प्रवेशमा रोक लगाइएको यो नमूना बजारमा बेलुका ५ बजेदेखि ९ बजेसम्म सन्ध्याकालीन शान्त बजार लाग्ने गरेको छ । यहाँ फ्रि वाईफाई जोन छ । यो नमूना बजार आकर्षक आन्तरिक पर्यटकीय स्थलको रुपमा विकास भइरहेको छ।

अभिलेखअनुसार, दमक नगरपालिकाको जननिर्वाचित पहिलो नगरसभा २०७४ बाट दमकमा बसोबास गर्ने धिमाल जातिलाई दमक नगरको पहिलो बसोबास गर्ने नागरिकको रुपमा 'प्रथम नागरिक' घोषणा गरी नगरपालिकाको परिसरमा प्रथम नागरिकको प्रतिमा निर्माण गरिएको छ।

बाबु, आमा र एक सन्तानको प्रतिकात्मक प्रतिमाको रुपमा स्थापना गरिएको यस प्रतिमाको अनावरण पनि २०७५ वैशाख १९ गते नै प्रधानमन्त्री ओलीबाट भएको हो।




Dharan sub-metropolitan city

# Building Code Implementation in Dharan

Nepal is going through an unplanned and haphazard urbanization. Every year the number of buildings constructed throughout the country is increasing. The enforcement of building code in Nepal is crucial.

The local building designers and consultants also formed a Professional Association in the name of "Society of Engineering Consultants-Nepal (SEC-Nepal)". They also started to take part in the process more actively by involving in the Joint Monitoring System introduced by the municipality in 2011. This made the implementation process more effective and transparent. Learning from Dharan's experience, this National Bylaws made licensing of the local contractors mandatory to all the local bodies. In 2015, Technical Committee of Dharan was reformed as per the National Bylaws. The Reformed Technical Committee was a statutory body which highly strengthened the technical capacity of the municipality. On the recommendation of the Technical Committee, Third Party Verification was also exercised for special buildings.

In 2016, Dharan made Supervision by local consultants mandatory. Stages of supervision and call schedule for the home owners were fixed. However, this system could not go much further as some supervisors did not supervise properly despite taking handsome supervision fee. So, the municipality decided to hire additional engineers and start supervising from them. Several meetings with SEC-Nepal have taken place since




then. Now the municipality is in the process of giving the supervision job back to the local consultants after the assurance from SEC-Nepal.

To increase accountability and maintain uniformity, the municipality introduced Standard Design Checklist in 2017 consisting of 3 mandatory, 11 configuration related, 3 strength related, 9 ductility related and 1 connection related attributes. Designs having vulnerability score more than 20 were sent back to the designers for redesigning. More and more participation of home owners, local contractors, designers and supervisors has been observed in the process nowadays.

**Quantifying the achievement**

A Building Code Compliance survey of Dharan for three consecutive years was conducted by National Society for Earthquake Technology- Nepal (NSET-Nepal) in 2016. The survey showed that the compliance rate is increasing at a gradual rate and that the compliance data for field and in municipal drawing is almost same which means that the compliance is not limited to the designs and files but also in the field. However, there are still 5% of the newer constructions which do not comply the code.

Analysis of the Code Compliance with respect to configuration, strength and ductility of building showed that the newer buildings of Dharan are good in configuration and strength both in field and designs. However, the need is to focus on the aspects of Ductility both in field as well as in designs. Further Detail Analysis of Code Compliance with respect to configuration of buildings showed that the new buildings are good at Overall Dimension ratio, length of wings, setbacks, soft storey, redundancy, column layout, beam discontinuity, vertical discontinuity, cantilever projection, short column and adjacent building despite some ups and downs in the consecutive years.

Attributes related to size of column, shear stress in column and strong column weak beam concept seems to be satisfying. Ductility related attributes showed that most of the home owners do not prefer to put an extra foundation beam, though the rate of buildings having extra foundation beam is increasing gradually year by year. The study also shows that the home owners hesitate to comply with minimum number of bars in columns and spacing of column stirrups as per the design and calculation. However, this hesitation is slowly converting into willingness. Attributes related to stirrups size in column, column bar splices, beam column joint, beam bar splices, beam stirrup spacing, stirrups number in joint, stirrup hook length and wall connections are satisfying.

Though not perfect, Dharan claims to be the pioneer and the most successful city of Nepal to implement the building code more effectively. 100 percent compliance with all the attributes has not been achieved yet, but the results are pointing in the right direction. The municipality has been equipped with more efficient human resources. All the stakeholders are well committed to attain the compliance. The success of Dharan in implementation of the building code hasn't gone unnoticed. Many municipalities including Bharatpur, Dhangadi and Vyas have followed almost the same path as Dharan has done.

**Way Forward**

The success of Dharan in building code implementation is learning by doing. Building Code and its implementation should not be taken as a purely technical matter. It involves many dimensions. So, all dimensions should be analyzed and proper action should be taken. Efforts should be made to keep the process more simple and involve all the stakeholders throughout the whole process. Raising awareness and enough preparation is the key to success. Local Governments have both authority and responsibility to implement the building code. More and more local governments are expected to rise forward and contribute towards making a resilient country.

*By Manju Bhandari Subedi, Acting Mayor and Suraj Shrestha, Urban Planner, Dharan Sub-Metropolitan City*

# विपद्प्रति सम्वेदनशील बन्दै वीरेन्द्रनगर

## वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

सुर्खेत र प्रदेश नम्बर ६ दुवैको राजधानी वीरेन्द्रनगरलाई नेपालकै व्यवस्थित गुरूयोजना भएको सहरका रुपमा चिनिँदै आएको छ । पछिल्लो समयमा बढ्दो सहरीकरण तथा बसाई सरी आउनेको चाप साविकको लाटिकोइली, उत्तरगंगा गाविसमा पर्दै गएको छ । त्यसलाई व्यवस्थित गर्न नसक्दा आज वीरेन्द्रनगरलाई व्यवस्थित सहरको विगतको ओज अहिले भने चुनौतिको विषय बनेको छ।

कर्णाली प्रदेशको गेटवे बन्दै गर्दा तथा राज्यको पुनर्संरचनासँगै वीरेन्द्रनगरले कर्णाली प्रदेशकै  शैक्षिक, प्रशासनिक, व्यापारिक केन्द्रको उजागर गर्ने थलोको रुपमा विकास हुने प्रशस्त संभावना पनि बोकेर बसेको  छ । वीरेन्द्रनगरसँग भएका यी सम्भावनालाई नगरमा सात जनाको ज्यान जाने गरी भएको २०७१ सालको बाढीले भने अझै झस्काइरहेको छ । नगरपालिकाले आफ्ना गतिविधिलाई विपद्प्रति सम्वेदनशील बनाउन नगरका प्रमुख प्रकोप बाढी एवं डुबान, आगलागी, भूकम्पजस्ता प्रकोप न्यूनीकरण गर्न वीरेन्द्रनगर योजना बनाएर अघि बढिरहेको छ।

नगर तह देखि वडा तह सम्म विपद व्यवस्थापनका समिति हरू गठन गरि यि समितिका पदाधिकारीहरूको क्षमता विकासका काम भएका छन् भने कार्यपालिका तहमा समेत वातावरण तथा विपद व्यवस्थापन समिति वनाई कार्यपालिकाले गरेका क्षेत्रगत निर्णयहरूलाई प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्दै आएको छ। मेयर देवकुमार सुवेदी प्रत्येक वडामा विपद् व्यवस्थापनका लागि कम्तिमा एक लाखको विपद् व्यवस्थापन कोष र विपद्का समयमा खोज तथा उद्धारमा सहयोग पुग्ने औजार एवं उपकरण राखिएको बताउनु हुन्छ। नगर तहमा समेत एकीकृत सम्पत्ति करसँग जोडेर प्रत्येक घरको क्षेत्रफलका आधारमा आगलागी तथा विपद् व्यवस्थापन कोष स्थापना गर्न सेवाशुल्क लिई कोष वृद्धिको कार्य भएको र हालसम्म करिब १० लाख जम्मा भएको उहाँले बताउनुभयो।

नगरका पाँच लाखभन्दा ठूला योजना सञ्चालन गर्दा वातावरण तथा विपद्प्रति सम्वेदनशील भएर संरचना निर्माण गर्ने नीति नगरपालिकाले अवलम्वन गरेको छ। उपत्यकाभित्रका खोलाहरुको तटबन्धनलाई योजनावद्ध रुपमा अगाडि बढाइएको छ। २४सै घण्टा दमकल सेवाका साथै जगेडा पानीट्‌यांकीको व्यवस्थापन गरिएको छ। वीरेन्द्रनगरको जलवायु अनुकूलन योजना तयार गरी योजनाबमोजिमका जलवायु अनुकूलन आयोजनाहरु सञ्चालन भइरहेका छन्।

उपमेयर मोहनमाया भण्डारीका अनुसार, नगरलाई सफा र सुन्दर बनाउन फोहर संकलन र ढुवानीको कार्यमा वडासमितिलाई जिम्मेवार बनाउने एवं सशुल्क सरसफाइको कार्य थालनी गरिएको छ।  एक घर दुई बिरूवा कार्यक्रम सञ्चालन गर्दै प्रत्येक घर निर्माणको निर्माण सम्पन्न दिँदा दुईवटा बिरूवा रोपेको प्रमाणका आधारमा दिने गरिएको छ । यी क्रियाकलापले केहीमात्र भए पनि वीरेन्द्रनगर विपद्प्रति सम्वेदनशील हुनुका साथै विपद् व्यवस्थापनका लागि कोष निर्माणमा वडा तहदेखिको जागरण र नगर तहमा रहेको कोष वृद्धिको दिगोपनाको नीतिले नगरलाई विपद्विरूद्ध लड्न सक्ने बनाउँछ भन्नेमा उपमेयर भण्डारी विश्वस्त हुनुहुन्छ।

कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रफल २४५.०६ वर्ग किलोमिटर छ। यसमा १६ वडा छन्। नेपालको राजधानी काठमाडौंदेखि लगभग ६०० किलोमिटर उत्तर पश्चिममा रहेको यो नगर समुद्री सतहबाट लगभग ६६५ मिटर उचाइमा अवस्थित छ।

नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको र्हे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिणतर्फ ढल्किएको सानो, न धेरै जाडो हुने न धेरै गर्मी हुने सुन्दर उपत्यका पर्दछ। यही उपत्यकालाई नै वीरेन्द्रनगरका रुपमा चिनिन्छ। यस नगरपालिकाको पूर्वमा चिंगाड गाउँपालिकाको पाम्का र लेकबेसी नगरपालिकाको साटाखानी, पश्चिममा बराह गाउँपालिकाको हरिहरपुर, कुनाथरी, लेखगाउँ पर्छ भने उत्तरमा दैलेख जिल्लाको गुँरास गाउँपालिकाको गोगनपानी र दक्षिणमा भेरी नदीका साथमा भेरीगंगा नगरपालिका रहेका छन्।

२०६८ सालको जनगणनाअनुसार यस नगरको कूल जनसंख्या एक लाख चार सय ५८ छ। जसमा पुरूष ४८ हजार सात सय ७१ र महिला ५१ हजार ६ सय ८७ छ भने घरधुरी संख्या २३ हजार सात सय १० छ। ४१०.०७ जनघनत्व रहेको यहाँ गरिबी दर १४.३ र  साक्षरता दर ७९.६३ छ।

मेयर देवकुमार सुवेदी प्रत्येक वडामा विपद व्यवस्थापनका लागि कम्तिमा एक लाखको विपद व्यवस्थापन कोष र विपदका समयमा खोज तथा उद्धारमा सहयोग पुग्ने औजार एवं उपकरण राखिएको बताउनु हुन्छ । नगर तहमा समेत एकीकृत सम्पति करसँग जोडेर प्रत्येक घरको क्षेत्रफलका आधारमा आगलागी तथा विपद व्यवस्थापन कोष स्थापना गर्न सेवाशुल्क लिई कोष वृद्धिको कार्य भएको र हालसम्म करिब १० लाख जम्मा भएको उहाँले बताउनुभयो ।



# नेपाल नगरपालिका संघको छैठौं राष्ट्रिय अधिवेशनले पारित

## काठमाडौं घोषणा पत्र २०७५

मिति २०७५ भाद्र १२, १३ र १४ गते नगरपालिकाका प्रमुख र उप-प्रमुखहरु सम्मिलित राष्ट्रिय भेलाले नेपाल नगरपालिका संघको छैठौं राष्ट्रिय अधिबेशन सम्पन्न गरेको छ । धुलिखेल नगरपालिकाका नगर प्रमुख एवं नेपाल नगरपालिका संघको अधिबेशन आयोजक समितिका संयोजक श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठको संयोजकत्वमा सम्पन्न छैठौं राष्ट्रिय अधिवेशनले २० बुँदे काठमाडौं घोषणा पत्र, २०७५ जारी गर्दछ ।

१. कर्मचारी समायोजन ऐन, २०७४ पारित भइसके पनि हालसम्म सो विषयमा नेपाल सरकारले कुनै ठोस कदम नचालेको र स्थानीय तहमा संविधान प्रदत्त जिम्मेवारी वहन गर्न कर्मचारीको अभावमा निकै समस्या भैरहेको छ । यस्तो चरम अभाव हुदाँ पनि त्यस्ता नगरपालिकामा कर्मचारी नखटाइ पूराना नगरपालिका जहाँ साविक देखि कर्मचारीहरु कार्यरत छन त्यस्तो ठाउँमा कर्मचारी पठाई द्वन्द्व शिर्जना गर्ने कामलाई अधिलम्व रोक्नु पर्ने । त्यसैगरी हाल स्थानीय तहमा कार्यरत सातौं र आठौंतहको कर्मचारीको का.स.मु. तल्लो तहको निजामती कर्मचारीबाट गराउन सिफारिस गरिएको साथै स्थानीय तह र निजामती सेवामा कार्यरत कर्मचारीहरुको समकक्षतामा विभेद गरिएकोले स्थानीय तहका कर्मचारीहरुको मनोबल गिराउने कार्यलाई तत्काल सच्याउन माग गर्दछौं ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार सम्पूर्ण विषयगत कार्यालयहरु स्थानीय सरकारमा हस्तान्तरण गर्नुपर्नेमा हालसम्म हुन सकेको छैन, जस्तो साविकको जिल्ला शिक्षा कार्यालयलाई जिल्ला प्रशासन कार्यालय अन्तरगत राखिएकाले संविधान बमोजिमको यथोचित स्थानीय तहमा समायोजन गर्न माग गर्दछौं ।

३. साविक स्थानीय निकायले विगत देखि लिंदै आएको र हाल स्थानीय सरकार संचालन ऐन २०७४ को कानूनी व्यवस्था अनुसार नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर जग्गालाई एकिकृत हिसाब गरी एकिकृत सम्पत्ति कर लगाइ नगरपालिकाहरुले उल्लेखनीय राजश्व संकलन गरिरहेकोमा नेपाल सरकारको आर्थिक ऐन २०७५ मा गरिएको व्यवस्थाले स्थानीय तहको आन्तरिक राजश्वमा ठूलो कमी आउने र स्थानीय सरकारहरु आर्थिक रुपले झन कमजोर बन्ने देखिएको हुँदा सम्पत्ति करलाई साविक अनुसार नै लिन पाउने व्यवस्था गरियोस् ।

४. नेपाल सरकारले हालसालै तयार गरेको मर्यादाक्रमले स्थानीय सरकारको प्रमुख तथा उपप्रमुखलाई सम्मानजनक हैसियत प्रदान गरेको छैन । जनप्रतिनिधि र कर्मचारीहरुको मर्यादाक्रम नमिलेका कारण संबैधानिक व्यवस्था भएका स्थानीय सरकारहरुका प्रमुख उपप्रमुखहरुको मानमर्दन भएको गुनासो आइरहेको हुँदा सोको समुचित पुनरावलोकन गरियोस् ।

५. स्थानीय सरकारका जनप्रतिनिधिहरुको सुरक्षाको विषय गम्भिर हुँदै गएको छ । घोडाघोडी नगरपालिका नगर प्रमुख तथा मध्यपुर थिमी नगरप्रमुख र बिराटनगर महानगरपालिकाका प्रमुख माथि भएको सांघातीक हमलाबाट जनप्रतिनिधिहरुलाई सुरक्षाको प्रत्याभुति दिन सरकार गम्भिर हुनुपर्ने देखिन्छ । सुरक्षाको प्रत्याभुती दिनको लागि सम्पूर्ण स्थानीय तहमा प्रहरी प्रशासनको पुनरसंरचना गरी हरेक नगरपालिकामा कम्तिमा १ वटा साधन सम्पन्न प्रहरी चौकीको व्यवस्था गर्न माग गर्दछ ।

६. स्थानीय तहका जनप्रतिनिधिको सुविधाका सम्बन्धमा विभिन्न प्रदेशमा फरक फरक नीति रहेकोबाट नगर प्रमुख, उपप्रमुख तथा विशेष गरि वडा अध्यक्षहरुलाई अत्यन्त न्यून सुबिधा दिँदा जिम्मेवारी वहन गर्नबाट निरुत्शाहित भैरहेकोले सबै प्रदेशहरु वीच समन्वय गरि एकरुपता कायम गरियोस भनी संघीय सरकार समक्ष माग गर्दछौं ।

७. प्रचलित कानून बमोजिम बैंक तथा वित्तिय संस्था तथा उत्पादन, वस्तु सेवा उद्योगले सामाजिक उत्तरदायित्व वापत खर्च गर्ने रकम अपारदर्शी ढंगले पहुँचको आधारमा खर्च गर्ने गरेको देखिएको हुँदा जुन स्थानीय सरकार बसेर मुनाफा भएको हो सोही स्थानीय सरकारसँगको सहकार्यमा मात्र खर्च गरि व्यवस्था मिलाउन माग गर्दछौं ।

MUNICIPAL ASSOCIATION OF NEPAL 2050

८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय सरकारका जनप्रतिनिधिहरुको बैदेशिक भ्रमणको सन्दर्भमा मन्त्रालयको पूर्व स्वीकृति विना जान नपाउने भन्ने कुरा संबैधानिक व्यवस्था भएका स्थानीय सरकारहरुले आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक रुपमा विकासको फड्को मारेका विभिन्न मुलुकका सहरहरुबाट सिक्ने र सो अनुभवबाट आफ्नो नगरपालिकाको विकास गर्ने अवसरबाट बञ्चित हुने भएकोले सहज गरियोस भनी माग गर्दछौं ।

९. तत्कालिन जिल्ला विकास समितिको ढुङ्गा, गिट्टी, बालुवा लगायतका विभिन्न स्रोतबाट संकलित अरबौं रकम परिचालन नभईरहेको अवस्थामा उपयुक्त मापदण्ड तयार गरी स्थानीय सरकारलाई यथोचित वितरण गर्नका लागि निर्देशन गरियोस् भनी यो अधिवेशन माग गर्दछौं ।

१०. स्थानीय सरकारले लिन सक्ने ऋणको सिमा सम्बन्धी सिफारिश सम्बन्धमा आ.व. २०७५/०७६ मा संघीय र प्रदेश तहबाट प्राप्त हुने राजश्व बाँडफाँड र स्थानीय तहको आन्तरिक स्रोतबाट प्राप्त हुने योगफलको १०% मा नबढ्ने गरी मात्र आन्तरिक ऋण उठाउन पाउने प्रावधानले स्रोत परिचालनमा संकुचन पैदा गरेको र आवश्कयता अनुसारको विकास गर्न सो रकम ज्यादै न्यून र अपर्याप्त हुने भएकोले सो प्रावधान संशोधनको लागि माग गर्दछ ।

११. संयुक्त राष्ट्रसंघीय दीगो विकास लक्षलाई सम्पूर्ण नगरपालिकाहरुमा स्थानीयकरण गर्नका लागि प्रतिबद्धता जाहेर गर्दछौं ।

१२. स्थानीय सरकारको आन्तरिक ऋणको सिमा बढाउन, शहरी गरिब सुकुम्बासी समस्या समाधान तथा जग्गा व्यवस्थापन गर्न अन्तर सरकार सम्यन्त्र निर्माण गर्न माग गर्दछौं ।

१३. संवैधानिक व्यवस्था बमोजिम स्थानीय सरकारको गठन भैइसकेपछि पनि नगर विकास ऐन क्रियाशिल गर्नुले विकासको नाममा दोहोरोपना कायम रहेको र स्रोत साधनको दुरुपयोग भएकोले नगर विकास समिति खारेज गरी त्यहाँ भएको स्रोत साधान तथा दक्ष जनशक्ति नगरपालिकाहरुमा अविलम्व पठाउन माग गर्दछौं ।

१४. हरेक प्रदेशहरुमा एक/एक वटा मेघासिटी र देश भरीमा कम्तीमा ५० वटा स्मार्ट सिटी, राजधानी शहर भएको काठमाण्डौ उपत्याकासँग नजिकका २ वटा वा सो भन्दा बढी नगर जोडिने नगरपालिकाहरुमा विद्युतीय रेलमार्गको विकास गर्न माग गर्दछौं ।

१५. खानेपानी, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन र शहरी पूर्वाधारमा लगानी वढाउने कामलाई एकिकृत विकास अवधारण अनुरुप बनाउनको लागि ध्यानाकर्षण गर्दछौं ।

१६. नगर क्षेत्रको पूर्वाधारमा विकास गर्न राष्ट्रिय, अन्तराष्ट्रिय लगानीकर्ताहरु आकर्षित गर्न शहरीपूर्वाधार विकास बैंकको स्थापना गर्न माग गर्दछौं ।

१७. संघ, प्रदेश र स्थानीय सरकार बिच सहकार्य र समन्वय गर्न स्थानीय तहका संघ, महासंघहरुको प्रतिनिधित्व सहित प्रधान मन्त्रीको संयोजकत्वमा संयन्त्र विकासको लागि माग गर्दछौं ।

१८. संघिय सरकारले रकम विनीयोजन गर्दा जनसंख्यालाई ७० प्रतिशत आधार लिएकोमा सो व्यवस्थाले हिमाली, पहाडी नगरपालिका र जनसंख्या कम भएका, ठूलो भूगोल र विकास लागत वढी भएका नगरपालिकालाई समेत ध्यानमा राखि बजेट बिनीयोजन गर्ने व्यवस्थाका लागि माग गर्दछौं ।

१९. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन २०७४ र संघियताको मर्म विपरीत एकाई कार्यालय, डिबिजन कार्यालय, ज्ञान केन्द्र जस्ता नाममा कार्यालय खोली स्थानीय सरकारको अधिकारलाई कुण्ठीत गरिएको र संविधानको मर्म विपरित भएकोले सो कार्य तत्काल रोकी संविधान सम्मत गरियोस भनी यो अधिवेशन माग गर्दछौं ।

२०. संविधानको मर्म र भावना अनुरुप बाफिन आएका ऐनहरु तत्काल खारेज गर्नुका साथै संविधानको प्रावधान प्रतिकुल हुने गरी कतिपय ऐनहरुको मस्यौदा तयार भई रहेको बुफिन आएको हुँदा सो सच्याउन एवं संविधानको साफा सूचिमा उल्लेख भएका अधिकारहरुको तिनै तहका सरकारहरुले सहज कार्यान्वयन गर्न यथासक्य चाडो आवश्यक कानूनहरु निर्माण गर्न यसै अधिवेशनद्वारा जोडदार माग गर्दछौं ।

MUNICIPAL ASSOCIATION OF NEPAL
2050

URBAN DEVELOPMENT PLAN
Process Handbook

# सहरी विकास योजना तर्जुमा विधि




## विषय-सूची

सहरी विकास योजना के हो ? ३
सहरी विकास योजना किन आवश्यक छ ? ३
यस पुस्तिकाको उद्देश्य के हो ? ४
यो पुस्तिका कसका लागि उपयोगी हुन्छ ? ४
सहरी विकास योजना कुन नीति तथा कानुनअन्तर्गत तर्जुमा गरिन्छ ? ५
सहरी योजना तर्जुमा कार्यका लागि मुख्य सरोकारवाला को को हुन् ? ६
निर्वाचित जनप्रतिनिधिले सहरी विकास योजनाबाट के अपेक्षा गर्ने ? ८
सहरी विकास योजना तर्जुमा गर्दा पालना गरिने निर्देशक सिद्धान्त के के हुन् ? ९
सहरी विकास योजनाको कार्यक्षेत्र र दायरा के हो ? १०
योजना तर्जुमा गर्दा कस्तो विधि र प्रक्रिया अपनाइन्छ ? ११
सहरी विकास योजना तर्जुमा गर्नका लागि प्राविधिक टोली कस्तो हुनुपर्छ ? १४
योजना टोलीले गर्ने मुख्यमुख्य काम के हुन् ? १५
सहरी योजनाको दस्तावेजमा के के कुरा समावेश हुन्छन् ? २०
सहरी विकास योजनाको कार्यान्वयन कसरी हुन्छ ? २५
सहरी विकास योजना कसरी अद्यावधिक गरिन्छ ? २६
सहरी विकास योजना तर्जुमा गर्दा विशेष ध्यान दिनुपर्ने कुरा २७

## ०१ सहरी विकास योजना के हो ?

सहरी विकास योजना निर्वाचित जनप्रतिनिधिले आफ्नो कार्यकालमा नगरवासीको सामाजिक, आर्थिक र भौतिक विकासका लागि तयार गर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमसहितको विकासको मार्गचित्र हो।

यस योजनाले आगामी १० वर्षमा नगरको स्वरूप कस्तो हुन्छ र नगरवासीको जीवनस्तर र उत्पादकत्वमा के कस्तो सुधार हुन्छ भन्ने कुराको वस्तुगत आधारमा लेखाजोखा गरेको हुन्छ।

यस योजनाका आधारमा स्थानीय सरकार, सरकारी निकाय, निजी व्यवसायी, गैरसरकारी संस्था र स्थानीय उपभोक्ता समितिले आआफ्ना योजना तथा कार्यक्रम तयार गर्छन् र सोहीअनुसार सामाजिक-आर्थिक विकास तथा पूर्वाधारमा लगानी गर्दछन्।

## ०२ सहरी विकास योजना किन आवश्यक छ ?

नगर क्षेत्रको पूर्वाधार निर्माण, भवन निर्माण, बस्ती विकास र आर्थिक गतिविधिलाई व्यवस्थित रूपमा अघि बढाउन, उपलब्ध जमिनको वैज्ञानिक उपयोग गर्न, सरकारी तथा निजी क्षेत्रबाट हुने लगानीका क्षेत्र पहिचान गर्न र विकास आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्न र तिनको प्राथमिकीकरण गर्नका लागि सहरी विकास योजना अत्यावश्यक छ।



## ०३ यस पुस्तिकाको उद्देश्य के हो ?

यस हातेपुस्तिकाको मुख्य उद्देश्य स्थानीय जनप्रतिनिधि, कर्मचारी र सहरी योजनाकारलाई सहरी विकास योजनाको महत्त्व, विधि र उपयोगका बारेमा जानकारी गराउनु हो।

## ०४ यो पुस्तिका कसका लागि उपयोगी हुन्छ ?

यो पुस्तिका तल उल्लिखित सबैका लागि उपयोगी छ :

- स्थानीय सरकारका निर्वाचित प्रतिनिधि-प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरू
- स्थानीय सरकारका कर्मचारी
- योजना तर्जुमा कार्यमा संलग्न हुने परामर्शदाता, योजनाकार तथा प्राविधिक
- स्थानीय समूह वा समुदाय (जस्तै, नागरिक समाज, उपभोक्ता समूह, विद्यार्थी, युवा, आदि)



## ०५ सहरी विकास योजना कुन नीति तथा कानुन-अन्तर्गत तर्जुमा गरिन्छ ?

हाल नेपालमा निम्न नीति तथा कानुनको दायराभित्र रहेर सहरी विकास योजना तर्जुमा गरिन्छ :

- राष्ट्रिय सहरी नीति २०६२
- राष्ट्रिय सहरी विकास रणनीति २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सम्बन्धित स्थानीय सरकारको कार्यपालिकाको निर्णय



## ०६ सहरी योजना तर्जुमा कार्यका लागि मुख्य सरोकारवालाहरू को को हुन् ?

सहरी विकास योजना सबै नगरवासीको चासोको विषय भएतापनि योजना तर्जुमा कार्यमा निम्न सरोकारवालाहरूको मुख्य भूमिका हुन्छ :

- स्थानीय सरकारका निर्वाचित प्रतिनिधि-नगर प्रमुख, उपप्रमुख, नगर कार्यपालिकाका सदस्य, वडा अध्यक्षहरू
- स्थानीय सरकारका कर्मचारी
- पुर्वाधार निर्माणसँग सम्बन्धित सरकारी निकाय
- स्थानीय उद्योग वाणिज्य सङ्घ
- सामाजिक क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्था
- टोलसुधार समिति
- राजनीतिकर्मी
- नागरिक समाज
- सञ्चारकर्मी
- स्थानीय घरजग्गा व्यवसायी

यसका अतिरिक्त नगर विकास योजना तर्जुमा प्रक्रियामा स्थानीय सरकारले प्रदेश तथा संघ र ति अन्तर्गतका सम्बन्धित मन्त्रालय तथा अन्य संस्था (जस्तै, नगर विकास समिति, भवन विभाग, आदि) सँग सहकार्य तथा समन्वय गर्नुपर्ने हुन्छ।



## योजना तर्जुमा कार्यमा संलग्न हुने मुख्य सरोकारवाला




## ०७ निर्वाचित जनप्रतिनिधिले सहरी विकास योजनाबाट के अपेक्षा गर्ने ?

- निर्वाचनका बेला जारी घोषणापत्र र प्रचारप्रसारका क्रममा नागरिकलाई दिएको आश्वासन र गरेका प्रतिबद्धतालाई विस्तृत र ठोस रूपमा नीति तथा कार्यक्रममा रूपान्तरण गरिएको दस्तावेज
- संङ्घीय सरकार, प्रदेश सरकार र विकास साझेदारलाई प्रस्तुत गर्न सकिने दस्तावेज
- नगर तथा स्थानीयस्तरका आयोजनाको छनौट प्राथमिकीकरण गर्ने आधारपत्र
- निजी क्षेत्रसँग साझेदारी गर्न सम्भाव्य आयोजनाको पहिचान गरिएको दस्तावेज
- आफ्नो कार्यकालमा सम्पन्न हुने, सुरुवात हुने र विस्तृत आयोजना प्रतिवेदन तयार मात्र गर्न सकिने आयोजनाको सूची भएको दस्तावेज




## ०८ सहरी विकास योजना तर्जुमा गर्दा पालना गरिने निर्देशक सिद्धान्त के के हुन् ?

नेपालका सन्दर्भमा सहरी विकास योजना तर्जुमा गर्दा निम्न लिखित निर्देशक सिद्धान्तको पालना गर्नुपर्ने हुन्छ :

- नगर क्षेत्रभित्र उपलब्ध स्रोत, जस्तै : जमिन, जलस्रोत, जनशक्ति, वितीय पुँजी आदिको पहिचान गरी अधिकतम उपयोग गर्ने
- दिगो आर्थिक अवसरको खोजी गर्ने
- वातावरण संरक्षण तथा विकास र वातावरणबिच सन्तुलन कायम गर्ने
- संयुक्त राष्ट्रसङ्घको दीर्घकालीन विकासको लक्ष्यलाई आत्मसात् गर्ने
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने
- स्थानीय सरकारका प्रमुख आन्तरिक राजस्वका स्रोतको पहिचान गर्ने
- नगरको समग्र विकासमा सबै वर्ग र समूहलाई प्रत्यक्ष रूपमा सहभागी गराउँदै त्यसबाट प्राप्त प्रतिफल समाजका सबै वर्गसम्म पुर्याउने



## सहरी विकास योजना तर्जुमा प्रक्रिया




## ०९ सहरी विकास योजनाको कार्यक्षेत्र र दायरा के हो ?

सीमित साधन, स्रोत र समयभित्र योजना तर्जुमा गर्नुपर्ने हुनाले योजना तर्जुमा गर्दा निम्न कार्यक्षेत्र र दायरा तोकिन्छ :

- नगरको आगामी १० वर्षका लागि विद्यमान सहरी क्षेत्रको सुधार, नयाँ थपिने जनसङ्ख्याका लागि आवास, भौतिक तथा सामाजिक पुर्वाधार, रोजगारी, मनोरञ्जनसहितको व्यवस्थित बस्ती विकास (ग्रामीण तथा सहरी क्षेत्र) को योजना तयार गर्नु नै सहरी विकास योजनाको कार्य क्षेत्र हो
- क्षेत्रगत विकासका विस्तृत योजनाहरू, जस्तै : कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, संस्कृति, उर्जा, जलस्रोत आदि यसमा समावेश गरिएको हुँदैन तर ती योजना तर्जुमा गर्दा सहरी विकास योजनालाई गुरुयोजनाका रूपमा ग्रहण गर्नुपर्दछ
- त्यसै गरी, विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य यसभित्र पर्दैन तर सहरी विकास योजनाले निर्दिष्ट गरेबमोजिमका स्थानमा मात्र सो प्रतिवेदन तयार गर्न सकिन्छ । उदाहरणका लागि जग्गा एकीकरण आयोजना, निजी क्षेत्रबाट विकास गरिने ओधोगिक क्षेत्र, सडक सुधार आयोजना, बस टर्मिनल, सभागृह, रङ्गशाला, सहरी उधान आदि ठुला आयोजनाहरूको विस्तृत प्रतिवेदन तयार गर्दा सहरी विकास योजनालाई मुख्य आधार मान्नुपर्दछ



## ११ सहरी विकास योजना तर्जुमा गर्नका लागि प्राविधिक टोली कस्तो हुन्छ ?

सहरी योजना तर्जुमा गर्नका लागि निम्नअनुसारको प्राविधिक जनशक्तिको परिचालन गर्ने :






योजना निर्माण टोलीलाई सघाउन स्थानीय सरकारले एकजना कर्मचारी तोकेर योजना तर्जुमा अवधिभर यस कार्यमा संलग्न गराउनुपर्छ । सम्भव भएसम्म स्थानीय विज्ञ र प्राविधिकलाई योजना तर्जुमा कार्यमा संलग्न गराउनुपर्छ ।

## १० योजना तर्जुमा गर्दा कस्तो विधि र प्रक्रिया अपनाइन्छ?

सामान्यतया सहरी योजना तर्जुमा गर्दा निम्न विधि र प्रक्रिया अपनाइन्छ :

- स्थानीय सरकार र योजनाकार संस्थाबिच सम्झौता र समझदारी
- नगरका अपेक्षा र आवश्यकताका विषयमा विस्तृत छलफल
- विस्तृत कार्यविवरण (टिओआर) निर्माण
- प्राविधिकसहितको योजना टोलीको गठन र परिचालन
- स्थानीय सरकारमा परिचयात्मक बैठकको आयोजना
- नगर/वडा तहमा जनप्रतिनिधिको अध्यक्षतामा योजना समिति गठन
- प्राविधिक टोलीद्वारा स्थलगत अध्ययन र मुख्य सरोकारवालासँग छलफल
- नगरको विद्यमान भौतिक अवस्था झल्किने आधार नक्सा तयारी
- नगरको वस्तुस्थिति विश्लेषण (सम्भावना र अवसर को पहिचान)
- नगरको दीर्घकालीन लक्ष्य निर्धारणका लागि कार्यशालाको आयोजना (नगरको स्वरूप, अग्रणी क्षेत्र र मुख्य आयोजनाको पहिचान)



## १२ योजना टोलीले गर्ने मुख्यमुख्य काम के के हुन् ?

योजना टोलीले पाँच चरणमा निम्नलिखित कार्यहरू गर्छ :






- वडागत अध्ययन र स्थानीयसँग छलफल
- आधार नक्साको अन्तिम रूप तय
- नगरको रूपरेखा (प्रोफाइल) तयारी
- योजनाकारद्वारा आगामी १० वर्षका लागि जनसङ्ख्या प्रक्षेपण गरी सो जनसङ्ख्याका लागि भौतिक तथा सामाजिक पूर्वाधारको आवश्कताको आँकलन
- भू-उपयोग, सडक सञ्जाल, भौतिक तथा सामाजिक पूर्वाधारको अवस्थिति, प्रस्तावित योजना तथा त्यससँग सम्बधित नक्सा तयारी
- नगरपालिकाका पदाधिकारीबिच योजनाको मस्यौदा प्रस्तुति र राय सङ्कलन
- प्राप्त रायका आधारमा मस्यौदा प्रतिवेदन परिमार्जन
- अन्तिम मस्यौदा नगरपालिकासमक्ष पेस
- नगरपालिकाबाट प्रतिवेदन स्वीकृति
- स्वीकृत योजनाबारे सरोकारवालालाई जानकारी
- योजना टोली विघटन
- योजनाको दस्तावेजको सार्वजनिकीकरण (प्रचार प्रसार र प्रकाशन)



### पहिलो चरण

**परिचयात्मक बैठक र नगर/वडा तहमा योजना समिति गठन**

- योजना तर्जुमा प्रक्रियालाई बढी सहभागितामूलक र समावेशी बनाउन नगरपालिकाका कार्यसमिति सदस्य, कर्मचारी, सरोकारवाला सङ्घसंस्था, लब्धप्रतिष्ठित व्यक्तित्वको उपस्थितिमा परिचयात्मक बैठक आयोजना गरी प्रस्तावित योजना तर्जुमा कार्यको प्रक्रिया र विधिबारे जानकारी गराउने
- योजना तर्जुमा तथा कार्यान्वयनका लागि पालिका र वडास्तरमा जनप्रतिनिधिको संयोजकत्वमा योजना समिति गठन गराउने
- विभिन्न स्रोतबाट सान्दर्भिक कागजात, प्रतिवेदन, नक्सा आदि सङ्कलन, अध्ययन तथा समीक्षा गर्ने र आधार नक्सा तयार गर्ने
- स्थलगत रूपमा रुजु गरी आधार नक्सा अधावधिक गर्ने
- उद्देश्य, प्रक्रिया र अपेक्षित उपलब्धिका विषयमा विचार-विमर्श गर्न छलफल कार्यक्रमहरू आयोजना गर्ने



### दोस्रो चरण

**स्थलगत अध्ययन**

- स्थलगत निरीक्षण, सर्वेक्षण, आवश्यक तथ्याङ्क तथा जानकारी सङ्कलन गर्न विषयगत सूची तयार गर्ने, नाप जाँच गर्ने, प्रमुख पूर्वाधारको अवस्थिति नक्साङ्कन गर्ने तथा सङ्कलित तथ्याङ्क र सूचनाको पूर्णता परीक्षण गर्ने
- नगरका सम्पूर्ण वडाहरूमा रहेका मुख्य आर्थिक, सामाजिक, भौतिक र पुरातात्त्विक महत्त्वका पूर्वाधारको स्थलगत भ्रमण गरी अध्ययन गर्ने
- सबै वडामा वडा भेला गरी वडाबासीले आफ्नो नगरमा देखेका सम्भावना र अवसर लाई सङ्कलन गर्ने
- नगरको रुपरेखा (प्रोफाइल) तयार गर्न सामाजिक, भौतिक, आर्थिक तथा अन्य जानकारी सङ्कलन गर्ने
- तथ्याङ्क सङ्कलनका लागि प्राथमिक तथा माध्यमिक दुबै विधिको प्रयोग गर्ने

## तेस्रो चरण

**नगरको वस्तुस्थिति विश्लेषण (सम्भावना र अवसरहरूको पहिचान)**

- विभिन्न बैठक, छलफल, वडा भेला, स्थलगत अध्ययन तथा विभिन्न स्रोतबाट प्राप्त जानकारी र दस्तावेजको अध्ययन गरी नगरको सम्भावना र अवसरको पहिचान गर्ने
- दीर्घकालीन लक्ष्य निर्धारण कार्यशाला आयोजना (नगरको स्वरूप, अग्रणी क्षेत्र र मुख्य आयोजनाहरूको पहिचान गर्ने
- नगरपालिकाका जनप्रतिनिधि, सरोकारवाला सङ्घसंस्था तथा व्यक्तित्वहरूको उपस्थितिमा दीर्घकालीन लक्ष्य निर्धारण कार्यशाला आयोजना गरी नगरको विशेषता, उपलब्ध स्रोतका आधारमा दीर्घकालीन लक्ष्य निर्धारण गर्ने
- नगरको विशेषता, उपलब्ध स्रोतका आधारमा अग्रणी क्षेत्रको पहिचान गरी सोहीअनुरूपका मुख्य आयोजनाहरूको पहिचान गर्ने

## पहिलो खण्ड

**नगरको रूपरेखा (प्रोफाइल)**

यस खण्डमा नगरको भौतिक, सामाजिक, आर्थिक, वित्तीय र संस्थागत अवस्थाको जानकारी दिने उद्देश्यले विभिन्न प्रकारका विवरण तथा तथ्याङ्कलाई सचित्र प्रस्तुत गरिन्छ। सहरी विकास योजना तर्जुमाको पहिलो चरणमा गरिने कार्यअन्तर्गत तयार गरिएतापनि यसलाई एउटा छुट्टै दस्तावेजका रूपमा प्रकाशन गरी उपयोग गर्न सकिन्छ।

## दोस्रो खण्ड

**योजना तथा कार्यक्रमहरू**

यो सहरी विकास योजनाको मूल दस्तावेज हो। यसमा नगरको वर्तमान अवस्थाको विश्लेषणसहित भविष्यका लागि आवश्यक पर्ने सेवा, सुविधा, साधन, स्रोतको अनुमान गरी विभिन्न प्रकारका योजना प्रस्ताव गरिएको हुन्छ। सामान्यतया यसमा निम्न विषय समेटिएको हुन्छ :

- क्षेत्रगत योजना, जस्तै : सामाजिक, आर्थिक, वातावरण, विपद् व्यवस्थापन योजना
- भूउपयोग तथा जग्गा विकास योजना
- बहुक्षेत्रीय लगानी योजना
- योजना कार्यन्वयनका रणनीति
- भवन निर्माण मापदण्ड
- संस्थागत विकास योजना

## चौथो चरण

**योजना तर्जुमा**

- आगामी १० वर्षका लागि भूउपयोग, सडक सञ्जाल, भवन निर्माण, बस्ती विकास, पहिचान गरिएका प्रमुख आर्थिक क्षेत्रको विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, संस्थागत सुदृढीकरणका लागि योजना र कार्यक्रमको प्रस्तावसहित नक्सा तयार गर्ने
- विभिन्न क्षेत्रगत आयोजनाको प्राथमिकीकरण-सहितको सूची तयार गर्ने
- वडास्तरीय र पालिकास्तरीय योजना तथा कार्यक्रमको प्रस्ताव गर्ने
- सहरको सांस्कृतिक र आर्थिक अवस्थाको विश्लेषण गर्ने
- पालिकाको आर्थिक र संस्थागत क्षमताको विश्लेषण गर्ने
- हालको अवस्थामा सहरी विकासको प्रवृति र दिशा विश्लेषण गर्ने
- जनसङ्ख्या प्रक्षेपण र सेवाहरूको आवश्यकता अनुमान गर्ने
- विकासका अवसर र सम्भावित अवरोधबारे अध्ययन गर्ने
- विधमान भूउपयोग अवस्थाको विश्लेषण गर्ने
- सोच निर्धारण, लगानीका प्रमुख क्षेत्र र रणनीतिक आयोजनाको पहिचानका लागि सरोकारवालासँग छलफल तथा कार्यशाला सञ्चालन गर्ने
- नगरपालिकाको भूउपयोगसम्बन्धी क्षेत्रविभाजन र नगर विस्तारसहितको भौतिक विकास योजना तयार गर्ने
- सामाजिक, आर्थिक, वातावरणीय तथा साङ्गठनिक विकास योजना तर्जुमा गर्ने
- बहुक्षेत्रगत लगानी योजना तयार गर्ने
- आयोजनाको विवरणसहितको सूची तयार गर्ने
- योजना कार्यान्वयन तथा अनुगमन संयन्त्र प्रस्ताव गर्ने

## तेस्रो खण्ड

**नक्साहरू**

नगरपालिकाको केन्द्रीय र वडा कार्यालयका लागि आवश्यक पर्ने नक्सा यस खण्डमा प्रस्तुत गरिन्छ। नगरस्तरमा भूउपयोग योजना, सडक सञ्जाल, प्रस्तावित सहरी विस्तार योजना, वातावरण संरक्षण तथा विपद व्यवस्थापन योजनासहित नगरको आर्थिक विकासका लागि महत्त्वपूर्ण योजनाको खाका प्रस्तुत गरिएको हुन्छ। त्यसै गरी, वडाको नक्सामा वडाको वर्तमान अवस्था र प्रस्तावित आयोजनाको अवस्थिति देखाइन्छ।

**सामान्यतया यस खण्डमा निम्नअनुसारका नक्साहरू समावेश गरिन्छ :**

- नगरको अवस्थिति, जनघनत्व, जनसङ्ख्याको वितरण र क्षेत्रीय सम्पर्क
- आधार नक्सा (बेस म्याप)
- सडक सञ्जाल
- भौतिक, सामाजिक, शैक्षिक र स्वास्थ्यसम्बन्धी पूर्वाधारको अवस्था
- सहरीकरणको प्रवृति, वातावरणीय संवेदनशीलता प्रस्तावित भूउपयोग योजना
- प्रस्तावित सहरी विकास योजना
- प्रस्तावित सडक सञ्जालको योजना
- विशेष पूर्वाधारको अवधारणा नक्सा

## पाँचौं चरण

**योजनाको प्रस्तुति र स्वीकृति**

- नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीसमक्ष मस्यौदा योजनाको प्रस्तुति र राय सुझाव सङ्कलन गर्ने
- नगरपालिका बोर्डमा आवश्यक छलफल गरी प्रतिवेदन स्वीकृत गर्ने
- सरोकारवालालाई स्वीकृत योजनाबारे जानकारी गराउने
- योजनाको सार्वजनिकीकरण गर्ने, वेबसाइटमा राख्ने र पुस्तक छपाइ गर्ने



## चौथो खण्ड

**आयोजनाको विवरण (प्रोजेक्ट ब्रिफ)**

यस खण्डमा जनप्रतिनिधि र नगरवासीसँग गरिएको छलफल र योजनाकारद्वारा प्रस्ताव गरिएका आयोजनाको संक्षिप्त विवरणसहितको सूची प्रस्तुत गरिन्छ। जनप्रतिनिधिले दैनिक रूपमा प्रयोगमा ल्याउने यस खण्डलाई छुट्टै प्रकाशन गर्न सकिन्छ।

## पाँचौं खण्ड

**अनुसूचीहरू**

अनुसूचीमा निम्न कुरा समावेश गरिन्छ :

- अनुसूची १ : सहरी विकास योजना टोलीको संक्षिप्त परिचय
- अनुसूची २ : स्थलगत अध्ययनका क्रममा अन्तरक्रिया गरिएका विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्था/व्यक्तिको विवरण
- अनुसूची ३ : सहरी विकास योजनाका विभिन्न खण्डको विषयसूची

## १३ सहरी योजनाको दस्तावेजमा के के कुरा समावेश हुन्छन् ?




## सहरी विकास योजनाको उपलब्धि



## १४ सहरी विकास योजनाको कार्यान्वयन कसरी हुन्छ ?

स्थानीय सरकारबाट स्वीकृत भइसकेपछि योजनाको कार्यान्वयनको चरण सुरु हुन्छ। पालिकाका नीतिगत निर्णय, लगानीकर्ता, निजी क्षेत्र, पूर्वाधार विकासमा संलग्न निकाय, दातृ निकाय, टोल सुधार समिति सबैका लागि यस योजनाले दिशा निर्देश गर्दछ। कार्यान्वयनका लागि निम्नबमोजिमको रणनीति अवलम्बन गर्नुपर्छ :

- कार्यपालिकाको बोर्डको नियमित बैठकको निर्णयबाट
- पूर्वाधार विकाससँग सम्बन्धित सरकारी निकायको लगानीबाट
- निजी क्षेत्रको सहभागिता र लगानीबाट
- वैदेशिक दातृ निकायको सहयोगबाट
- गैरसरकारी संस्थाको सहकार्य र सहयोगबाट

विभिन्न क्षेत्रगत योजना, जस्तै : उर्जा विकास, पर्यटन विकास, विपद् व्यवस्थापन, संस्थागत विकास, कृषि, शिक्षा, स्वास्थ्य, फोहरमैला व्यवस्थापन, यातायात तथा ट्राफिक व्यवस्थापनसँग सम्बन्धित योजना तर्जुमा गर्दा सहरी विकास योजनाको परिधिभित्र रहेर तयार गर्नुपर्ने हुन्छ। त्यसै गरी भवन निर्माण मापदण्ड, जग्गा खण्डीकरण मापदण्ड आदि तयार गर्दा यस योजनाभित्र रहेर गर्नुपर्ने हुन्छ।



## सहरी विकास योजना तर्जुमा गर्दा विशेष ध्यान दिनुपर्ने कुराहरू

- महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जनजाति, समाजका विपन्न वर्गका प्रतिनिधिलाई छलफल कार्यक्रममा अनिवार्य रूपमा सहभागी गराउने, उनीहरूका विशेष र वास्तविक आवश्यकता सङ्कलन गर्ने र योजना तयार भएपछि त्यसबारे जानकारी गराउने
- योजनालाई भाषागतभन्दा नक्सा र चित्रको माध्यमबाट प्रस्तुत गर्ने
- निर्वाचित प्रतिनिधि वडाअध्यक्ष, नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतका लागि उपयोगी हुने गरी छुट्टाछुट्टै दस्तावेज तयार गर्ने जसले गर्दा उनीहरूलाई ती दस्तावेज आफूसाथ राख्न र प्रयोग गर्न सजिलो होस्
- सहरी विकास योजनासँग सम्बन्धित सम्पूर्ण दस्तावेज नेपाली भाषामा तयार गर्ने र सबै बैठक, छलफल र प्रस्तुतीकरण नेपाली भाषामा गर्ने। क्षेत्र विशेषका आधारमा स्थानीय भाषा प्रयोग गर्नु व्यावहारिक देखिएमा प्रस्तुति र छलफल स्थानीय भाषामा गर्ने र नेपाली भाषामा तयार गरिएको मूल दस्तावेजलाई स्थानीय भाषामा पनि उल्था गर्ने। दातृ निकायका लागि आवश्यक परेमा योजनाको सारसंक्षेप अङ्ग्रेजीमा पनि उल्था गर्ने
- योजना तर्जुमा र कार्यान्वयनमा जनप्रतिनिधिको प्रतिबद्धता लिएरमात्र काम सुरु गर्ने
- योजना टोलीले अधिकतम समय फिल्डमा बिताउने जसका लागि अस्थायी कार्यालय खडा गर्ने जहाँ स्थानीय सरोकारवालाले योजना टोलीलाई सजिलै भेट्न र आफ्ना सुझाव राख्न सक्नेछन्



## सहरी विकास योजनाको कार्यान्वयन रणनीति




## १५ सहरी विकास योजना कसरी अद्यावधिक गरिन्छ ?

निर्वाचित जनप्रतिनिधिले आफ्नो आधा कार्यकाल पूरा गरेपछि यसको मध्यावधि समीक्षा गरी योजनामा आवश्यक परिमार्जन गर्नु उपयुक्त हुन्छ। उक्त समीक्षामा सबै जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकायका प्रतिनिधि, नागरिक समाज र सञ्चारकर्मी, स्वयंसेवीलाई उपस्थित गराई योजना कार्यान्वयनको अवस्था, कमीकमजोरीको समीक्षा गर्दै आवश्यक सुझाव सङ्कलन गरिनेछ।

जर्मन संङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको आर्थिक सहयोग तथा Capacity Development of New Municipalities (CD-Mun) मार्फत् GIZ को प्राविधिक सहयोगमा ।

# राजस्व सुधार कार्ययोजना तर्जुमा विधि



## हातेपुस्तिका

### परिचय

नेपालको संविधान २०७२ ले स्थानीय स्तरमा सेवा प्रवाह र विकासको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यसहित अधिकारसम्पन्न स्थानीय सरकारको व्यवस्था गरेको छ । आम जनताका लागि अत्यावश्यक सेवा तथा सुविधा प्रभावकारी रूपमा प्रवाह गर्नका लागि स्थानीय सरकारलाई स्रोत आवश्यक हुन्छ । विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँटका माध्यमबाट स्थानीय सरकारले सङ्घ र प्रदेशबाट आर्थिक स्रोत प्राप्त गर्छन ।

स्थानीय सरकारलाई सबल र प्रभावकारी बनाउन सङ्घ र प्रदेशबाट प्राप्त अनुदान र राजस्वको हिस्सामात्र पर्याप्त हुँदैन । स्थानीय सरकारले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएअनुरूप आन्तरिक राजस्व सङ्कलन गर्नुपर्छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय सरकारले आन्तरिक आय सङ्कलन र परिचालन गर्न सक्ने अधिकार उल्लेख गरिएको छ । आफ्नो अधिकारक्षेत्रभित्र तोकिएका आन्तरिक आय सङ्कलन तथा स्रोत परिचालनलाई दिगो र व्यवस्थित बनाउन स्थानीय सरकारले दीर्घकालीन अवधारणा सोच तथा योजना अवलम्बन गर्नुपर्ने हुन्छ । यस हाते पुस्तिकाले पालिकाको स्थानीय स्रोतको पहिचान र अभिवृद्धिसँग सम्बन्धित केही मान्यता र विधिको परिचय दिनेछ ।

- राजस्व सुधार कार्ययोजना तर्जुमा विधि

### पृष्ठभूमि

वर्तमान अवस्थामा स्थानीय सरकारको आर्थिक स्रोतको ठूलो हिस्सा सङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानका रूपमा प्राप्त वितीय हस्तान्तरण रहेको छ । त्यसका अलावा स्थानीय सरकारहरूले सङ्घीय सरकारबाट उठाउने मुख्य करहरू, जस्तै : मूल्य अभिवृद्धिकर तथा आयकरबाट पनि केही स्रोत प्राप्त गर्छन् ।

सङ्घीय सरकार, प्रादेशिक सरकार तथा अन्य स्रोतहरूबाट प्राप्त हुने स्रोतले मात्र स्थानीय सरकारका लागि तोकिएका बृहत् जिम्मेवारी पूरा गर्न र स्थानीय जनताका व्यापक आवश्यकता परिपूर्ति गर्न सम्भव छैन ।

यसर्थ स्थानीय सरकारले आन्तरिक राजस्व बढाउने कार्यलाई विशेष प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यो लक्ष्य प्राप्तिका लागि "राजस्व सुधार कार्ययोजना" (Revenue Improvement Action Plan) एक महत्वपूर्ण औजार बन्न सक्छ जसका सहायताले स्थानीय सरकारले सङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने वित्तीय हस्तातरणमाथिको निर्भरता कम गर्दै आफूलाई आर्थिक रूपमा सबल बनाउन सक्छन् ।

### राजस्व सुधार कार्ययोजनाको औचित्य

राजस्व सुधार कार्ययोजनाबाट पालिकाले आफ्नो विद्यमान र सम्भावित आयका बारेमा वस्तुगत जानकारी लिने र आय अभिवृद्धिका लागि चरणबद्ध सुधारका कार्यको थालनी गर्न सक्छन् । यस योजनाले पालिकाको राजस्वमा वृद्धि गर्दै सङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने आर्थिक अनुदानप्रतिको निर्भरतामा कमी ल्याउन मद्दत गर्छ । राजस्व सुधार कार्ययोजनाले :

- पालिकाको विद्यमान राजस्वको अवस्थाको जानकारी लिन सहयोग गर्छ
- राजस्व वृद्धिका मुख्य मुद्दा तथा संस्थागत अवरोधको पहिचान गर्छ
- राजस्व वृद्धिका लागि अपनाउनुपर्ने उपायको पहिचान गर्छ
- समष्टिगत रूपमा राजस्वसँग सम्बन्धित कर्मचारी, जनप्रतिनिधि तथा संस्थाको क्षमता विकासमा सहयोग गर्छ
- राजस्व सङ्कलनका कानुनी रूपरेखा र यसको संयन्त्रलाई बलियो बनाउन मद्दत गर्छ
- तयार भएको कार्ययोजना (के, कसरी, कहिले र कसले) राजस्व परामर्श समितिले पारित गरेपछि प्रक्रियागत रूपले कार्यान्वयन गर्न मद्दत गर्छ

### सरोकारवाला र तिनको भूमिका

- पालिकाको **राजस्व परामर्श समितिले** राजस्व सुधार कार्ययोजना तयार पारी कार्यपालिकाबाट स्वीकृत गर्छ
- **निर्वाचित जनप्रतिनिधि** र **वडा समितिका सदस्य** तथा **वडा अध्यक्षले** वडास्तरीय परामर्श भेलाको आयोजना तथा सहजीकरण गर्छन्
- **राजस्व शाखाका कर्मचारीले** तथ्याङ्क सङ्कलन र प्रक्रिया सहजीकरण गर्छन्
- **निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरू**, जस्तै : वाणिज्य सङ्घ तथा महासङ्घ, होटल, ट्रेकिङ, भ्रमण (टुर) र र्‍याफ्टिङ व्यवसायी सङ्घ, व्यापारिक समुदाय तथा समाजका विभिन्न व्यक्तित्वले परामर्श तथा सुझाव प्रदान गर्छन्
- **सञ्चारकर्मीले** तथ्यगत सूचना सम्प्रेषण गर्छन्
- राजस्व सुधार कार्ययोजना निर्माण गर्ने प्रक्रियामा **समाजका विभिन्न क्षेत्र र समुदायका मानिस**, जस्तै : आमा समूह, गैरसरकारी संस्था, नागरिक समाज, युवा र विद्यार्थी आदिको सहभागिता रहनुपर्छ

- राजस्व सुधार कार्ययोजना तर्जुमा विधि



### संस्थागत संरचना

- पालिकासभाले राजस्व सुधार कार्ययोजनाका लागि आवश्यक नीति तर्जुमा गर्छ
- राजस्व शाखाले तथ्याङ्क, प्रक्षेपण (अनुमान) र प्रक्रियाको कार्यान्वयन गर्छ
- वडा अध्यक्ष, वडासचिव र नगरपालिकाका कर्मचारीहरुले राजस्व परामर्श समितिलाई आवश्यक सूचना सङ्कलन गर्न सहजीकरण गर्ने गर्दछन् तथा राजस्वसम्बन्धी जनचेतनामूलक अभियानको सञ्चालन गर्न, राजस्वका विभिन्न स्रोतका प्रस्तावहरू तयार गरी कार्यान्वयन गर्न र कार्यान्वयनमा भएका क्रियाकलापहरूको निरीक्षण र अनुगमन गर्ने गर्दछन्
- पालिकासभाले सबै प्रस्ताव स्वीकृत गर्ने तथा नीति, कार्यक्रम र निर्णयहरू पारित गर्ने गर्छ

कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि पालिकाका कर्मचारीलगायत जनप्रतिनिधिलाई पनि स्थानीय सरकारको राजस्व परिचालनसम्बन्धी ऐन, कानुन नीति, योजना आदिको ज्ञान हुनु आवश्यक हुन्छ। यसका लागि पालिकाको राजस्व शाखाको प्रभावकारिताका लागि राजस्व शाखामा कार्यरत कर्मचारीमा यस विषयमा आवश्यक ज्ञान हुनु आवश्यक छ।




### आधारभूत सिद्धान्त

- पालिकाले आन्तरिक आय अभिवृद्धि गर्ने कुरालाई विशेष प्राथमिकतामा राख्नुपर्छ
- पालिकाले उठाउने राजस्व तथा कर, पालिकाको भौतिक तथा सामाजिक विकासको अवस्थासँग मिल्ने हुनुपर्दछ
- करको दर जनताको क्षमताले भ्याउने हुनुपर्छ र उठाएको करको न्यायोचित व्यवस्थापन हुनुपर्छ
- निजी क्षेत्रसँग सहकार्य आवश्यक हुन्छ
- आन्तरिक आयको संकलन र उपयोगमा पारदर्शिता सुनिश्चित हुनुपर्छ
- सङ्घीय र प्रादेशिक सरकारको आर्थिक नीति, कानुन, प्रणाली, योजना र कार्यक्रमलाई ध्यान दिनुपर्छ
- स्थानीय सरकारबाट तयार भएको सहरी योजना, आवधिक योजना, वार्षिक योजना तथा बजेटसँग अनुरुप हुनुपर्छ
- लागत र लाभको मुल्याङ्कन हुनुपर्छ

### राजश्व सुधार कार्ययोजना कार्यान्वयन रणनीति

राजस्व सुधार कार्ययोजना स्वीकृत भएपछि कार्ययोजनाले आत्मसात् गरेको समग्रलक्ष्य, क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरूलाई कार्यतालिका बनाई कार्यान्वयनमा ल्याइने गर्छ । यसका लागि संस्थागत संरचनामा सुधार, कार्य प्रणालीलाई लाभलागतका आधारमा पालिका स्वयम् वा अन्य सेवा प्रदायकमार्फत् कार्यान्वयन, निर्धारित क्षेत्रगत लक्ष्य, जस्तै : करआधार विस्तार, दररेट निर्धारणमा वैज्ञानिक पद्धतिको विकास, करयोग्य सम्पति, आम्दानी र सेवा वा वस्तुको मूल्याङ्कनमा वस्तुपरक पद्धतिको विकास, हालको कर दायरा र दायरा बिस्तारसम्बन्धी लक्ष्य, सङ्कलन प्रणालीलाई सेवाग्राहीमैत्री बनाउने प्रयोजनका लागि अवलम्बन गरिने विधि, प्रविधि, सेवाप्रदायकहरूको उपयोग, प्रतिफल र जोखिममा साझेदारीजस्ता रणनीति र कार्यक्रमको तालिका बनाई जिम्मेवारी निर्धारण गरिन्छ ।

### कार्ययोजनाको लागत

कार्ययोजना तयारीका लागि बाह्य परामर्शदाता वा विषेशज्ञ तथा कार्यशाला गोष्ठीहरु आवश्यक पर्दछन् । यदि पालिकाको अद्यावधिक पार्श्वचित्र छैन भने यसका लागि कम्तीमा ३ वटा वडा भेला, २ वटा पालिका तहको कार्यशाला तथा कम्तीमा ३ वटा सरोकारवालाहरूसँगको परामर्श भेला र अन्तिममा सबै सरोकारवालाहरूसहितको बृहत् कार्यशाला गोष्ठीको आवश्यकता पर्छ । यसका लागि पालिकाको भौगोलिक अवस्थिति, जनसङ्ख्या तथा घरधुरी सङ्ख्या, उद्योग व्यवसायजस्ता आर्थिक गतिविधिहरुको विद्यमान अवस्थाका आधारमा लागत फरकफरक हुन सक्ने देखिन्छ ।

- राजस्व सुधार कार्ययोजना तर्जुमा विधि

### कार्ययोजनाको मुख्य चरणहरू

- राजस्वसम्बन्धी पालिकाको नीति तथा कानुन र निर्णयको समीक्षा
- राजस्वसम्बन्धी प्रतिवेदन, कार्यविधि, प्रक्रिया, सङ्कलन विधि, प्रक्षेपण आदिको समीक्षा र विश्लेषण
- परामर्श कार्यशालामार्फत् राजस्वसँग सम्बन्धित मुख्य समस्याको पहिचान र आधिकारिक सरोकारवालाको पहिचान
- स्थानीय राजस्व सङ्कलनको प्रणाली, प्रक्रिया, मानवस्रोत, सीप र सम्बन्धित सेवाहरुको व्यवस्थापन र बाधाहरुको पहिचान र विश्लेषण
- मस्यौदा कार्ययोजनाको तयारी तथा कार्यशाला र गोष्ठीमार्फत् सरोकारवालासँग सुझाव र प्रतिक्रिया सङ्कलन
- सङ्कलित सुझावसहितको अन्तिम कार्ययोजना तयार
- पालिकासभाद्वारा कार्ययोजना स्वीकृत र कार्यान्वयन
- स्वीकृत कार्ययोजना अनुरुप पालिकाको वार्षिक कार्ययोजनामा समावेश



### सफल कार्यान्वयनका आधार

कार्ययोजना प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न र आय अभिवृद्धि गर्न निम्न कुराहरुमा ध्यान दिनुपर्छ।

- राजस्व परामर्श समितिको नियमित बैठक
- स्थानीय जनतामा पालिकाप्रति विश्वास र भरोसा
- आन्तरिक राजश्वमा क्रमिक सुधार भएको सङ्केत
- चुस्त राजस्व तथा कर प्रशासन
- पालिकाले प्रवाह गर्ने सेवामा क्रमिक सुधार
- पालिकाका दीर्घकालिन तथा अल्पकालिन योजना तथा क्रियाकलापमा जनताको सहकार्य र स्वीकार्यता
- कार्ययोजनाका लागि जनप्रतिनिधि सम्मिलित कुशल कार्यान्वयन संयन्त्र
- कार्ययोजनाहरूको नियमित अनुगमन, समीक्षा र संशोधन

### राजश्व सुधार कार्ययोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन विधि

स्वीकृत कार्ययोजना, समष्टिगत र क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमअनुसार प्रक्रिया र नतिजामुखी सूचक निर्माण, सोहीबमोजिम कार्य सम्पादन करार गरी सोही सुचकका आधारमा नियमित अनुगमन, मूल्याङ्कन, आवधिक समीक्षासहित कार्ययोजनामा समायोजना गरिन्छ र कार्यान्वयनलाई प्रभावकारी बनाइन्छ। यसका लागि :

- राजस्व परामर्श समितिको नियमित बैठक
- स्थानीय जनतामा पालिकाप्रति विश्वास र भरोसा
- चुस्त राजस्व प्रशासन
- पालिकाको सेवा प्रवाहमा राजश्वलाई आबद्धता
- पालिकाको दीर्घकालिन तथा अल्पकालीन योजना तथा क्रियाकलापमा सरोकारवालाहरुको स्वीकार्यता र सहकार्य
- कार्ययोजनाका लागि जनप्रतिनिधि सम्मिलित कार्यान्वयन तथा अनुगमन संयन्त्र
- कार्ययोजनाको नियमित समीक्षा र परिमार्जन

यो हाते पुस्तिका जर्मन बिकास नियोगको सहयोगमा तयार पारिएको हो ।

### राजस्व सुधार कार्ययोजना र यसबाट प्राप्त हुने उपलब्धि

राजश्व सुधार कार्ययोजनाका माध्यमबाट पालिकाले विद्यमान राजश्वको यथार्थ अवस्था र आगामी दिनमा चाल्नुपर्ने नीतिगत तथा व्यवस्थापकीय निर्णयका लागि सहयोगी सिद्ध हुनेछ। यसले :

- राजस्व वृद्धिका मुख्य मुद्दा तथा संस्थागत अवरोध पहिचान गर्छ
- राजस्व वृद्धिका लागि अपनाउनुपर्ने उपायहरुको पहिचान गर्छ
- समष्टिगत रुपमा राजस्वसँग सम्बन्धित कर्मचारी, जनप्रतिनिधि तथा संस्थाको विकासमा सहयोग गर्छ
- राजस्व सङ्कलनका कानुनी रुपरेखा र यसको संयन्त्रलाई बलियो बनाउन मद्दत गर्छ
- राजश्व सुधारको क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम सम्बन्धी जिम्मेवारी र समयतालिका स्पष्ट हुने गर्छ

**हाल राजस्व सुधार कार्ययोजना बैंसीसहर, बाँसगढी, नेपालगञ्ज, विदुर नगरपालिकाहरूले सफलतापूर्वक कार्यान्वयन गरिरहेका छन्। यससम्बन्धी अन्य विस्तृत जानकारीका लागि सम्बन्धित नगरपालिकाहरुको वेबपेजमा हेर्न सक्नुहुन्छ।**

## आधारभूत स्वास्थ्य सेवा




### पृष्ठभूमि

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क रूपमा प्राप्त गर्ने हक दिएको छ। यसै गरी प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको जिम्मेवारी भनेर तोकेको छ। साथै जनस्वास्थ्य ऐन २०७५ ले आधारभुत स्वास्थ्य सेवाको सूची पनि समावेश गरेको छ।

नेपालले दिगो विकास लक्षलाई राष्ट्रिय लक्ष मानेको सन्दर्भमा स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै स्वास्थ्यमा सर्वव्यापी पहुँचको अन्तराष्ट्रिय अवधारणा अनुसार समतामूलक स्वास्थ्यसेवा प्रदान गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ।

### संस्थागत संरचना

नेपालमा तीन तहको सरकारको संरचना रहेको सन्दर्भमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित जिम्मेवारी तथा कार्यहरूको बाँडफाँटका लागि निश्चित प्रबन्ध गरिएको छ। जसअनुसार, सङ्घीय सरकारसँग मापदण्ड, गुणस्तर, अनुगमन तथा सरुवारोगको नियन्त्रण जस्ता जिम्मेवारी छन्। प्रदेश सरकारको जिम्मेवारी स्वास्थ्य सेवाको व्यवस्थापन गर्न हो। यसै गरी स्थानीय सरकारको जिम्मेवारी आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नु रहेको छ। तीन तहका सरकारका जिम्मेवारीलाई सामान्यत: यसरी वर्गीकरण गरिएको छ :

- सङ्घीय सरकार : राष्ट्रिय नीतिनियम तथा मापदण्ड, नियमन
- प्रदेश सरकार : योजना तथा कार्यक्रम, अनुगमन
- स्थानीय सरकार : आधारभूत स्वास्थ्य सेवा तथा सरसफाई

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

### आधारभूत स्वास्थ्य सेवा

जनस्वास्थ्य ऐन २०७५ ले आधारभुत स्वास्थ्य सेवाको सूचीमा निम्न सेवाहरु समावेश गरेको छ :


- खोप सेवा
- एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती प्रसूति तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्यजस्ता मातृ नवजात शिशु तथा बाल स्वास्थ्य सेवा
- सरुवा रोगसम्बन्धी सेवा
- नसर्ने रोग तथा शारीरिक विकलाङ्ग सम्बन्धी सेवा
- मानसिक रोगसम्बन्धी सेवा
- जेष्ठ नागरिक स्वास्थ्यसम्बन्धी सेवा
- सामान्य आकस्मिक अवस्थाका सेवा
- स्वास्थ्य प्रवर्द्धन सेवा
- आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा
- नेपाल सरकारले नेपाल राजपत्रमा सुचना जारी गरी तोकेका अन्य सेवा

### स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा

स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा सम्बन्धमा निम्नअनुसारको व्यवस्था रहेको छ :

- आधारभुत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य तथा खोप सेवा कानुनी रुपमा उल्लेख भएका सेवाहरु
- आधारभुत आकस्मिक स्वास्थ्य सेवाको सुनिश्चितता
- एम्बुलेन्स सेवा, रक्त सञ्चार सेवा, सफा पानी तथा पोषण सेवा तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन
- औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन
- स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय तथा सहकार्य
- औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण तथा वितरण
- स्वेच्छिक भएतापनि स्वास्थ्य बिमा पनि सान्दर्भिक हुन आउँछ
- स्वास्थ्य सेवाका लागि सेवामा पहुँच, सेवाको उपलब्धता तथा नियमितता र गुणस्तर अति महत्वपुर्ण पक्षहरु हुन्

### स्थानीय तहमा स्वास्थ्य सेवा व्यवस्थापनको संरचना




- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका



## प्रमुख क्रियाकलापहरू

- स्थानीय सरकारले स्थानीय आवश्यकता र प्रमाणका आधारमा प्रत्येक आर्थिक वर्षमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्छ
- यसरी तयार गरिएको वार्षिक कार्यक्रम तथा बजेटका आधारमा वडा तह तथा पालिकामा स्वास्थ्य तथा सरससफाईसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन हुन्छन्
- स्थानीय स्वास्थ्य संस्थाहरू वडा अध्यक्षको अध्यक्षता तथा प्रमुख या अध्यक्षको संरक्षकत्वमा रहेको स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन समितिबाट सञ्चालन हुन्छन्। वडामा रहेको स्वास्थ्य संस्थाको अध्यक्ष वडा अध्यक्ष रहने व्यवस्था छ
- पालिकाअन्तर्गतका स्वास्थ्यसम्बन्धी क्रियाकलापहरूको कार्यान्वयन स्वास्थ्य संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा पालिकाअन्तर्गत रहेको स्वास्थ्य शाखाले गर्छ। स्वास्थ्य शाखामा "स्वास्थ्य संयोजक" को व्यवस्था छ। स्वास्थ्य संयोजकका प्रमुख जिम्मेवारी यस अनुसार छन्
  - स्वास्थ्य योजना तर्जमा गर्ने,
  - वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित कार्यक्रम सञ्चालन गर्ने,
  - सङ्घ तथा प्रदेशबाट प्राप्त ससर्त क्रियाकलापहरू सम्पन्न गर्न सहयोग गर्ने
  - अनुगमन गर्न र प्रतिवेदन तयार गर्न सहयोग गर्ने
- स्थानीय सरकारका अन्य विभाग, महाशाखा या शाखाको सहयोग तथा समन्वयमा स्वास्थ्यका क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ
- स्वास्थ्यका गतिविधिहरूको अनुगमन तथा समन्वय गर्ने दायित्व पालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीको हुन्छ
- आवश्यक प्रतिवेदन सङ्घ तथा सम्बन्धित प्रदेशमा पठाउनुपर्छ

### आधारभूत सिद्धान्तहरू

- प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पाउने हक हुनेछ
- प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य सेवा पाउने हक हुनेछ
- प्रत्येक व्यक्तिलाई सुसूचित स्वास्थ्य सेवा पाउने हक हुनेछ
- प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ
- स्वास्थ्य सेवाका सन्दर्भमा दिगो विकास लक्षले निर्दिष्ट गरेअनुसार सेवाबाट कोही पनि छुट्ने छैनन्

नागरिकहरूले आधारभूत स्वास्थ्य सेवाका लागि कुनै किसिमको शुल्क तिर्नु पर्नेछैन।

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

## स्थानीय योजना तर्जुमाका सात चरणहरू




## स्वास्थ्य सेवा प्रवाह गर्दा ध्यान दिनुपर्ने कुराहरू

- पालिकाले आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक स्वास्थ्यकर्मी, भवन तथा उपकरण औषधी र अन्य सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्नुपर्छ
- अन्य आवश्यक स्वास्थ्य सेवा तथा विशिष्टीकृत सेवाका लागि स्थानीय सरकारले सामाजिक स्वास्थ्य बिमा तथा निजी क्षेत्रसँग सहकार्य गर्नु आवश्यक हुन्छ
- सुशासनको प्रत्याभुति गर्न नियमित अनुगमन गर्नु आवश्यक हुन्छ
- जनस्वास्थ्य कार्यक्रमलाई प्राथमिकतामा राख्दै समुदायमा आधारित स्वास्थ्य प्रवर्द्धनका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ
- निजी स्वास्थ्य सेवा प्रदायक, औषधी पसल, खाद्यान्न, तथा वातावरणीय प्रदुषण कम गर्न नियमनको संयन्त्र बनाउनुपर्छ
- स्वास्थ्यजन्य फोहोर मैलाको एकीकृत व्यवस्थापनका लागि निजी तथा गैरसरकारी संस्थासँग सहकार्य गर्नु आवश्यक हुन्छ
- प्रेषण अस्पतालहरूबाट आवश्यक सेवा सहज रूपमा प्रदान गर्नका लागि प्रेषण प्रणालीमा स्वास्थ्य संस्थाहरूबीचको सम्बन्धलाई सुदृढ गर्नुपर्छ
- एम्बुलेन्स सेवाको उपलब्धता सुनिश्चित गर्नुपर्छ
- स्वास्थ्यका योजना बनाउँदा र सेवा प्रदान गर्दा उपलब्ध अभिलेखन, प्रतिवेदन (DHIS 2) बाट प्राप्त तथ्याङ्कको अधिकतम उपयोग गर्नुपर्छ
- स्वास्थ्य बिमाको प्रवर्द्धनमार्फत् व्यक्तिगत खर्चको मात्रा न्युन गर्नुपर्छ
- आकस्मिक स्वास्थ्य सेवा तथा प्रकोप नियन्त्रणका लागि पुर्वतयारी गर्नुपर्छ

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

## सरोकारवालाहरू

स्वास्थ्य बहुपक्षीय कार्य हो। यसैले स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा समुदायका विभिन्न पक्ष तथा समुहको संलग्नता आवश्यक हुन्छ। तलको तालिकाले संक्षेपमा यसबारे उल्लेख गर्छ :

| सरोकारवाला | प्रमुख भूमिका तथा दायित्व |
|---|---|
| पालिका | आधारभूत स्वास्थ्य सेवा तथा सरसफाई |
| निर्वाचित प्रतिनिधि | सुशासन |
| पालिकामा रहेका स्वास्थ्य संस्था (सरकारी, निजी) | आधारभुत स्वास्थ्य सेवा प्रवाह |
| पालिकामा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य-कर्मीहरू | स्वास्थ्य सेवा सञ्चालन |
| पालिकामा बसोबास गर्ने नागरिक | उपलब्ध स्वास्थ्य सेवाको उपयोग |
| क्षेत्रगत निकाय (कृषि, शिक्षा, महिला तथा बाल कल्याण, पानी तथा सरसफाइ, सामाजिक सुरक्षा) | स्वास्थ्य क्षेत्रमा बहुपक्षीय समन्वय तथा सहयोग |
| विकास साझेदारहरू (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सामाजिक संस्था) | स्वास्थ्य प्रणाली सबलीकरण तथा सुशासनका लागि प्राविधिक सहयोग |
| सञ्चार माध्यम | स्वास्थ्य प्रवर्द्धन तथा सूचना |

## पालिकाको वार्षिक योजना तथा बजेटमा आधारभूत स्वास्थ्य सेवा तथा सरसफाईका योजना

पालिकाले स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गर्न स्वास्थ्य योजना बनाउने।

१ प्रत्येक आर्थिक वर्षको योजना चक्रको चरणमा वडा स्तरमा स्वास्थ्यबारे छलफल गरी आवश्यक भएका क्रियाकलाप तथा योजनाहरु आगामी आर्थिक वर्षको कार्ययोजनामा समावेश गर्नका लागि कार्य पालिकामा पठाउने






२ पालिकाका उपप्रमुख या उपाध्यक्षको अध्यक्षतामा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्रस्तावित कार्यक्रमलाई प्राथमिकताका आधारमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रममा समावेश गर्ने

३ कार्यपालिकाले आर्थिक वर्षको योजना तथा कार्यक्रममा प्रस्तुत क्रियाकलापहरुबारे निर्णय गर्ने र स्विकृत योजना तथा कार्यक्रम पालिकासभावाट स्वीकृत गराउने



- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

## खर्चमा प्रभाव पार्ने तत्वहरू




- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

**बजेट व्यवस्था :**

स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक बजेट विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्छन् :

- सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान
- आधारभूत स्वास्थ्य सेवाका लागि सङ्घ तथा प्रदेशबाट प्राप्त हुने ससर्त अनुदान
- वित्तीय समानीकरण शीर्षकबाट प्राप्त हुने रकम
- पालिकाको आन्तरिक स्रोत
- बिमाबाट प्राप्त हुने रकम

**सफलताका आधार :**

- पालिकाको स्वास्थ्यसम्बन्धी नीति, कार्ययोजना तथा वार्षिक कार्ययोजना र बजेट आवश्यकताअनुसार स्वास्थ्यका लागि बजेट विनियोजन
- ससर्त, समानीकरण तथा विशेष अनुदानबाट गरिने क्रियाकलापहरूको पुर्ण कार्यान्वयन
- समुदाय तथा संस्थाहरूको संलग्नता
- वार्षिक प्रगति प्रतिवेदन तथा सेवाहरूबारे नागरिकहरूलाई जानकारी
- आधारभुत स्वास्थ्य सेवाका लागि व्यक्ति वा परिवारको शुन्य दायित्व
- स्थानीय स्तरमा नै सम्पुर्ण आधारभुत स्वास्थ्य सेवाहरू उपलब्ध





**ध्यान दिनुपर्ने पक्षहरू**

- नागरिकहरूले आधारभुत स्वास्थ्य सेवाका लागि रकम तिर्नुपर्ने अवस्था
- स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध नहुनु
- वार्षिक कार्यक्रम तथा बजेटमा आवश्यक बजेट विनियोजन नहुनु
- आवश्यक स्वास्थ्य सेवामा न्युन पहुँच, उपलब्धता, नियमितता र गुणस्तर
- स्वास्थ्यमा कमजोर सुशासन

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरू लागि हातेपुस्तिका




**विधमान तथा अपेक्षित अवस्था**

| हालको अवस्था | तीन वर्षपछि | सन् २०३० सम्म |
| --- | --- | --- |
| नागरिकहरूले आधारभूत स्वास्थ्य सेवाका लागि रकम तिरिरहेको अवस्था | पालिकामा रहेका शतप्रतिशत नागरिकले आधारभूत स्वास्थ्य सेवा सुविधा निशुल्क रुपमा उपलब्ध | पालिकामा रहेका सम्पूर्ण नागरिकहरूलाई निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध |
| आधारभूत स्वास्थ्य सेवामा उल्लेख कुनै कुनै सेवाहरू मात्र पालिकामा उपलब्ध | पालिकामा रहेका स्वास्थ्य संस्थाहरूबाट ८० प्रतिशत आधारभूत स्वास्थ्य सेवा उपलब्ध | सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा पालिका क्षेत्रमा उपलब्ध |
| स्वास्थ्यमा सुशासन सुरुवाती अवस्थामा रहेको | विभिन्न माध्यमहरूबाट स्वास्थ्यमा सुशासनको प्रत्याभूति | स्वास्थ्य सेवामा सुशासनको उच्चतम तहमा प्रत्याभूति |
| स्थानीय स्तरमा विशिष्टीकृत स्वास्थ्य सेवाहरू नभएको | केही विशिष्टीकृत स्वास्थ्य सेवाहरू स्थानीय स्तरमा उपलब्ध | बहुधा विशिष्टीकृत स्वास्थ्य सेवाहरू नियमित रूपमा स्थानीय स्तरमा नै उपलब्ध |
| स्वास्थ्य बिमाबाट केही सीमित व्यक्तिहरू मात्र लाभान्वित | स्वास्थ्य बिमाबाट ९० प्रतिशत नागरिक लाभान्वित | स्वास्थ्य बिमाबाट सम्पूर्ण नागरिकहरू लाभान्वित |

यो हाते पुस्तिका जर्मन बिकास नियोगको सहयोगमा तयार पारिएको हो ।

## एकीकृत फोहरमैला व्यवस्थापन रणनीतिक योजना तर्जुमा विधि हाते पुस्तिका

**पृष्ठभूमि**

नेपालको संविधान २०७२ को धारा ३० ले स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । दिगो विकासको लक्ष्य ११ (६) मा समेत सहरी तथा अन्य फोहरमैलाबाट पर्ने वातावरणीय प्रभावलाई सन् २०३० सम्म आधारभूत रूपमा घटाउन विशेष पहल गरिने उल्लेख भएको छ । त्यस्तै, लक्ष्य १२ (४) मा सबै प्रकारका फोहरको २०२० सम्म मानव स्वास्थ्य तथा वातावरणमा पर्ने नकारात्मक प्रभावलाई उल्लेखनीय रूपमा घटाउनका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुसार सबैलाई स्वीकार्य हुने गरी दिगो वातावरणीय व्यवस्थापन गर्ने तथा लक्ष्य १२ (५) मा ३- आर; घटाउने, पुन: प्रयोग गर्ने र पुन: नवीकरण गर्ने (Reduce, Reuse and Recycle); प्रवर्द्धन गरी २०३० सम्ममा फोहर व्यवस्थापन क्षेत्रमा उल्लेखनीय सुधार गर्ने भन्ने उल्लेख छ ।

फोहरमैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम फोहरमैला व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहको रहेको छ ।

स्थानीय तहमा उपलब्ध सीमित भौतिक पूर्वाधार तथा आर्थिक स्रोतका आधारमा फोहरमैला व्यवस्थापनको संवैधानिक दायित्व पूरा गर्न तथा दिगो विकासकको लक्ष्य हासिल गर्न स्थानीय तह हरूले फोहर व्यवस्थापनका क्षेत्रमा सम्पादन गर्दै आइरहेको सडक बढार्ने, घरको फोहर सडक, सडकको फोहर गाडीमा र गाडीको फोहर नदी किनार वा जङ्गलमा फाल्ने परम्परागत विधिलाई परिमार्जन गरी फोहरको निष्कासन, सङ्कलन, ढुवानी, उपचार र अन्तिम विसर्जनका विविध विधिसहितको एकीकृत दिगो फोहर व्यवस्थापन विधिमार्फत् फोहरको व्यवस्थापन गर्न पालिकहरूको क्षमता विकास गर्न आवश्यक देखिएकाले पालिकाहरूको सहजताका लागि यो एकीकृत फोहरमैला व्यवस्थापनसम्बन्धी रणनीतिक योजना तर्जुमा गर्न यो हाते पुस्तिका तयार पारिएको हो ।

**पालिकाका लागि एकीकृत फोहरमैला व्यवस्थापन रणनीतिक योजना किन ?**

- प्रचलित कानुनका आधारमा फोहरमैलाको प्रबन्ध र व्यवस्थापनमा पालिकाको जिम्मेवारी परिभाषित गर्न
- फोहरमैला निष्कासन र मानवीय उपभोग प्रणालीबिचको अन्तरसम्बन्ध र यसको वैज्ञानिक व्यवस्थापन विधि तय गर्न मदत गर्न
- फोहरमैला व्यवस्थापनका प्रमुख साझेदार र तिनको भूमिकाको पहिचान गर्न
- सहरीकरण र आर्थिक वृद्धिसँगै फोहरमैलाको उत्पादन बढ्दै जाने भएकाले दिगो तथा प्रभावकारी योजनाको निर्माण गर्न
- पालिकाको फोहरमैला व्यवस्थापनका लागि हुने विकास बजेटको खर्चलाई उचित उपयोग तथा उपलब्धिमूलक बनाउन
- फोहरमैला व्यवस्थापन सेवालाई पालिकाका सबै क्षेत्रमा विस्तार गर्न
- फोहरमैलासम्बन्धी विद्यमान सेवाको गुणस्तर र सेवा प्रदायकहरूको कार्य सम्पादन आवश्यक मापदण्ड तयार गरी लागु गर्न
- वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी दिगो तथा उचित फोहरमैला व्यवस्थापनका उपायहरू अपनाउन

**फोहरमैला व्यवस्थापन रणनीतिक योजनाबाट के फाइदा हुन्छ ?**

- फोहरमैला व्यवस्थापनसम्बन्धी वर्तमान अवस्थाको (सबलता, कमजोरी, अवसर र चुनौती) पहिचान गर्न,
- फोहरमैला व्यवस्थापनका सन्दर्भमा एकीकृत र दिगो प्रणाली तथा कार्यान्वयन खाका तय गर्न सहज बनाउन
- फोहरमैला व्यवस्थापनमा पालिकाको क्षमता अभिवृद्धि गर्न
- पुन: प्रयोग वा पुन: चक्रणयोग्य फोहरजन्य वस्तुबाट उद्यम विकास र आयआर्जन तथा रोजगारको अवसर सिर्जना गर्ने वातावरण बनाउन
- फोहरमैला विसर्जनको गुणस्तर बढाई जनस्वास्थ्यमा सुधार ल्याउन
- पालिकाका सबै क्षेत्रमा फोहरमैला व्यवस्थापनसम्बन्धी सेवाको क्रमशः विस्तार गर्न
- सेवाग्राहीबाट सेवा शुल्क उठाई फोहरलाई मोहरमा बदली राजस्व वृद्धि गरी सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गर्न

**फोहरमैला व्यवस्थापन रणनीतिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?**

- कहाँबाट सुरु गर्ने (हामी अहिले कहाँ छौं) ?
- **बर्तमान** व्यवस्थापन प्रणालीको समीक्षा
- रणनीतिक उद्देश्य के हुने (भविष्यमा हामी कहाँ पुग्न चाहन्छौ) ?
- रणनीतिक उद्देश्य तथा लक्ष्य कसरी प्राप्त गर्ने (हाम्रो लक्ष्यमा कसरी पुग्ने)?
- लक्ष्य प्राप्ति गरे/नगरेको (प्रगतिको) मापन कसरी गर्ने र कार्यक्रमहरू कसरी कार्यान्वयन गर्ने ?




चित्र : पालिकाको फोहर व्यवस्थापन रणनीतिक योजना तर्जुमाका चरणहरू

## एकीकृत फोहरमैला व्यवस्थापनसम्बन्धी रणनीतिक योजना तर्जुमाका चरणहरू के के हुन् ?

**चरण १: फोहरमैला व्यवस्थापनसम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलन**

फोहरमैला व्यवस्थापन रणनीति तथा कार्यनीति तयारीका लागि पूर्ण तथा सही तथ्याङ्क सङ्कलन

**आधारभूत तथ्याङ्क सङ्कलन**

- पालिकाको भौगोलिक, प्रशासनिक तथा भू-उपयोगसम्बन्धी विवरण तयार गर्ने
- बजार, बजारउन्मुख तथा ग्रामीण क्षेत्रको वर्गीकरण र पालिकाभित्र भएका पूर्वाधारको विवरण तयार गर्ने
- वार्डअनुसारको घरधुरी/जम्मा जनसङ्ख्या; व्यावसायिक संस्था (होटल/ रेस्टुरेन्ट, पसल आदि); सरकारी/गैर-सरकारी, निजी, बैङ्क तथा सहकारी संस्था, विद्यालय, क्याम्पस आदि; कलकारखाना तथा उद्योग; स्वास्थ्य संस्था, मासुपसल आदि फोहर उत्सर्जन गर्नेको विवरण तयार गर्ने

**फोहरमैलाको स्रोत तथा त्यसका आधारमा वर्गीकरण**

- घरायसी, व्यापारिकजन्य, संस्थाजन्य, औद्योगिकजन्य, हानिकारक फोहर (जस्तै स्वास्थ्यजन्य फोहर, ई-फोहर) र विशेष प्रकारका फोहरमैला (मरेका जनावर)

**फोहरमैला उत्पादन: दैनिक प्रतिव्यक्ति फोहर उत्पादन गणना**

- विभिन्न स्रोतबाट उत्सर्जन हुने फोहरमैलाको परिमाण
- पालिकामा दैनिक प्रतिव्यक्ति फोहरमैला उत्पादन दर
- जम्मा पालिकाजन्य तथा अन्य फोहरमैलाको परिमाण

**चरण २ : वर्तमान फोहरमैला व्यवस्थापनको अवस्था चित्रण तथा समस्या विश्लेषण**

- हालको अवस्थाको अध्ययन तथा विश्लेषणका आधारमा वास्तविक समस्याको पहिचान गर्ने (जस्तै: पालिकाको मुख्य समस्या - संस्थागत, प्राविधिक क्षमताको अभावमा पालिकाले उचित रूपमा फोहर व्यवस्थापन गर्न नसक्दा मानव स्वास्थ्य तथा वातावरणमा गम्भीर असर पर्नु)
- सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषणका आधारमा फोहरमैला व्यवस्थापनका विभिन्न पक्ष समेटिने गरी वर्तमान अवस्थाको चित्रण गर्ने
- वार्डअनुसारको घरधुरी र जनसङ्ख्याको विवरण तयार गरी योजना अवधिका (५ वा १० वर्ष) लागि प्रक्षेपण गर्ने
- पालिका र सबै वार्डहरूको दैनिक प्रतिव्यक्ति फोहरमैला उत्पादन दर योजना अवधिका लागि प्रक्षेपण गर्ने
- देशभित्र वा देश बाहिरका फोहरमैला व्यवस्थापनका उत्तम अभ्यासहरूको पहिचान गरी पालिकामा कार्यान्वयन गर्ने

**विद्यमान फोहरमैला व्यवस्थापनको अवस्था विश्लेषण** ➡ स्रोतमा फोहरमैलाको वर्गी करण, न्यूनीकरण तथा पुन : प्रयोग, फोहरमैला सङ्कलन, फोहरमैला स्थानान्तरण तथा ढुवानी, कम्पोस्ट तथा पुन: चक्रीय विधि, फोहरमैलाबाट उर्जा उत्पादन , फोहरमैला व्यवस्थापनमा जनसहभागिता र जनचेतना, फोहरमैलाको अन्तिम विसर्जन, विशेष प्रकारका फोहरमैला (मरेका जनावर), हानिकारक तथा स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन

**चरण ३: फोहरमैला व्यवस्थापनका लागि सरोकारवालाहरूको जिम्मेवारी**

१. **पालिका सभा**: फोहरमैला व्यवस्थापनसम्बन्धी ऐन, नियमावली, नीति, योजना, मार्गनिर्देशन र विधिको स्वीकृत तथा अनुमोदन
२. **एकीकृत फोहरमैला व्यवस्थापन योजना तर्जुमा समिति**: एकीकृत फोहरमैला व्यवस्थापनको सहजीकरण
३. एकीकृत फोहरमैला व्यवस्थापन योजना तर्जुमा बोर्डः विभिन्न प्राविधिक टोली, योजनाकार र विज्ञलाई परिचालन र योजना तर्जुमा
४. **जनप्रतिनिधि र राजनीतिकर्मी**: जनताको फोहरमैलासम्बन्धी सरोकारका विषयहरूको सम्बोधन
६. **स्थानीय सरकार कर्मचारी र टोल सुधार समिति**: फोहरमैला व्यवस्थापनस म्बन्धी योजनालाई विभिन्न तवरले सहयोग
७. गैरसरकारी तथा सामुदायिक संस्था र नागरिक समाजः फोहरमैला व्यवस्थापनमा युवा तथा आमा समूह, अन्य सङ्घ-संस्था, व्यक्ति, समूह र सीमान्तकृत जनताको सहभागिता
८. **निजी उद्योग व्यवसायी र उनीहरूका सङ्घ-महासङ्घ**, प्रशोधन उद्योग, वायोग्याँस इन्धन उत्पादन केन्द्र आदि
९. **सेवाग्राही: आवश्यक सहयोग**
१०. **दातृनिकाय र विकासका साझेदार प्राविधिक सहयोग**

**चरण ४: फोहरमैला व्यवस्थापन दूर दृष्टि, लक्ष्य, योजना अवधि तथा आधारभूत सिद्धान्तको निर्धारण**

**दीर्घकालीन लक्ष्य (दूर दृष्टि )**

- अबको १५ वा २० वर्षमा पालिका फोहर व्यवस्थापन क्षेत्रमा कहाँ पुग्ने वा पालिकाको दीर्घकालीन लक्ष्य के हुने भन्ने नै दूर दृष्टि हो। जस्तै : **'सफा, सुन्दर र बस्न लायक सहरका लागि दिगो फोहरमैला व्यवस्थापन'**

**योजना अवधि**

- पालिकाले निर्धारण गरेको दूर दृष्टि (दीर्घकालीन लक्ष्य ) प्राप्तिका लागि योजना अवधि निर्धारण गर्नुपर्छ।
- योजना कार्यान्वयन अवधिलाई सामान्यतया तीन चरणमा बाँडिन्छ - अल्पकालीन (३ देखि ५ वर्ष), मध्यकालीन (५ देखि ८ वर्ष) र दीर्घकालीन (९ देखि १५ वर्ष)।

**लक्ष्यहरू**


- फोहरमैला व्यवस्थापनका रणनीतिक योजना कार्यान्वयनका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरू निर्धारण गर्नुपर्छ। जस्तै: २०२१ सम्म (३ वर्षभित्र) फोहर सङ्कलन सेवा कम्तीमा ४०% घर धुरीमा विस्तार गरिनेछ।

**आधारभूत सिद्धान्त**

- स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा स्थापित संवैधानिक व्यवस्था, फोहरमैला व्यवस्थापन ऐन २०६८ ले प्रत्याभूत गरेका मान्यताहरू तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४
- फोहरमैला उत्पादक स्वयं नै व्यवस्थापनका लागि जिम्मेवार हुनुपर्ने, त्यसका लागि आवश्यक व्यवस्थापन शुल्क तिर्नुपर्ने
- फोहरमैला उत्पादन स्थल/स्रोतमा वा नजिकै व्यवस्थापन गर्नुपर्ने
- पालिकाले सबै साझेदारहरूलाई फोहरमैला व्यवस्थापनमा सक्रिय बनाई स्रोतमा नै फोहर उत्पादन घटाउन र ३-आर को प्रवर्द्धन गरी कच्चा सामग्रीका रूपमा प्रयोग गर्न उत्प्रेरित गर्ने,
- सकेसम्म फोहरमैला उत्पादन नै हुन नदिने, स्रोतमा नै फोहर उत्पादन घटाउने, पुन: प्रयोग गर्ने, पुन: चक्रीय विधिद्वारा सामग्री उत्पादन गर्ने, त्यसपछि फोहरमैलाबाट इन्धन निकाल्ने र माथि उल्लेख गरिएका विधिबाट पनि व्यवस्थापन गर्न नसकिएको थोरै फोहर (Residue) लाई मात्र अन्तिम विसर्जन स्थलमा व्यवस्थापन गर्ने भन्ने अन्तर्राष्ट्रिय रूपमा अवलम्बन गरिएको एकीकृत फोहरमैला व्यवस्थापनको पदानुक्रम (Hierarchy) लाई कडाइका साथ लागु गर्ने, साथै हाल गर्दै आएको खुल्ला स्थानमा फोहर फालिने क्रमलाई तुरुन्तै बन्द गरी क्रमश: व्यवस्थित विसर्जन स्थल हुँदै स्यानिटरी ल्यान्डफिल साइटमा फोहरमैला व्यवस्थापन गर्नुपर्ने

**चरण ५: फोहरमैला व्यवस्थापन रणनीतिक क्षेत्र तथा उद्देश्यहरू निर्धारण**

- दीर्घकालीन लक्ष्य प्राप्तिका लागि फोहरमैला व्यवस्थापनका मुख्य रणनीतिक क्षेत्रको पहिचान गरी त्यसैअनुरूप रणनीतिक उद्देश्यहरू निर्धारण गर्नु
- फोहरमैला व्यवस्थापनका रणनीतिक कार्यक्षेत्र र उद्देश्यहरूको पहिचान गर्नु




**चरण ६: फोहरमैला व्यवस्थापनका लागि कार्यनीतिको तयारी**

- विस्तृत फोहरमैला व्यवस्थापनसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रम, बजेट, जिम्मेवार निकायको विवरण तथा कार्यनीति तयार गर्नुपर्छ।

**चरण ७: फोहरमैला व्यवस्थापनका लागि आर्थिक स्रोतको पहिचान तथा प्रक्षेपण र जिम्मेवार निकायको विवरण**

- यस चरणमा आर्थिक **स्रो**तको पहिचान गरिन्छ। जस्तै, विभिन्न फोहर उत्पादकबाट फोहर परिमाणका आधारमा फोहर व्यवस्थापन सेवा शुल्क निर्धारण गर्नुपर्छ।
- पुन: प्रयोग तथा पुन: चक्रीय सामग्री बेचेर प्राप्त गर्ने राजस्वको अनुमान गर्नुपर्छ।
- फोहरमैला व्यवस्थापन रणनीतिक योजना कार्यान्वयनका लागि वित्तीय योजना तर्जुमा गर्नुपर्छ।
- फोहरमैला व्यवस्थापनका लागि संस्थागत तथा मानव संशाधनको व्यवस्था गर्नुपर्छ।

## फोहरमैला व्यवस्थापनद्वारा सम्बोधन हुने पक्ष र विधिहरू के के हुन ?

**विधिहरू**

**विधि १**
कुहिने र नकुहिने फोहरलाई स्रोतमा नै छुट्याई, कुहिने फोहरको स्रोतमा नै व्यवस्थापन गर्ने, पुन: प्रयोग तथा रिसाइकल गर्न सकिनेलाई पुन: प्रयोग तथा पुन: चक्रीय सामग्री सङ्कलन केन्द्रमा सङ्कलन गरी रिसाइकल उद्योगमा पठाउने र प्रयोग नहुने थोरै फोहरलाई मात्र सुरक्षित तवरले अन्तिम विसर्जन गर्ने

**विधि २**
वर्गीकरण गरिएको कुहिने फोहरबाट पालिका स्तरको कम्पोस्ट मल कारखाना बनाई कम्पोस्ट मल बनाउने र पुन: प्रयोग तथा रिसाइकल गर्न सकिने फोहरलाई पुन: प्रयोग तथा पुन: चक्रीय साम्ग्री सङ्कलन केन्द्रमा सङ्कलन गरी रिसाइकल उद्योगमा पठाउने र प्रयोग नहुने थोरै फोहरलाई मात्र सुरक्षित तवरले अन्तिम विसर्जन गर्ने

**विधि ३**
कुहिने फोहरलाई वायोग्यास प्रविधि प्रयोग गरी खाना पकाउने इन्धन उत्पादन गर्ने र पुन: प्रयोग तथा रिसाइकल गर्न सकिनेलाई पुन: प्रयोग तथा पुन: चक्रीय सामग्री सङ्कलन केन्द्रमा सङ्कलन गरी रिसाइकल उद्योगमा पठाउने र प्रयोग नहुने थोरै फोहरलाई सुरक्षित तवरले अन्तिम विसर्जन गर्ने

**विधि ४**
पालिकाबाट उत्पादन हुने फोहरलाई स्यानिटरी ल्यान्डफिल साइटमा सुरक्षित तवरमा व्यवस्थापन गर्ने

## फोहरमैला व्यवस्थापन रणनीतिक योजना तर्जुमाका लागि आवश्यक लागत के के हुन् ?

फोहरमैला व्यवस्थापनको योजना तर्जुमा गर्दा आवश्यक लागतको मूल्याङ्कन तथा विश्लेषण निम्न विषयहरूमा गरिन्छ। जस्तैः विज्ञ जनशक्ति, कर्मचारीहरूको परिचालन, प्राविधिक टोलीको छनोट र सञ्चालन, वर्तमान अवस्थाको तथ्याङ्क सङ्कलन तथा विश्लेषण , आवश्यक कार्यकक्ष तथा कार्यालय सामग्री , स्थलगत अध्ययन , कार्यशाला गोष्ठी तथा उपकरण र तिनको प्रयोग तथा नागरिकको राय तथा सुझाव सङ्कलन आदि।

## फोहरमैला व्यवस्थापन रणनीतिक योजना तर्जुमाका लागि सफलताका सूचक के के हुन ?

- स्थानीय सरकारको भौगोलिक, जनसाङ्ख्यिक, प्रशासनिक, भौतिक पूर्वाधार तथा भूउपयोगसम्बन्धी तथ्याङ्क तथा सूचकहरूको यथार्थ विवरण
- फोहर उत्सजर्नको विवरण, घरधुरी सङ्ख्या, जनसङ्ख्या, व्यवसायी, शैक्षिक तथा स्वास्थ्य संस्था, कलकारखाना तथा उद्योग, मासु पसल, होटेल तथा तरकारी पसलसमेतको विश्लेषणात्मक विवरण
- पालिकाभित्र उत्पादन हुने फोहर उत्पादन, व्यवस्थापन शुल्क तथा कर निर्धारणसम्बन्धी नीति
- आगामी ५ देखि १० वर्षमा स्थानीय सरकारको फोहर व्यवस्थापनसम्बन्धी दीर्घकालीन लक्ष्य
- पालिकामा दीर्घकालीन लक्ष्य प्राप्तिका लागि फोहर व्यवस्थापनका मुख्य रणनीति र उद्देश्य
- पालिकाभित्र आर्थिक रूपमा दिगो फोहर व्यवस्थापन प्रणाली
- सङ्गठनात्मक तथा कानुनी संरचनाअनुसार कार्य व्यवस्थापन प्रणाली
- प्रभावकारी फोहर व्यवस्थापनका लागि सरोकारवालाहरूसँग सहमति
- व्यवस्थित अनुगमन प्रणाली

जर्मन सहयोग DEUTSCHE ZUSAMMENARBEIT giz
जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको आर्थिक सहयोग तथा Capacity Development of New Municipalities (CD-Mun) मार्फत् GIZ को प्राविधिक सहयोगमा ।